पेरु र टर्कीका वामपन्थी छापामारहरु अहिले के गर्दैछन् ?




# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ७१

मूल्य रु. २०/-
भारतमा भा.रु. १४/-



## जति विदेशी सहायता आएपनि नेपाल किन झन् झन् गरीब ?


- अर्थविद् केशव आचार्य
- समाजशास्त्री डा. चैतन्य मिश्र
- जलस्रोतविद् दीपक ज्ञवालीका

विचार विश्लेषणसहित

■ बीस बर्षे स्वास्थ्य नीतिबारे अन्तर्क्रिया ■ भारतीय फिल्म निर्देशक गुलजारसँगको भेटघाट ■ बैज्ञानिकहरुले क्यान्सरको खतरालाई रोक्ने खानाहरु पत्ता लगाए ! ■ पार्टीको झण्डा चारतारे हुनुपर्छ भनेर कलकत्तामा मैले बोलेको हुँ - क. निर्मल लामा

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक
विकासको उत्प्रेरणाका निम्ति प्रकाशित त्रैमासिक

# विकास




## 'जय अधिकार, जय विकास !'

जनता अधिकारसम्पन्न नभएसम्म विकास संभव छैन भन्नु हुने 'थाहा आन्दोलन'का अगुवा स्व.रूपचन्द्र विष्टले विकास, निर्माण र शिक्षाको क्षेत्रमा गर्नु भएको अत्यन्त प्रेरक खालको जनमुखी आन्दोलनको नालीबेली !

**'जनता विकास गर्न शक्तिशाली छन् !'**

साथमा, रूपचन्द्र विष्टका विचारोत्तेजक कविताहरू

- सामाजिक-राजनीतिक संगठनहरू जनमुखी विकासमा किन लागिपर्दैनन् ?
- मानवीय अनुहार भएको विकास *-मेरी डेस्रान*
- जब गाउँलेहरू नै योजनाकार र निर्माणकर्ता भए.......
  खरिडाँडको परिवर्तनबाट मैले बुझेको विकास *-मधुकर उपाध्याय*
- विष्णुमाया तामाङको कथा-व्यथा *-बसन्त महर्जन*
- बन्यजन्तु आरक्ष र सैनिकहरूबाट पीडितहरूको व्यथा

*हरेक अंक पठनीय अंक*

*मूल्य रु. २०/- मात्र*

*शिक्षासम्बन्धी थप विशेष सामग्रीहरू*

ज्यादाजसो शिक्षाले मानिसलाई मूर्ख बनाइरहेको छ !
-महाकवि लक्ष्मीप्रसाद देवकोटा-

विद्यार्थीहरूलाई दास बनाउने शिक्षकहरूमाथि कडा चुनौति
जीवन्त शिक्षकको खोज !
-ओशो रजनीश-

एउटा मास्टरको बकपत्र
-खगेन्द्र संग्रौला-

बोर्डिङ्ग स्कूलका विडम्बनाहरूको कथा
-महेश्वर प्र. उपाध्याय-

'जूनकीरीको संगीत' उपन्यासको समीक्षा
-प्रत्यूष वन्त-

*प्रकाशक:*
**आविम**
फोनः ३३२२४४
पो.ब.नं. ७७३१, काठमाडौं

---

**विजया दशमी**

**तथा शुभ दीपावलीको**

**सुखद् उपलक्ष्यमा समस्त देशवासीहरूमा**

**हार्दिक मंगलमय**

**शुभकामना**

**ब्यक्त गर्दछौं ।**

नेपाल आयल निगम लिमिटेड
परिवार

---

*विजया दशमी र दीपावलीको सुखद् उपलक्ष्यमा कंचनपुर जिल्लावासीहरू तथा समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं*

ऋषिराज लुम्साली
सभापति
तथा
जि. वि. स. परिवार, कंचनपुर

---

**विजया दशमी तथा दीपावलीको सुखद् उपलक्ष्यमा बाग्लुङ नगरवासीहरू तथा समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।**

*ऋषिराम शर्मा*
**मेयर**
*तथा*
*बाग्लुङ नगरपालिका*
*परिवार*



# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ७१
कार्तिक–मंसीर / २०५६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल:
mulyankan@hons.com.np
वेबसाइट:
www.webnepal.com/mulyankan


जति विदेशी सहायता आए पनि



## नेपाल किन झन् झन् गरीब ?

-केशव आचार्य

के हो विदेशी सहायता ? कस्तो पारिरहेछ यसले समाजमा असर ?
◆ डा. चैतन्य मिश्र

बिदेशी सहायता भनेको नव-उपनिवेशको सारलाई चिनी लेपिएको तीतो ट्याबलेट हो ।
◆ दीपक झवाली

नेपालमा बिदेशी सहयोगको इतिहास
◆ श्याम श्रेष्ठ

पेरू र टर्कीका वामपन्थी छापामारहरू अहिले के गर्दैछन् ?

◆ पेरू: फुजिमोरीलाई मजदूर र विद्यार्थीहरूको चुनौति !
◆ 'जनताको वृहत् राजनैतिक मोर्चा निर्माण गरौं !'
*टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट (MRTA) को बक्तव्य*
◆ टर्की: दशवटा छापामार समूहहरूले संयुक्त क्रान्तिकारी मोर्चा गठन गरे !
◆ माकपाका महासचिव हरकिशन सिंह सुरजितले आफ्नो सम्पूर्ण सम्पत्ति पार्टीलाई दिए !
◆ दक्षिण अफ्रिका: 'रेड अक्टोबर' अभियान

कस्तो छ सरकारको २० वर्षे स्वास्थ्य नीति ?



*डा. चैतन्य मिश्रद्वारा व्यक्त विचारमाथि डा. शरद वन्त, डा. सरोज धिताल, मिना पौडेल, केशव आचार्य, दीपेन्द्रबहादुर क्षेत्री, डा. शम्भुप्रसाद उपाध्याय आदिका थप विचारहरू*

◉ कसरी उठ्नु पर्‍यो अहिलेको महंगीविरोधी संघर्ष ?
◆ पाकिस्तानमा सैनिक विद्रोह: के नेपालमा पनि त्यस्तै हुने त होइन ?
❑ के दशै तिहारलाई सुधार्न केही गर्न सकिन्न ?


**हाम्रो मूल्यांकन**
हाम्रो मुल्यांकन
कसरी उठ्नु पर्‍यो अहिलेको महंगीविरोधी संघर्ष ? ४
**आवरण कथा**
जति विदेशी सहायता आए पनि नेपाल किन झन् झन् गरीब ?
-केशव आचार्य ६
के हो विदेशी सहायता ? कस्तो पारिरहेछ यसले समाजमा असर ?
-डा. चैतन्य मिश्र ११
बिदेशी सहायता भनेको नव-उपनिवेशको सारलाई चिनी लेपिएको तीतो ट्याबलेट हो
-दीपक झवाली १५
नेपालमा बिदेशी सहयोगको इतिहास
-श्याम श्रेष्ठ १६
**घटना र प्रवृत्ति**
पाकिस्तानमा सैनिक विद्रोह: के नेपालमा पनि त्यस्तै हुने त होइन ? ४
माकपाका महासचिव हरकिशन सिंह सुरजितले आफ्नो सम्पूर्ण सम्पत्ति पार्टीलाई दिए ! ३३
निर्मल लामा उपचारको लागि चितवन प्रस्थान ४६
**विज्ञान / प्रविधि**
वैज्ञानिकहरूले क्यान्सरको खतरालाई रोक्ने खानाहरू पत्ता लगाए १७
खाद्यवस्तुले क्यान्सरसँग कसरी लड्दछ ? १८
**दर्शन**
कस्तो छ सांख्य दर्शनको ज्ञान सिद्धान्त ? २१
**अन्तर्क्रिया**
कस्तो छ सरकारको २० वर्षे स्वास्थ्य नीति ?
*डा. चैतन्य मिश्रद्वारा व्यक्त विचारमाथि डा. शरद वन्त, डा. सरोज धिताल, मिना पौडेल, केशव आचार्य, दीपेन्द्रबहादुर क्षेत्री, डा. शम्भुप्रसाद उपाध्याय आदिका थप विचारहरू* २२
**कथा**
भोटो
-खगेन्द्र संग्रौला ३२
**विश्व कम्युनिष्ट आन्दोलन**
दक्षिण अफ्रिका: 'रेड अक्टोबर' अभियान ३८
पेरू: फुजिमोरीलाई मजदूर र विद्यार्थीहरूको चुनौति ! ३९
'जनताको वृहत् राजनैतिक मोर्चा निर्माण गरौं !' टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट (MRTA) को बक्तव्य ४०
टर्की: दश वटा छापामार समूहहरूले संयुक्त क्रान्तिकारी मोर्चा गठन गरे ! ४२
**आत्मकथा**
चारतारे झण्डा नै पार्टीको झण्डा हुनुपर्छ भनेर कलकत्तामा मैले बोलेको हुँ
-निर्मल लामा २८
**कविता**
के भो ए कविजी ?
-कृष्णज्वाला देवकोटा ३०
**व्यंग्य**
मन्त्री बलबहादुर के.सी.को पक्षमा
-विमल निभा ३१
**जीवनको झाँकी**
१२ वर्षपछि मुक्त घामको अंगालोमा ३७
**पर्दा रंगमञ्च**
आत्महत्या आतंकवाद होइन
-गुलजार ३४
**नीति / संस्कृति**
के दशै तिहारलाई सुधार्न केही गर्न सकिन्न ?
-चन्द्रदेव नेपाली ३५
**पाठकको कुरो** ४६



आवरणमा : एक नेपाली बृद्धको तस्वीर (फोटो: नरेश श्रेष्ठ, ए.वी.सी. फोटोज, बागबजार / इनसेटमा: टर्कीका वामपन्थी महिला छापामारहरू / आवरण सज्जा: सुन्दर बस्नेत, बागबजार /
कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक / मुद्रण: इन्द्रेणी अफसेट प्रेस

# कसरी उठ्नु पर्थ्यो अहिलेको महंगीविरोधी संघर्ष ?

सरकारले कार्तिक महीनाको दोश्रो सातामा डिजेलको मूल्यमा ४८ प्रतिशत र मट्टीतेलको मूल्यमा २३ प्रतिशतले वृद्धि गरेपछि नेपालको राजनीतिक वातावरणमा एकाएक हलचल आएको छ । यो हलचलको कारण भएको छ - वामपन्थी पार्टीहरूको महँगीविरोधी संघर्ष ।

पहिले पहिले दाल, चामल, तेल, आलु जेसुकैको जतिसुकै मूल्यवृद्धि हुँदा पनि खालि एउटा वक्तव्य फ्याँकीदिएर वा बढीमा "महँगी नियन्त्रण गर !" जस्ता अमूर्त नारामा उपलब्धिहीन संघर्ष गरेर चित्त बुझाउने गरिएकोमा यसपल्ट यति छिट्टै सडकमा उत्रने प्रक्रिया शुरू हुनु खुशीको कुरो हो । यो प्रक्रिया फेरिफेरि पनि निरन्तरतामा कायम रह्यो भने "यी पार्टीहरूले जति महँगी बढे पनि केही नगर्ने भए" भनेर हताश भएका जनताहरूमा आशा र उत्साहको सूर्योदय हुने थियो ।

यसपालिको थप खुशीको कुरो के भएको छ भने, एमाले २०५० सालपछि पहिलो पटक सडक संघर्षमा उत्रेको छ र त्यो पनि मूल्य वृद्धिको घोषणाको भोलिपल्टै । स्मरणीय छ, दासढुंगाकाण्डलाई लिएर भएको सडक संघर्षपछि एमाले सडक संघर्षमा आउन पूरै बन्द भएको थियो । ऊ खालि संसदभित्रको संघर्षमा मात्र सीमित भएको थियो । यसपटक एमालेले त्यो परंपरा तोडेको छ । वास्तवमा परंपरा तोडेर एमाले समेत सडकमा उत्रेपछि अरू सबैलाई मैदानमा तुरून्तै जान अरू ज्यादा तातो लागेको छ । मालेले त कार्तिक ३० गते उपत्यका बन्दकै घोषणा गरेको छ ।

जनताको समस्यामा यसरी पार्टीहरूमा सजगता र संवेदनशीलता बढ्नु निश्चय नै उत्साहवर्द्धक कुरा हो । परन्तु यसपालिको संघर्षको मागमा बिसंगतिहरू पनि देखा परेका छन् । संघर्ष उठाउनु नै ठूलो कुरो होइन, संघर्षको माग न्यायपूर्ण र उचित हुनु पनि उत्तिकै जरूरी छ ।

यसपालि संघर्षको प्रमुख माग राखिएको छ - डिजेल मट्टीतेलको मूल्यवृद्धि फिर्ता गर्ने ।

खोज अनुसन्धानबाट यसपल्टको डिजेल र मट्टीतेलको मूल्यवृद्धि स्थानीय र कृत्रिम भएको देखिएको छैन ।

पेट्रोलियम पदार्थको मूल्यमा गत एक वर्षमा अन्तर्राष्ट्रिय बजारमा झण्डै ८० प्रतिशत मूल्यवृद्धि भएको देखिएको छ । (हेर्नुहोस् The Economist, London, October23,1999) । विश्व बजारमा ठीक एक वर्षअघि प्रतिब्यारेल १२. १७ डलर पेट्रोलियम पदार्थ कार्तिकको दोस्रो हप्तामा २२. ८३ डलर प्रतिब्यारेल भएको देखिएको छ । (हेर्नुहोस् -Asiaweek; October 29, 1999) । सोचिनु पर्ने प्रश्न के हो भने, यसरी विश्वभरि नै पेट्रोलियम पदार्थ महँगो हुँदा नेपालमा मात्र भाउ स्थिर राख्न माग गर्नु उचित हुन्छ कि हुन्न ? एकदमै जनपक्षीय सरकार आयो भने पनि यसो गर्नु संभव छ कि छैन ?

वामपन्थीहरू जिम्मेवार सामाजिक शक्ति हुन् । जिम्मेवार शक्तिले बिल्कुलै जिम्मेवार र वस्तुसम्मत भएर जायज मागमा मात्रै संघर्ष उठाउनु जरूरी छ । यसपालि हाम्रो माग बस्तुसम्मत भएन कि भन्ने हामीलाई लागेको छ ।

फेरि, नेपालको मूल्यवृद्धि त भारतको मूल्यवृद्धिसित संबन्धित भएर आएको छ । यो जगजाहेर छ, भारत र नेपालको सीमाना खुला छ । सीमा खुला भएपछि भारतमा मूल्यवृद्धि हुनासाथ, नेपालको अर्थतन्त्र जतिसुकै मजबूत भए पनि स्वतन्त्र हुन सक्दैन । चोरी निकासीले हाम्रो अर्थतन्त्रलाई आघात पारिहाल्छ । तसर्थ, नेपालको अर्थतन्त्रलाई स्वाधीन पार्ने हो भने, नेपाल भारत खुला सीमाना बन्द गर्नैपर्छ । पहिले सीमाना नियन्त्रित गर्दै अन्ततः बन्द नै गर्ने दिशातिर जानु पर्दछ । यसो नगरी भारतमा हुने मूल्यवृद्धिको असरबाट हामी अछूतो रहनै सक्दैनौं । त्यसैले, यतिखेर त हामीले यो माग जोडदारका साथ उठाउनु पर्ने हो । तर खै हामीले उठाएको ?

यतिखेर, विरोध गरिनुपर्ने सवाल त सरकारले यातायात भाडामा निकै चर्को वृद्धि गरेकोमा र डिजेलमा अनुदान हटाएकोमा हो । डिजेलको मूल्य ४८ प्रतिशतले बढ्नासाथ यातायात भाडा पनि ३०/४० प्रतिशत नै बढाउनु बिल्कुलै नाजायज कुरा हो । किनकि, गाडीको खर्चमा डिजेल खर्च भनेको कुल खर्चको लगभग ७ देखि १२ प्रतिशत मात्र हुन्छ । यस परिप्रेक्ष्यमा जुन अनुपातमा सरकारले २५ देखि ४० प्रतिशतसम्म यातायात भाडामा वृद्धि गरेको छ, त्यो बिल्कुलै अन्यायपूर्ण र नाजायज छ । गाडीको पार्टपूर्जामा भएको मूल्यवृद्धि समेत जोड्दा पनि १५ प्रतिशतभन्दा ज्यादा मूल्यवृद्धि गर्नुगर्ने खण्ड कदापि देखिन्न ।

यस परिप्रेक्ष्यमा हाम्रो माग त 'यातायात भाडा वृद्धि १५ प्रतिशतमा भार' भन्ने हुनुपर्ने हो । वस्तुगत यथार्थ जे हो, हाम्रो माग त्यही हुनुपर्ने हो ।

सरकारले यसपल्ट डिजेलमा साबिकमा दिइआएको ४ प्रतिशत अनुदान हटाएको छ । तसर्थ भारतमा ३५ प्रतिशत मात्र डिजेलको मूल्य बढेकोमा नेपालमा ४८ प्रतिशत बढाइएको छ । यो पनि बिल्कुलै नाजायज कुरा हो । हाम्रो आवाज यो कदमका विरूद्ध पनि उठ्नु पर्ने हो ।

यसरी, महँगीविरोधी संघर्ष उचित भए पनि हाम्रा मागहरू उचित हुन सकेका छैनन् । हाम्रो मागलाई उचित र न्यायसम्मत बनाउनु जरूरी छ । अनि मात्र हाम्रो संघर्ष बस्तुगत धरातलमा उठेको हुनेछ ।

महँगीविरोधी संघर्षमा अर्को बिसंगति के देखिएको छ भने - हाम्रो लक्ष्य र माग एउटै छ, तर हामी एउटै लक्ष्य र माग भएकाहरू अलगअलग र एक्लाएक्लै लडिरहेछौं । हाम्रो उद्देश्य नै हाम्रो अलग अस्तित्व र अहंकार सिद्ध गर्नु मात्र हो भने त ठीकै छ । तर महंगी घटाईछोड्ने हाम्रो उद्देश्य हो भने त - फुटेर होइन जुटेर लड्नु जरूरी हुन्छ । ❑



पाकिस्तानी प्रधान सेनापति जनरल परवेज मुशरफ अक्टोबर १२ का दिन श्रीलंकाको भ्रमण सिध्याएर पाकिस्तानतिर फर्कनलाग्दा विमान स्थलमा हवाइ जहाज चढ्न्जेल उनी सेनापनि नै थिए । बीच आकाशमा हुँदै उनी त्यो पदबाट बर्खास्त गरिए । परन्तु पाकिस्तानमा ओर्लदा भने उनी देशका प्रमुख शासक भइसकेका थिए । उनीप्रति बफादार सैनिकहरूले उनकै आदेशमा उनलाई बर्खास्त गर्ने प्रधानमंत्री नवाज शरीफलाई स्वयंमलाई यसबीच गिरफ्तार गरेर पदबाट बर्खास्त गरिसकेका थिए । रेडियो, टेलिभिजन र विमानघाट सबै सेनाको कब्जामा गइसकेको थियो ।

संसारमा नै प्रायशः देख्न नपाइने सत्ता परिवर्तनको यस्तो अदभूत नाटकीय घटना गत असोज २५ गते पाकिस्तानमा घट्यो - परन्तु एक थोपो रगत नचुहीकन नै, एउटा बन्दूक नपड्कीकन नै । संसदमा दुई तिहाई बहुमत ल्याएर दुई बर्ष अघि सन् १९९७ मा सत्तामा पुगेको नवाज शरीफको सरकार यसरी सैनिक बिद्रोहको कारण एकाएक ढल्दा उनको पक्षमा आँसु चुहाउने कोही देखिएन । उनलाई भोट दिने त्यतिविधि जनताले कहींकतै उनको अवसानमा उल्लेखनीय विरोध जुलश निकालेनन् । उनी कुर्सीमा जाँदा पाकिस्तानी बिजिनेस समुदायका सर्वाधिक विश्वस प्राप्त नेता मानिन्थे । उनको उदयको पृष्टभूमि र शक्तिको आधार नै बिजीनेश समुदायको समर्थन थियो । तर त्यो समुदाय पनि दुई बर्षमै उनीसित घाँटी घाँटीसम्मै अघाएको देखियो । अरू त अरू, उनकै पार्टी स्वयमले उनलाई अपदस्थ गरेकोमा विरोध र संघर्ष गरेन, खालि उनको रिहाइको मात्र माग गऱ्यो ।

### यस्तो किन भयो ?

उनको अलोकप्रियताको प्रमुख कारण उनको सरकारले गरेको चरम भ्रष्टाचार र पाकिस्तानमा टाट पल्दनै लागेको अर्थतन्त्र थियो, जसलाई सुधार्न शरीफले केही गरेनन् । भाइ -भतिजावाद उनको शासनकालमा सारै मौलायो । उनलाई भोट दिने अत्याधिक जनताले यिनै कारणले शरीफको साथ छोडे । व्यापारिक समुदायले यिनै कारणले उनलाई आफ्नो वारीस ठान्न छाडे ।

यि सबैका बावजूद उनको सरकार केही समय अझै टिक्न सक्थ्यो, सेना र अन्तर्राष्ट्रिय पूँजीवादी समुदायको भरमा । परन्तु अन्तर्राष्ट्रिय समुदायमा पाकिस्तान एक्लिएको महशूस गरेर कारगिल युद्धमा अमेरिकी दबावमा

# के नेपालमा पनि त्यस्तै हुने त होइन ?

## पाकिस्तानमा सैनिक बिद्रोह

पाकिस्तानी फौज त्यहाँबाट हट्ने निर्णय नवाज शरीफले गरेपछि पाकिस्तानी सेनासित उनको अन्तर्विरोध निकै चुलियो । सेना शर्मनाक ढंगले कारगीलबाट त्यसरी फौज हटाउने पक्षमा कदापि थिएन । सेनाले कारगिलको विवादास्पद क्षेत्रमा घूसपैठ र आक्रमण समेत सरकारको अनुमति र जानकारीविना नै गरेको थियो ।

उता, अन्तर्राष्ट्रिय पूँजीवादी समुदाय चाहिं आफूले भनेको सबै कुरा खुरूखुरू नटेर्ने शरीफको स्वभावबाट आजित थियो । अमेरिकाले शरीफलाई आणविक बम परीक्षण नगर्न दवाव दियो, उनले टेरेनन् । सिटी विटी (आणविक अस्त्र परीक्षण निषेध गर्ने सन्धि) मा सही गर्न दवाव दियो, उनले त्यो पनि टेरेनन् । र, अरू थुप्रै कुरामा पनि उनले यसरी नै अटेर गरे । फलस्वरूप, पाकिस्तान अमेरिकाको आर्थिक नाकावन्दीको शिकार भयो । शरीफ सरकारले के मान्छ, के मान्दैन, अन्तर्राष्ट्रिय पूँजीवादी समुदायको लागि पूर्वानुमान गर्न सकिने विषय बनेन । यही कुराले उनीहरूलाई शरीफ सरकारप्रति आक्रोशित तुल्यायो । परन्तु, कारगिलबाट फौज हटाउने अमेरिकाको पछिल्लो निर्देशनलाई भने शरीफले स्वीकारेका थिए । संभवतः अमेरिका र पश्चिमेली विश्व यो फौजी विद्रोहबारे पहिले नै राम्ररी पूर्वसूचित थियो । अमेरिकाले गतः सेप्टेम्वर २१ मा मात्रै पाकिस्तानमा "गैर -सवैधानिक बाटोबाट" सत्ता नहत्याउन चेतावनी समेत जारी गरेको थियो ।

उता, देशभित्रै पनि शरीफले यत्रतत्र शत्रु बढाए । सर्वोच्च अदालतका प्रधान न्यायधीश सज्जाद अली शाहले १९९७ मा शरीफका विरुद्ध दर्ता भएको भ्रष्टाचारको मुद्दामा सुनवाइ गर्ने फैसला गरे । शाहलाई तुरून्त वर्खास्त गरियो । जव प्रेसले उनको भ्रष्टाचारको मुद्दा बाहिर ल्यायो, उनले प्रेसमै हमला गर्न लगाएर, न्यूज प्रिण्ट खोसेर संपादकलाई नै विनाआरोप एक महीना थुने, आफूलाई चुनौति दिने वा दिनसक्ने प्रत्येक संस्था वा व्यक्तिलाई स्वाहा पार्ने शरीफको प्रवृत्ति रह्यो ।

पछिल्लो चुनौति सेनाले दियो । तथापि सेप्टेम्वर २९ मा जनरल परवेज मुशर्रफलाई नै सन् २००१ को अन्तसम्मको लागि सेनापतिको रूपमा नियुक्त गरेर शरीफले तनावलाई कम पारे र आफ्नो पदको आयु केही बढाए । परन्तु जव उनले मुशर्रफ स्वयमलाई बर्खास्त गरे, जनताबीच चरम अलोकप्रिय भइसकेको अवसर पारेर शरीफ स्वयमलाई मुशर्रफले बर्खास्त गरे ।

दुई दिनसम्म मुशर्रफले नवाज शरीफलाई आफैंले राजिनामा दिन र संसद भंग गर्न दवाव दिए । तर, शरीफले यो कुरा मानेनन् । त्यसपछि मुशर्रफले संसद भंग भएको घोषणा स्वयम् गरे र आफूलाई देशको "प्रमुख कार्यकारी प्रशासक" भएको ऐलान गरे ।

अहिले पाकिस्तानमा सेनाको शासन छ । सन् १९५८, १९७१ र १९७७ पछि चौथो पटक सेनाले त्यहाँ फौजी विद्रोह गरेको छ । पाकिस्तानमा प्रजातन्त्रको जरो गहीरोसम्म गाडिएको छैन भन्ने कुराको प्रमाण हो यो । प्रजातान्त्रिक ढंगले चुनिएको सरकारलाई सेनाले वर्खास्त गर्दा पनि प्रजातन्त्रको दुहाइ दिने पश्चिमाली विश्वले-शरीफ सरकारको तुरून्त बहालीको माग गरेको छैन । खाली छिटाभन्दा छिटो प्रजातन्त्र बहालीको माग मात्र गरेको छ । मानौं, शरीफ सरकार त जानैपर्ने थियो, त्यसैले सेनाले त्यसलाई बर्खास्त गरेर बेठीक गरेन ।

अहिले १३ सदस्यीय "सुरक्षा परिषद" ले पाकिस्तानको वागडोर सम्हालीरहेछ । जनरल मुशर्रफले - मार्शल ल लागु भएको घोषणा यसपालि गरेनन् । सेनाको हातमा सत्ताको मूल हालीमुहाली भए पनि "नागरिकहरूको र टेक्नोक्रयाटहरूको सरकार" पाकिस्तानमा आएको प्रभाव दिने प्रयत्न उनले गरिरहेछन् । प्रजातन्त्र छिटो वहाल गर भनेर यूरोपेलीहरूले पाकिस्तानलाई "कमन वेल्थ" बाट निलम्बित गरेका छन् । तर "प्रमुख प्रशासक" जनरलले - प्रजातन्त्र बहाल गर्ने तिथिमिति तोक्न अस्वीकार गरेका छन् । "भ्रष्टाचार निर्मूल गर्ने र अर्थतन्त्रलाई ठीक ठाउँमा ल्याउने " उनको सरकारको प्रमुख एजेण्डा भएको बताइएको छ ।

परन्तु, जहाँ सत्ताको अति केन्द्रिकरण हुन्छ, त्यहाँ भ्रष्टाचार हरकुनै तरहले हुन्छ, हुन्छ । त्यसैले सेनाको हातमा अधिकार केन्द्रित गरेर भ्रष्टाचार रोक्नु असंभव छ । पाकिस्तानको विदेशी ऋण अहिले २९ अरव डलर पुगेको छ । सरकार भ्रष्ट भएकाले जनताहरू कर तिर्न नै इन्कार गरिरहेछन् । १४ करोड जनसंख्या भएको पाकिस्तानमा खाली १६ लाख जनताले पनि कर तिरिरहेछन् । त्यसैले, पाकिस्तानसित देश चलाउने पैसा त टाढै राखौं, ऋण तिर्न पनि ऋणै लिनुपर्ने स्थिति छ । त्यसैले, पाकिस्तानको अर्थतन्त्र ठीक पार्नु त्यति सजिलो र चाँडै सकिने काम हैन । यो स्थितिमा "भ्रष्टाचार निर्मूल गर्ने र अर्थतन्त्रलाई ठीक ठाउँमा ल्याउने" एजेण्डा सैनिकहरूको सत्तामा लामो समय टिकीरहने इच्छाको अप्रत्यक्ष अभिव्यक्ति हो भनेर बुझ्नुपर्दछ । जनरल जिया उल हक ६ महीनामा चुनाव गर्छु भनेर सत्तामा आएका थिए, ११ वर्षसम्म सत्तामा रहिरहे, जवसम्म उनी चढेको प्लेन विस्फोट गरिएन । अहिले मुशर्रफको सरकार कति टिक्ला, अहिले नै भन्नु समयभन्दा अघि वढ्ने अर्थल्याइँ मात्र हुनेछ ।

पाकिस्तानमा सैनिक विद्रोह भएपछि नेपालमा पनि त्यस्तै हुने त होइन ? भन्ने भय मिश्रित हल्ला खूब चलेको छ ।

नेपालमा सैनिक विद्रोहको लागि उत्प्रेरित गर्ने शक्तिहरू त छन् । वीरगंजमा यसको निम्ति हालै जुलुसै निक्लेको खवर छ । "राजा आउ देश बचाउ," भन्नेहरू यहाँ सल्वलाउन थालेका छन् ।

परन्तु नेपालमा सैनिक विद्रोह नै हुने संभावना कम छ । यस्तो किनभने, पाकिस्तान त गणतन्त्वात्मक मुलुक हो, तर नेपाल होइन । नेपाल अहिले पनि राजतन्त्र बाँकी बचेको मुलुक हो, संवैधानिक राजतंत्रका रूपमा । नेपालमा सैनिक विद्रोह भयो भने, त्यो दरवारबाट हुने हो । यदि त्यसो भयो भने नेपालमा अवको संघर्ष संपूर्ण रूपमा राजतन्त्रकै उन्मूलनतर्फ केन्द्रित हुनेछ । त्यतिखेर सशस्त्र संघर्ष माओवादीले मात्र होइन, सवैले चलाउन वाध्य हुनेछन् । र, सवै 'माओवादी' हुनेछन् । के त्यो जोखिम मोल्न दरवार तयार हुन्छ ?

फेरि, नेपालमा पाकिस्तानमा जस्तो वामपन्थीहरू कमजोर हालतमा छैनन् । नेपालमा वामपन्थीहरू सवैभन्दा जनव्यापी संगठन भएका, सवैभन्दा जुझारु शक्तिका रूपमा छन् । फुट्दा त वामपन्थीहरू यति बलिया छन्, जुट्दा नेपालको सर्वाधिक ठूलो सामाजिक शक्ति वामपन्थी नै हुने निश्चित छ । र, सैनिक विद्रोह-वामपन्थीहरूलाई एक जूट हुन वाध्य पार्ने उत्प्रेरक हुनेछ । त्यसमाथि, कांग्रेस पनि मिसिएपछि - वैकल्पिक शक्ति निकै ठूलो हुनेछ । अतः नेपालमा सैनिक विद्रोह त गर्न संभव छ, तर टिकाउन संभव छैन । अहिले सैनिक विद्रोह भन्नुको तात्पर्य केही दशकमा राज्यतन्त्रको पूर्णतया उन्मूलन हो । ❑



*फेरि, नेपालमा पाकिस्तानमा जस्तो वामपन्थीहरू कमजोर हालतमा छैनन् ।*

# जति विदेशी सहायता आए पनि



# नेपाल किन झन् झन् गरीब ?

केशव आचार्य, अर्थविद्

## *विदेशी सहायताको शुरूवात*

वैदेशिक सहायताको अभ्युदय साम्राज्यवाद अथवा उपनिवेशवाद-संगसंगै भएको हो । त्यति बेलाका धनी पूँजीवादी देशहरू जब अरू देशहरूमा कब्जा गरेर जानथाले, त्यस बखत ती देशहरूमा आफूले उत्पादन र उपभोग गरिरहेका बस्तुहरू पाइँदैनथे । ती बस्तुहरू नपाएपछि आफ्नो देशबाट ल्याएका सामानहरू अलिअलि बाँड्ने प्रक्रियाबाट बैदेशिक सहायता शुरू भएको हो । यो सहायता अरू बढ्न चाहिं कसरी शुरू भयो भने, सन् १९१४ र १९१८ को बीचमा पहिलो विश्वयुद्ध भएपछि एशिया र ल्याटिन अमेरिकाका देशहरूमा अमेरिकाले 'डलर डिप्लोमेसी' चलाउन थाल्यो । किनभने, त्यस बेलासम्म संसारभरि ब्रिटिश पाउण्डको धेरै बिगबिगी थियो । त्यसपछि अलिअलि फ्र्यान्कको पनि बिगबिगी थियो । र, आफूलाई नयाँ सर्वशक्तिमान विश्वशक्तिका रूपमा स्थापित गर्नका लागि डलरको व्यापक प्रचलन र प्रभावकारितामार्फत् एशिया र ल्याटिन अमेरिकामा अमेरिकाले नयाँ विश्वशक्तिको रूपमा आफ्नो प्रभाव फिंजाउन थाल्यो । त्यसपछि तत्कालीन लिग अफ नेशन्सले अमेरिकी प्रभावलाई अझ धकेल्यो । खासगरी, आज हामीले वैदेशिक सहायताको जुन स्वरूप देखिराखेका छौं, भोगिरहेका छौं, त्यसको खास अभ्युदय चाहिं व्दितीय विश्वयुद्धपछि भएको हो ।

हामी धेरैलाई थाहा भएको कुरा हो - द्वितीय विश्वयुद्धपछि पश्चिम यूरोप पूरै ध्वस्त भएको थियो । त्यस्तो अवस्थामा अमेरिकाले "मार्शल प्लान" नामक व्यापक गुरूयोजना ल्याएर यूरोपको पुनः संरचनामा ठूलो टेवा पुऱ्यायो । हामी अहिले जसलाई विश्व बैंक भन्छौं, त्यसको खास नाम चाहिं **"इन्टरनेशल बैक फर रिकन्सट्रक्सन् एण्ड डेभलपमेन्ट्" हो ।**


त्यो बैंकको स्थापना नै यूरोपको पुनर्संरचनाको लागि भएको हो । यूरोपमा पनि अमेरिकाको आर्थिक, राजनीतिक प्रभाव कायम होस् भनेर अमेरिकाले विश्व बैंकमार्फत् "विदेशी सहायता" दिन थालेको हो ।

त्यसपछि सन् १९५० को कोरिया युद्ध र १९६० को दशकमा भियतनाम युद्ध चर्किए पनि अमेरिकाले विश्वको राजनीतिक र सामूहिक संरचनामा आफ्नो प्रभाव र उपस्थितिलाई विश्वभरि अझ सशक्त बनाउनका लागि भियतनाम, थाइल्याण्ड, इण्डोनेशिया, दक्षिण कोरिया, इजरायल, ताइवान आदि मुलुकहरूमा व्यापक रूपमा 'विदेशी सहयोग' दिन थाल्यो । यसरी विश्वमा वैदशिक सहायता शुरू भएको हो ।

दोश्रो विश्वयुद्धपछि अमेरिकाले आफ्नो प्रभुत्व संसारभरि बढाउँदै लग्यो । दोश्रो विश्वयुद्धपछि सोभियत संघ पनि एउटा महाशक्ति राष्ट्रको रूपमा स्थापित भएर आयो । उनीहरू अमेरिकाभन्दा अगाडि नै अन्तरिक्षमा गैसकेका थिए । यसले सोभियत संघ प्रविधिमा अमेरिकाभन्दा पनि अगाडि छ भन्ने प्रभाव सिर्जना गऱ्यो । यस प्रकार, आफूलाई पनि विश्व महाशक्तिको रूपमा स्थापित गर्ने ढंगले सोभियत संघ पनि अगाडि आयो ।

अनि दुई महाशक्तिहरू- अमेरिका र सोभियत संघबीच शीतयुद्ध मच्चियो । शीतयुद्धपछि अमेरिका र सोभियत संघले विदेशी सहायताका लागि विश्वभरि नै हानाथाप गरे, ताकि, खासखास मुलुक अर्को विपरीत क्याम्पमा नजाओस् ।

हामीले नेपालमा विदेशी सहायताका बारेमा चर्चा गर्नुपर्दा सबभन्दा पहिला भीमसेन थापासम्म जानुपर्छ कि जस्तो मलाई लाग्छ । भीमसेन थापाले सबै एशियाली मुलुकहरू मिलेर ब्रिटिश साम्राज्यवादविरूद्ध लड्नुपर्छ भन्ने जुन अवधारणा राखे, त्यसले केही चहलपहल ल्यायो । त्यसपछि जंगबहादुर बेलायत गए । त्यहाँ उनले के के देखेर आए ? फर्कदा फ्रान्स



केशव आचार्य

***वि.सं. १९६८ मा, फर्पिङ जलविद्युत योजना बन्दा इष्ट इण्डिया कम्पनीको प्राविधिक सहयोग आएको थियो । नेपालले पाएको संभवतः पहिलो विदेशी प्राविधिक सहयोग यही थियो ।***

## के हो विदेशी सहायता ? कस्तो पारिरहेछ यसले समाजमा असर ?

◆ डा. चैतन्य मिश्र

## बिदेशी सहायता भनेको नव-उपनिवेशको सारलाई चिनी लेपिएको तीतो दयाबलेट हो ।

◆ दीपक ज्ञवाली

## नेपालमा बिदेशी सहयोगको इतिहास

◆ श्याम श्रेष्ठ

पनि घुमेर आए । त्यसपछि नेपालको सत्ताशीन वर्गमा विदेशी सहायताको केही अवधारणा आयो । तर प्रामाणिक रूपमा केही भन्नु पर्दा सन् १९११ मा अर्थात् वि.सं. १९६८ मा, फर्पिङ जलविद्युत योजना बन्दा इष्ट इण्डिया कम्पनीको प्राविधिक सहयोग आएको थियो । नेपालले पाएको संभवतः पहिलो विदेशी प्राविधिक सहयोग यही थियो ।

नियमित रूपमा नेपालमा वैदेशिक सहायता आउन थालेको चाहिं सन् १९५१ देखि नै हो । सन् १९५१ मा अमेरिकाका राष्ट्रपति ह्यारी ट्रूमेन भएको बेलामा "चार बूँदे कार्यक्रम" (Point 4 Programme) उनले चलाएका थिए । त्यही प्रोग्राम अन्तरगत तीन हजार डलर नेपालमा आएको थियो । त्यो रकम त्यति बेलाको विनियमय दरमा ने.रू. २२ हजार हुन्थ्यो । त्यो नै नेपालले प्राप्त गरेको पहिलो विदेशी वित्तीय सहयोग थियो । त्यसपछि चाहिं नेपालमा वैदेशिक सहायता नियमित रूपमा क्रमशः बढ्न थाल्यो ।

नेपालमा विदेशी सहायता दिने राष्ट्रमा पहिलो अमेरिका, त्यसपछि भारत र अनि चीन हुन् । सन् १९५५ मा नेपाल संयुक्त राष्ट्र संघको सदस्य भयो । त्यही बेलामा असंलग्न आन्दोलन पनि माच्चिरहेको थियो, नेपाल त्यसमा शुरूमै सदस्य भयो । यसैको हाराहारीमा नेपालले "कोलोम्बो योजना" को सदस्यता लियो । नेपालले बाहिरी मुलुकमा आफ्नो चिनारी पनि बढायो । यतिखेर विश्वमा अमेरिकी र सोभियत खेमाबीच शीतयुद्ध चलिरहेको थियो । यिनै परिप्रेक्ष्यमा नेपाललाई आफ्नो खेमामा तान्नका लागि नेपालमा विदेशी सहायताको ओइरो लाग्न थालेको हो ।

नेपालमा सर्वप्रथम सन् १९५०-५१ तिर विदेशी सहायता आउँदा यो अनुदानको रूपमा आएको थियो । सन् १९५०-५१ देखि १९६२, ६३ सम्म ११-१२ बर्षको अवधिमा हामीले अनुदान सहयोग मात्रै पायौं ।

बैदेशिक ऋणको इतिहास खोतल्दाखेरि चाहिं १९६३-६४ मा पहिलो पटक सोभियत संघबाट हामीलाई ऋण सहयोग प्राप्त भएको रहेछ । यस अवधिमा ऋणको अंश कूल विदेशी सहायताको ९.५ प्रतिशत मात्र थियो । यसपछि कूल विदेशी सहायतामा ऋणको भाग बढेकोबढ्यै गर्नथाल्यो । र, १९८३-८४ मा आएर विदेशी ऋणले अनुदानलाई उछिन्न थाल्यो ।

**अब** म वैदेशिक सहायताले कसरी नेपाली अर्थतन्त्रलाई प्रभाव पार्दैलग्यो भन्ने बुझ्नका लागि केही तथ्याङ्कहरू उल्लेख गर्दछु ।

सन् १९६३-६४ देखि १९९८-९९ सम्म, अहिलेको बजेटले अनुमान गरेअनुसार वैदेशिक सहायता आउने हो भने, यो २६ बर्षको बीचमा अनुदान चाहिं ६२ गुणाले बढेको पाइएको छ । यस बीचमा विदेशी ऋणको मात्रा चाहिं १३१९ गुणाले बढ्यो । यसको तात्पर्य के हो भने, विदेशी सहायतामा ऋणले अनुदानलाई निकै पुड्को बनाइसकेको छ । विदेशी ऋणको अनुपात चर्को गतिले बढ्दो छ । अनुदान तीव्र गतिले घट्दो छ । यसरी,




**बैदेशिक सहायता यति धेरै भित्रिए पनि नेपाल किन गरीबको गरीबै छ भन्ने बारेमा अब म तथ्याङ्को आधारमा केही कुरा भन्छु ।**

विदेशी सहायताको नाममा अहिले विदेशी ऋणले नेपाली अर्थतन्त्रलाई गाँजेकोगाँज्यै छ ।

एउटा चाखलाग्दो कुरा के छ भने, नेपालमा गएको २६ बर्षमा अनुदान ६२ गुणा बढ्यो, ऋण १३१९ गुणाले बढ्यो, र कूल वैदेशिक सहायता १८४ गुणा बढ्यो- नेपाली रूपैयाँमा हेर्दा ।

तर हामीकहाँ बैदेशिक सहायता ने.रू.मा आउँदैन, डलर, येन, फ्याङ्क, मार्क, पाउण्ड र भा.रू. आदिमा आउँछ । त्यसकारण हामीले सहायता रकमलाई विदेशी मुद्रामा हेर्नुपर्छ । यस अवधिमा नेपाली रूपियाँमा हेर्दा कुल वैदेशिक सहायता १८४ गुणा बढे पनि अमेरिकी डलरमा गणना गर्दा भने त्यो २१ गुणाले मात्र बढेको पाइएको छ । अर्थात् यो २६ बर्षमा उनीहरूले दिएको खास सहायता चाहिं वास्तवमा २१ गुणा मात्र बढेको छ, तर डलरको भाउ बढेकोले नेपाली जनतालाई र नेपालको अर्थतन्त्रलाई त्यो सहायताको दायित्व भार चाहिं १८४ गुणाले बढेको छ । अर्को भाषामा, नेपालले पाएको रकम वास्तवमा २१ गुणा मात्र बढे पनि तिर्नु पर्ने रकम चाहिं १८४ गुणा बढेको छ ।

### किन नेपाल गरीबको गरीबै ?

बैदेशिक सहायता यति धेरै भित्रिए पनि नेपाल किन गरीबको गरीबै छ भन्ने बारेमा अब म तथ्याङ्को आधारमा केही कुरा भन्छु । मैले यो आधार लिंदा १९५१ को तुलनामा १९९७ लाई लिएको छु । १९९७ पछिका धेरै तथ्याङ्कहरू उपलब्ध छैनन् , त्यसैले मैले यसो गरेको हुँ ।

म विकासको कुरा गर्दा चार पाँच वटा परिसूचकहरूलाई आधार मानेर कुरा गर्छु । एउटा मोटर बाटो, एउटा सिंचाई, एउटा विजुली, अर्को अस्पताल, अर्को स्कूल र अन्तिममा टेलिफोन ।

के देखिन्छ भने, नेपालमा १९५१ को तुलनामा १९९७ मा मोटर बाटो ४३ गुणाले बढेको पाइएको छ । मोटर बाटो अहिले झण्डैझण्डै १२ हजार किलोमिटर पुगेको छ । त्यस्तै, सिंचित जमीन ९८ गुणाले बढेर ६ लाख १० हजार हेक्टर सिंचित जमीन पुगेको छ । विजुली २३० गुणाले बढेर २५२ मेघावाट पुगेको छ । त्यस्तै, अस्पताल ४१ गुणाले बढेर ८२ वटा भएको छ । अनि स्कूल चाहिं १०७ गुणाले बढेर ३२ हजार २०० भएछन् । त्यस्तै, टेलिफोन लाइन ६ हजार ८ सय गुणाले बढेर १ लाख ७० हजार लाइन भएको

छ ।

यसरी हेर्दाखेरि नेपालमा थोरैमा ४१ गुणादेखि धेरैमा ६ हजार ८ सय गुणासम्म वैदेशिक सहायताबाट प्रगति भएको देखिन्छ । तर यसलाई हामीले अहिलेको यथार्थ स्थितिसंग तुलना गर्नुपर्छ । हामीले भन्यौं , मोटर बाटो ४३ गुणा बढ्यो । तर वर्तमान यथार्थको अर्को पाटो के हो भने, अहिले पनि प्रति एक हजार नेपाली जनतालाई आधा किलोमिटर मात्रै बाटो छ । अहिले पनि ७१ प्रतिशत कृषियोग्य जमीनमा सिंचाई पुगेको छैन । अझै पनि ८५ प्रतिशत नेपाली जनताले विजुली सेवा उपभोग गर्न पाएका छैनन् । अस्पतालको संख्या ४१ गुना बढ्यो भन्यौं । तर नेपाली जनताको औसत आयु सरदर ५६ बर्ष मात्रै छ । स्कूल १०७ गुणाले बढ्यो भन्यौं । ६० प्रतिशत नेपाली अझै पनि असाक्षर छन् । त्यस्तै, टेलिफोन लाइन ६ हजार ८ सय गुनाले बढ्यो भन्यौं, तर अहिले पनि सरदर १२० जना नेपालीलाई एउटा टेलिफोन पर्छ । अझ, मैले यो सुविधा कहाँ थुप्रिएको छ भन्ने कुरा भनेको छैन । यो त सम्पूर्ण आधारशिलालाई नेपाली जनसंख्यासंग तुलना गरेर मात्र भनिएको छ ।

मोटर बाटो विशेष गरी शहरमा मात्र छ । सिंचित जमीन पनि त्यस्तै अलि राम्रो क्षेत्रमा मात्रै छ । विजुली कहाँ छ ? मुख्य गरी ठूला शहरी क्षेत्रमा मात्र छ । अस्पतालहरू कहाँ छन् ? गतिला अस्पतालहरू यहीं काठमाण्डौमा मात्रै छन् । त्यस्तै, स्कूलहरू हेर्यौं भने, चाहे सरकारी होस्, चाहे निजी, शहरमै ज्यादा केन्द्रित छन् । टेलिफोन लाइन गाउँमा पुगेको छैन । अब भन्नोस्, हामीकहाँ कस्तो किसिमको विकास भएको रहेछ ?

७० को दशकमा १९६५-६६ तिर कोरियाको जे अवस्था थियो, नेपाल पनि भण्डैभण्डै त्यही अवस्थामा थियो । अथवा भनौं, समान विकास स्तरमा थिए, कोरिया र नेपाल । तर अहिले हामी देख्छौं- कोरिया कहाँ पुग्यो र नेपाल कहाँ छ ।

त्यति वेला दक्षिण एशियामैं मानिसको जीवन स्तरमा श्रीलंकापछि हामी आउँथ्यौं । तर अहिले हामी निकै पछाडि परेका छौं । यसरी, विश्व जुन रूपमा विकास भइरहेको छ, त्यसमा पनि हाम्रो सापेक्षिक विकास गति क्रमशः उँधो गतितिर लागिरहेको छ ।

हिजोआज जम्मैले गरीबीको कुरा गर्छन् । हाम्रो नवौं योजनामा पनि गरीबी निवारणलाई प्रमुख उद्देश्यका रूपमा राखिएको छ । र, नेपालका धेरै NGO र INGO हरूलाई हामीले हेर्यौं भने, तिनीहरू गरीबी निवारण कार्यक्रममा संलग्न भएका पाउँछौं । तर गरीबी चाहिं निवारण भइरहेको छैन, बृद्धि भइरहेको छ । श्री ५ को सरकारकै तथ्याङ्क अनुसार पनि सन् १९७७ मा नेपालको ३६ प्रतिशत जनता निरपेक्ष गरीबीको रेखामुनि थिए । यो राष्ट्रिय योजना आयोगको अनुमान हो । त्यसपछि नेपाल राष्ट्र बैंकले सन् १९८५ मा एउटा बहुउद्देश्यीय पारिवारिक बजेट सर्वेक्षण (Household Budget Survey) गरेको थियो । त्यसले ८ बर्षमा नेपालको गरीबी ६ प्रतिशत बढेर ४२.५ प्रतिशत पुगेको देखायो । अनि विश्व बैंक र UNDP ले १९८९ मा एउटा अर्को सर्भे गरेका थिए । त्यसले चाहिं गरीबी ४० प्रतिशत मात्र पुगेको देखाएको थियो । केन्द्रिय तथ्याङ्क विभागले १९९६ मा अर्को सर्भे गरेको थियो, त्यसले गरीबीको रेखामुनि बाँच्ने जनता ४५ प्रतिशत पुगेको देखाएको छ ।

यसरी सरकारको हरेक योजना विदेशी सहायताको भरमा गरीबी निवारण गर्ने भनेर आयो, तर गरीबी चाहिं सन् १९७७ को ३६ प्रतिशतबाट बढेर २० बर्षपछि १९९६ मा ४५ प्रतिशत पुग्यो । यसबाट के देखिन्छ भने, नेपालमा बैदेशिक सहायता पनि बढ्दैछ र साथसाथै, गरीबी पनि बढ्दै छ ।

> *यसरी सरकारको हरेक योजना विदेशी सहायताको भरमा गरीबी निवारण गर्ने भनेर आयो, तर गरीबी चाहिं सन् १९७७ को ३६ प्रतिशतबाट बढेर २० बर्षपछि १९९६ मा ४५ प्रतिशत पुग्यो ।*

अर्को शब्दमा, विदेशी सहायताले नेपालको गरीबी घट्दै छैन, उल्टो यो बढ्दैछ ।

**गरीबीबारे** यति कुरा गरिसकेपछि फेरि एक पटक म अंकमा पस्छु ।

अब म १९५१ मा वैदेशिक सहायता शुरू भएदेखि अहिले १९९९ सम्मको स्थितिको तुलना गर्छु ।

४८ बर्षको यो अवधिमा हामी नेपालीले जम्मा जम्मी १ खरब ६२ अरब रूपैयाँ जति विदेशी सहयोग पाएका रहेछौं । यो चाहिँ त्यति बेलाको विनिमय दरमा डलरको हिसाब गर्दा (अर्थात् ०८ सालमा अमेरिकी डलरसंग हाम्रो रूपियाँको भाउ कति थियो, १० सालमा कति थियो, ०१५ सालमा कति थियो, त्यो त्यो बर्षको जोड्दै ल्याउँदा) कुल रू १ खरब ६२ अरब विदेशी सहायता आएको देखिन्छ । तर हाम्रो सरकारले तिर्नुपर्दा त अहिलेको डलरमा तिर्नुपर्छ । किनभने कुनै ऋण १५ बर्षको छ, कुनै ऋण ३० बर्षको छ भने, कुनै ऋण ४० बर्षको छ । तिर्ने बर्षमा डलरको जुन भाउ छ, त्यही डलर तिर्ने शर्तमा नै सरकारले ऋण लिने हो ।

यसबाट के देखिन्छ भने, बर्षेनीको तत्कालीन विनियमय दरमा हेर्दा विदेशी सहायता कुल १ खरब ६२ अरब आएको भए पनि अहिलेको विनिमय दरमा हेर्दा हामीले जम्मा ३ खरब ३० अरब विदेशी सहायता पाइसकेछौं ।

**अब** वैदेशिक सहायताले कुन कुन क्षेत्रमा कस्तो योगदान गर्दोरहेछ त भन्नेतिर जाउँ ।

यसरी हेर्दा के देखिन्छ भने, यो बर्ष बैदेशिक सहायताबाट हाम्रो सरकारले एक रूपियाँ खर्च गर्यो भने अर्को बर्ष हाम्रो GDP अर्थात् कूल ग्राईस्थ उत्पादन ६३-६४ पैसा जतिले बढ्दोरहेछ ।

यो त समग्र प्रभावको कुरा भयो । क्षेत्रगत रूपमा हेर्दा चाहिं सवभन्दा राम्रो प्रभाव यातायात तथा संचारको क्षेत्रमा बढेको देखिंदोरहेछ । अहिले एक रूपियाँ लगानी गर्यो भने अर्को बर्ष यातायात तथा संचार क्षेत्रले ९६ पैसा बराबरको उत्पादन बढाउँदोरहेछ । अनि दोस्रोमा समाज सेवाको देखिन्छ । यस क्षेत्रमा अहिले एक रूपियाँ खर्च गर्दा अर्को बर्ष समाजसेवाबाट प्राप्त हुने आम्दानी पचासी पैसाले बढ्ने रहेछ ।

त्यसपछि कृषि आउँछ । कृषि क्षेत्रमा अहिले एक रूपियाँ खर्च गर्दा अर्को बर्ष कृषिको उत्पादन ४८ पैसाले बढ्दो रहेछ । त्यसपछि उद्योग रहेछ । अहिले १ रूपियाँ खर्च गर्यो भने अर्को बर्ष उद्योगको उत्पादन डेढ पैसाले बढ्दो रहेछ । अनि विद्युतमा चाहिं अहिले एक रूपियाँ खर्च गर्दा अर्को बर्ष एक पैसाको तीन भागको एक भाग मात्र विद्युतको उत्पादन बढ्दो रहेछ ।

समग्रमा चाहिं सवै क्षेत्रमा १ रूपियाँ खर्च गर्दा अर्को बर्ष समग्र उत्पादन ६३-६४ पैसाको दरले बढ्दो रहेछ ।

यो चाहिं हामीले १९७७ देखि १९९७ सम्म बीस बर्षको तथ्यांकलाई आधार मानेर हेर्दा देखिएको कुरा हो ।

## *विदेशी सहायताका विसंगतिहरू*

अब म वैदेशिक सहायताका केही विसंगतिहरूका बारेमा छोटो कुरा गर्न चाहन्छु । एउटा विसंगति के देखिएको छ भने, विदेशी सहायताको उपयोगमा दाता र नेपाल सरकार दुवैको प्रतिवद्धताको अभाव छ । वैदेशिक सहायता ल्याएपछि यसबाट नेपालको उन्नति हुनुपर्छ, त्यो ऋण भोलि हामीले तिर्नुपर्छ, नत्र हामी डुब्छौं, साहुले घर जग्गा खाइदिन्छ भन्ने खालको त्रास र प्रतिवद्धता दुवै कुरा हामीमा भएन ।

प्राचारमा गरीबी निवारणमा धेरै विदेशी सहयोग खर्च गरेको भनिएको छ । तर हामीले राम्ररी विचार गरेर हेर्दा सवभन्दा कम वैदेशिक सहायता गरीबी निवारणमा नै गएको पाइएकोछ । यस बारेमा अनुगमनको एकदमै अभाव छ । वैदेशिक सहायता विनियोजन गर्यो, खर्च भयो । तर त्यसको चासो न सरकारले राख्यो, न जनताले राख्यो, न दाताले राख्यो ।

यही प्रसङ्गमा म यहाँ एउटा कुरा भनिहाल्छु । दाताहरूलाई पनि के हुन्छ भने, यहाँ जो प्रतिनिधिहरू बस्छन्, ती प्रतिनिधिहरू धेरै सक्षम र गतिलो भएदेखि नेपालजस्तो मुलुकमा आउने थिएनन् । धेरै सहयोग दिने जर्मनी, जापान, अमेरिका हो । यहाँ आउने ती प्रतिनिधिहरू 'क्वांगे' (Quack) हुन्छन् । तिनीहरू कस्तो सोच्छन् भने, वैदेशिक सहायताको क्रम लम्ब्याएमा आफू बढी बस्न पाइन्छ । र, श्री ५ को सरकारका प्रतिनिधिहरूलाई पनि दाता प्रतिनिधि उल्लु नै भए पनि खुशी पार्यो भने, छोराछोरी र आफू समेत एकचोटी विदेश घुम्न पाउने लोभ हुन्छ । यस्ता विसंगतिहरू पनि यहाँ छन् ।

मैले एउटा के देखें भने, नेपालको आर्थिक र सामाजिक द्वैधता जुन बढेको देखिन्छ, त्यसका थुप्रै कारणहरू मध्ये एउटा कारण वैदेशिक सहायता पनि हो । यसको एउटा तथ्यांक पनि हामीले जम्मा गरेका छौं । यसमा के देखिन्थ्यो भने, १९९७ मा वैदेशिक सहायताबाट जम्मा ३६० वटा आयोजनाहरू श्री ५ को सरकारले मुलुकभरि संचालित गरेको थियो । ती मध्ये २३५ वटा आयोजनाहरू शहरमुखी नै रहेछन् । आयोजनाहरू शहरमा भएपछि आम्दानी पनि अवश्य नै त्यहीं बढ्ता जाने भयो । त्यसले गर्दा गाउँ र शहर बीचको आर्थिक, सामाजिक असन्तुलनको खाडल यसले बढायो । अर्को कुरा, जुन आयोजनाहरूलाई ग्रामीण आयोजनाहरू भनिन्छ, तिनका पनि सम्पर्क कार्यालय र प्रधान कार्यालयहरू अधिकांश काठमाण्डौमा

अथवा नजिकैका शहरहरूमा नै छन् । यसले के देखिन्छ भने, गाउँमै पनि वैदेशिक सहायताका जुन आयोजनाहरू रहेका छन्, त्यसका विदेशी प्रतिनिधि र नेपाली इन्जिनियर तथा ठेकदारहरू त्यहाँ पहिले नै राम्रो भवन बनाउने र टेलिभिजन हाल्ने, अनि त्यहाँ काम गर्ने नेपालीहरूले राम्रा लुगा र छालाको जुत्ता लगाउन पाउने हुन्छन् । तर गाउँका मानिसको आम्दानी चाहिं बढेको हुँदैन । अनि गाउँमा एक किसिमको विकृति आउँछ । गाउँलेहरू सोच्छन्- टेलिभिजन त नभइनहुने रहेछ । राम्रा लुगा र छालाको जुत्ता पनि लगाउनु पर्ने नै रहेछ । यस्तो मानसिक दवाब गाउँलेहरूमा पर्छ । अनि चामल पहिले किन्ने कि छालाको जुत्ता पहिले किन्ने भन्ने प्रश्न आयो भने गाउँलेहरूले छालाको जुत्ता पहिले किन्ने भए । त्यस्तो खालको देखासिखी वा 'जे जे बराजु सोई सोई नाति' जस्तो प्रभावको जरो गाड्न (Demonstration effect) पनि वैदेशिक सहायताले सघाएको छ ।

त्यसैले वैदेशिक सहायताले गाउँ र शहरको तथा धनी र गरीबको बीचमा खाडल बढाएको छ । यसले पश्चिमा संस्कृतिलाई पनि धेरै बढावा दिएको छ । टेलिभिजन हुने वित्तिकै त्यहाँ विदेशी च्यानल पुग्ने र गाउँलेहरूले अन्य टि.भी. हेर्ने भए, रेडियो नेपाल सुन्न चाहिं छाड्ने भए ।

वैदेशिक सहायताले भ्रष्टाचार पनि बढाएको छ । त्यसमा म एउटा दृष्टान्त दिन चाहन्छु ।

विश्व बैंकले नेपालमा भर्खरै एउटा अध्ययन गराएको थियो । प्याट्रिक मिगर र कुमार उपाध्यायले त्यो काम गर्नु भएको थियो । त्यसमा कामको लागि खाद्यान्न कार्यक्रमको मूल्यांकन गरिएको थियो । त्यसमा के देखियो भने, कामको लागि खाद्यान्न अन्तरगत जति पनि सहयोग आयो, त्यो सहयोगको ४० देखि ५० प्रतिशत भाग बीचमै चुहावट भएर सिद्धिदोरहेछ । त्यो भ्रष्टाचार, घुसखोरी अथवा हिनामिना भएर सिद्धिदोरहेछ ।




चित्र साभार: विकास

त्यो ४० देखि ५० प्रतिशतको वितरण पनि कसरी हुँदो रहेछ भने, हिनामिना भएको त्यो रकममध्ये ५ प्रतिशत मनोरंजन खर्चमा जाँदोरहेछ । त्यसपछि स्थानीय लेखापरीक्षकहरूले १० प्रतिशत उत्तिकै खाइदिंदारहेछन् । अनि स्थानीय नेता अर्थात् जिविस सभापति, गाविस अध्यक्ष तथा सदस्यहरूले १० प्रतिशत खाइदिंदारहेछन् । त्यसपछि जिल्लाको इन्जिनियरले १५ प्रतिशत खाँदोरहेछ । प्रोजेक्ट चलाउने स्थानीय ओभरसियर अथवा प्रोजेक्ट इन्चार्ज एक्लैले २५ प्रतिशत खाँदोरहेछ । त्यसपछि श्री ५ को सरकारको मन्त्रालय र विभागले ३५ प्रतिशत खाँदारहेछन् ।

यस प्रकार, विदेशी सहायताले भ्रष्टाचार बढाएको छ ।

यसमा म एउटा कुरा जोड्न चाहन्छु । १९९४ मा छापिएको Building Bridges to the Third World भन्ने एउटा किताब टोनी हेगेनले लेख्नु भएको छ । त्यस किताबमा टोनी हेगेनले वैदेशिक सहायताको बारेमा पनि चर्चा गर्नु भएको छ । त्यो किताब मूलतः नेपालकै बारेमा हो । उहाँले सन् १९५० देखि १९९३-९४ सम्म नेपालमा काम गर्दाको आफ्ना अनुभव समेट्नु भएको छ । मोटो किताव भएको हुनाले मानवशास्त्र, समाजशास्त्रदेखि लिएर त्यसमा वैदेशिक सहायतासम्मको कुरा छ । उहाँले त्यसमा एउटा प्रसङ्ग हाल्नुभएको छ । उहाँले त्यहाँ संसारभरिकै विकासोन्मुख मुलुकमा भएको २३० वटा आयोजनाहरूको मूल्यांकन गर्दा के पाउनुभयो भने, आधा जति आयोजनाहरूले जनताको जीवनमा सकारात्मक प्रभाव पारेको अथवा जेका लागि आयोजना संचालन भएको हो त्यो अभिष्ट प्राप्ति गरेका थिए । बाँकी आधाले चाहिं खर्च मात्र बढाए, आम्दानी चाहिं गरेनन् भन्ने उहाँले मूल्यांकन गर्नुभएको छ । २३० आयोजनामा जम्मा खर्च जति भएकोछ, त्यसमध्ये नकारात्मक आयोजनामा भागको खर्च नै ८४ प्रतिशत रहेछ । सकारात्मक आयोजनामा चाहिं १६ प्रतिशत मात्र खर्च हुँदोरहेछ ।

नेपालमा विजुलीको बारेमा ठूला आयोजना र साना आयोजनाहरूको विवाद धेरै अगाडिदेखि जलस्रोतविद् र राजनेताहरूदेखि लिएर पत्रपत्रिकाहरूमा समेत चलिरहेको छ । यस विषयमा पनि टोनी हेगेनले के देख्नुभयो भने, ठूलाठूला आयोजनाहरू चाहिं दुर्दशा निम्त्याउने हुँदारहेछन् । उहाँले सानोमा १०/२० हजार डलरको प्रोजेक्टदेखि लिएर ठूलोमा दुई अरब डलरसम्मको प्रोजेक्टको अध्ययन गर्नु भएको थियो । उहाँको दृष्टिमा सवभन्दा राम्रो प्रोजेक्ट चाहिं ६ लाख डलरको हुँदोरहेछ ।

त्यस पुस्तकमा टोनी हेगेनको आशय चाहिं के छ भने, नेपालजस्तो देशले सानो आयोजना गर्दा नै वेश हुन्छ ।

**माथि** मैले भ्रष्टाचारको कुरा गरें । मलाई लागेको अर्को ठूलो गडबडी चाहिं के हो भने, विदेशी सहायताले परनिर्भरता (Dependency Syndrome) पनि निकै बढाएको छ ।

यहाँ कस्तो भइदियो भने, कुनै सांसद आफ्नो निर्वाचन क्षेत्रमा गाउँतिर जानुभयो भने र कसैले- "माननीयज्यू, मेरो यो स्कूलको छाना हालिदिनु पर्‍यो" अथवा "यहाँ कुलेसो भएन, सानो कुलेसो बनाइदिनुपर्‍यो" भन्यो भने सांसद्हरूले के भन्नुहुन्छ भने - "ए पर्खनुस्, म USAID संग कुरा गर्छु, म GTZ संग कुरा गर्छु ।"

[illegible]/६० हजारको रकमको लागि समेत सांसदजस्ता व्यक्तिले यसो भन्ने चलन बसेको छ । यसो भएपछि स्कूलको छाना र चर्पी बनाउन पनि विदेशी सहायता चाहिने भयो । त्यसले गर्दा 'हामी नेपालीहरू आफैं केही गर्न सक्छौं' भन्ने जुन गौरवको भावना हो, त्यो भावना मर्दैगएको छ । खासगरी, राजनीतिक नेताहरू र प्रशासनिक नेतृत्व तहमा बस्ने तथा वैदेशिक सहायतासम्वन्धी काम गर्ने अधिकारीहरूमा जनताको स्वाभिमानी भावनालाई चकनाचूर पार्ने प्रवृत्ति चौपट्टै बढेको देखिएको छ ।

यो प्रवृत्तिले कालान्तरमा बहुत खराब प्रभाव पार्ने स्पष्ट छ । यसले नेपाली अर्थतन्त्र मात्रै होइन, राष्ट्रिय गौरव र आत्मबलमा नै घातक प्रभाव पारेको छ ।

यसमा कति विसंगति छ भन्ने कुरा नेपालीको महालेखा परीक्षकको प्रतिवेदनको ३६ र ३७ पन्नामा हेर्नुभयो भने पनि देखिन्छ ।

वैदेशिक सहायता लिंदैनलिने नीति लिनुपर्छ भन्ने होइन । तर हामीले त्यससँग होशियार हुनुपर्दछ । हाम्रो जस्तो देशमा, जहाँ जनताको न्यूनतम आधारभूत आवश्यकता नै पुगेको छैन र हामी आँफूले मात्रै त्यो आवश्यकता पूर्ति गर्न सक्दैनौं र वैदेशिक सहायता ल्याएर हामीले राम्रो गर्न सक्छौं भने, त्यस्तो सहायता हामीले ल्याउनु पर्छ । त्यति मात्र होइन, वैदेशिक सहायता नल्याउने भनेर हामीले ढोका बन्द

**कामको लागि खाद्यान्न अन्तरगत जति पनि सहयोग आयो, त्यो सहयोगको ४० देखि ५० प्रतिशत भाग बीचमै चुहावट भएर सिद्धिदोरहेछ ।**

गरिदियौं भने हामी हाम्रा नानीहरूलाई दादुराविरूद्धको खोप समेत दिन सक्दैनौं । पोलियो दिन सक्दैनौं, डि.पि.टि. दिन सक्दैनौं । ती वस्तुहरू हामी आफैं उत्पादन गर्नै सक्दैनौं, त्यसैले त्यस्तोमा त वैदेशिक सहायता ल्याउनै पर्ने हुन्छ ।

वैज्ञानिक आविष्कारका वस्तुहरू हवाईजहाजजस्ता वस्तुहरू हामीले भित्र्याउनै पर्छ । तर आत्मनिर्भरता र स्वाभिमानको भावना नै मारेर जुन रूपमा जसरी हामीले वैदेशिक सहायतालाई यो मुलुकमा प्रयोग गऱ्यौं, त्यो चाहिं खराब हो भनको हुं मैले ।

### *विदेशी सहायताको उद्देश्य*

बैदेशिक सहायतासँग हामीले डराउनुपर्ने अर्को कारणमा त्यो दाता चाहे राष्ट्र होस्, चाहे संस्था होस् अथवा ब्यक्ति होस्, हात्तीको देखाउने दाँत र चपाउने दाँत भनेकोजस्तै त्यसका दुईटा मुख हुन्छन् । त्यो कुरा हामीले थाहा पउनुपर्छ । यो टिप्पणी तयार पार्ने क्रममा मैले जति अध्ययन गरें र जति सामाग्रीहरू हेरें, ती सामाग्रीहरू हेर्दा बैदेशिक सहायता दातृराष्ट्रहरूको विदेश नीतिको अभिन्न अंगको रूपमा रहेको मैले पाएं । बैदेशिक सहायतामार्फत् दातृमुलुक र दातृ समूहहरूले वस्तु मात्र होइन, धर्म, सैनिक र राजनीतक सिद्धान्तसमेत निर्यात् गर्छन्, ब्यापारिक स्वार्थ निर्यात गर्छन्, केही हदमा आर्थिक र मानवीय उद्देश्य पनि होला । तर, धेरैजसो राज्यबाट आउने सहायतामा चाहिं त्यस्तो खालका अन्य स्वार्थहरू पनि सँगसँगै मिसिएर आएका हुन्छन् । त्यसैले तीतो औषधिको गोलीलाई गुलियोले बेरेको जस्तो गरी बैदेशिक सहायता कुन उद्देश्यबाट आउन लागेको हो भन्ने कुरामा चाहिं हामीले होशियार हुनैपर्दछ ।

के कुरामा हामी स्पष्ट हुनुपर्छ भने, बैदेशिक सहायता गरीब मुलुकलाई मात्रै दिइन्छ भन्ने कुरा होइन । खासगरी अमेरिकाले दिएको सहयोगको स्वरूप हेर्दाखेरि के देखिन्छ भने बंगलादेश र नेपालजस्ता अति गरीब देशहरूलाई दिएको प्रतिब्यक्ति सहायताराशी अलि विकसित दक्षिण कोरिया, इजराइल र इजिप्ट जस्ता मुलुकलाई दिएको सहायताको राशीभन्दा एकदमै कम छ । नेपाललाई दिएको प्रतिब्यक्ति सहायता २/४ डलर मात्र होला, तर इजरायललाई दिएको सहायता प्रतिब्यक्ति दश हजार डलरभन्दा माथि छ । गरीब देशलाई उनीहरूले ज्यादा सहायता दिने भए त इजरायलभन्दा नेपाललाई बढी विदेशी सहायता हुनुपर्थ्यो नि त । यसबाट स्पष्ट हुन्छ विदेशी सहायता गरीबी निवारणलाई मात्रै आउँछ भन्ने होइन ।

**हामीले ढोका बन्द गरिदियौं भने हामी हाम्रा नानीहरूलाई दादुराविरूद्धको खोप समेत दिन सक्दैनौं । पोलियो दिन सक्दैनौं, डि.पि.टि. दिन सक्दैनौं ।**



नेपालको कुरा मात्र होइन संसारभरि अमेरिकाले दिने समग्र सहायताको आधा सहायता त सैनिक सहायताको रूपमा जानेगरेको छ । गरीबी निवारण, स्वास्थ्यजस्ता मानवीय सहयोगमाभन्दा सैनिक सहयोगमा अमेरिकाको कुल बिदेशी सहायतामध्ये आधा सहयोग जानु अर्थपूर्ण छ । म यहाँ अमेरिकाका केही राजनेताहरूले सहायताको बारेमा भन्नुभएका कुराहरू इन्भर्टेड कमामा नै राख्न चाहन्छु ।

केनेडी मरेपछि लिन्डन बी जोन्सन अमेरिकाका राष्ट्रपति भए । उनले भनेका छन्- "बैदेशिक सहायता यस्तो हतियार हो, जसले गर्दा युनिफर्म लगाएका मानिसहरूलाई लड्न पठाउनु पर्दैन ।" उनको यो भनाई निकै अर्थपूर्ण छ । यसले विदेशी सहायताको उद्देश्य छर्लङ्ग पार्छ ।

यो क्षेत्रको इतिहासमा अलि अलि चासो राख्ने मानिसहरूलाई थाहा भएको कुरा हो : १९५३ मा इरानमा मोहम्मद मोसादे भन्ने ब्याक्ति प्रधानमन्त्री थिए । उनी कसैको दबाबमा नआउने प्रकृतिका मानिस थिए । मोहम्मद मोसादे भन्ने ब्यक्ति अमेरिकालाई त्यति मन परेनन् । अनि उनलाई इरानको सत्ताबाट हटाउने क्रममा अमेरिकाले इरानलाई साँढे आठ करोड डलर सहयोग दिएको थियो । अमेरिकाले त्यति सहयोग दिएपछि इरानका मान्छे मख्ख परे । भयो के भने, मोहम्मद मोसादेलाई पछि सत्ताच्यूत गरियो । तर इरानका ४० प्रतिशत तेल कम्पनीहरूमा अमेरिकी कम्पनीहरूले आफ्नो दह्रो कब्जा जमाए ।

सिनेटर जर्ज स्याकगभर्न भन्ने ब्यक्ति एक पटक अमेरिकाको राष्ट्रपतिको उम्मेदवार पनि भएका थिए । उनले भनेका छन् :

"आज गरेको सहयोगले भोलिको निम्ति बजार सिर्जना गर्दछ, यसले अमेरिकी उत्पादनका लागि प्रशस्त बजार सिर्जना गर्दछ ।"

सन् १९८० को दशकमा निकोलस् ब्राडी भन्ने ब्यक्ति अमेरिकामा ट्रेजरी सेकेटरी थिए । त्यो पद अर्थमन्त्री जस्तो पद हो । उनले के भनेका छन् भने-

"बहुराष्ट्रिय बैंकहरूमार्फत् दिएको प्रत्येक डलरले कालान्तरमा अमेरिकाले ९ डलर फिर्ता पाउँछ ।"

यो भनाइले विदेशी सहायताको उद्देश्य के रहेछ भन्ने प्रष्ट पार्ने काम गरेको छ ।

यसरी के देखिन्छ भने हामीले वैदेशिक सहायता लिंदा त्यो सहायता कुन नियतले आएको हो भन्ने बुझेर मात्र लिनुपर्छ, लिनै हुंदैन भन्ने होइन । नेपालमा अमेरिकी सहयोगको राम्रो पक्ष छँदैछैन भन्ने कुरा होइन । उदाहरणको लागि सं. २०२० ताका NMEO भन्ने संस्था थियो, अर्थात् नेपाल औलो उन्मूलन संघ । म तराईमा हुर्केको मान्छे । NMEO मार्फत् अमेरिकाको सहयोगले धेरै राम्रो काम गरेको थियो । त्यस सहयोगबाट लाखौं मानिसको ज्यान बच्यो । त्यस्ता सहयोगहरू हामीले लिनै पर्छ, बाँकीमा चाहिं के उद्देश्य हो भन्ने हामीले केलाउनै पर्छ ।

### *के गर्ने ?*

यति भनिसकेपछि अब चाहिं म विदेशी सहायताको उपादेयता बढाउन के गर्न सकिन्छ भन्नेतिर जान्छु ।

अघि मैले तीनपटक विनिमय दरको कुरा उठाएँ । म फेरि पनि विनिमय दरकै बारेमा कुरा गर्न चाहन्छु ।

हामीले के देख्यौं भने डलरको विनिमय दरमा हुने वृद्धिले गर्दा हामीले लिएकोभन्दा कति गुना बढी ऋण हामी उत्तिकै तिर्दा रहेछौं । विनिमय दरको परिवर्तनले गर्दा तलको जस्तो स्थिति उत्पन्न हुन्छ ।

सन् १९५१ मा डलरको विनिमय दर रू. ७/५६ थियो । यो अहिले आएर ६८/- रूपियाँ पुगेको छ । ००७ सालमा लिएको ऋण ५० बर्षको अवधिको रहेछ भने त २०५६ सालमा ७ रूपियाँको ऋणलाई हामीले विनासित्तै ६८ रूपियाँ तिर्ने भयौं । यसरी, लिएकोभन्दा धेरै गुणा बढी हामीले तिरिरहेका हुन्छौं । हुन त विनिमय दर निर्धारणका आफ्नै प्रक्रियाहरू छन् ; त्यसको जटिलतामा हामी नजाऊँ । के पनि भनिन्छ भने विनिमय दर यसरी ह्रास हुनु राम्रो हो, यसबाट हाम्रो निर्यात बढ्छ । तर हामीले बैदशिक ऋणको भार र निर्यातको तुलना चाहिं गर्नुपर्छ । तुलनामा दुईमध्ये खतरनाक कुन हो भनेर हामीले हेर्नुपर्छ ।

हामीकहाँ जीवन बीमा, आगलागी बीमा गरिएजस्तै विनिमय दर जोखिमको पनि बीमा हुनसक्छ कि भनेर मैले अचेल प्रश्न उठाउन थालको छु । यसको निम्ति हामीले जनमत तयार गर्नुपर्छ भन्ने मलाई लाग्छ । यहाँ संचार माध्यमका साथीहरू पनि हुनु भएकाले मलाई यो कुरा भन्ने प्रलोभन जाग्यो । यो कुरालाई उठाउनु पर्छ कि भनेर मैले यहाँ भनेको हुं । त्यसको निम्ति के कस्तो प्रक्रिया हुनसक्छ भनेर मलाई सोध्नु भयो भने अहिले नै भनिहाल्न चाहिं म सक्दिन । हामी त्यसको खोजी गर्न सक्छौं । मलाई के लाग्छ भने, हामीले ७ रूपियाँको दरमा ऋण लिएका छौं भने १५ रूपियाँको दरमा तिर्ने जोखिम लिऔं, तर ७० वा १०० रूपियाँमा चाहिं त्यो ऋण तिर्ने जोखिम नलिऔं । यसो भयो भने हामीलाई

ऋण-भार घटाउन ठूलो सहयोग मिल्छ । अथवा के हुनसक्छ भने ऋण रूपियाँमै तिरौं । हामी १ अरब डलर ऋण लिएको नभनौं, ७० अरब रूपैयाँ लिएकोले हामी यति ब्याजमा यति नै रूपियाँ तिर्छौं भनौं । यसो भयो भने पनि हामीलाई त्यति बोझ हुँदैन ।

अर्को हामी के भन्नसक्छौं भने हामीले वैदेशिक ऋण लिएपछि त्यो दातृ राष्ट्रले हामीले तिर्नुपर्ने ऋणको केही अंश हाम्रो सामान लैजाओस् । हाम्रो स्याउ लान्छ कि, फूल लान्छ कि, हामीसँग भएको कपडा लान्छ कि, कुखुरा लान्छ कि, केही न केही पैसा त्यसरी लैजाओस् । त्यसले गर्दा रोजगारी पनि बढाउँछ । यो नै पूर्ण उपाय हो भन्ने होइन, केही संभावनाहरूको कुरा मात्र मैले उठाएको हुँ ।

जब १९८० तिर दोश्रो तेल संकट भयो त्यतिबेला तेल उत्पादक अरब देशहरूमा पेट्रो डलर बेस्सरी थुप्रियो । त्यसबेला अरब देशहरूमा डलर चाहिं थुप्रो भयो तर त्यसबेला उनीहरूसंग यो धनराशी कसरी हितकारी बनाउने भन्ने बुद्धि चाहिं भएन । त्यसैले त्यो पैसा जम्मै यूरोप र अमेरिकामा नै पुग्यो । त्यो पैसा यूरोप र अमेरिकाले मार्कोस, या ह्याखाँ, जियाउल हक, इरानको रेजा पहल्वी शाह आदिलाई ऋणदिने काम गरेका थिए । दक्षिण अमेरिकी तानाशाहहरूले पनि त्यसबेला थुप्रै ऋण यूरोप र अमेरिकाबाट लगे । त्यतिबेला हाम्रो एसियामा फिलिपिन्स र ल्याटिन अमेरिकी देशमा ठूलो जन दवाव बढेको थियो । त्यहाँ जब प्रजातन्त्र पनि आयो, फिलिपिन्समा त १९८६ मा पिपुल्स पावर मुभमेन्ट भएको थियो, ८० को दशकको अन्तर्तिर एल साल्भाडोर, निकारागुवातिर पनि आन्दोलनहरू भएका थिए । त्यतिबेला त्यहाँका सरकार र सरकारी कर्मचारीहरूले होइन, जनतालाई माया गर्ने सक्रिय कार्यकर्ताहरू, बुद्धिजिवी र विश्व विद्यालयका प्राध्यापकहरूले के कुरा उठाए भने तानाशाहहरूले लिएको ऋण हामी तिर्दैनौं । हामीकहाँ पनि तपाईंहरूले देख्नुभएकै छ चुनावताका पंचायतले मार गाली पाउँछ । पंचायत फाल्नका लागि थुप्रै मान्छे मरे पनि । त्यसो भएपछि हामीले पनि 'पंचायतको पालामा लिइएको ऋण किन तिर्ने ? तिर्दैनौं' भनेर भन्न सक्ने स्थिति ल्याएमा राम्रो हुनेछ ।

यति भनेर म आफ्नो भनाई यहीं टुङ्ग्याउँछु । ❑

# के हो विदेशी सहायता ?

# कस्तो पारिरहेछ यसले समाजमा असर ?

◆ डा. चैतन्य मिश्र
*समाजशास्त्री*

दोश्रो विश्वयुद्धपछि पश्चिमेली पूँजीवादी मुलुकमा, विशेषतः अमेरिकामा अन्तरराष्ट्रिय समुदायको मद्दतद्वारा विश्वका सम्पूर्ण अल्पविकसित देशहरूको पूँजीवादी विकास हुनसक्छ भन्ने धारणाको विकास हुन थाल्यो । विश्वका देशहरू समाजवादी र पूँजीवादी दुई खेमामा विभाजित पनि थिए । ती दुई खेमामा विभाजित भएका राष्ट्रहरूले कुनै पनि खेमामा नलागेका तटस्थ राष्ट्रहरूलाई आफूआफूतिर तान्नको लागि पनि तिनीहरूलाई आर्थिक सहायता दिन थाले । र, यिनै दुई कुराको संयोगबाट यही बेलादेखि विदेशी सहायता दिने प्रक्रिया शुरू हुन थालेको हो । यो क्रम दोश्रो विश्वयुद्धपछिको समयदेखि सन् १९९१/९२ सम्म रह्यो ।

विदेशी सहायता के हो ? भन्ने प्रश्नमा विदेशी सहायता दिनेहरू, लिनेहरू तथा यसको संचालन वा प्रशासन गर्नेहरूले भिन्दाभिन्दै किसिमले अनुभूति र परिभाषित गर्ने गर्छन् । साम्राज्यवादी मुलुक, मुलुक-समूह र विश्व तहका वित्तीय र व्यापारिक निकायहरूका लागि विदेशी सहायता विश्व आर्थिक व्यवस्थाको पूंजीवादीकरण गर्ने र यस्तो विश्वको संचालन आफ्नो नेतृत्वमा गर्न सघाउने संयन्त्र रह्यो । हाम्रो नेपालजस्तोको परिभाषा हेर्ने हो भने, सन् १९७० को दशकसम्म विदेशी सहायता भन्नाले मूलतः संसाधन, पैसा नै बुभिन्थ्यो, चाहे त्यो अनुदानको रूपमा आएको होस् अथवा थोरै ब्याजदरमा आएको ऋण होस् । सीमित मात्रामा प्रवाह हुने प्राविधिक सहायतालाई पनि विदशी सहायता भनिन्थ्यो । तर १९८० को दशकमा यस परिभाषामा परिवर्तन आयो । अवको परिभाषामा विदेशी सहायता भन्नाले विश्वलाई, आफ्नो मुलुकलाई तथा आफैंलाई कसरी हेर्ने, राज्यले के नीति र कार्यक्रम संचालन गर्ने आदि कुरा पनि पर्न थाल्यो । किनभने, विदेशी सहायताको अंश भएर नीति, कार्यक्रम र परियोजनाहरू पनि पैसाको साथसाथमा आउन थाले । दातृ-संस्थाले बनाएका नीति, योजना तथा कार्यक्रमहरू र सर्त हामीलाई स्वीकार्य छैनन् भने, पैसा पनि नआउने भयो ।

१९७० को दशकसम्म पनि वि ाबाट सहायता लिएर आफ्नै दे आफ्नै सरकारले आफ्नो नीति कार्यक्रम बनाउने गरिन्थ्यो । १९८० को दशकदेखि नेपाल तथा अन्य देशमा मुलुकको आर्थिक, राजनैतिक तथा सामाजिक समग्र नीतिमा व्यापक प्रभाव पार्ने गरी मात्र विदेशी सहायता आउनथाल्यो । किनभने, १९८० को दशकदेखि कुन चाहिं नीति, कार्यक्रम र परियोजना विदेशी सहायता प्राप्त गर्ने देशहरूको लागि उपयुक्त छ भन्ने कुरा नहेरी कुन चाहिं नीति, कार्यक्रम र परियोजनाले विश्व व्यापारलाई, विश्वव्यापीकरण (Globalization)लाई र विश्व एकाधिकार पूँजीवादलाई बढावा दिन सक्छ भन्ने कुरालाई प्राथमिक महत्व दिन थालियो । र, त्यही अनुरूप विदेशी सहायताको नीति, कार्यक्रम तथा परियोजनाहरू बनाउन थालिए ।

यसरी अहिले आइपुग्दा कुनै पनि समाज, संस्कृति तथा देशको आवश्यकतालाई भन्दा ज्यादा मूल दाता पूँजीवादी देशको र पूँजीवादी पद्धतिको अति नाफाको आवश्यकतालाई परिपूर्ति गर्ने खालको नीति लिने भएमा, कार्यक्रमहरू लागु गर्ने भएमा तथा परियोजना संचालन गर्ने भएमा मात्र विदेशी सहायता आउने भयो ।

*दोश्रो विश्व युद्धपछि अमेरिका र समाजवादी सोभियत संघ दुवैले सहायता दिन्थे । र यसरी सहायता दिनुको उद्देश्य आफूतिर तान्न खोज्नु नै हो ।*



चित्र साभार: विकास

दोश्रो विश्व युद्धपछि पूंजीवादी अमेरिका र समाजवादी सोभियत संघ दुवैले सहायता दिन्थे । र, यसरी सहायता दिनुको उद्देश्य आफूतिर तान्न खाज्नु नै हो । तर, यी दुईको सहायताको प्रकृतिमा केही फरक थियो । शुरूमा अमेरिकाले नेपाललाई सहायता दिनुको उद्देश्य पूंजीवादी संसारलाई अझ सवल तुल्याउने बाहेक चीनको समाजवादी प्रभावबाट नेपाललाई बचाउनुपर्छ भन्ने थियो । उता सोभियत युनियनले दिने सहायता चाहिं बजारलाई भन्दा राज्य यन्त्रलाई बलियो बनाउने खालका हुन्थे । जस्तो, चिनी कारखाना, चुरोट कारखाना लगायत राजमार्गको निर्माण गर्ने खालका सहयोगहरू त्यहाँबाट आएको थियो । तर, अमेरिकाले दिने सहायता चाहिं मूलतः राज्यलाई नभएर आर्थिक क्षेत्र, निजी क्षेत्र तथा व्यापारलाई सघाउनको लागि दिइन्थ्यो । तर, पनि १९६० को दशक नसिंधिउन्जेलसम्म पश्चिमी देशहरूमा पनि राज्यव्यवस्थाले अर्थतन्त्रबाट पूरा हात झिक्नुपर्छ भन्ने धारणा बनिसकेको थिएन । पश्चिमी पूंजीवादी मुलुकहरूमा निजी क्षेत्रलाई पूर्ण बढावा दिंदै राज्य क्षेत्रलाई सहयोग कम गर्ने, राज्यक्षेत्रबाट ऋण कम संचालन गर्ने चलन आएको करीब २०-२५ वर्ष मात्रै भयो । नत्र, त्यहाँ पनि निजी क्षेत्र माथिको विश्वास अहिलेजति थिएन । तैपनि तुलनात्मक रूपले सोभियत युनियनको भन्दा पूंजीवादी मुलुकहरूको र अमेरिकाको निजी क्षेत्रमाथिको विश्वास पहिलेदेखि बढी हुने नै भयो ।



डा. चैतन्य मिश्र

> विदेशी सहायताले गर्दा एउटा उपरीवर्गको उत्पत्ति भएको छ र उनीहरूमार्फत् नै पैसा विदेशमा प्रवाहित भएको छ

दोश्रो, सोभियत युनियन पश्चिमी देशहरूजस्तो धनी नभएको कारणले सोभियत युनियनबाट नेपाल र अन्य धेरै मुलुकलाई सीमित रूपमा मात्र सहायता आउने गर्थ्यो । किनभने, सोभियत युनियनले दिने सहायता मूलतः पूर्वी यूरोपमा केन्द्रित हुने गर्थ्यो । सहायताको ज्यादै थोरै अंश मात्र अरू मुलुकहरूमा जान्थ्यो ।

पश्चिमेली मुलुकहरूबाट विदेशी सहायता गरीवी निवारण र आर्थिक विकासको लागि खर्च हुने सहायता हो भनेर बुझिन्छ । तर वास्तवमा यो कुरा सही होइन । विदेशी सहायता मूलतः सैनिक क्षेत्रमा जाने गरेको छ । शायद तत्कालीन सोभियत यूनियनको सहायता पनि मूलतः सैनिक क्षेत्रमा नै जाने गर्थ्यो । पश्चिमी मुलुकबाट विदेशी सहायता अति गरीब विकासोन्मुख मुलुकहरूले ज्यादै थोरै मात्र पाउने गरेका छन् भने, ज्यादै थोरै मुलुकहरूले ज्यादै धेरै पाउने गरेका छन् । जस्तो, अमेरिकाको ज्यादै धेरै विदेशी सहायता जाने मुलुकहरू ३/४ वटा मात्रै छन् । ती देशहरू हुन् - दक्षिण कोरिया, इजरायल र इजिप्ट । अरू देशहरूमा ज्यादै कम मात्र विदेशी सहायता जाने गरेको छ । नेपाललाई सहायता दिने देशहरूमध्ये अमेरिका त विसौं वा एक्काइसौं नम्वरमा पर्ने देश हो । गरीव र विकासोन्मुख मुलुकलाई उकास्न अमेरिकाले विदेशी सहायता दिने भएकोभए ज्यादा सहायता त भारत, नेपाल, वंगलादेश र दक्षिण अफ्रिकाका मुलुकहरूलाई जानुपर्थ्यो । तर त्यसरी जाँदैन ।

विदेशी सहायता कस्तो रूपमा आउँछ र कसरी संचालन हुन्छ भन्ने कुरा त्यो देशको राज्यव्यवस्थाको चरित्रसँग पनि जोडिएको हुन्छ । जुन देशमा वास्तविक प्रजातन्त्र छ, आम गरीब जनताले त्यहाँको नीति निर्माणमा आफ्नो कुरा राख्न पाउँछन् र त्यो कुरा लागु हुन्छ; त्यस देशको सरकारले ऋण लिने मुलुकसँग बढी बलियो भएर सम्झौता गर्नसक्छ । जुन देशमा प्रजातन्त्र कुण्ठित हुन्छ, त्यो देशमा सरकारमा बस्ने उपरी वर्गमाथि जनताको नियन्त्रण हुँदैन र उनीहरू स्वेच्छाचारी बन्न पुग्छन् । त्यतिवेला सरकारले ऋण दिने देशसँग घुंडा टेक्न पुग्छ । र, आफ्नै स्वार्थको लागि र विदेशीको स्वार्थको लागि हाँसीहाँसी, जानीजानी बिक्छन् ।

नेपालमा विदेशी सहायताले जे जति प्रभाव पारेको छ, त्यो अरू कतिपय अल्पविकसित मुलुकहरूमा भन्दा फरक छैन । अहिले विश्वव्यापीकरणले गर्दा कुनै पनि मुलुक, चाहे त्यो शक्तिशाली नै किन नहोस्, अर्थतन्त्रमा पूर्ण रूपमा स्वाधीन छैनन् । तर स्वाधीनताको ठाडो श्रृंखला र श्रेणी भने अवश्य छ । नेपालजस्ता मुलुक सवैभन्दा निम्न श्रेणीमा छन् । राष्ट्रले के खालको नीति लिने, किन लिने, के खालको कार्यक्रम तथा योजना निर्माण गर्ने भन्ने कुरामा समेत हामी स्वाधीन छैनौं । प्रजातान्त्रिक प्रक्रियामा हाम्रो प्रतिवद्धता छ भने यी कुराहरूमा हामीले स्वाधीनता प्राप्त गर्नुपर्थ्यो । तर, विदेशी सहायताको कारणले र देशभित्रको प्रजातन्त्र कुण्ठित हुनुले गर्दा सिंगो राष्ट्र र जनताले यस्ता किसिमका स्वाधीनताहरू गुमाउँदै गइरहेका छन् ।

नेपालमा जे जति आर्थिक सहायता आउँछ, त्यो सहायता मूलतः देशको उपरीवर्ग र सरकार चलाउने कर्मचारीतन्त्रमा केन्द्रित छ । उपरीवर्ग भन्नुको अर्थ मूलतः शहरमा बस्ने, विदेशी व्यापार गर्ने, कमीसन खाने, केही हदमा संसद चलाउने मानिस हुन् । केही केही जिल्लाका सदरमुकामसम्म पनि पुगेका छन् ।

विदेशी सहायता धेरै मात्रामा विदेशमै पनि फर्केर जान्छ । विदेशमै फर्केर जानु भनेको कन्सलटेन्टहरूले वा अन्य अमेरिकन तथा युरोपियनले मात्र लग्ने भनेको होइन । यो पैसा अनेकौं बाटो भएर भारत र अन्य मुलुकमा पनि प्रवाहित भएको हुन्छ । जस्तो, उपचार गर्न जाने, औषधि गर्न जाने, तीर्थ गर्न जाने तथा विदेशमा लगानी गर्नेहरूले पनि पैसा बाहिर लगिरहेका छन् । विदेशी बैंकमा पैसा राख्ने कुरा पनि आमरूपमा प्रचलित भइसकेको छ ।

यो पैसा नेपालभित्रै उद्योग, कलकारखाना, सघन कृषि, सिंचाइ आदिमा लगानी हुनसक्थ्यो । देशभित्रै लगानी भएको भए नेपालीहरूले रोजगारी पाउँथे । उनीहरूको क्रयशक्ति बढ्थ्यो । यसबाट उत्पादन झन् बढ्थ्यो, पूंजीपतिहरू पनि झन् धनी हुन्थे र देशको आर्थिक स्थिति माथि उठ्दै जान्थ्यो ।

यसको अर्थ, आएको पैसा देशभित्र पटक्कै परिचालित नै भएको छैन भन्ने होइन । आएका केही केही पैसा देशभित्र पनि परिचालित भएका छन् । तर धेरै प्रतिशत पैसा बाहिर चुहिएको छ । यसरी विदेशी सहायताले गर्दा एउटा उपरीवर्गको उत्पत्ति भएको छ र उनीहरूमार्फत् नै पैसा विदेशमा प्रवाहित भएको छ ।

अर्को असर, विदेशी सहायताले गर्दा हाम्रो देशको नीति निर्माणमा हाम्रो हात न्यून हुँदै गएको छ । अहिले हामीले विदेशी सहायता दिनेहरूको नीति निर्देशन अनुसार नै कागज गरेर ऋण तथा अनुदान लिन थालेका छौं । यसरी हामीले विदेशी सहायताबाट आर्थिक स्वाधीनता गुमाएका छौं । त्यसको साथसाथै राजनैतिक तथा सामाजिक स्वाधीनता पनि गुमाएका छौं ।

विदेशी सहायताले गर्दा हाम्रो नेपालको राजनीति एकदमै छिपछिपे भएर गएको छ । प्रजातन्त्रको घनत्व र गहिराई सतही हुँदै गयो । किनभने, यसले गर्दा राजनीतिक उर्जा खर्च गरेर, राजनीतिक पूंजी खर्च गरेर जे कुरा हासिल हुनुपर्थ्यो र हासिल गर्न सकिन्थ्यो, त्यसलाई अहिले पैसा खर्च गरेर हासिल गर्न लागियो । जस्तो, गाउँमा एउटा प्राथमिक स्कूलको भवन बनाउन त्यहाँका जनतालाई संगठित गरेर जनसहयोगबाट त्यो बनाउनतिर नलागेर सांसद र सरकारसँग पैसा माग्नतिर लागियो । सांसद र सरकारले पनि त्यतातिर पैसा दिन विदेशीहरूसँग हात पसार्न थाले ।

यसरी बाहिरबाट आएको पैसाले स्कूल भवन त बन्ने भयो । तर उनीहरू आएर स्कूलको संचालन गर्ने, रेखदेख गर्ने, रक्षा गर्ने तथा स्कूलको स्तर उकास्ने कुरा त गर्ने भएन । यो काम गर्ने जिम्मा त स्थानीय राजनीतिज्ञ तथा जनताहरूको हुनुपर्थ्यो । परन्तु स्कूल बनाउने काममा जनताको सहभागिता नै नभएपछि मास्टरहरूले राम्रोसँग पढाए कि पढाएनन् भनेर निरीक्षण गर्ने र निर्देशन दिने अधिकार पनि जनतामा नरहने भयो । यही कुरा स्वास्थ्य तथा खानेपानी आदिमा पनि लागु हुने भयो ।

बन क्षेत्रमा पनि यस्तै भइरहेको छ । सामुदायिक बनको ऐन र नियममावली अनुसार स्थानीय समुदायले आफ्नो नजिकको बन सरकारबाट हस्तान्तरण गरेर लिन पाउँछ । यो नियम लागु गराउनको लागि राजनैतिक नेतृत्वले राजनैतिक ऊर्जा वा पूंजी खर्च गरेर संगठन र जनताको परिचालन गर्नुपर्थ्यो । तर यसो नभएर यो कानून अनुसार सामुदायिक वन हस्तान्तरण गर्नको लागि श्री ५ को सरकारले विदेशीसँग अरबौं ऋण लिने गरेको छ ।


यस्तो ऋणबाट दुईवटा हानी भएको छ । एउटा, चाहिँदै नचाहिने

ऋण लिइयो, हरेक नेपालीको टाउकोमा ऋणको बोझ थपियो । अर्को, समाज र मानिसहरू राजनैतिक रूपले अचेत भए । र, जनताको राजनीतिले चलखेल गर्ने ठाउँ पाएन । राजनीति भनेको शिक्षाजस्तै जति चलखेल र लगानी गऱ्यो, उति बढ्ने कुरा हो । तर विदेशी पैसाले गर्दा राजनीतिज्ञ र जनता बीचको संवन्धको घनत्व न्यून भयो, सामाजिक सहकार्य न्यून भयो , जति सहकार्य छ, त्यसको चरित्र ठेक्कापट्टा, सौदावाजी र व्यापारिक खालको भयो .आत्मीय, समाजिक आदर्शप्रेरित र संघर्षशील रहेन । राजनीतिक पूँजीको क्षय भनेको यही हो । जन स्तरमा विदेशी सहयोगले पारिरहेको ठूलो नकारात्मक राजनीतक असर यही हो । योजनामा जनताको नियन्त्रण र सहभागिता नहुँदा माथिल्लो तहमा घूस खाने तथा कमिसन खाने प्रवृत्ति बढ्न थाल्यो । यसबाट नयाँ राजनैतिक वर्गको उत्पत्ति हुनुको साथै दलाल प्रवृत्तिका उच्च प्रशासकको समूहको नै उत्पत्ति हुनथाल्यो ।

विश्व पूँजीवादको यो अवस्थामा दलाली प्रवृत्ति पूँजीपतिहरूमा मात्र सीमित भएन । अव त राजनीतिक नेता र प्रशासकहरू समेत दलाल हुन थाले ।

दलाल को हो, भन्ने सवाल अव नयाँ तरिकाले व्याख्या गर्नुपर्ने स्थिति सिर्जना भएको छ । विश्वव्यापीकरण तथा विदेशी सहायताले यस्तो व्याख्या गर्नुपर्ने स्थिति सृजना भएको छ ।

कुनै पनि सरकार त्यतिखेर आफूलाई सफल भएको ठान्छ, जव उसले सवभन्दा धेरै विदेशी सहायता ल्याउँछ । मन्त्रीले धेरै विदेशी ऋण ल्याउँदा आफ्नो भ्रमण सफल भएको गौरव गर्छन् । अहिले नेपालमा विदेशी सहायता ल्याउन नसक्ने सरकारलाई विपक्षले र जनताले समेत पंगु ठहऱ्याउन थालेको छ । राजनीतिक नेताहरूले आफू जितेमा यो बनाइदिन्छु, ऊ बनाइदिन्छु, यो दिन्छु, ऊ दिन्छु आदि भनेर जनताहरूलाई लोभी बनाइरहेका छन् । अव त जनताहरूमा पनि जुन राजनीतिक नेताले तुरुन्तै स्कूल बनाईदिन सक्दैन, धारा ल्याइदिन सक्दैन, बाटो बनाइदिन सक्दैन, जागिर दिन सक्दैन, त्यस्ता नेताहरूलाई जिताएर के फाइदा भन्ने भावना जागृत हुनथालेको छ । उता, यसो गर्नको लागि नेताहरूलाई विदेशी सहायताको खाँचो पऱ्यो । यसरी आमजनताहरू पनि विदेशी सहायताको लागि नेतामार्फत् दलाली गरिरहेका छन् । र, दलाली यसरी आम संस्कृति बन्न थालेको छ ।



*नेपालीहरूको काम व्यापारी तथा भरिया भएर भारतमा बनेको सामान भोटमा लाने र भोटमा बनेको सामान भारतमा लाने मात्र भयो । नेपालमा सामान निकै कम मात्रामा बन्ने अथवा बन्दै नबन्ने भयो ।*

जनसंस्कृतिमा पनि विदेशी सहायताको ठूलो असर पर्न थालेको छ । १९७५ अघि जुनवेला विदेशी सहायता अहिलेजस्तो बढेको थिएन, त्यतिबेला स्कूल, हेल्थपोष्ट, बाटोघाटो, सिँचाइ आदि कुराहरू राजनीतिक ऊर्जा र पूँजीको समेत प्रयोग गरेर बनाइन्थ्यो । र स्वनिर्णय र स्वराजनीतिक परिचालनको आधारमा यी कुराहरू बन्थे । अब आम जनताको तहसम्म नै परनिर्भरताको स्थिति बनिसक्यो । सार्वजकि क्षेत्र र प्रकृयाको उत्थानको लागि जनताहरू आफ्नो स्रोत खर्च गर्न पटक्कै इच्छुक नहुने स्थिति बन्दै गएको छ । केही गर्न नसक्ने पंगु बनिसके । यसका लागि उनीहरू बढीभन्दा बढी विदेशी पैसा ल्याउन सक्ने नेताहरूको पक्षपाती बन्नथाले । र, त्यस्तै खालका नेताहरू निर्वाचित हुने सम्भावना ज्यादा बन्नथाल्यो । यो प्रवृत्ति हाम्रो छिमेकी मुलुक, खासगरी भारतमा भन्दा हामीकहाँ बढी प्रखर देखिन्छ । यसको अर्थ सवै नेपालीहरू अल्छी छन् भन्ने होइन । आम नेपाली जनताहरू मेहनत मजदूरी गरेर खान्छन् । व्यक्तिगत जीवनमा वा निजी श्रममा यसले त्यति धेरै असर गरेको छैन । तर खानेपानी, अस्पताल, पुल, बाटोघाटो जस्ता सार्वजनिक क्षेत्रमा भने यसले ठूलो असर गरेको छ । यस्ता कुराहरूमा स्थानीय आन्तरिक स्रोतको परिचालन हुनै छोड्यो ।

अब मेलम्चीकै कुरा लिउँन । यसको परिचालन केही हदसम्म आन्तरिक स्रोतबाट नै हुनसक्ने देखिन्छ । अहिले काठमाण्डौका प्रत्येक घरले अण्डरग्राउण्ड टैंक, छतमा टैंक, पानी माथि लाने तल ल्याउने पाइप, पानी तान्ने मोटर, विजुली, श्रम आदिमा गरेर वर्षको करीब करीब पाँच सात हजार रूपियाँ उत्तिकै खर्च गरिरहेका छन् । यदि मेलम्चीको पानी आयो र काठमाण्डौ उच्च सतहको सुन्दरीजलमा त्यो पानीको स्टोर भयो भने काठमाण्डौको कुनै पनि घरमा त्यो पानी सजिलै चढ्छ । र, चौविसै घण्टा पानी आउँनसक्छ । यस स्थितिमा ट्याङ्की, पाइप, मोटर आदिको खर्च नै लाग्दैन । यदि आम जनताले विश्वास गरेको कुनै संस्थाले 'ट्याङ्की, मोटरको आवश्यकता नपर्ने किसिमले पानीको व्यवस्था गरिदिन्छु ५ वर्षसम्म बर्षेनी हामीलाई यति पैसा चाहियो' भन्यो भने जनताहरू त्यो पैसा दिन हिच्किचाउलान् भन्ने मलाई लाग्दैन । मेलम्ची योजनाको लागि चाहिने करीब आधा पैसा यसैबाट उठ्नसक्छ । मात्र यहाँ प्रजातान्त्रिकरण, जनसंगठन र जनविश्वासको खाँचो छ । र, सरकारप्रति जनविश्वास निर्माण गर्न सकिने स्थितिको खाँचो छ । यो खाँचो पूर्ति भएको खण्डमा हामी स्वाधीन हुनसक्ने छौं । र, विदेशी ऋण तथा सहयोगको भर पर्नुपर्ने स्थिति खत्तम हुँदै जानेछ । तर अहिले त नेपालमा जुन सरकारले सवभन्दा बढी विदेशी सहायता ल्यायो त्यो सरकार श्रेष्ठ हुने परनिर्भर विदेशमुखी संस्कृतिको विकास भएको छ ।

सहायताबाट केही सकारात्मक काम नै भएको छैन भन्ने कुरा होइन । विदेशी सहायताबाट, स्वास्थ्य, शि[illegible]ा, संचार, बाटोघाटो आदि क्षेत्रमा के[illegible]कास भएको छ । तर अरू देशका तुलनामा हेर्ने हो भने नेपालले कम नै विकास गरेको छ । विदेशी सहायताको यत्रो ओइरोका वावजूद नेपालमा गरीवी बढेको छ । गरीवहरूको संख्या पनि बढेको छ ।

विदेशी सहायताको मात्रा र अंश उल्लेख्य हुँदाहुँदै पनि पूँजीवादी विकास किन भएन, र गरीबी किन घटेन ? अनावश्यक ऋणको अंश उच्च रह्यो, नीति र कार्यक्रम धेरै अंशमा अनुचित रह्यो, खर्च अनुशासित भएन र घूसखोरी काफी मात्रामा रह्यो, प्रजातान्त्रीकरण छिपछिपे रहेकोले जनताको शक्ति न्यून रह्यो, यसैले गर्दा केन्द्रिकरण हावी रह्यो र सरकार जनउत्तरदायी रहेन । यसैगरी राजनीतिक र सांस्कृतिक पूँजीको उपयोग अत्यन्त न्यून रह्यो र यी महत्वपूर्ण पूँजीहरूको क्षय भयो । यि[illegible]का अलावा यसो हुनुमा स[illegible]रको बर्गीय चरित्रदेखि लिएर कर्मचारीहरूको प्राविधिक क्षमता तथा दक्षताको न्यूनता पनि जिम्मेवार छ । त्यस्तै किसिमले राजनैतिक पार्टीहरूले जनपरिचालन नगरेको र उनीहरू सिंहदरवारमुखी भएको, संसदमुखी भएको र आमजनताको र जीवन धान्ने राजनीतिसँग विमुख भएको सवाल पनि उत्तिकै जिम्मेवार छ ।

गरीबी बढ्नुको अर्को कारण माथि भनेजस्तै नेपालीहरूको पैसा विदेशतिर बगेर जानु हो । परापूर्वकालदेखि नै नेपालमा राष्ट्रिय बजार बनेन र नेपालको स्रोत विदेशमा चुहेर जाने प्रथा बस्यो । मूलतः कोशी, गण्डकी, कर्णालीको क्षेत्र भएर भोट र भारत छिर्ने, उत्तर दक्षिण नदीको तीरैतीर बाटो बन्यो, पूर्व पश्चिमी बाटो

अव विदेशी सहायतालाई उपयुक्त रूपमा प्रयोग गर्ने हो र त्यसबाट लाभ प्राप्त गर्ने हो भने, केही कुराहरूमा ध्यान दिनुपर्दछ । सवभन्दा महत्वपूर्ण कुरा त...

बन्नसकेन । यसले गर्दा नेपालमा भारतको सामान भोटमा जाने, भोटको सामान भारत जाने व्यापार मात्र चल्यो र यसले काठमाण्डौबाहेक अन्य क्षेत्रलाई फाइदा पुऱ्याउन सकेन । पहिलेदेखि नै देशभित्र पूँजी संकलित हुन सकेन र बजारव्यवस्था राष्ट्रिय घेराभित्र नियन्त्रित हुनसकेन । नेपालीहरूको काम व्यापारी तथा भरिया भएर भारतमा बनेको सामान भोटमा लाने र भोटमा बनेको सामान भारतमा लाने मात्र भयो । नेपालमा धेरै किसिमका सामान निकै कम मात्रामा बन्ने अथवा बन्दै नबन्ने भयो ।

अहिले त्यो प्रक्रिया झन् बढ्नथाल्यो । अहिले पनि हामीले लाउने लुगा, सवैजसो नै भारत अथवा समुद्रपारका मुलुकहरूबाट आउँछ । अरू धेरैजसो सामानहरू पनि उतैबाट आउँछ । त्यस्तै किसिमले, अलिकति हुने खानेका सन्तानहरू शिक्षा लिन र उपचारको लागि पनि विदेशतिरै पुगिरहेका छन् । त्यस्तै भारतीय श्रमिकहरूले पनि नेपालको प्रसस्त पैसाहरू बाहिर लगिराखेका छन् । यसरी हाम्रो पैसा त्यहाँ बग्यो । यही प्रक्रियाद्वारा हामीले विदेशी महंगो श्रमलाई पालिराखेका छौं । यदि हामीले उपभोग गर्ने सामानहरू नेपालमै उत्पादन भएको भए हामी नेपालीहरूकै श्रम किन्थ्यौं र उनीहरूले नै दुई पेट पाल्न पाउँथे । यसरी विभिन्न बाटो भएर बाहिर बगिरहेको पैसालाई राष्ट्रिय उद्योग र बजार व्यवस्था खडा गरेर त्यसमार्फत् संचालन गर्न सकियो भने मात्र देशको अर्थतन्त्र सपार्न सकिन्छ र देशको गरीबी हटाउन सकिन्छ । तर त्यसो गरिएन । विदेशी सहयोग यतातिर प्रवाहित भएन ।

अव विदेशी सहायतालाई उपयुक्त रूपमा प्रयोग गर्ने हो र त्यसबाट लाभ प्राप्त गर्ने हो भने, केही कुराहरूमा ध्यान दिनुपर्दछ । सवभन्दा महत्वपूर्ण कुरा त हामी व्यापरिक ऋण मात्र लिने स्थितिमा पुग्नुपर्छ र त्यसको लागि यथेष्ठ कोशिस गर्नुपर्छ । विदेशी सहायता न्यून गर्दै विस्तारै विस्तारै त्यो नलिने स्थितिमा पुग्नुपर्छ । यति संपन्न नगरून्जेल पनि विदेशी सहायताको उचित व्यवस्थापनव्दारा केही मात्राको सुधार भने कुनै पनि इमान्दार र दक्ष सरकारले गर्न सक्छ ।

नेपालमा अहिले विकास खर्चको ६०/७० प्रतिशत खर्च विदेशी पैसामार्फत् हुन्छ । तर त्यो पैसा कसरी संचालन गर्ने, के बारेमा ऋण लिने, के बारेमा नलिने र त्यसको खाका तयार गर्ने प्रविधिक र संस्थागत क्षमता हामीसँग छैन अथवा न्यून छ । जति पनि कार्यक्रम तथा परियोजनाको लागि दस्तावेजहरू बन्छन्, ती श्री ५ को सरकारका कर्मचारीहरू तथा श्री ५ को सरकारका विभागले बनाउँदैनन् । के को लागि ऋण लिने, कसरी लिने, कहाँ खर्च गर्ने भन्ने नीति निर्माण गर्नेदेखि लिएर परियोजनाको तहसम्मको सम्पूर्ण तयारी, लेखाजोखा र लेखन विदेशीहरूले नै गर्छन् । यसले गर्दा हाम्रा प्राथमिकता र हाम्रा आवश्यकता अनुसार कार्यक्रम तथा नीतिहरू निर्माण हुन सकिरहेका छैनन् ।

त्यसैले यदि हाम्रा प्राथमिकता तथा आवश्यकता अनुसार नीति बन्ने तथा कार्यक्रमहरू बनाउने हो र परियोजनाहरू संचालन गर्ने हो भने नेपालीहरूमा नै बैचारिक तहमा सोच्न सक्ने, लेख्न सक्ने प्राविधिक क्षमता तथा संस्थागत क्षमता बढाउनुपर्छ ।

तेश्रो महत्वपूर्ण कुरा प्रजातान्त्रीकरणलाई सुदृढ गर्नु हो । यदि विदेशी ऋण तथा सहायतालाई उपयुक्त तरिकाबाट प्रयोग गर्ने हो भने उपल्लो तहबाट मात्र नीति निर्माण गर्ने प्रक्रियालाई बन्द गर्नु पर्दछ । नीति निर्माण गर्ने तथा परियोजना संचालन गर्ने काम मन्त्रालयदेखि जिल्ला, गाउँ, नगर तथा वडासम्म पुग्नुपर्छ । यसो गरियो भने स्थानीय तहका जनता जिम्मेवार र राजनैतिक रूपले सवल बन्छन् र प्रजातान्त्रीकरणको प्रक्रिया मजवुत हुन्छ । यसको साथै खर्च पनि कम हुन्छ । र, यो पारदर्शी पनि हुन्छ । त्यहाँ कसले घुस खान्छ, कसले काम गऱ्यो, कसले काम गरेन भन्ने कुरा उद्घाटित हुन्छ । यसरी विकेन्द्रिकरणको प्रक्रिया निकै गहिरो बनाउन सके विदेशी सहायताको सदुपयोग अहिलेभन्दा राम्रोसँग हुने सम्भावना देखिन्छ ।

क

❑

विदेशी सहायताले विकासोन्मुख मुलुकहरूमा एउटा त्यस्तो नयाँ वर्ग सिर्जना गऱ्यो, जो बासिन्दाको हिसाबले तेश्रो विश्वको हो, तर सोचाइ, रहनसहन र भक्तिभावको हिसाबले पहिलो विश्वको हो ।

दोश्रो विश्वयुद्ध अघिसम्म प्रत्यक्ष उपनिवेश हुन्थ्यो । उपनिवेशहरूमार्फत् एकाधिकार पूँजीले आफ्नो लागि प्रशस्त नाफा वा फाइदा धुत्थे । दोश्रो विश्वयुद्धपछि राजनीतक उपनिवेशहरू एकएक गरी ढल्दै गए । तेश्रो विश्वका राष्ट्रहरू स्वाधीन भए । अव राजनीतिक उपनिवेशहरूमार्फत् नाफा धुत्ने संभावना बाँकी रहेन । त्यसपछि शुरू भयो- विदेशी सहायताको युग । राजनीतिक रूपले स्वतन्त्र देखिए पनि एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका कैयन् मुलुकहरू विदेशी सहायताको माकुरे जालभित्र आए, जो आर्थिक रूपले आत्मनिर्भर र स्वतन्त्र रहेनन् । आर्थिक स्वतन्त्रता हुन नसक्दा परनिर्भरता फेरि पनि कायमै रह्यो । विदेशी सहायताले त्यही परनिर्भरताको प्रणालीलाई नयाँ ढंगले कायम र सुदृढ गर्ने काम गऱ्यो । आर्थिक परनिर्भरता त्यस्तो हतियार हो, जसले कालान्तरमा राजनीतिक परनिर्भरता सिर्जना गर्छ, गर्छ । यसरी विदेशी सहायतामार्फत् विश्वभरि नव-उपनिवेशहरू पैदा भए ।


नव-उपनिवेश कसरी सिर्जना भयो भने, विदेशी सहायताले विकासोन्मुख मुलुकहरूमा एउटा त्यस्तो नयाँ वर्ग सिर्जना गऱ्यो, जो बासिन्दाको हिसाबले तेश्रो विश्वको हो, तर सोचाइ, रहनसहन र भक्तिभावको हिसाबले पहिलो विश्वको हो । देश चलाउने नेताहरू र देशको प्रशासन चलाउने उच्च नोकरशाहीतन्त्र, देशको राजनीतिक प्रणाली राष्ट्रको हित र जनताप्रति बफादार हुनुको सट्टा ती त धनको मालिक विदेशी दातृसंस्थाप्रति बफादार हुन थाले, जो उसलाई दलाली भाडा बुँभाउँछन्, विदेशको सयर गराउँछन्, र, थुप्रै दृश्य-अदृश्य अवसरहरू उपलब्ध गराउँछन् ।

यस्तो भएपछि गरीब मुलुकहरू संस्थागत रूपमा पनि गरीब भए । देशको नेतृत्व वर्ग र उच्च नोकरशाहीतन्त्र नै विदेशी सहायता र स्वार्थको दलालमा बदलिएपछि कुन संस्थाले गर्ने देशको स्वार्थको र हितको सही प्रतिनिधित्व ?

यसैलाई भनिन्छ संस्थागत ह्रास ।

विदेशी सहायताले प्रायः सबै विकासोन्मुख मुलुकमा संस्थागत ह्रास सिर्जना गरिरहेछ । 'हाम्रो मुलुकको आवश्यकता र प्रथामिकता यो यो हो, यो भए हामी विदेशी सहायता लिन्छौं, नत्र लिन्नौं' भन्न सक्ने योग्य र सक्षम संस्था नै खडा भएन, संस्थागत ह्रासले गर्दा नेपालमा पनि यस्तै भइरहेछ ।

अहिले 'विदेशी सहायता त राम्रो हो, तर good governance अर्थात् राम्रो प्रशासन भईदिएन, पारदर्शिता भईदिएन, त्यसैले मात्र बिग्रेको हो' भनिन्छ । यथार्थ चाहिं के हो भने, विदेशी सहायताले नै प्रत्येक विकासोन्मुख मुलुकमा एउटा नयाँ वर्ग सिर्जना गरेको छ, राजनीतिक नेतृत्वको तहमा पनि, उच्च नोकरशाहीतन्त्रको तहमा पनि, जो देशभक्त होइन, दाताभक्त र दानभक्त छ । त्यो वर्गले जानाजान नै प्रशासन ठीकसित चलाउँदैन । दाताहरूसित मोलमोलाइ ठीकसित गर्दैन, किनकि उसको स्वार्थ र भक्ति त अन्तैतिर छ । उनीहरूको प्रशासन पारदर्शी पनि हुँदैन, किनकि पारदर्शी ढंगले काम गरेर टापटिप वा भ्रष्टाचार त गर्न सकिन्न । त्यसैले, दातृ संस्थाहरूले उठाइरहेको 'राम्रो प्रशासन र पारदर्शिता'को कुरो बेकार छ । वास्तवमा दातृसंस्थाहरूले नै विदेशी सहायता र नाजायज प्रलोभनमार्फत्



दीपक ज्ञवाली

ती ऋणका पछाडि हामीबाट लिनका लागि अत्यन्त खतरनाक शर्तहरू राखिएका हुन्छन् भन्ने कुरा बिल्कुलै छोपछाप पारिन्छ । उदाहरणको लागि, मेलम्चीको...

◄ आवरण कथा

> नेपालमा कमी न त वित्तीय स्रोत हो, न प्राकृतिक स्रोतको । हाम्रो कमी बौद्धिक स्रोतको हो भन्ने हामीले महशूस गर्नुपर्‍यो ।

# बिदेशी सहायता भनेको नव-उपनिवेशको सारलाई चिनी लेपिएको तीतो ट्याबलेट हो ।

◆ दीपक ज्ञवाली ◆

कमाइमार्फत्बाट मात्र बर्षमा ७०/८० अरब भित्र्याउने देशले वित्तीयस्रोत आफूसित छैन भन्नु वाहियात कुरा हो ।

हामीसित नभएको कुरा त हामीसितै वालछ्याल भएको बित्तीयस्रोत जनतालाई विश्वासमा लिएर कसरी एकत्रित गर्ने र त्यसलाई कुन प्राथमिकता क्रममा, कहाँ, कसरी लगाउने भन्ने देशप्रति प्रतिबद्ध भिजन र योजना हो । देशप्रति इमान्दारी, भिजन र स्पष्ट योजना हुने हो भने, पैसा पनि यहाँ पर्याप्त छ, प्राकृतिक स्रोत पनि । संकट पैसाको होइन, केवल राज्य-यन्त्रप्रतिको अविश्वास हो ।

अनिकाल यहाँ सक्षम वौद्धिक र संस्थागत स्रोतको मात्र हो, जो आफ्नो आवश्यकता र प्राथमिकता किटान गर्ने, आफ्नो योजना आफैं बनाउने र विदेशीहरूसित खडाखडी कुरा गर्न सव[illegible] योग्यता र शीप राख्छ । यसका ला[illegible]देशी सहायता खालि शिक्षामा राम्रो प्रशासन र पारदर्शिताको अभिकाल सिर्जना गरिरहेका छन् । अतः यो त 'आफैं बोक्सी आफैं भाँक्री' भनेजस्तै कुरा हो ।

जरैमा सुधार नगरीकन यो समस्या सुल्भाउनु संभव छैन ।

विदेशी सहायताको मनावैज्ञानिक पक्ष पनि छ । भन्न त विदेशी सहायता दिने राष्ट्रलाई "दाता" भनिन्छ र दाताको दानको हाइहाइ गरिन्छ । तर "दाता" ले विदेशी सहायता दिएर बदलामा के के लिइरहेछ, त्यसको चाहिं चर्चा नै गरिंदैन । त्यो चाहिं अदृश्य हुन्छ र पर्दा पछाडि हुन्छ । विदेशी सहायताको सानो थैलो दिएवापत उनीहरूले बदलामा लिने कुराको हिसाव गर्ने हो भने, दाताभन्दा ठूलो दाता त असामी भइरहेको हुन्छ । सहायताको सानो थैलीवापत उनीहरूले सिंगै मुलुकको निर्णय लिने स्वतन्त्रता र प्रभुसत्ताजस्ता सारै मूल्यवान कुरा समेत लिन खोजिरहेका हुन्छन् । परन्तु, भनिन्छ उनीहरूलाई नै "दाता" । यसले एक किसिमको मनोवैज्ञानिक प्रभाव पैदा गरिरहेको देखिन्छ, मानौं हामी चाहिं भिखारी हौं, र उनीहरू चाहिं दानकर्ता हुन् ।

शीतयुद्धको अन्तपछि अहिलेको विश्वमा अनुदानको युग खत्तम हुँदै जाँदैछ । जति विदेशी सहायता आउँदैछ, ज्यादाजसो विदेशी ऋणका रूपमा आउँदैछ । ६० प्रतिशत विदेशी सहायता अहिले ऋणका रूपमा आउँदैछ । दाताहरू विदेशी सहायताका नाममा ज्यादाजसो विदेशी ऋण दिँदैछन् र ती ऋणका पछाडि हामीबाट लिनका लागि अत्यन्त खतरनाक शर्तहरू राखिएका हुन्छन् भन्ने कुरा बिल्कुलै छोपछाप पारिन्छ । उदाहरणको लागि, मेलम्चीको लागि दिन लागिएको विदेशी सहायतालाई हेरौं ।

यो विदेशी सहायतावापत् नेपालले चुकाउनु पर्ने मूल्य सवन्धी शर्तहरू यस्ता छन् :

❑ हामीले बुटवल पावर कंपनीलाई निजीकरण गर्नुपर्ने भएको छ- करिव ५०० डलर प्रति किलोवाटको दरमा, जब कि-यहाँ प्रतिकिलोवाट क्षमता निर्माण गर्न प्राधिकरणले २३०० डलर खर्च गरिरहेको छ ।

❑ जनताको आधारभूत आवश्यकता अन्तर्गत पर्ने खानेपानीलाई समेत व्यापारीको हातमा सुम्पनका लागि हामीले खानेपानी संस्थानलाई निजीकरण गर्नुपर्ने भएको छ ।

❑ पानी महशूलमा बृद्धि गर्नुपर्ने भएको छ ।

❑ विद्युत महशूलमा बृद्धि गर्नुपर्ने भएको छ ।

यसरी, मेलम्चीको विदेशी सहायतावापत् "दाताहरू" ले हामीबाट मनग्ये कुरा लिन खोज्दैछन् भन्ने कुरा यसबाट छर्लंग हुन्छ ।

यो भन्दा पनि खतरनाक शर्तहरू अरूण-तेश्रोको लागि दिन खोजिएको विदेशी सहायतामा थिए । त्यसमा यस्तो समेत शर्त राखिएको थियो, जसमुताविक नेपालको सरकारले बजेट ससदमा पेश गर्नु अघि त्यसलाई विश्वबैंकबाट स्वीकृत गराइनु पर्थ्यो । नेपालको संविधानले सरकारी स्वामित्वमा रहेका संस्थानहरूको लेखा परीक्षण महालेखा परीक्षकबाट गराइनुपर्ने भनेर उल्लेख गरेतापनि त्यसलाई कुल्चिएर त्यस्ता संस्थानको लेखा परीक्षण विश्व बैंकले खटाएको अडिटरले गर्ने शर्त समेत त्यसमा राखिएको थियो । यस्ता ४४ वटा शर्तहरू थिए अरूण तेश्रोको विदेशी सहायतामा । तात्कालीन कांग्रेस र एमाले सरकारहरूले यी सवै शर्त मानीसकेका थिए ।

यो त विदेशी ऋणको कुरो भयो ।

जहाँसम्म अनुदान वा नरम ऋणको कुरो छ, त्यो पनि शर्तरहित हुँदैन ।

अझ, मेरो ठम्याइ त के छ भने, - Softer the loan, harder the conditionalities अर्थात्, ऋणको ब्याज जति नरम हुन्छ, त्यसका शर्तहरू त्यति नै कडा र निर्मम हुन्छन् । विश्व बैंकको ब्याज दर जम्मा १ प्रतिशतदेखि ३ प्रतिशत हुन्छ तर यसका शर्तहरू हेर्नुस् ती कति कडा छन् !

त्यसैले, मेरो त भनाइ के छ भने, विदेशी सहायताको बाटोबाट नेपाल उँभो लाग्नु कहिल्यै संभव छैन । विदेशी सहायताको पछाडि भयङ्कर ठूलो अर्थ-राजनीति हुन्छ । त्यो अर्थ-राजनीति भनेको प्राप्तकर्ता मुलुकलाई नव-उपनिवेशमा बदल्ने अर्थ-राजनीति नै हो । विदेशी सहायताको बाटोबाट विकसित भएको कुनै मुलुक छैन । जति विकसित भएका छन्, स्वावलम्वी विकासको बाटोबाट भएका छन् ।

नेपालले पनि विदेशी सहायताको बाटो छोड्दै जानुपर्‍यो, त्यसको बदलामा अन्तर्राष्ट्रिय सहयोगको बाटो बढाउँदै जानुपर्‍यो । विदेशी सहायता र अन्तर्राष्ट्रिय सहयोगमा ठूलो अन्तर [illegible] त्यो अन्तर हामीले बुझ्नु पर्‍यो । अन्तर्राष्ट्रिय सहयोगमा शिर ठाडो पारेर भनिन्छ- 'हामीसित यो यो छ, तिमीसित त्यो त्यो छ, एक अर्कामा लेनदेन गरौं ।'

अन्तर्राष्ट्रिय सहयोगमा 'हामी पनि दाता हौं' भन्ने भाव हुन्छ, जुन विदेशी सहयोगमा हुँदैन । विदेशी सहयोगमा भिखारीको मानसिकता हुन्छ ।

नेपालमा कमी न त वित्तीय स्रोत हो, न प्राकृतिक स्रोतको । हाम्रो कमी बौद्धिक स्रोतको हो भन्ने हामीले महशूस गर्नुपर्‍यो । रेमिटेन्स अर्थात् विदेशमा काम गर्ने नेपालीको <br>लिनु पर्‍यो, सक्षम बौद्धिक स्रोत बिकास गर्ने उद्देश्यले, अरूमा होइन ।

कुनै पनि व्यक्तिको असीमित मात्रामा श्रृण लिने क्षमता नभएको जस्तै राज्यको पनि हुँदैन । तर हाम्रा मुलुक हाँक्ने नेता र उच्च कर्मचारीहरू आँखा चिम्लिएर जति श्रृण लिएपनि हुन्छ भन्ने मानसिकताबाट ग्रस्त छन् । यो रोगबाट पार पाउन सरकारले विदेशी ऋण तिर्नका लागि हाम्रो प्राथमिकतासूची सार्वजनिक गर्नु पर्‍यो । देशमा आर्थिक मन्दी भएमा हामीले ऋण भुक्तानी गर्नका लागि कुनकुन योजना र कुनकुन साहूलाई प्राथमिकता दिन्छौं, यो कुरो सरकारले वार्षिक बजेट पेश गर्दाखेरि नै ससदमा सार्वजनिक गर्नुपर्‍यो । हामीले कुन ऋणवापत कसलाई कति सावाँव्याज तिर्नु परिरहेछ र त्यो खासखास प्रोजेक्टले कसरी तिरिरहेछ ? त्यो सार्वजनिक गर्नु पर्‍यो सरकारले । यो सार्वजनिक गर भनेर नागरिक अभियान नै छेड्नु पर्‍यो । अनि बल्ल हामीलाई पुस्तौंपुस्तासम्म श्रृणमा डुबाउने विदेशी श्रृणदाता र हाम्रा नेताहरू केही हच्केलान् वा चेत्लान् । ❑

# नेपालमा बिदेशी सहयोगको इतिहास

◆ श्याम श्रेष्ठ ◆

*चीनमा भर्खरै माओको नेतृत्वमा कम्युनिष्टहरूले क्रान्ति संपन्न गरेका थिए र नेपालमा चीनियाँ क्रान्तिको प्रभाव जवर्जस्त रूपमा पर्ने संभावना टड्कारो थियो ।*

नेपालमा बिदेशी सहयोगको इतिहास खोतल्दा अहिलेसम्म पाइएको प्रमाणको आधारमा पहिलो त्यस्तो बिदेशी सहयोग सन् १७९३ मा फ्रान्ससित लिएको भेटिन्छ । सन् १७९२ को नेपाल चीन युद्धपछि सन् १७९३ मा फ्रान्सेसी प्राविधिज्ञहरूको सहयोगमा काठमाण्डूमा फ्याक्ट्री स्तरको हातहतियार कारखाना स्थापना गरिएको थियो । सन् १८१४-१६ को नेपाल अंग्रेज युद्धताक त्यसलाई ३०६ जना प्राविधिज्ञ र अन्य कामदार संलग्न हुने गरी विस्तारित गरिएको थियो । (हेर्नुहोस्- राजनीतिकशास्त्रको आँखीझ्यालबाट डा. बाबुराम भट्टराई, असोज २०५५, पृष्ठ १८६)

अर्को त्यस्तो प्राविधिक सहयोग सन् १९११ (वि.सं. १९६८ साल) तत्कालीन ब्रिटीश भारतको इष्ट इण्डिया कंपनी सरकारसित फर्पिङ जलविद्युत योजना बनाउनका लागि लिएको भेटिएको छ । (हेर्नुहोस्- भद्रेश्वर उपाध्याय, मार्ग २०५५, पृष्ठ ७२३)

तथापि यी दुवै आक्कल झुक्कल प्रकारका विदेशी प्राविधिक सहयोगहरू थिए । यी आधुनिक अर्थका विदेशी सहयोग थिएनन् ।

आज हामी जेलाई विदेशी सहयोग भनिरहेछौं, त्यसको प्रारम्भ चाहिं २००७ सालमा भएको थियो । नेपालमा पूँजीवादी प्रजातन्त्र र बिदेशी सहयोग जुम्ल्याहा दाजुभाइ हुन् । नेपालमा पूँजीवादी प्रजातन्त्र इतिहासमा पहिलो पटक २००७ साल फागुन ७ गते घोषणा गरियो । नेपालको इतिहासमा पहिलो बिदेशी आर्थिक सहयोग चाहिँ, त्यो घोषणाको झण्डै एक महीना अघि, जनवरी २३, १९५१ मा अमेरिकासित भएको चार बुँदे संझौता अन्तर्गत प्राप्त भएको थियो । नेपालले त्यतिवेला प्राप्त गरेको तीन हजार डलरको थैली हामीले हात पारेको पहिलो बिदेशी वित्तीय सहयोग थियो ।

२००७ सालमा टुसाएको पूँजीवादी प्रजातन्त्रको बिरूवालाई २०१७ सालमा राजा महेन्द्रले कलिलैमा फौजी बलले उखेलीदिए । तर, बिदेशी सहायता भने, त्यस बीचमा पनि कहींकतै रोकिएन , त्यो आएकोआयै गऱ्यो । संभवतः सहायता दिने राष्ट्रहरूलाई नेपालमा तानाशाही राजनीतिक प्रणाली होस् कि प्रजातान्त्रिक- त्यो त्यति महत्वपूर्ण सवाल थिएन । महत्वपूर्ण सवाल थियो- त्यतिखेरको समय र नेपालको विशेष भौगोलिक अवस्थिति । समय थियो - शीतयुद्धको चर्काचर्कीको । सोभियत समाजवादी खेमा र अमेरिकी पूँजीवादी खेमामध्ये कसले कसलाई आफूपट्टि तान्ने भन्ने होड चलेको बेला थियो त्यो । त्यसमाथि थप, नेपाल बिशाल चीनसँग साँध सीमा नै जोडिएको निकटस्थ छिमेकी मुलुक थियो । चीनमा भर्खरै माओको नेतृत्वमा कम्युनिष्टहरूले क्रान्ति संपन्न गरेका थिए र नेपालमा चीनियाँ क्रान्तिको प्रभाव जवर्जस्त रूपमा पर्ने संभावना टड्कारो थियो । अमेरिका चिनीयाँ क्रान्तिको प्रभावको लहरलाई अन्यत्र फैलिन नदिन निकै चनाखो भइरहेको थियो ।

उता, विश्व रंगमंचमा यति नै बेला अमेरिका दोश्रो विश्वयुद्धबाट थिलथिलो भएको तत्कालीन विश्व महाशक्ति बेलायतलाई उछिनेर नयाँ उदीयमान विश्व महाशक्ति बन्ने धुनमा विश्वभरि आफ्नो आर्थिक राजनीतक प्रभाव विस्तार गर्न विदेशी सहायताको ठूलै बोरा काँधमा बोकेर विश्व चहारिरहेको थियो । ऊ यसका लागि युद्धले तहसनहस भएको यूरोपको पुनर्निर्माण गर्न थैली खन्याउने मात्र होइन, एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा समेत विदेशी सहायतामार्फत् आफ्नो प्रभाव र संवन्ध बिस्तार गर्न टुप्पीदेखिको बल निकाल्दै थियो । यही क्रममा ऊ विशाल कम्युनिष्ट मुलुक चीनको सानो छिमेकी मुलुक नेपालमा कान ठाडो पार्दै भित्रिएको थियो ।

अमेरिका भित्रिएको लगत्तैपछि बिदेशी सहायताको पोको लिएर नेपाल छिर्ने दोश्रो राष्ट्र थियो - भारत । भारतले यसअघि नै नेपाललाई आफ्नो सुरक्षा- छाताभित्रबाट अन्त जान नपाउने गरी १९५० को तथाकथित "शान्ति तथा मैत्री सन्धि" गरिसकेको थियो । र, यो सन्धिको पनि एउटा प्रमुख उद्देश्य थियो- नेपाललाई चीनको प्रभावमा पर्न नदिनु । त्यत्तिले मात्र नपुगेर अब भारत आर्थिक सहायताको ठूलै पोको समेत लिएर उपस्थित भयो ।

सन् १९५२ मा कोलम्बो योजनामा नेपालले हस्ताक्षर गरेपछि र १९ फरवरी १९५३ मा नेपाल र संयुक्त राष्ट्र संघबीच प्राविधिक संझौता भएपछि अरू थुप्रै मुलुकहरू पनि बिदेशी सहयोगको थैली बोकेर नेपाल पसे । नवोदित छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको बिदेशी सहयोग चाहिं ७ अक्टोवर १९५६ मा भएको आर्थिक सहायता संवन्धी सन्धिपछि नेपालमा आउन थाल्यो । तथापि १९५० को दशकसम्म नेपालमा भित्रिने कुल विदेशी सहायतामध्ये पाँच भागमा चार भागभन्दा पनि ज्यादा अमेरिका र भारतको मात्र हुने गर्थ्यो ।

अमेरिकाले आफ्नो सहयोगको थैली सामाजिक क्षेत्रमा खन्यायो । ऊ तराइमा औलो उन्मूलन गर्न अग्रसर भयो । ग्रामीण विकास योजना, सिंचाइ, उन्नत खेती, कलेज अफ एजुकेशन र लेवोरेटरी स्कूलको स्थापनातर्फ अमेरिकीहरूले चाख लिए ।

भारतचाहिँ पूर्वाधार निर्माण गर्नेतिर अघि सऱ्यो । काठमाडौंमा विमानस्थल निर्माण, त्रिभुवन राजपथको निर्माण, हुलाक र दूर संचार सुविधाको निर्माण गर्नेतिर उनीहरूले हात बढाए ।

चीनियाँहरूले आयात प्रतिस्थापन उद्योगहरू र विद्युत र यातायात जस्ता पूर्वाधारको निर्माणतर्फ आफ्नो ध्यान केन्द्रित गरे । छाला तथा जुत्ता कारखाना, इट्टा टायल कारखाना, कपडा र कागज कारखाना उनीहरूले निर्माण गरिदिए । काठमाडौं-कोदारी राजमार्ग, पृथ्वी राजमार्ग, रिंग रोड, गोर्खा मुगलिङ राजमार्ग, सुनकोशी जलविद्युत आयोजना उनीहरूले निर्माण गरिदिए ।

रूसीहरूले जनकपुरमा एक आधुनिक चुरोट कारखाना निर्माण गरिदिए । पथलैयादेखि ढल्केबर-सम्मको जंगल फाँडेर सडक बनाई दिए । खोपासीमा जलविद्युत योजना बनाई दिए र कान्ति बाल अस्पताल निर्माण गरिदिए ।

स्विसहरूले नेपालमा डेरी उद्योगको जग हाली दिए भने, जर्मनहरूले सिमेण्ट उद्योगको । जापानीहरूले कृषि विकासको साथसाथै काठमाडौंमा टिचीङ अस्पताल निर्माण गरिदिए भने बेलायतीहरूले धरान-धनकुटा सडक । क्यानाडालीरूले शाही नेपाल वायुसेना निगमको लागि स्रोत जुटाई दिए भने, अमेरिकीहरूले दोश्रो विश्वयुद्धकालीन पुराना डकोटा विमान दिएर नेपालको हवाइ यातायातको प्रारम्भको लागि जग हालिदिए ।

२०१३ सालदेखि प्रारम्भ भएको नेपालको सवैभन्दा पहिलो पंच बर्षीय योजना संपूर्णजसो विदेशी सहायतामा आधारित थियो । यसबीच हामीले सातवटा पंच बर्षीय योजना र एउटा तीन बर्षीय योजना गुजारीसक्यौं । नवौं पंच बर्षीय योजना अहिले जारी छ । यी सबै आवधिक विकास योजनाहरूमा एउटा समान बिशेषता भेटिन्छ, हामी मूलतः विदेशी सहायतामाथि भर परेर आफ्नो देश बिकास गर्ने महत्वाकांक्षा राखिरहेछौं । मूलतः आफ्नै स्रोत र साधनमाथि भर परेर पनि हामी मनग्ये देश बिकास गर्न सक्छौं भन्ने आत्मविश्वास र अठोट हामीमा लगभग मरेको छ । परनिर्भरता अब हाम्रो मनोवृत्ति भएको छ । बिदेशी सहयोगविना अब एउटा सानो पूल पनि निर्माण हुन सक्दैन भन्ने हाम्रो धारणा बसेको छ । सिंह-दरवारदेखि वडा समितिसम्म सबै एउटा कुरामा एकमत देखिन्छन्- विदेशी सहयोग आएन भने नेपालले केटाकेटीलाई एउटा खोप समेत लाउन सक्दैन !

परन्तु विदेशी सहयोगको गएको ५० बर्षको इतिहास हेर्ने हो भने, यसको संरचनामा काफी ठूला हेरफेर आइसकेको देखिन्छ । सहयोगका

बाँकी ४३ पेजमा



*पाठेघरमा अस्वभाविक रूपमा बृद्धि हुँदै गरेका क्यान्सर-ट्युमरका कोषहरू*

# बैज्ञानिकहरूले क्यान्सरको खतरालाई रोक्ने खानाहरू पत्ता लगाए

◆ तुल्सीदास महर्जन ◆

सबै कुरो जाँचिसकेपछि डाक्टरले निर्मलालाई कोठाबाट बाहिर पठाए । तर, उसलाई जचाउन डाक्टरकहाँ लिएर जाने उसको दाजुलाई भने एकछिन भित्रै राखेर ऊ एक्लैसँग डाक्टरले केही कुराकानी गरे ।

डाक्टरसँग कुराकानी गरेर बाहिर निस्कँदा दाजुको अनुहार निन्याउरो र हतास, निराश देखिएकाले निर्मलाले दाजुसँग सोधी ।

"के भयो दाइ ? मलाई के भएको हो ? डाक्टरले केही भने ?"

"होइन, डाक्टरले त्यस्तो नराम्रो केही भन्नु भएन । तिमीलाई खास कुनै खराब रोग लागेको छैन ।"

निर्मलाको दाजुले निर्मलासँग कुरा लुकायो । किनकि डाक्टरको कुरो आफ्नी बहिनीसँग भन्न सक्ने कुनै स्थिति नै रहेन । डाक्टरले निर्मलाको दाजुको अगाडि निर्मलाको चाँडै नै मृत्यु हुने कुराको घोषणा गरेका थिए । डाक्टरको भनाइअनुसार निर्मलालाई त्यस्तो रोग लागेको छ, जुन रोगको उपचार यो भूगोलमा अहिलेसम्म कहीं पनि सम्भव छैन । अब निर्मलाले मृत्युलाई पर्खनेसिवाय अर्को उपाय छैन । 'तिम्रो चाँडै मृत्यु हुँदैछ,' भनेर आफ्नी बहिनीलाई कसरी सुनाउने ? निर्मलाको दाजुलाई बहिनीसँग सत्य कुरा बताउन कत्ति पनि आँट आएन ।

निर्मलालाई के रोग लागेको हो त ?

उसलाई लागेको रोग हो- क्यान्सर ।

हो, क्यान्सर एउटा यस्तो रोग हो, जुन लागेपछि मान्छेको पक्का मृत्यु हुन्छ । यसको पूर्ण निदानको उपचार अहिलेसम्म विज्ञानले आविष्कार गरेको छैन । दशकौं पहिलेदेखि विश्वका धेरै बैज्ञानिकहरूले यो रोगको निदानको उपाय पत्ता लगाउन र औषधीको आविष्कार गर्न अरबौं पैसाको लगानीमा निरन्तर अनुसन्धानहरू र परीक्षणहरू गर्दै आइरहेका छन् । तैपनि रोगीको आयु केही समय बढाउने बाहेक यो रोगको निदानको उपाय बैज्ञानिकहरूले अहिलेसम्म पत्ता लगाउन सकेका छैनन् ।

तर, हालै मात्र बैज्ञानिकहरूले क्यान्सर रोगलाई रोक्ने खानाहरू पत्ता लगाएको कुराको दाबी गरेर तहल्का मच्चाएका छन् । उनीहरूले क्यान्सर रोग लाग्ने सम्भावनालाई न्यून पार्ने खास खास प्रकारका खानाहरूको एक सूची नै तयार गरी प्रचारमा ल्याएका छन् ।

बैज्ञानिकहरूले यस अघि नै प्रयोगशाला अनुसन्धानहरूबाट सामान्य फलफूल तथा तरकारीहरूमा दर्जनौं नयाँ रसायनहरू पत्ता लगाइसकेका थिए र टेष्ट ट्युव तथा जनावरहरूमा प्रयोग र परीक्षण गरेर यी गुप्त रसायनहरूले क्यान्सर ट्यूमरलाई बढ्न नदिनुका साथै छयान्नब्यान्न पार्नमा कसरी भूमिका खेल्छन् भन्ने कुरा बाहिर प्रकाशमा ल्याइसकेका थिए । अहिले उनीहरूले बिरूवा तथा खाद्य वस्तुहरूको रासायनिक चरित्रबारे अरू थप कुराहरूको जानकारी प्राप्त गरेका छन् । त्यसैले उनीहरू निकट भविष्यमा नै मानिसहरूलाई क्यान्सरबाट यसअघि भन्दा धेरै बढी राहत दिलाउन सकिने कुरामा विश्वस्त छन् । अमेरिकाको न्यूयोर्कको 'स्ट्राङ्ग क्यान्सर रोकथाम केन्द्र' को मेडिकल अनकोलोजीका प्रमुख डा. मिचेल गेयनर क्यान्सर रोगको समस्याबारे भन्छन्- "हामीले भविष्य देखेका छौं र, त्यो भविष्य खाद्य बस्तु हो ।"

क्यान्सर सम्बन्धी अनुसन्धानमा ल[illegible]खेका बैज्ञानिकहरू कसैले पनि अ[illegible] कसैलाई क्यान्सर लाग्नुमा खानाको भूमिका ठूलो छ भन्ने कुरामा असहमति गर्दैनन् । गत वर्ष मात्रै 'विश्व क्यान्सर अनुसन्धान कोष' र 'क्यान्सर अनुसन्धानको लागि अमेरिकी इन्स्टिच्यूट' द्वारा संयोजन गरिएका बैज्ञानिकहरूको क्यान्सरबारेको एक गहन विश्लेषण प्रकाशित भएको थियो । त्यस विश्लेषणमा के निश्कर्ष निकालिएको छ भने, सबै खाले क्यान्सरको लागि जुन मात्रामा धुम्रपान जिम्मेवार हुने गरेको छ, ठीक त्यही मात्रामा पछौटे खाद्य प्रवृत्ति पनि जिम्मेवार रहेको छ ।

अहिले डा. गेयनरले तथा क्यान्सर र खानाको बीचको सम्बन्धबारे अनुसन्धान गरिराखेका अन्य कैयौं बैज्ञानिकहरूले उपयुक्त खाना खाएर क्यान्सर रोगलाई उल्लेखनीय रूपले रोकथाम गर्न सकिने तथ्य र निष्कर्षलाई प्रकाशमा ल्याएका छन् । यसै सन्दर्भमा हालसालै प्रकाशित किताबहरू The Breast cancer Prevention Diet, Eat to Beat cancer र Dr. Gaynor's Cancer Prevention Programme ले विभिन्न प्रकारको क्यान्सर लाग्ने खतरालाई न्यून पार्न खासखास खाद्य बस्तुहरू खान र खासखास खाद्य बस्तुहरू नखान सल्लाह दिएका छन् । ती सबै किताबहरू नयाँ बनस्पति रसायन बिज्ञानको गहिराइमा लेखिएका छन् । The Breast Cancer Prevention भन्ने किताबमा डा. बब अनौटले युवतीहरू, बृद्धाहरू, स्तन क्यान्सर भएकाहरू र अन्य क्यान्सर भएकाहरूका लागि कदम कदमका

**हालै मात्र बैज्ञानिकहरूले क्यान्सर रोगलाई रोक्ने खानाहरू पत्ता लगाएको कुराको दाबी गरेर तहल्का मच्चाएका छन् ।**

# खाद्यवस्तुले क्यान्सरसँग कसरी लड्दछ ?

मालिग्नेण्ट ट्यूमर अर्थात् क्यान्सर ट्यूमर एक लामो प्रक्रिया गुज्रँदै बृद्धि हुन्छ । यो प्रक्रियामा जम्मा तीन चरण हुन्छन् । पहिलो चरण 'इनिशिएसन'मा कोषको डि.एन.ए. मा परिवर्तन आउँछ । दोस्रो चरण 'प्रमोशन'मा बिग्रिएको कोषमा अनियन्त्रित वृद्धि हुन्छ । तेस्रो चरण 'प्रोगेशन'मा बिग्रिएका कोषहरुले अनियन्त्रित ढंगले आफ्ना प्रतिलिपी कोषहरुको उत्पादन तीव्र गतिले गर्दै ट्यूमर-डल्लो बनाउँछन्, जसले अन्य तन्तुहरुमा पनि आक्रमण गर्दछ । अनुसन्धानबाट प्राप्त प्रारम्भिक तथ्य र प्रमाणहरुले खासखास खाद्यवस्तुहरुमा भएका रसायनहरुले यी तीन चरणहरुमध्ये हरेकलाई न्यून पार्न भूमिका खेल्छन् भने कुरा बताउँछन् ।

## चरण १ : इनिशिएसन

### (क) क्यान्सर जोखिम

अक्सिजनका स्वतन्त्र र्‍याडिकलहरुले कोषको डि.एन.ए. मा क्षति पुर्‍याउँछ ।

*रोकथामका खाद्यवस्तुहरू*

खाद्यवस्तुहरु एडेण्टहरु हुन । हरियो चियामा पाइने 'पोलिफेनोल्स'(polyphenols) र गोलभेडामा पाइने 'लाइकोपिन' (lycopin) भन्ने रसायनहरुले स्वतन्त्र र्‍याडिकलहरुलाई तटष्ठीकरण गर्नमा मद्दत पुर्‍याँउछन् । भिटामिन 'बि', 'इ' र बेटाक्यारोटिन जस्ता वस्तुहरु पनि राम्रा एण्टि अक्सिडेण्टहरु हुन् ।

### (ख) क्यान्सर जोखिम

क्यान्सर ल्याउने धेरै रसायनहरु शरीरमा 'प्रोकार्सिनोजिन्स' (Procarcinogene) को रुपमा प्रवेश गर्छन् । पूर्ण रुपको कार्सिनोजिन्सको रुपमा विकसित भई कोषको डि.एन.ए. लाई क्षति पुर्‍याउनको लागि सक्षम बन्न ती रसायनहरुलाई सर्वप्रथम कलेजोमा उत्पादन हुने फेज-१ इन्जाइमले टुक्रा पारिनु पर्छ ।

*रोकथामका खाद्य वस्तुहरू*

लसुनमा 'आलाइल सल्फाइड्स' (allyl sulfids) भन्ने रसायन हुन्छ । यसले फेज-१ इन्जाइमलाई सीमित पार्न मद्दत गर्छ । फेज-१ इन्जाइमको अलावा कलेजोले फेज-२ इन्जाइम पनि उत्पादन गर्छ । यसले फेज-१ इन्जाइमले छोडेका खतरनाक फोहोरहरुलाई राक्ने काम गर्छ । ब्रोकोली, काउली, बन्दा जस्ता तरकारीहरुमा पाइने सल्फोरफेन (sulforphane) नामक रसायनले फेज-२ इन्जाइमको उत्पादनमा तीब्रता ल्याउँछ ।



*ब्रोकोलीमा हुने रसायनले शरीरका कोषहरूबाट कार्सिनोजेनहरूलाई हटाउन मद्दत गर्छ (दायाँ)*
*रातो अंगुरले रक्तकोशिकाहरू बृद्धि गर्न सहयोग पुर्‍याउँछ*







## चरण-२ प्रमोशन

### (क) क्यान्सर जोखिम

यदि शरीर पहिलो चरणको आक्रमणलाई रोक्न असफल हुन्छ र कोषहरुमा क्यान्सरको प्रभावले निरन्तर परिबर्तन आउँछ भने शरीरको उन्नत सुरक्षा कदम भनेको ती कोषहरुलाई नष्ट गर्नु हो । अथवा ती कोषहरु विभाजन भई त्यस्तै प्रकारका नयाँ प्रतिलिपि कोषहरु तीव्र रुपमा बन्नमा रोक लगाउनु हुन्छ । अन्नको गेडाबाट प्राप्त हुने तेल (corn oil) र साफफ्लावर तेल (saf flower oil) ले त्यस्ता कोषहरुलाई तीव्र कोष विभाजन हुनुमा प्रेरित गर्छन् । ती तेलहरुलाई ओमेगा-६ फ्याटी एसिड्स (omega-6 fattyacids) भनिन्छ ।

*रोकथामका खाद्यवस्तुहरू*

रेसादिने बनस्पतिको बिउ (flax seed) बाट प्राप्त हुने र माछाबाट प्राप्त हुने तेल (fish oil) ले कोषहरुमा बाहिरबाट आउने चिल्ला वस्तुहरुका कारणबाट बढ्ने ट्युमरलाई रोक्न सक्छ । यी तेलहरुलाई ओमेगा-३, फ्याटी एसिड्स (Omega-3, fatty acids) भनिन्छ ।

### (ख) क्यान्सर जोखिम

प्रजनन् तन्तुहरुमा जब शरीरको आफ्नै सेक्स हर्मोनहरु बढ्छन्, तब कोष विभाजन तीव्र ढंगले हुन्छ । यसले क्यान्सरको सम्भावनालाई खास ढंगले बढाउँछ , त्यस्तै 'इस्ट्रोजिन' (Estrogen) नामक रसायनले महिलाहरुमा स्तनका कोषहरु तीव्र रुपले बृद्धि गर्नमा प्रेरित गर्छ । यसले पनि क्यान्सरको सम्भावनालाई बढाउँछ ।

*रोकथामका खाद्यवस्तुहरू*

भटमासबाट बन्ने खाद्यवस्तुहरुमा 'आइसो फ्लावोन्स'(Isoflavones) भन्ने रसायन हुन्छ । यो कमजोर इस्ट्रोजिनको रुपमा क्रियाशील हुन्छ र शक्तिशाली इस्ट्रोजिनको लागि यसले अत्यन्त न्यून ठाउँ मात्र छोड्छ । यसले गर्दा इस्ट्रोजिनको कारणले हुने स्तन क्यान्सरको सम्भवनालाई न्यून पार्दछ ।

## चरण-३ प्रोग्रेशन

### क्यान्सर जोखिम

यदि अरु सबै सुरक्षा प्रवन्धहरु असफल हुन्छन् र क्षतिग्रस्त कोष ट्यूमरको रुपमा विकसित हुन्छ भने त्यो ट्यूमरमा आफ्नै रक्त आपूर्ति प्रणाली विकसित हुँदै यसले वरपरका अन्य तन्तुहरुमा अतिक्रमण गर्छ कि गर्दैन भन्ने प्रश्न उब्जिन्छ । ट्यूमरमा आफ्नै रक्तनलीहरु विकसित हुने यो प्रक्रियालाई 'एन्जियोजेनेसिस' (angiogenesis) भनिन्छ ।

*रोकथामको खाद्यवस्तु*


रातो अंगुरमा पाइने 'रेसवेराट्रोल' (resveratrol) भन्ने वस्तुमा र बेसारमा पाइने क्युर्क्युमिन (curcumin) भन्ने बस्तुमा 'कक्स-२ इनिहिबिटर्स' (cox-2 inhibitors) भन्ने रसायन संलग्न भएको हुन्छ । यसले ट्यूमर बृद्धि गर्ने वस्तुलाई दमन गर्न सक्छ । ❑

क्रमिक कार्यक्रमहरूलाई निर्दिष्ट गरेका छन् ।

## *क्यान्सरको ट्यूमर कसरी बृद्धि हुन्छ ?*


हाम्रो शरीरको कुनै पनि अङ्गमा क्यान्सरको ट्यूमर देखापर्न सक्छ । तर, ट्यूमर पैदा हुन भने वर्षौ समय लाग्नसक्छ । कहिलेकाहीं त यसको लागि दशकौं समय पनि लाग्नसक्छ । यति धेरै लामो समयको बीचमा हाम्रो शरीरले ट्यूमरलाई नष्ट गर्ने कैयौं मौकाहरू पनि प्राप्त गरेको हुन्छ ।

साधारणतया क्यान्सर ट्यूमर तीन चरणमा विकसित हुन्छ- इनिसिएसन (inititation), प्रमोसन (promotion) र प्रोग्रेसन (Progression) ।




फोक्सोभित्र क्यान्सर-ट्युमरको उत्पत्ति र क्रमिक विकास

### *ट्युमरमा नयाँ रक्तनलीहरूको प्रवेश*




हाम्रो शरीरको कोषको आनुवंशिक संरचनामा कुनै चीजले कुनै बद्लाहट ल्याइदिन्छ र सामान्यभन्दा बढी स्वच्छन्द ढंगले कोष विभाजन हुन शुरू गर्दछ भने त्यसबाट हाम्रो शरीरमा क्यान्सर ट्यूमर पैदा हुनपुग्छ । यो ट्यूमरको इनिसिएसन चरण हो ।

वास्तवमा कोषको आनुवंशिक संरचनामा बद्लाहट ल्याउन भाइरसहरू, रसायनहरू र विकीरणहरूले कोषको न्यूक्लेश भित्रको डि.एन.ए. (DNA) मा क्षति पुऱ्याएको हुनसक्छ । तर डि.एन. ए. मा क्षति पुऱ्याउने काममा पुरानो अक्सिजन तत्वव नै बढी दोष हुन्छ ।

पुराना अक्सिजनका अणुहरू अत्याधिक प्रतिक्रियात्मक हुन्छन् । यिनीहरूलाई स्वतन्त्र ऱ्याडिकल पनि भनिन्छ । ती स्वतन्त्र ऱ्याडिकलहरू हाम्रा कोषहरू वरिपरि अकस्मात उफ्रन्छन् र त्यहाँका अन्य अणुहरूबाट इलेक्ट्रोनहरू चोर्छन् । इलेक्ट्रोनहरू गुमाएका अन्य अणुहरू पनि अक्सिनजका स्वतन्त्र ऱ्याडिकल जस्तै उफ्रन पुग्छन् र तिनीहरूले पनि वरपरका अन्य अणुहरूका इलेक्ट्रोनहरू चोर्छन् । यो प्रक्रिया श्रृंखलाबद्ध प्रतिक्रिया (chain reaction) को रूपमा अगाडि बढ्छ । यो श्रृंखलाबद्ध प्रतिक्रियाले कोषभित्रको डि.एन.ए.लाई नराम्ररी नै क्षति पुऱ्याउन सक्छ । र, यो प्रक्रिया निरन्तर रूपले अगाडि बढ्दै जान्छ ।

रसायनहरूमा केही त्यस्ता रसायनहरू छन्, जसले ट्यूमर पैदा गर्न महत्वपूर्ण भूमिका खेल्छन् । यिनीहरूलाई रासायनिक कार्सिनोजिन (Chemical Carcinogen) भनिन्छ ।

शुरूमा यी रसायनहरू हाम्रो शरीरमा हानि नगर्ने 'प्रोकार्सिनोजिन' (Procarcinogen) को रूपमा प्रवेश गर्छन् । तर, हाम्रो कलेजोले यिनीहरूलाई जब नष्ट गर्ने कार्य शुरू गर्छ, तब यिनीहरू बढी खतरनाक हुन पुग्छन् । रासायनिक कार्सिनोजिनलाई नष्ट गर्न हाम्रो कलेजोमा दुई किसिमका इन्जाइमहरूको संलग्नताको प्रणाली रहेको छ । ती इन्जाइमहरू फेज-१ (Phase-1) र फेज-२ (Phase-2) हुन् । फेज-१ इन्जाइमले रासायनिक कार्सिनोजिनलाई सानासाना टुक्राहरूमा विभाजन गरिदिन्छ । फेज-२ इन्जाइमले ती टुक्राहरूलाई त्यससँग आवद्ध गर्ने र त्यसलाई शरीर बाहिर ल्याउने प्रक्रिया शुरू गर्छ भन्ने अनुमान गरिन्छ । तर, यसको लागि परिपक्व संयोजनको जरूरत पर्दछ । यदि रासायनिक कार्सिनोजिनको टुक्रा कोषको डि.एन.ए. को किनारासँग आबद्ध हुनपुग्छ भने यसले बंशाणुको संरचनामा परिवर्तन ल्याउन सक्छ । यो परिवर्तनले कोषको उत्पादन दरलाई नियन्त्रण गर्दछ र, एकचोटि यो प्रक्रिया शुरू भएपछि कोषहरूको अस्वभाविक बृद्धि हुने मात्र होइन कि बरू त्यस्तै प्रकारका अपरिपक्व र अस्वाभाविक कोषहरूको उत्पादन पुनः पुनः हुन थाल्दछ । तर, यो चरणसम्मलाई हाम्रो शरीरले रोकथाम गर्ने क्षमता राख्दछ ।

परिपक्व क्यान्सरमा विकसित हुन ट्यूमरले दोस्रो चरण अर्थात् प्रमोशनको चरणमा प्रवेश गर्नुपर्दछ । यदि पहिलो चरणको ट्यूमरले उपयुक्त इन्धन अथवा उपयुक्त खाद्य पदार्थ भेट्दछ भने बिग्रेका कोषहरूले तीव्र ढंगले नयाँ प्रतिलिपी कोषहरू उत्पादन गर्छन् । यसबाट केही महिना भित्रमै अनियन्त्रित ढंगले बृद्धि भएका कोषहरूको डल्लो विकसित हुन्छ । तर, पौष्टिक तत्वहरू र अक्सिजन कोष कोषमा पुऱ्याउन रक्तनलीहरूको जालोको अभावमा यो डल्लो केराउको दाना भन्दा ठूलो हुन सक्दैन ।

कहिलेकाहीं केराउको दाना जत्रो ट्यूमर यसरी बढ्छ कि त्यसले नजीकका धमनीहरूलाई नयाँ शाखा रक्तनलीहरू अथवा कोशिका नलीहरू उत्पादन गर्न प्रेरित गर्छ । र, यसरी ट्यूमरले आफ्नै रक्त आपूर्तिप्रणाली प्राप्त गर्दछ । यसले गर्दा ट्यूमरमा अब झन् तीव्र गतिले अनियन्त्रित ढंगले बढ्नुका साथै यसले नजीकका अन्य तन्तुहरूलाई आक्रमण र प्रभावित गर्छ । रक्तसंचार प्रणालीमैं सम्बन्धित भइसक्ने भएकोले यो चरणमा बिग्रिएका कोषहरूले रक्तधारामा घर गरी बस्छन् र शरीरका अन्य भागहरूमा पनि ट्यूमरले प्रभाव जमाउँछ । ट्यूमरको यो तेस्रो चरण हो र यसलाई प्रोग्रेसन (Progression) भनिन्छ ।

### *ट्यूमर बढ्नबाट रोक्न खाद्यवस्तुले कसरी काम गर्छ ?*

डा. गेयनर भन्छन्- "क्यान्सरलाई रोक्न उपयुक्त खाद्यवस्तु खाने भनेको

दुर्घटनाबाट बच्न मोटरमा यात्रा गर्दा 'सिट बेल्ट' बाध्ने जस्तै हो ।"

फलफूलहरू र तरकारीहरू पुराना अक्सिजन तत्व विरोधी अर्थात् एण्टी अक्सिडेन्ट (Antioxident) वस्तुबाट भरिपूर्ण हुन्छन् । भिटामिन 'सि','ई' र बेटा क्यारोटिन जस्ता वस्तुहरू कोषभित्रका डि.एन.ए.लाई फेरबदल गर्ने अक्सिजनका स्वतन्त्र र्‍याडिकलहरूलाई तटस्थीकरण अर्थात् न्यूट्रलाइजेशन (Neutralization) गर्नमा सहयोगी बन्न सक्छन् । तिनीहरू एक अर्कामा सुरक्षा प्रदान गर्न पनि क्रियाशील हुन्छन् ।

तर, भिटामिनहरू एण्टि-अक्सिडेण्ट कथाको केबल शुरूवात मात्र हुन् । अनुसन्धानकर्ताहरूले हालै मात्र कैयौं वनस्पति रसायनहरू पत्ता लगाएका छन्, जसको प्रभाव तुलनामा धेरै बलियो हुनसक्छ ।

अंगूर र रातो रक्सी प्रचुर मात्रामा एण्टिअक्सिडेण्ट पाइने वस्तुहरू हुन् । यिनीहरूलाई Resveratrol भनिन्छ । यसले हालसालैको मुसामा गरिएको एउटा परीक्षणमा छालाको ट्यूमरलाई ८८ प्रतिशतले न्यून गरेको पाइयो ।

त्यस्तै हरियो चियामा कैयौं गुणकारी एण्टिअक्सिडेण्ट रसायनहरू भएको पाइएको छ । तिनीहरूलाई Polyphenols भनिन्छ । अनुसन्धानकर्ताहरूका अनुसार ती रसायनहरूमध्ये EGCG नामक एक रसायनले भिटामिन 'ई' भन्दा बीस गुणा बढी र भिटामिन 'सि' भन्दा पाँच सय गुणा बढी प्रभावकारी काम गर्दछ ।

गोलभेंडालाई रातोपना दिने Lycopene नामक एक रसायन हुन्छ । त्यो रसायनले प्रोस्टेट ग्रन्थीको क्यान्सर 'प्रोस्टेट क्यान्सर' को खतरालाई न्यून पार्नमा महत्वपूर्ण भूमिका खेलेका कुरा अनुसन्धानकर्ताहरू बताउँछन् । तर, लाइकोपिन हामी शुद्ध गोलभेंडा खाएर त्यति प्राप्त गर्न सक्दैनौं, जैतुनको तेल (Olive oil)मा बनाइएको गोलभेंडाको अचार खाँदा 'लाइकोपिन' अत्याधिक मात्रामा प्राप्त गर्न सकिएको कुरा अनुसन्धानकर्ताहरू बताउँछन् ।

सन् १९९५ मा हार्वार्ड विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले ४८,००० मानिसहरूमा अनुसन्धान गरिंदा गोलभेंडा प्रशस्त मिसाइएका खानाहरू निरन्तर रूपमा खानेहरू प्रोस्टेट क्यान्सरको खतरा पचास प्रतिशतमा घटेको पाइयो । अन्य अध्ययनहरूबाट के कुरा थाहा पाइयो भने, लाइकोपिनले स्तन, फोक्सो र अन्ननलीको क्यान्सरको खतरालाई पनि न्यून पार्नसक्दछ ।

लसुन, प्याज र छ्यापीमा Allyl Sulfide भन्ने रसायन हुन्छ । यो रसायनले शरीरमा रासायनिक कार्सिनोजिन प्रवेश हुँदा त्यसलाई नष्ट गर्न कलेजोमा निस्कने फेज-१ इन्जाइमले ध्वंश गरेको रासायनिक कार्सिनोजिनका अवशेषहरूलाई न्यून पार्ने काम गर्छ । त्यसैले यसले ट्यूमरलाई 'इनिसिएसन्' चरणमै रोक्ने प्रयत्न गर्दछ । त्यस्तै ब्रोकोली, काउली र बन्दा जस्ता तरकारीहरूले फेज-२ इन्जाइमलाई शक्तिशाली बनाउने काम गर्छन् ।

कुनै कुनै चिल्लो पदार्थले हाम्रो शरीरमा ट्यूमर बढाउनमा मद्दत गर्छ त कुनैले नियन्त्रण गर्नमा । अन्नको गेडा वा बीउमा पाइने तेलले ट्यूमर बढाउन मद्दत गर्छ भने रेसा दिने बोटको बीउ (Flaxseed) र माछाको तेलले ट्यूमर बढ्नबाट रोक्ने काम गर्छन् । पहिलो प्रकारका चिल्ला पदार्थहरूलाई ओमेगा-६ चिल्लो पदार्थ (Omega-6 Fats) भनिन्छ भने दोस्रो प्रकारको चिल्लो पदार्थहरूलाई आमेगा-३ चिल्लो पदार्थ (Omega-3 Fats) भनिन्छ । एउटा लामो समयसम्म निरन्तर रूपले गरिएको अध्ययनबाट के तथ्य पत्तालागेको छ भने, फलफूल तथा हरिया तरकारीहरू नखाए पनि निरन्तर रूपमा प्रशस्त माछाको भोजन गर्ने मानिसहरूलाई तुलनात्मक रूपमा कम मात्र क्यान्सर लाग्ने गरेको छ ।

अनुसन्धानकर्ताहरूका अनुसार भटमासबाट बनेका खाद्यवस्तुहरू क्यान्सर रोकथामको लागि अर्को राम्रा खाद्यवस्तुहरू हुन् । खासगरी जसलाई स्तन अथवा प्रोस्टेट क्यान्सरको खतरा रहेको छ, उसलाई त्यो खतरा न्यून पार्न भटमासबाट बनेका खाद्यवस्तुहरू धेरैनै उपयोगी हुन्छन् ।

अनुसन्धानबाट के कुरा थाहा पाइएको छ भने, भटमासमा कमजोर 'इस्ट्रोजिन्स' अथवा 'आइसोफ्लावोन्स' भन्ने रसायन पाइन्छ । इस्ट्रोजिन्स भनेको प्रजनन् अङ्गमा पैदा हुने ट्यूमरको बृद्धिको लागि महत्वपूर्ण काम गर्ने रसायन हो ।

'आइसोफ्लावोन्स'ले 'इस्ट्रोजिन' लाई आफूतिर आकर्षित गर्नेगर्छ । त्यसैले यसले प्रोस्टेट र स्तन क्यान्सरको खतरालाई न्यून पार्ने काम गर्छ । एउटा अध्ययनबाट के थाहा पाइएको छ भने, चिनियाँ महिलाहरू जो भटमासबाट निर्मित खाद्यवस्तुहरू प्रशस्त खान्छन् उनीहरूमा ती खाद्यवस्तुहरू नखाने महिलाहरूमा भन्दा स्तन क्यान्सरको खतरा पचास प्रतिशतले कम रहेको छ ।

यी सबै कुराहरूका बावजूद खाद्यवस्तुहरूले क्यान्सरको खतरालाई न्यून मात्र पार्छ, निर्मूल पार्दैन भन्ने कुरामा बैज्ञानिकहरू सबैको मतक्यैता रहेको छ । तैपनि यदि हामीले हाम्रो खानामा क्यान्सरको खतरालाई न्यून पार्ने खाद्यवस्तुहरूलाई मात्रा मिलाएर खाने हो भने निश्चितै रूपमा क्यान्सर लाग्ने खतरालाई उल्लेखनीय रूपमा न्यून पार्न सकिन्छ । ❑

सन्दर्भ स्रोत : *Newsweek, Nov.30, 1998*

# पूर्वको भौतिकवादी दर्शनः सांख्य-दर्शनको चिरफार

## *ज्ञान सिद्धान्त*

सांख्य दर्शनका अनुसार इन्द्रियहरू, मन र महत ज्ञानका गाडीहरू हुन् . यिनै गाडी चढेर मान्छे ज्ञानको ढोकामा पुग्दछ ।

वस्तु र इन्द्रियहरूको मिलन भएपछि अनुभूति र प्रभाव पैदा हुन्छ । मीठो अनुभूति, तीतो अनुभूति, सुखद् अनुभूति, दुःखद् अनुभूति सबै इन्द्रियहरू र बस्तुहरूको संयोगबाटै पैदा हुन्छ । नून भन्ने बस्तुसित जिब्रोको मिलन भएपछि नूनिलो अनुभूति पैदा हुन्छ ।

सांख्य दर्शनका अनुसार, मनको काम चाहिं अनुभूति र प्रभावहरूको विश्लेषण गर्नु हो र विश्लेषणको निचोड महत अर्थात् बुद्धिसमक्ष पुर्‍याउनु हो । महत अर्थात् बुद्धि भनेको भौतिक कुरो हो । त्यसैले , महतसित चेतना हुँदैन र यो आफैंले ज्ञान पैदा गर्दैन । परन्तु महत खासगरी, सात्विक गुण भएको कुरो भएकोले महतसित चेतना जोडिएपछि बल्ल ज्ञान पैदा हुन्छ । बल्ल अनुभूति ज्ञानमा बदलिन्छ ।

उदाहरणको लागि, एउटा निष्पट्ट अँध्यारो कोठा छ । कोठामा अति सुन्दर गुलाफको फूल छ, फूलको अगाडि ऐना छ । सांख्य दर्शनका अनुसार ऐना हुँदैमा अँध्यारो कोठाको ऐनामा फूल देखिन्न । त्यो देखिनको लागि बत्तीको प्रकाश जरूरी हुन्छ । जब बत्ती बल्छ, बल्ल ऐनामा गुलाफको फूल देखिन्छ । ठीक त्यस्तै, महत भनको ऐना हो, यो एउटा अचेत भौतिक बस्तु हो , जसको प्रतिविम्व उतार्ने गुण त छ, तर यो आफैंसित भने प्रकाश छैन । र, ज्ञानको लागि प्रकाश नभई हुँदैन । त्यो प्रकाश भनेको पुरूष हो अर्थात् शुद्ध चेतना । महतसित पुरूषको वा चेतनाको मिलन भएपछि बल्ल ज्ञान हुन्छ ।

एउटा मान्छे जाँड खाएर फोहर नालीमा मुख जोतेर लेटिरहेछ । उसको नाक त्यतिखेर खुलै हुन्छ, परन्तु नाकमा गन्दा नालीको दुर्गन्धिले स्पर्श गर्दैमा जाँडले बेहोश भएको त्यो मान्छेलाई दुर्गन्धको ज्ञान भइहाल्दैन । सांख्य दर्शनका अनुसार, दुर्गन्धिको ज्ञान हुनको लागि उसको इन्द्रियको संवेदना, मनको विश्लेषण र बुद्धिसित होश जोडिनु जरूरी हुन्छ । इन्द्रिय, मन र महतासित होश जोडिएपछि बल्ल थाहा वा ज्ञान हुन्छ ।

त्यसैले सांख्य दर्शनका अनुसार इन्द्रियहरूमार्फत् संवेदना हुनु नै ज्ञान हुनु होइन, न त मनले तर्क वा विश्लेषण गर्नु नै ज्ञान हुनु हो । ज्ञानको लागि मन र बुद्धिको साथसाथै होशको जरूरत हुन्छ, चेतनाको जरूरत हुन्छ । जहाँ होश वा चेतना हुँदैन, त्यहाँ ज्ञान असंभव हुन्छ । खालि बुद्धि हुँदैमा ज्ञान हुँदैन । ज्ञान हुनका लागि बुद्धि र चेतनाको मिलन हुनुपर्छ ।

सांख्य दर्शनमा बुद्धि एक्लै पनि ज्ञाता होइन, चेतना वा पुरूष एक्लै पनि ज्ञाता होइन, दुवै मिलेपछि बल्ल मान्छे ज्ञाता हुन्छ । चेतना वा पुरूषको प्रकाश बुद्धिमा परेपछि बल्ल ज्ञान हुन्छ ।

सांख्य दर्शनले इन्द्रिय, मन र महत अर्थात् बुद्धिलाई प्रकृतिबाट उत्पन्न भएको ठान्दछ र प्रकृतिकै कोटीमा राख्दछ । त्यसैले, सांख्य दर्शनको ज्ञान-सिद्धान्तका अनुसार प्रकृति र पुरूषको मिलनबाट मात्रै ज्ञान आउँछ । ज्ञानका निम्ति प्रकृति र पुरूष एक आपसमा सहायक हुन् । न त प्रकृति एक्लैबाट ज्ञानको प्रादुर्भाव हुन्छ, न पुरूष एक्लैबाट । दुवैको संयोगबाट मात्रै ज्ञानको प्रादुर्भाव हुन्छ !

सांख्य दर्शनको ज्ञान-सिद्धान्त कहाँनेर भौतिकवादी देखिन्छ भने, यसले चेतनाभन्दा स्वतन्त्र रूपले बाहिर रहेका बस्तुहरूको अस्तित्वलाई मान्दछ । हाम्रो चेतनामा प्रतिबिम्बित हुने बस्तुहरू, तिनका, गुणहरू र संबन्धहरू तिनै प्रकृति वा बाहिरी संसारमा बस्तुहरू, तिनका गुणहरू र संबन्धहरू नै हुन् भन्ने कुरा यसले

> **सांख्य दर्शनले तीन किसिमको प्रमाणसम्बन्धी धारणा अघि सारेको छ : अनुमान, शब्द र प्रत्यक्ष ।**

# कस्तो छ सांख्य दर्शनको ज्ञान सिद्धान्त ?

◆ प्रज्ञानरत्न

*ऐना हुँदैमा अँध्यारो कोठाको ऐनामा फूल देखिन्न । त्यो देखिनको लागि बत्तीको प्रकाश जरूरी हुन्छ ।*

मान्दछ । ज्ञान भनेको आत्मगत कुरो होइन, यसको बस्तुगत आधार हुन्छ भन्ने कुरा सांख्य दर्शनले स्वीकार्छ ।

तर सांख्य दर्शनको यो ज्ञान-सिद्धान्त अविचलित रूपमा भौतिकवादी भने हुन सकेको छैन, किनकि यसले चेतनालाई भौतिक संसारको ऐतिहासिक विकासको उपज ठान्दैन । चेतनालाई यसले प्रकृतिसरह नै आफैं पैदा भएको र जहिले पनि स्वतन्त्र अस्तित्वमा रहेको कुरो ठान्दछ । यदि त्यसो हो भने धेरै पहिले संसारमा जीवित भन्ने कुनै बस्तु नै अस्तित्वमा नहुँदा पनि, जैविक पदार्थ नै अस्तित्वमा नहुँदा पनि, चेतनाको अस्तित्व थियो त ? के त्यतिखेर पनि ज्ञान र ज्ञाता भन्ने कुरा थियो त ?

सांख्य दर्शनको प्रस्थापना छ- थियो ।

यो प्रस्थापना विज्ञानसम्मत बस्तुगत र यथार्थमा आधारित देखिन्न । र, यो प्रस्थापना 'प्रकृति नै प्राथमिक हो , चेतना त्यसको उपज हो' भन्ने भौतिकवादको मूल प्रस्थापनाको विपरित हुन गएको छ । सांख्य दर्शनको भौतिकवादमा यहींनेर विचलन आएको देखिन्छ ।

तथापि, सांख्य दर्शनको ज्ञान हुनको लागि प्रकृति र चेतना दुवैमा संयोग हुनुपर्छ भन्ने अवधारणा भने एकदम सही देखिन्छ । यसले कम से कम, बस्तु जगत र आत्मिक जगत, पदार्थ र ज्ञान अलगथलग कुरा होइनन्, यी अन्तर्संबन्धित कुरा हुन्, दुवैको अन्तर्सबन्धबाट मात्र ज्ञान पैदा हुन्छ भनेर ज्ञानका बारेमा द्वन्दात्मक धारणा नै प्रस्तुत गरेको पाइएको छ ।

यसरी सांख्य दर्शनको ज्ञान सिद्धान्त भौतिकवादी द्वन्दवादको निकै नजिक आएको, तर अविचलित रूपमा भौतिकवादी द्वन्दवादी हुन नसकेको देखिन्छ ।

मान्छे मान्छेका कुरा बीच सहमति र असहमति किन हुन्छ ? यसबारेमा पनि सांख्य दर्शनको ब्याख्या निकै चाखलाग्दो र घतलाग्दो देखिन्छ ।

सांख्य दर्शनको प्रस्थापना छ- संसारका बस्तुका अनेकौं पक्षहरू, गुणधर्महरू र सम्बन्धहरू हुन्छन् । संसार त्यस्तै बस्तुहरूद्वारा बनेको छ । तथापि ज्ञाता अथवा संसार थाहा पाउन खोज्ने कर्ताले ती पक्षहरू, गुणधर्महरू, र सम्बन्धहरूमध्ये केहीमा मात्र ध्यान दिन्छ । बाँकीलाई उपेक्षा गर्छ । विभिन्न ब्यक्तिले यथार्थलाई विभिन्न ढंगबाट हेर्छन् । उनीहरूको सोच र ढंगमा रहेको भिन्नताले गर्दा एउटै सवालमा पनि मतभेद हुने गर्छ । यति मात्र हैन, एउटै मान्छेले पनि अलगअलग समयमा अलगअलग ढंगले संसारलाई हेर्नेगर्छ । (हेर्नुहोस् **Fundamentals of Indian Philosophy** by R. Purigandla Abingdon Press, New York, 1975, page 129)

एउटा मान्छेले विभिन्न समयमा संसारलाई कसरी हेर्छ भन्ने कुरा थुप्रै कुरामा निर्भर गर्छ । तीमध्ये प्रमुख कारक तत्व हो- उसको विगत अस्तित्व । अर्थात् ऊ यसअघि कसरी बाँचिरहेथ्यो भन्ने कुरा । (हेर्नुहोस् उही, पृष्ठ १२९ नै)

मान्छेको विगत अस्तित्वले उसको दृष्टिकोण र सोच निर्माण गर्छ भन्ने सांख्य दर्शनको यो धारणा ऐतिहासिक भौतिकवादसित ठ्याक्कै मेल खान्छ ।

सांख्य दर्शनको धारणा के छ भने, मान्छेमान्छेका बीचमा सहमति यस कारणले हुन्छ कि विभिन्न मान्छेहरूका इन्द्रियहरू, मनहरू, अहंकार र बुद्धि एउटै प्रकृतिबाट पैदा हुन्छ । मान्छेमान्छे बीचका असहमतिहरू चाहिं भिन्नाभिन्नै मान्छेहरूलाई गाँजिरहेको अज्ञानताको मात्रा र स्वरूपमा रहने भिन्नताले गर्दा हुन्छ । (हेर्नुहोस् उही पृष्ठ " ")

अज्ञानताको मात्रा र स्वरूपले नै असहमति वा मतभिन्नता हुन्छ भन्ने सांख्य दर्शनको धारणा बिल्कुलै भौतिकवादी देखिन्छ ।

सांख्य दर्शनको ठम्याइमा भ्रम कुनै बस्तुको बारेमा रहेको अज्ञानताले पैदा हुन्छ । (हेर्नुहोस्, भारतीय दर्शनको रूपरेखा, एम.हिरियन्ना, राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९७, पृष्ठ २८८) । मान्छेमा कुनै पनि बस्तुको ज्ञानमा अपूर्णता रहनु सामान्य दोष हो, यो जो कोहीमा पनि हुन्छ । सांख्य दर्शनको मुताविक अपूर्ण ज्ञानलाई पूर्ण ठान्नु नै जीवनको अधिकांश गडबडीको मूल कारण हो । दुई जना मान्छे कुनै खास बस्तुको बारेमा असहमत हुन सक्छन् । जब कि आंशिक रूपमा दुवैको मत सही हुनसक्छ । दुवैका बीचमा असहमतिको कारण यो हुन्छ कि प्रत्येक मान्छेले भ्रमवश आफूलाई नै पूर्ण सत्यको ज्ञाता ठानिरहेका हुन्छन् । (हेर्नुहोस् उही पृष्ठ २८८) त्यसैले, सांख्य दर्शनका अनुसार भ्रम कुनै पनि बस्तुको यथार्थ थाहा नपाउनुबाट पैदा हुन्छ । सत्य कुनै पनि बस्तुको यथार्थ थाहा पाउनुबाट पैदा हुन्छ । अज्ञान नै भ्रमको मुहान हो, ज्ञान नै सत्यको मुहान हो ।सांख्य दर्शनका मुताविक भ्रमको निवारण नै जीवनको मूल लक्ष्य हो ।

सांख्य दर्शनले दुई प्रकारको भ्रमको उल्लेख गरको छ- एक, एउटा बस्तु हुन्छ, त्यो बस्तुको एउटा सानो अंशको मात्र जानकारी प्राप्त गरिन्छ, तर त्यही सानो अंशको आंशिक ज्ञानलाई पूरै बस्तुको ज्ञान ठानिन्छ । विभिन्न अन्धाहरूले हात्तीका विभिन्न अंग छामेर त्यही त्यही अंग नै हात्ती ठानेजस्तो ।

अर्को, बस्तु नै दुईटा भिन्नै हुन्छ । तर उनीहरूको बीचको भेदलाई उपेक्षा गरेर दुई भिन्न बस्तुलाई एउटै ठानिन्छ , चिचिण्डोलाई सर्प ठानेजस्तो । भ्रम दुई थरिको भए पनि त्यसको मूल कारण भने एउटै हो- बस्तुको अज्ञान । बस्तुको अज्ञान, बस्तुको मिथ्या ज्ञान वा अपूर्ण ज्ञान । त्यसैले, सांख्य दर्शनको सन्देश छ- टुक्रे ज्ञान वा मिथ्या ज्ञानबाट आफूलाई मुक्त गर , सत्य तिम्रो सामुन्ने आफैं प्रकट हुनेछ ।

भ्रम र सत्य सम्बन्धी सांख्य दर्शनको यो धारणा पनि बिल्कुलै भौतिकवादी देखिन्छ । किनकि यसले कुनै पनि बस्तुको पूर्णांगी ज्ञान र सही ज्ञान संभव छ भन्छ । यसले यो संसार ज्ञेय छ भन्छ । मान्छेले कोशिस गऱ्यो भने मिथ्याबाट सही ज्ञानतिर, अपूर्ण ज्ञानबाट पूर्ण ज्ञानतिर अघि बढ्नु बिल्कूलै संभव छ भन्छ । पर्याप्त ज्ञानको अभाव नै भ्रमको जरो हो भनेर यसले भन्छ । पर्याप्त ज्ञानको अभावलाई सांख्य दर्शनले दिएको सटिक शब्द छ- अख्याति ।

सांख्य दर्शनको "अख्याति" सम्बन्धी धारणा पूर्वकै न्याय वैशेषिक दर्शनभन्दा बिल्कुलै भिन्न देखिन्छ । न्याय वैशेषिक दर्शनले "अन्यथाख्याति" अर्थात् विपरीत ज्ञानलाई नै भ्रमको मूल कारण ठान्दछ, सांख्य दर्शनले "अख्याति" अर्थात् अपर्याप्त ज्ञान वा अज्ञानलाई ।

सांख्य दर्शनले तीन किसिमको प्रमाणसम्बन्धी धारणा अघि सारेको छ अनुमान, शब्द र प्रत्यक्ष ।

[illegible]ान र शब्द सम्बन्धी प्रमाण बारेको सांख्य दर्शनको धारणा न्याय वैशेषिक दर्शनसित पूरै मेल खान्छ । तर प्रत्यक्ष प्रमाणसम्बन्धी यसको धारणा भने भिन्नै छ ।

यो छोटो लेखमा सांख्य दर्शनको प्रमाण अवधारणाबारे बिस्तृतमा जानु संभव छैन । त्यसैले, अत्यन्त संक्षिप्तमा यसबारे बताउने जमर्को गरौं ।

सांख्य दर्शनमा अनुमानलाई त्यो परिस्थितिको प्रमाण ठानिएको छ, जब हामी कुनै घटना वा बस्तुबारे सबै कुरा जान्दैनौं । हामीले थाहा पाएको वा अनुभूति गरेको, थोरै कुराका आधारमा हामीले थाहै नपाएको वा अनुभूति नै नगरेको कुराबारे केही भन्नु अनुमान हो । कुखुरा पनि हराउनु, स्याल पनि कराउनु एकै बेला पर्दा स्यालले नै कुखुरा लग्यो भन्नु अनुमान हो । धुवाँ आएको देखेर त्यहाँ पक्कै आगो लागेको छ भन्नु अनुमान हो ।

शब्द प्रमाण त्यतिखेर प्रमाणका रूपमा हुन्छ, जब अनुभूति र अनुमानबाट कुनै कुरा थाहा पाइन्न । शब्द प्रमाण भनेको बोलेको कुरालाई प्रमाण मान्नु नै हो ।

प्रत्यक्ष प्रमाण भनेको आफैंले प्रत्यक्ष अनुभूति गरेको कुरालाई प्रमाण मान्नु हो । जस्तो- आफैंले देख्नु, आफैंले स्याउको स्वाद चाखी हेरेर स्याउको स्वाद यस्तो छ भनेर थाहा पाउनु ।

सांख्य दर्शनको प्रमाणसम्बन्धी अवधारणा पनि भौतिवादी उपायबाट ज्ञान प्राप्त गर्ने अवधारणाका रूपमा देखिन्छ ।

❑ क्रमशः

# कस्तो छ सरकारको २० वर्षे स्वास्थ्य नीति ?

## स्वास्थ्यविद्हरू बीच भएको अन्तर्क्रिया २

**श्याम श्रेष्ठ :**
अब हामी सहभागी महानुभावहरूलाई डा. चैतन्य मिश्रले प्रस्तुत गर्नु भएको विषयमा आफ्नो टिप्पणी प्रस्तुत गरिदिनु हुन अनुरोध गर्दछौं ।

***डा. शरद वन्त :***
*स्वास्थ्यविद्/चिकित्सक*

डाक्टर मिश्रले प्रस्तुत गरिसक्नुं भएपछि त्यसमाथि टिप्पणी गर्ने ठाउँ निकै कम छ । तैपनि म आफूलाई लागेका एकदुइटा कुराहरू थप्न चाहन्छु ।

स्वास्थ स्थितिको चर्चा गर्ने क्रममा डाक्टर मिश्रले जुन आँकडाका कुराहरू राख्नुभयो, त्यसमा मलाई लागेको कुरा के हो भने, ती आँकडाहरू कति विश्वसनीय छन् भन्ने कुरा आफ्नो ठाउँमा छँदैछ । तर ती आँकडाहरूको अर्को पक्षको गुण चाहिं के हो भन्ने कुरा म उदाहरणबाट प्रष्ठाउने प्रयत्न गर्दछु । उहाँले खानेपानीको कुरा गर्नुभयो । गएको पाँच सात वर्षमा झण्डै दुई गुना नेपालीहरूले कम्तिमा पनि पाइपबाट आपूर्ति हुने पानी खान पाएका छन् भन्ने कुरा गर्नुभयो । खानेपानी आपूर्तिको जुन आँकडा हामीलाई दिइएको छ, त्यसमा काठमाण्डौ उपत्यकाकै कुरा गरौं । फागुन लागेपछि यहाँका धारामा मुस्किलले दिनको दुई घण्टा पानी आउँछ । अझ, कतिपय टोलहरूमा त दुइचार दिनसम्म पानी नै आउँदैन । यो स्थिति काठमाण्डौ उपत्यकामा मात्र होइन, पाइप ओछ्याइएका धेरै गाउँहरूमा पाइप मात्र छ ,पानी आउँदैन । आए पनि कहिलेकाहीं आक्कलझुक्कल मात्र आउँछ । यी सबै कुराहरू आँकडाभित्रै पर्छन् । त्यसैले आँकडालाई विश्वास गर्ने ठाउँ एकदम कम छ । यो पक्षलाई पनि बिर्सनु हुन्न भन्ने मेरो मनसाय हो ।



मेरो अर्को कुरा के पनि हो भने, सबै आँकडाहरू केही हदसम्म विश्वसनीय छन् भन्ने माने पनि, हामीले गम्भीर रूपमा साच्नु पर्ने कुरा 'राष्ट्रिय औसत'को कुरा हो । 'राष्ट्रिय औसत'को कुरा असाध्यै खतरनाक ढंगबाट प्रस्तुत हुन्छ । जस्तो, नेपालीको औसत आयु सरदर ५५ वर्षको छ भने हामीले यो कुरा बिर्सनु हुँदैन- नेपालमा कम्तीमा दशवटा त्यस्ता जिल्लाहरू छन्, जहाँ औसत आयु ५० वर्षभन्दा कम छ । काठमाण्डौमा भन्ने हो भने औसत आयु ७० वर्ष छ । मोरङ्ग, सुनसरीतिर पनि त्यस्तै छ । बाल मृत्युदरको कुरा गर्ने हो भने अहिले पनि थुप्रै त्यस्ता जिल्लाहरू छन्, जहाँ बालमृत्युदर अति बढी छ । मुगुको कुरा गरौं- त्यहाँ प्रतिहजार दुई सयभन्दा बढी


*डा. चैतन्य मिश्रद्वारा व्यक्त विचारमाथि डा. शरद वन्त, डा. सरोज धिताल, मिना पौडेल, केशव आचार्य, दीपिन्द्रबहादुर क्षेत्री, डा. शम्भुप्रसाद उपाध्याय आदिका थप विचारहरू*

"नेपालीको औसत आयु सरदर ५५ वर्षको छ भने हामीले यो कुरा बिर्सनु हुँदैन- नेपालमा कम्तीमा दशवटा त्यस्ता जिल्लाहरू छन्, जहाँ औसत आयु ५० वर्षभन्दा कम छ"

*गतांकमा हामीले "कस्तो छ सरकारको २० वर्षे स्वास्थ्य नीति ?" शीर्षकमा डा. चैतन्य मिश्रका विचारहरू प्रस्तुत गरेका थियौं । यस अंकमा प्रस्तुत छ- उहाँका विचारहरूमाथि व्यक्ति अन्य विद्वानहरूका विचारहरू । यी विचारहरूको कूल जोडबाट वीस वर्षे स्वास्थ्य नीतिबारे धारणा बनाउन पाठक वर्गलाई ठोस सघाउ पुग्नेछ भन्ने हामीले ठानेका छौं ।*

*-मूल्यांकन*

बालमृत्युदर छ । जब कि काठमाण्डौको कुरा गर्ने हो भने यो प्रति हजार ५० मा घटिसकेको छ । त्यसैले राष्ट्रिय योजनामा राष्ट्रिय औसतको जुन आँकडा प्रस्तुत गरिन्छ, त्यसलाई हामीले आलोचनात्मक दृष्टिले हेर्नुपर्छ । त्यसैले वर्तमान अवस्थामा हाम्रो स्वास्थ्यको स्थितिलाई केलाउँदा हाम्रो चुनौति आम रूपमा नेपालीहरूको स्वास्थ्यको स्थिति तल छ भन्ने कुरा मात्र होइन, नेपालीहरूको बीचमा स्वास्थ्यको स्थितिको जुन अन्तर छ, त्यसलाई कसरी पूर्ति गर्ने भन्ने कुरा नै हाम्रो चुनौति हो । आँकडालाई हेर्दा हामीले त्यस ढंगले पनि हेर्नु पर्दछ ।



डा. शरद वन्त

अर्को, हाम्रो स्वास्थ्यको स्थिति कति नराम्रो छ भन्ने कुरा अहिले विश्व स्वास्थ्य संगठनले देखाएको रिपोर्टको उदाहरणबाट पनि प्रष्ट हुन्छ । सन् १९९८ मा सबै देशहरूको स्वास्थ्यको Statistics विश्व स्वास्थ्य संगठनले दिँदा त्यहाँ मैले नेपालको नाउँ नै देखिँन । मलाई अनौठो लाग्यो ।

विश्व स्वास्थ्य संगठनले के गरेछ भने, केही मुलुकहरूलाई स्वास्थ्यको न्यूनतम Target पनि पुऱ्याउन नसकेको भनेर वर्गिकरण गरेछ । स्वास्थ्यको क्षेत्रमा न्यूनतम Target भनेको औसत आयु घटीमा ६० वर्ष पुग्नुपर्ने, मातृ मृत्युदर ४०० भन्दा मुनि आउनुपर्ने र बाल मृत्युदर ५० भन्दा मुनि आउनुपर्ने रहेछ ।

यी तीनवटा कुरा चाहिं आधारभूत कुरा हुन भनेर WHO ले धेरै पहिला नै तोकेको रहेछ । WHO ले तीनवटै Target पुऱ्याउने, दुईटा मात्र पुऱ्याउने र एउटा पनि नपुऱ्याउने मुलुकहरूको वर्गीकरण गरेको छ । त्यसमध्ये एउटा पनि Target पुऱ्याउन नसकेका मुलुकहरूलाई एकै ठाउँमा राखिएको रहेछ । नेपाल चाहिँ त्यही श्रेणीमा पर्दोरहेछ । हाम्रो अहिलेको स्थिति त्यति हो ।

हाम्रो अहिलेको स्वास्थ्यको स्थितिको कुरा गर्दा खालि Cross Section मा हामी कहाँ छौं भन्नुभन्दा पनि अन्य केही आयामहरूलाई समेत हेर्नुपर्छ भन्ने मलाई लाग्छ ।

नीतिको कुरामा चाहिं दुई तीनवटा कुरा मलाई थप्न मन लागेको छ ।

हाम्रो स्वास्थ्यनीतिका एजेण्डाहरू कसले निर्धारण गर्छ भन्ने कुरा सबभन्दा महत्वपूर्ण छ । अहिले जुन दीर्घकालीन स्वास्थ्य योजना बनिरहेको छ, त्यो कस्ता व्यक्तिले बनाएका हुन् भन्ने कुरा यहाँ व्यक्त भैसकेको छ । अहिले जति पनि स्वास्थ्य परियोजनाहरू चलिरहेका छन्, तिनलाई गहिरिएर हेर्ने हो भने ती परियोजनाका एजेण्डाहरू कहाँ बनेका हुन्, त्यहाँ के खराबी र के कमजोरीहरू रहेका छन् भन्नुभन्दा पनि एजेण्डा निर्क्यौंल र नीति निर्धारण कसले गर्छ भन्ने कुरालाई हामीले बिर्सनु हुँदैन । ती कुराहरूलाई हामीले खोतल्नै पर्छ ।

यही कुरा दीर्घकालीन स्वास्थ्य योजनाको हकमा पनि लागू हुन्छ । खास गरेर, हामीले के बिर्सनु हुँदैन भने, राज्यले स्वास्थ्यको कुरा गर्दा अहिले आर्थिक कुरामा स्पष्ट रूपमा भनेको छ- देशमा स्वास्थ्य सेवाको मूल्य निर्धारण गर्ने अधिकार चाहिँ अब सरकारले गुमाइसकेको छ । किनभने स्वास्थ्यसेवा पनि अरू बस्तुसरह स्वतन्त्र बजारमा आउने हो भन्ने बित्तिकै त्यसको मूल्य निर्धारण पनि बजारले मात्रै गर्नसक्छ । यसमा राज्यले हस्तक्षेप गर्दैन भन्ने कुरा उनीहरूले स्पष्ट भनेका छन् । यस्तो नीतिलाई बडो गंभीरताका साथ हामीले विश्लेषण गर्नुपर्दछ ।

म एउटा उदाहरण के दिन चाहन्छु भने, अहिले मूल्यको बारेमा सर्सर्ति निर्धारण गर्नसक्ने एउटा निकाय भनेको औषधि व्यवस्था विभाग हो । यो स्वास्थ्य मन्त्रालय अन्तरगत पर्छ । त्यो विभागले औषधिको गुणस्तर हेर्छ, किनभने त्यसले त्यसको क्षेत्राधिकार पाएको छ । तर त्यो विभागसँग औषधिको मूल्य तोक्ने अधिकार चाहिँ छैन । मूल्य बजारले नै निर्धारण गर्ने गरेको छ । यो कुरा स्वास्थ्य सेवाका सबै पक्षमा लागू हुन्छ । यो नीतिलाई हामीले गहिरिएर हेर्नुपर्छ भन्ने मलाई लाग्छ ।

> जानुपर्ने ए, बि र सी कम्युनिटीहरू छन् भने स्वास्थ्यकर्मीहरू ए बाट सी कम्युनिटीमा जान्छन् । ए बाट बि मा उनीहरू जानैसक्दैनन् । गए भने पुग्नुपर्ने गन्तव्यसम्म उनीहरू पुग्नैसक्दैनन् ।

परम्परागत स्वास्थ्य सेवाको ज्ञानको कुरा गर्दा चाहिँ मलाई के लाग्छ भने, हामीले हाम्रो परम्परागत ज्ञानको आधारलाई त काफी हदसम्म आधुनिक स्वास्थ्य प्रणालीले भत्काइसकेको छ । सरकारले कहिलेकाहीं नीतिगत रूपमा चाहिँ त्यसलाई पनि जोगाउनु पर्छ वा एकीकृत गर्नुपर्छ भन्ने गर्छ । त्यसो भनेतापनि त्यसको कार्यान्वियन चाहिँ कसरी भैरहेको छ भने, परम्परागत स्वास्थ्यको ज्ञानलाई प्रयोग गर्नेहरूले बढीभन्दा बढी आधुनिक चिकित्सा प्रणालीलाई प्रयोग गरिदिउन् भन्ने सरकारको चाहना देखिन्छ । उदाहरणका लागि, धामीझाँक्रीलाई 'बिरामीलाई हेल्थ पोष्ट पठाउनु पर्छ' भन्ने तालिम दिइन्छ । र, आयुर्वेद पढ्ने एउटा शिक्षण संस्था छ । आयुर्वेदलाई पनि एकीकृत गर्नु पर्छ भनिन्छ । त्यसको निम्ति आयुर्वेदको पाठ्यक्रम कसरी तयार गरिन्छ भने, आयुर्वेद पढ्नेले पनि एक्स-रे हेर्न र स्टेथेस्कोप सुन्न, ब्लड प्रेसर नाप्न जान्न पर्छ, अथवा प्रयोगशालाको परीक्षण रिपोर्ट हेर्न जान्नुपर्छ भन्ने प्रकारको पाठ्यक्रम तयार गरिन्छ । तर एम्.वि.वि.एस्. पढ्नेहरूलाई चाहिँ आयुर्वेदको ज्ञान हुनुपर्छ भनेर कहिल्यै पनि औंल्याइएको छैन । यसले गर्दा Integration को अवधारणा आयुर्वेदका तालिमेहरूले पनि आधुनिक चिकित्सा प्रणालीका वाहक भइदिउन् भन्ने किसिमको छ । परम्परागत स्वास्थ्यसेवाको ज्ञान राख्नेहरूलाई समग्र स्वास्थ्य प्रणालीको सबभन्दा तल्लो तहमा राखिएको छ । यसरी गरिने स्वास्थ्यसेवाको एकीकरणले हाम्रो परम्परागत ज्ञानको विकास हुन्छ भन्ने मलाई लाग्दैन ।

दीर्घकालीन स्वास्थ्य नीतिको प्रस्तुत दस्तावेज हेर्दा त्यहाँ धेरै कुराहरू देखिन्नन् । तर एउटा कुरा भन्नु जरूरी छ । यसले विगतमा भएको सफलता र असफलतालाई अलिकति पनि विश्लेषण गरेको छैन । बीस वर्ष अगाडि हामीले के वचनबद्धता प्रकट गरेका थियौं र अहिले हामीले के उपलब्ध गऱ्यौं, के गरेनौं भन्ने बारेमा विश्लेषण नगरीकनै यसले फड्को मारेको छ । अर्थात् यसको धरातल निकै कमजोर छ । अर्को कुरा, यो दस्तावेज स्वास्थ्यको कुरा गर्दा सम्पूर्ण



*चित्र साभार* : भलाकुसारी

रूपमा खाली अर्थमा मात्र केन्द्रित छ । यसको उभिने ठाउँ नै अर्थ देखिन्छ । यो दस्तावेज यतिसम्म Isolated छ कि यसलाई हामीले स्वास्थ्य नीति भन्नै मिल्दैन । साँच्चै भन्ने हो भने, यो स्वास्थ्य मन्त्रालयको नीति मात्र हो । स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने कतिपय कुराहरूलाई यसले छोएको पनि छैन । अर्थमा मात्रै रूमल्लिरहेको हुनाले यो दस्तावेजको प्रमुख अवधारणा नै राज्यलाई स्वास्थ्यसेवा पुऱ्याउनु पर्ने जिम्मेवारीबाट बढीभन्दा बढी पन्छाउने देखिन्छ । यो भनेको बीस वर्षअगाडि अन्तर्राष्ट्रिय समुदायमा प्रत्येक नागरिकको स्वास्थ्य भनेको राज्यको अन्तिम जिम्मेवारी हो भनेर नेपालले देखाएको प्रतिबद्धताको ठीक विपरीत छ ।

### *मीना पौडेल :*


*स्वास्थ्यकर्मी/विकास कार्यकर्ता*



मीना पौडेल

नीतिगत तहमा यो दस्तावेजलाई आधार बनाएर कुरा गर्दा यसले नेपालमा भएका गैरसरकारी संस्था र निजी क्षेत्रलाई धेरै छुट दिएकी देखिन्छ । नेपालमा रहेका दातृ संस्थाहरूले यो दस्तावेजलाई स्वीकार गरेका छन् कि छैनन् भन्ने कुरा स्पष्ट छैन । तर भोलि अप्ठेरो पऱ्यो भने यसलाई आधार बनाएर उनीहरू फुत्कन सक्ने संभावनाहरू धेरै छन् । यसलाई आधार बनाएर उनीहरूले आफ्ना नीतिहरू लाद्न निकै सजिलो भएको छ । यसले गर्दा गाउँमा के देखिन्छ भने, Bilateral Doner Agency हरूले चलाएका हेल्थ पोग्रामहरूमा यो दस्तावेज़भित्रको फ्रेमवर्क र हाम्रो यहाँको वास्तविकता कहीं पनि मिल्दैन । त्यसले गर्दा स्वास्थ्य भनेको सरकारको मात्र होइन भनेर उनीहरूलाई जे पनि गर्ने छूट यसले दिएको छ । त्यसले गाउँहरूमा के प्रभाव देखिएको छ भने, हिजो ज्वरो आउँदा डोकोमा राखेर हेल्थपोष्टसम्म अथवा धामीझाँक्रीसम्म पुऱ्याइने बिरामीहरूले अहिले घरछेउको पसलमा गएर औषधिका बोतलहरू किन्न पाएका छन् । गाउँका ती पसलहरू Doner Agency मार्फत् सहकारीको नाममा चलाइएकाले यस्तो भएको हो ।

यसले दुईटा कुरा देखाउँछ । एउटा कुरा, त्यो औषधि खाइसकेपछि उनीहरूमा पर्ने असरको जिम्मेवारी कसले लिने ? त्यो स्पष्ट छैन । मान्छे मरोस् वा निको होस्, त्यहाँ कसैको चासोको विषय रहेन । यसले ब्यापारी मात्र मोटाउने कुरा देखाउँछ । जहाँको औषधि, जहिलेको औषधि र जस्तोसुकै औषधि ल्याएर बेचेपनि ब्यापारीहरूलाई कसैले केही गर्न सक्ने अवस्था छैन । यो खतरनाक स्थिति हो । त्यसले परिवारिक स्तरमा के असर पारेको छ भने, हिजो थोरै पैसामा स्वास्थ्य चौकीबाट उपचार सेवा पाउँथे भने अहिले त्यस्तो स्थिति छैन । म भखैरै गाउँमा पुगेर आउँदा देखेको छु- ज्वरो आएको एउटा व्यक्तिलाई भैंसीको पाडो बेचेर सिटामोलको झोल किनेर ख्वाइएको छ । यसले त्यो परिवारको अर्थतन्त्रमा के असर पर्छ भन्ने कुरा म विस्तृतमा छलफल गर्न चाहन्न । मैले एउटा उदाहरण मात्र देखाएको हुँ ।



डा. सरोज धिताल

हामी सबै भन्छौं- स्वास्थ्य भनेको मान्छेको जन अधिकारको कुरो हो । तर यहाँ स्वास्थ्यसेवा भन्ने कुरा हामीले पाउनै पर्ने अधिकार हो वा होइन भन्ने कुरा नै स्पष्ट भएन । गाउँमा आफैंले औषधि किनेर खाने जनताको स्वास्थ्यको जिम्मेवारी कसले लिने ? त्यसको निम्ति त्यहाँ नीति निर्माताहरू छन् कि छैनन्, जिम्मेवार भनिनेहरू छन् कि छैनन् र सरकार छ कि छैन भन्ने नै स्पष्ट भएन । यसरी जनताको स्वास्थ्यसम्बन्धी अधिकार ठाडै खोसिएको छ । यसले स्वास्थ्य संस्थाहरूदेखि लिएर जनताको स्वास्थ्यप्रति जिम्मेवार निकायहरूप्रति ठूलो प्रश्न चिन्ह खडा गरेको छ ।

> म भखैरै गाउँमा पुगेर आउँदा देखेको छु- ज्वरो आएको एउटा व्यक्तिलाई भैंसीको पाडो बेचेर सिटामोलको झोल किनेर ख्वाइएको छ ।

अर्को कुरा, स्वास्थ्य कार्यकर्ताहरू उत्पादन गर्ने सवालमा केन्द्रमा भन्दा पनि स्थानीय तहमा कार्यान्वयन पक्ष कस्तो देखिन्छ भने, महिला स्वास्थ्य स्वयम्सेविकाहरू अहिले वडा वडामा साइनबोर्ड राखेर बसेका देखिन्छन् । तिनीहरूले के गर्नु पर्ने हो, के गरेका छन् ? नगर्दा के हुने हो र उनीहरूले तालीममा पाएको ज्ञानलाई लागू गर्न के कस्तो सहयोग चाहिने हो ? आदि कुराहरू कतै स्पष्ट छैनन् ।

यसबाट के भएको देखिन्छ भने, भत्ता पनि पाइन्छ भनेर ती स्वयंसेविकाहरू तालीममा त आउँछन् तर फर्केर गाउँमा गएपछि गर्नुपर्ने कामहरू नगरेवापत् उनीहरू पिटिएका छन् र कतिपय स्वयंसेविकाहरू सेवा पुऱ्याउन जाँदा बलात्कृत भएका छन् । यस्तो किसिमको समस्या एकातिर छ भने, स्वयंसेविकाको बाकस बोकेवापत उनीहरूबाट जे अपेक्षा गरिन्छ, त्यो अपेक्षा प्रष्ट छैन । त्यसले गर्दा उनीहरूले फेरि त्यही औषधि पसलबाट औषधि किनेर गाउँमा गएर बेच्नु परिरहेको छ । उनीहरूलाई पहिला स्वाथ्यसेविका भनेर सेवा गर्नका निम्ति तालीम दिइएको छ, वडावडामा राखिएको छ, साइनबोर्ड राखिदिइएको छ र एउटा बाकस दिइएको छ । यति गरिदएपछि, मानौं अब स्वास्थ्य सेवा पुग्यो, सकियो । अर्कोतिर, उनीहरू त्यहाँ ब्यापारी बनीरहेका छन् ।

इत्यादि, अनेकौं कारणहरूले गर्दा स्वास्थ्य क्षेत्रमा पूर्ण रूपले ब्यापरीकरण गरेर छाडा प्रबृत्तिको विकास गर्न छुट दिइने दस्तावेजको रूपमा मैले यसलाई पाएको छु ।

### *डा. सरोज धिताल :*

*स्वास्थ्यविद्/चिकित्सक*


स्वास्थ्यलाई जुन रूपमा हेरिनु र बुझिनु पर्ने हो, त्यस रूपमा बुझिएको छैन । खाली स्वास्थ्यको नीति निर्माता सरकार र यो दोश्रो दीर्घकालीन स्वास्थ्य कार्यक्रम तयार गर्ने हाम्रा 'भाग्यविधाताहरू'ले मात्र स्वास्थ्यलाई साँघुरो पारेर बुझिरहेको समस्या होइन । हाम्रो छलफलमा पनि स्वास्थ्यको बारेमा सिङ्गो रूपमा कुरा गर्दागर्दै हामी पनि फेरि इन्जेक्सन, ट्याबलेट, खोप आदि इत्यादिमा पुग्छौं । स्थिति नै त्यस्तै छ । त्यसैले यो दोश्रो दीर्घकालीन स्वास्थ्य योजनाको बारेमा कुरा गर्ने हो भने गहिराई र विस्तारसम्म यिनीहरू पुग्ने संभावना नै छैन । त्यसको बारेमा हामीले कुरा गर्नुपर्ने आवश्यकता नै छैन तर स्वास्थ्यलाई नै कसरी परिभाषित गर्ने भन्ने बारेमा चाहिं हामीहरूकै बीचमा पनि प्रशस्त छलफलहरू हुनु जरूरी छ ।

स्वास्थ्य भन्ने बित्तिकै त्यसको दार्शनिक पक्ष , त्यसको राजनीतसँगको सम्बन्ध आदि सबैका बारेमा हामीले कुराकानी गर्नु पर्ने हुन्छ । तर म केही कुरा मात्र थप्न चाहन्छु ।

अहिले यहाँ Vaccination को पनि कुरा उठ्यो । पश्चिम पहाडमा धेरै भ्याक्सिनहरू खोलामा फ्याँकिएका छन् । हिंड्नु पऱ्यो, ठाउँ अप्ठ्यारो छ, स्वास्थ्यकार्यकर्ताहरू थोरै तलबमा कुदिरहेका छन् । अघि मीनाजीले भन्नु भएजस्तै उनीहरूकको सुरक्षा, इज्जत र पारिश्रमिकको सवाल छ । त्यसो भएकोले कागजको फारममा त खोप दिइएको हुन्छ, तर वास्तवमा चाहिं त्यो खोलामा फ्याँकिएको हुन्छ । यो भनेको त सामान्य व्यवस्थापनको कुरा हो । योभन्दा डरलाग्दो कुरा के छ भने, दीर्घकालीन स्वाथ्य योजना अन्तरगत सरकारले आफ्नो जिम्मेवारी स्वीकार गरेर दिने 'स्वास्थ्य पोको', (Health Package) सबै नै विकास बजेट अन्तरगत रहेका छन् । विकास बजेट भनेको हाम्रा दाताहरूले जे दिन्छन्, पूर्णतया त्यसमा भर पर्ने कुरा हो । नेपालको जस्तो खालको भिभत राजनीतिक स्थितिमा कुनै पनि बेला, कुनै पनि पार्टीले छोटो अथावा लामो समयका लागि सरकार बनाउँन सक्छ र पश्चिमी शक्तिहरू अथवा अहिलेका ग्लोबलाइजिङ फोर्सहरूलाई जुन अहिले बित्तीय संस्थाहरूको 'विश्व सरकार' बनिरहेको छ, विश्वको त्यो अवस्थालाई मन नपर्ने खालका पार्टीहरूले यहाँ जतिबेला पनि सरकार बनाउन सक्ने अवस्था छ । त्यस अवस्थामा, सद्दाम हुसेनलाई जस्तो गरेर पश्चिमाहरूले तर्साइरहनु पर्दैन । जसरी Vaccination

जस्ता दान दक्षिणाहरूमा हामी बाँचिरहेका छौं । त्यसलाई मात्र रोकिदिने हो भने तत्कालको लागि मात्र होइन दशकौंसम्मको लागि हामीमाथि जीवबैज्ञानिक युद्ध लादेको सरह असर पर्नजान्छ । त्यसको विकल्पमा हामीले के गर्ने ? सरकारलाई धारे हात लगाएर सरापेर 'मरिजा' भनीराख्न त सजिलै छ, तर क्यै गरी त्यस्तो स्थिति आयो भने समाजिक रूपमा जिम्मेवार जमातको हिसाबले हामीले प्रतिरक्षाका लागि के गर्ने हो भन्नेबारेमा टड्कारो रूपले गंभीर भएर नै हामीले सोच्नु आवश्यक भैसकेको छ ।

अर्को कुरा, Traning Education को कुरा हो । देशमा जति स्वास्थ्यकर्मी चाहिने हो, त्यस अनुसार स्वास्थ्यकर्मी पुगेका छैनन् । मेडिकल कलेज खोल्नेहरूले पनि यही कुरा भन्छन् । र, भटाभट मेडिकल कलेजहरू खोलिरहेका छन् । ती मेडिकल कलेजहरूले हाम्रो देशमा चाहिने खालको जनशक्ति तयार गर्छन् कि गर्दैनन् ?



केशव आचार्य

हामी पनि परम्परागत मेडिकल कलेजले तयार गरेका मान्छेहरू हौं । यहाँ यो विषयमा छलफल गर्दा डाक्टर नामका प्राणीहरू हामी तीन जना छौं । अरूले पनि त्यत्तिकै रूचि राखेर आउनु पर्ने हो । त्यस हिसाबले आएका छैनन् । हामीले सबैतिर सूचना नपुऱ्याएको पनि हौंला, तर पुऱ्याएकै भए पनि यहाँ कति जना आउँथे होलान्, तपाईंहरू नै कल्पना गर्नुस् । हामीहरूले भनेको जस्तो मान्छे तयार पार्नका लागि मेडिकल एजुकेसनमा समग्रमै चर्को परिवर्तन आउनुपर्ने देखिन्छ । मैले भनेको स्वास्थ्य शिक्षा खाली अहिलेको 'डाक्टर' नामधारी प्राणी तयार पार्ने मात्रै होइन, सामान्य स्वास्थ्य शिक्षादेखि लिएर विशिष्ट विशेषज्ञता हासिल गर्नेसम्मका लागि Radical Changes आउनु पर्ने आवश्यकता छ । त्यसैले स्वास्थ्य बिज्ञानको शिक्षाको बारेमा हामी के गर्न सक्छौं, कस्तो खालको विकल्प लिन सक्छौं भन्ने प्रष्ट हुनुपर्छ । हामीले चाह्यौं भने Medical Education को नमूना तयार पार्न सक्छौं ।

सबैलाई थाहा भइरहेकै कुरा हो, हामीहरूले आफ्नो क्षेत्रबाट अलिअलि त्यसका लागि परीक्षण गर्न थाली पनि सकेका छौं । तर यो कामलाई एउटा आन्दोलनकै रूपमा लिएर अगाडि जाने हो भने स्वास्थ्य क्षेत्रलाई क्रान्तिकारीकरण गर्नका लागि हामीहरूबाट अहिले प्रयोगशालास्तरमा काम भइरहेको छ, त्यसलाई ब्यापक स्तरमा लिएर जाने हो भने त्यसलाई कसरी व्यवहारमा लैजाने भन्ने विषयमा छलफल गर्नु जरूरी छ । अन्तमा म के भन्छु भने, अघि डा. शरदले कुरा गर्दा औसत (Average) को जुन कुरा निक्लेको थियो र शुरूमा डाक्टर मिश्रले पनि भन्नुभएको थियो : औसत भन्ने शब्द वास्तवमा नै खतरनाक शब्द हो । मलाई लाग्छ, अहिले पश्चिमाहरूले हामीलाई नाकमा डोरी लगाएर खुईंखुईं आफ्नो पछि लगाउनका लागि थुप्रै खालको बल्छी तयार गरिरहेका छन् । त्यसका निम्ति उनीहरूका केही हतियारहरू छन् । ती-मध्येमा Statistics ज्यादै राम्रो चीज हो । त्यसमा पनि उनीहरूले Average भन्ने जुन शब्द निकालीरहेका छन्, त्यो ज्यादै खतरनाक छ ।

Average सँग सम्बन्धित अर्को कुरा पनि छ । एकजना बेलायती विद्वान केही समयअघि यहाँ आएका थिए । हामीमध्ये केहीले उनलाई भेटेका थियौं । उनको नाम रिचार्ड हो र उनी पनि डाक्टर चैतन्य मिश्रजस्तै समाजशास्त्री हुन् । उनले स्पष्टसँग भनेका थिए, कुनै देश धनी छ अथवा गरीब छ भन्ने कुरासँग मात्रै त्यो देशको 'स्वास्थ्य स्तर' सम्बन्धित हुने होइन । त्योभन्दा पनि महत्वपूर्ण तथ्य हो : त्यो देशमा सापेक्षिक गरीबी (Relative Poverty)को स्थिति । धनी र गरीब बीचको फरक जति फराकिलो हुँदै गयो, त्यो देश जतिसुकै विकसित भए पनि त्यहाँको स्वास्थ्यको स्थितिलाई प्रतिकूल असर पार्छ । यो कुरालाई पुष्टि गर्ने थुप्रै तथ्याङ्कहरू रिचार्डले प्रस्तुत गरेका थिए ।

स्वास्थ्य र राजनीति बीचको सम्बन्धको कुरा गर्दा मलाई लागेको अर्को महत्वपूर्ण कुरा छ । समुदायको दायित्व भनेर हाम्रा 'भाग्यविधाताहरू'ले बारम्बार भन्ने गरेका छन् । समुदाय भनेको के हो, तिमीहरू राम्ररी परिभाषित गर भनेर उनीहरूलाई व्याख्याख्ती पार्ने कुरा त छँदैछ । तर हामीहरू पनि यसबारेमा प्रष्ट हुनु पऱ्यो । डाक्टर मिश्रसँग म पूर्णतः केमा सहमत छु भने, अहिलेको परिस्थितिमा यदि अहिलेकै संविधानलाई स्वीकार गरेर अगाडि बढ्ने हो भने निश्चित रूपमा वडा समितिदेखि लिएर हरेक तहलाई कसरी जन-उत्तरदायी बनाएर सक्रिय तुल्याउने भन्ने कुरामा ध्यान पुऱ्याउनु जरूरी छ । यसको लागि पनि हामीले सम्बन्धित पक्षलाई कडा दवाव त दिनैपर्छ । त्यसो गर्नका लागि पनि हामीले निश्चित संयन्त्र बनाउनु पर्नेहुन्छ । समुदायलाई जन-उत्तरदायी बनाउने कामलाई कार्यरूप दिनका लागि त्यस्तो संयन्त्र बन्नु पर्ने अवस्था छ ।

## *केशब आचार्य :*

*अर्थविद्*

यो बीस वर्षे दीर्घकालीन स्वास्थ्य योजना आम नेपालीको स्वास्थ्यको स्थितिभन्दा पनि निकै खराब रहेछ भन्ने कुरा यहाँको अन्तरक्रियामा प्रमाणित भयो । यो योजना मूलतः सकारात्मक छ भन्ने कुरा यहाँ कतैबाट पनि प्रतिक्रिया आएन । चैतन्य मिश्रले यसको राम्रोसँग डाइग्नोसिस गर्नुभयो । त्यसमा मेरो सहमति छ । उहाँले निदानको जुन उपाय सुझाउनु भयो, त्यसमा पनि मेरो सहमति छ । म खाली के कुरा थप्न चाहन्छु भने, ९० को दशकदेखि नेपालले खुलाबजार अर्थतन्त्रमा प्रवेश गऱ्यो । खुला बजार, विश्वव्यापीकरण भन्ने कुरा आफैंमा पूर्णतः खराब हो भनेर त म भन्दिनँ तर हामीले जसरी चाँडै त्यसमा संक्रमण गऱ्यौं, त्यसले चाहिं निकै खतराको स्थिति ल्याउँछ जस्तो मलाई लाग्छ ।

खुला बजार अर्थतन्त्र भनेको आर्थिक कुरा मात्र होइन । यो आफैंमा एउटा संस्कृति पनि हो । यो कसरी संस्कृति हो भने, यसका मूल्य र मान्यताहरू पैसाले नाप्न सकिने चीजहरूमा केन्द्रित हुन्छन् । एउटै शब्दमा भन्ने हो भने, यस अन्तरगत दक्षता, सघनता भनिन्छ तर उद्देश्य नाफा कमाउने मात्र हो । थोरै लगानी गरेर धेरै पायो भने त्यो सफल भयो, अन्यथा सफल भएन । यो दर्शनले नै भन्छ- नाफा नहुने कुरा टिक्नु हुँदैन । यही क्रममा कर्मचारीलाई जागीरबाट हटाउने, जसले कम्प्युटर चलाउन जानेको छैन, उसले टिक्न नसक्ने भएको छ । यसले मानिसहरूमा थुप्रै तनावहरू सिर्जना गर्छ । अहिले हेर्दा त यसको असर जागीरमा

*हाम्रो मुलुकमा अहिले स्वास्थ्य सेवा दिने क्षेत्रमा हेर्दा त्यहाँ धेरै बृत्तहरू देखिँदारहेछन् । एउटा त सरकारी स्तरबाट स्वास्थ्यसेवा दिइएको क्षेत्र छ । वीर अस्पताल र अंचल तथा जिल्ला स्तरीय सरकारी अस्पतालले दिने सेवा त्यस अन्तरगत आउँछ ।*




*काठमाण्डौस्थित चर्चित अस्पताल: वीरअस्पताल*
फोटो: राजन काफ्ले

देखियो, तर यसको असर सर्दैसर्दै गाउँगाउँसम्म पुग्छ ।

सरकारी स्वास्थ्य योजनाबारे डा. चैतन्यले जुन हिसाबले आफ्नो प्रस्तुति राख्नुभयो, त्यसलाई हेर्दा यो दस्तावेजमा मानिसको भौतिक स्वास्थ्यको बारेमा कुरा आयो, तर मानसिक स्वास्थ्यको बारेमा आएन । प्रतिस्पर्धाको संस्कृति बढ्दै जाँदा त्यसले जति भौतिक स्वास्थ्यलाई असर गर्छ त्यति नै मानसिक स्वाथ्यलाई पनि असर गर्छ । यसको प्रमुख कारण भनेको अहिले हामीले पछ्याइरहेको आर्थिक पद्धतिको उदय नै हो । यो कुरालाई ध्यान दिनु जरूरी छ ।

यहाँ अघि बीमाको प्रसङ्ग पनि आएको छ ।

बीमा चाहिँ पश्चिमा संस्कृति भए पनि यसका धेरै राम्रा पक्षहरू छन् । बीमामा नियमित रूपमा आफूले थोरै तिर्दै जाने र आवश्यक पर्‍यो भने ठूलो उपचार पनि त्यसबाट गर्न सकिने हुन्छ । यसमा के गर्न सकिन्छ भने, जो मान्छे आफ्नो उपचार गर्न असमर्थ छ, त्यस्तो मान्छेको पहिचान गरेर उसको बीमावापतको प्रिमियम सरकार, गा. वि. स., वडा समिति वा एन्.जि.ओ. ले तिर्नेगरी व्यवस्था मिलाउन सकिन्छ । मेरो विचारमा बीमा पद्धतिलाई अलिकति सुधार गरेर हामीले लागू गर्‍यौं भने यो स्वास्थ्य क्षेत्रमा पनि प्रभावकारी माध्यम हुनसक्छ ।



दीपेन्द्रबहादुर क्षेत्री

अघि चैतन्य मिश्रले आफ्नो प्रस्तुतिमा के भन्नु भयो भने, करका दरहरूमा सुधार गरेर पनि केही काम गर्न सकिन्छ । मलाई लाग्छ, बीमाको प्रिमियम निर्धारण गर्दा पनि विभिन्न तहकालाई त्यही अनुसारको प्रिमियम निर्धारण गर्न पनि सकिन्छ । त्यसकारण बीमालाई हामीले ठाडै अस्वीकार गर्नु हुँदैन, सुधार गर्न सकिन्छ र गर्नुपर्छ ।

विकल्पको चर्चा गर्ने क्रममा स्वास्थ्य कार्यकर्ताहरू प्रभावकारी भएनन् भन्ने हामीले चर्चा गर्‍यौं । ती कार्यकर्ता केन्द्र वा अंचल सदरमुकाम, कहाँबाट जाने हुन्, त्यो कुरा मलाई थाहा छैन । तर प्रतिशत जति मूल्यबृद्धि भैसकेको हुन्छ । १९९४ को खर्चलाई अहिलेको स्थितिबाट हेर्दा एउटा ब्यक्तिको खर्चमा मोटामोटी १५ डलरजस्तो पर्न आउँदोरहेछ । त्यस मध्येमा सरकारले गर्ने ११ प्रतिशत खर्च भनेको दुई डलर पनि हुँदोरहेनछ । अर्कोतिर, स्वास्थ्यको क्षेत्रमा भएको चालीस प्रतिशत खर्च धेरैजसो अस्पतालहरूमा हुने गरेको छ । अस्पतालहरूको प्रशासन कसरी चलिरहेको छ भने, सालभरिको त्यहाँको बजेट हेरेर मन्त्रीहरूको सोर्स लगाएर त्यहाँ इन्चार्ज भएर बस्ने गर्छन् । बडो खेदका साथ एउटा कुरा के भन्नुपर्ने हुन्छ भने, हाम्रै वामपन्थकै स्वास्थ्यमन्त्री भएको बेला पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रमुखले पाँच लाख रूपियाँ खर्च गरेर आफ्नो त्यहाँको जागीर थमाएर बस्नुभयो । यस्तो हुन्छ भने, त्यसरी अस्पतालहरूमा खर्च गरिएको रकम कतिसम्म स्वास्थ्यको क्षेत्रमा जाँदोरहेछ भन्ने सहजै अनुमान हुन्छ ।

म आफ्नो कुरामा आउँछु । ४० प्रतिशत अस्पतालहरूमा भएको खर्चमध्येमा पनि त्यसको ५० प्रतिशत अर्थात् जम्मामा २० र खर्च भएमध्ये ५० प्रतिशत चाहिँ धरानको अस्पताललाई मात्रै खर्च हुने गरेको छ । भनेपछि, दुई करोड नेपालीले सरकारी स्तरबाट दिइएको स्वास्थ्य सेवाबाट कति लाभ पाएका छन् भन्ने कुरा विचार गर्नुपर्ने अवस्था छ । यी सबै कुराहरूलाई दीर्घकालीन स्वाथ्य योजनाले छुन्छ जस्तो मलाई लाग्दैन । त्यस्तो किन लागेन भने, अर्को विभागसँग पनि समन्वय गरेर काम गर्नुपर्छ भन्ने प्रयत्न समेत नगर्ने दस्तावेजले कति गतिलो काम गर्ला, विचारणीय छ ।

स्वास्थ्यसम्बन्धी जगलाई नै खल्बल्याउनु पर्छ कि भन्ने मलाई लाग्छ । हामीले यहाँ जति पनि छलफल गरिरहेका छौं, ती सबै उपलब्ध नीति-नियमहरूकै दायराभित्र रहेर मात्रै गरिरहेका छौं । यसको विकल्प पनि केही हुन सक्थ्यो कि भन्ने विषयमा जानुपर्ने अवस्था छ जस्तो मलाई लाग्छ ।

> स्वास्थ्यसम्बन्धी जगलाई नै खल्बल्याउनु पर्छ कि भन्ने मलाई लाग्छ । हामीले यहाँ जति पनि छलफल गरिरहेका छौं, तीं सबै उपलब्ध नीति-नियमहरुकै दायराभित्र रहेर मात्रै गरिरहेका छौं ।

मलाई के लाग्छ भने, स्थानीय ब्यक्तिहरूलाई नै ग्रामीण स्वास्थ्य कार्यकर्ता बनाइएमा उनीहरू प्रभावकारी हुन सक्छन् । ज्ञानको कमी अथवा सरकारी सूचना माध्यमको कमीले गर्दा आम जनताले आफूले पाउनु पर्ने स्वास्थ्यसम्बन्धी सेवाको माग गर्न सकेका छैनन् । जनताले त्यस्तो माग गर्न सक्ने वातावरण कसरी ल्याउने, त्यसतर्फ हामीले काम गर्नु जरूरी छ ।

सरकारले शिक्षामा, खानेपानीमा र वातावरणमा खर्च गरेजस्तै जनस्वास्थ्यमा पनि खर्च गरेको छ, त्यो रकम जिल्लाजिल्लामा आएको छ, त्यसको उपभोग गर्न पाउनु हाम्रो अधिकार हो भन्ने कुरा जनताले राम्ररी बुझ्ने स्थिति तयार गर्नुपर्छ । स्वास्थ्य स्थितिमा सुधार ल्याउन अपनाउन सकिने एउटा सशक्त बैकल्पिक उपाय यो हो भन्ने मलाई लाग्छ ।

अर्को कुरा, स्वाथ्य समस्याको समाधानका लागि भनेर खर्च धेरै ठाउँबाट भइरहेको छ, तर त्यसको समन्वय चाहिँ भएको छैन । त्यस्तो समन्वय हुन सके पनि केही मात्रामा स्वास्थ्य क्षेत्रमा सुधार हुनसक्छ ।

> ४० प्रतिशत अस्पतालहरूमा भएको खर्चमध्येमा पनि त्यसको ५० प्रतिशत अर्थात् जम्मामा २० र खर्च भएमध्ये ५० प्रतिशत चाहिँ धरानको अस्पताललाई मात्रै खर्च हुने गरेको छ

## *दीपेन्द्रबहादुर क्षेत्री :*

*अर्थविद्*

कुल गार्हस्थ उत्पादनको ५.३ प्रतिशत चाहिँ स्वास्थ्य क्षेत्रमा खर्च भइरहेको छ भन्ने कुरा यहाँ आयो । एउटा ब्यक्तिले ११ डलरको दरले (१९९४ को मूल्यमा) खर्च गरेको छ भनिन्छ । अहिले ९९ तिर आउँदा करीब २५

हाम्रो मुलुकमा अहिले स्वास्थ्य सेवा दिने क्षेत्रमा हेर्दा त्यहाँ धेरै बृत्तहरू देखिँदारहेछन् । एउटा त सरकारी स्तरबाट स्वास्थ्यसेवा दिइएको क्षेत्र छ । वीर अस्पताल र अंचल तथा जिल्ला स्तरीय सरकारी अस्पतालले दिने सेवा त्यस अन्तरगत आउँछ । अर्को थरि शिक्षण अस्पतालको रूपमा आएका अस्पतालले दिने स्वास्थ्य सेवा हो । त्यसपछि, नर्सिङ्ग होमहरूले दिने स्वास्थ्य सेवा हो ।

यी सबै कुराको अतिरिक्त एकदम सुविधायुक्त रहेको अर्को श्रेणीको अस्पताल छ । त्यो हो- प्रहरी तथा सेनाको अस्पताल । त्यसमा सरकारले कति बजेट दिन्छ भन्ने कुरा खोल्नु आवश्यक पनि भएन । ती अस्पताल चलाउनेहरू यति शक्तिशाली छन् कि उनीहरूलाई चाहिएको बजेट जसरी पनि सरकारसँग लिइछाड्छन् । यसरी स्वास्थ्य सेवालाई तितरवितर (Disintegrate) रूपमा छोडिएको छ ।

## *डा. चैतन्य मिश्र :*

यसलाई म अझ स्पष्ट पार्छु । ११ प्रतिशत सरकारको बजेटमध्ये ९.८ प्रतिशत स्वास्थ्य मन्त्रालय, ०.०१ प्रतिशत शिक्षा, ०.४८ रक्षा, ०.२६ गृहतिर प्रवाहित गर्ने गरिन्छ ।

## *दीपेन्द्रबहादुर क्षेत्री:*

यी सबै किसिमबाट हामीले तितरबितर गरेर छोड्दै जाने हो भने भोलि जो मुखर हुन्छ, उसले सीमित स्रोतहरूमाथि दावा गर्नेगर्छ । त्यस अवस्थामा सरकारी

अस्पतालले पाउने स्रोत, साधन अन्यत्र जाने स्थिति पनि हुन सक्छ । त्यसैले समग्रमा हामीले नेपाली जनतालाई स्वास्थ्य सेवा दिने भन्छौं भने यस किसिमले छुट्टछुट्टै रूपमा राखिएका अस्पतालहरूलाई एकै ठाउँमा सामेल गर्नुपर्ने आवश्यकता पनि देखिन्छ । यतातिर पनि गंभीर भएर सोच्नु जरूरी छ ।

### कुमार थापा

*स्वास्थ्यकर्मी (कम्युनिटी मेडिसिन)*

म पश्चिमका तेह्रवटा जिल्ला घुम्न भएको थिएँ । त्यहाँ म खोप लिएर जानेहरूसँग भण्डै एक महीना जति सँगै हिँड्नेमा परें । उनीहरू मलाई के भन्थे भने, खोप दिने सेन्टरहरूमा हामी एउटालाई फड्केर मात्र अर्कोमा जान्छौं । काठमाण्डौबाट जुन सेड्यूलमा उनीहरूलाई पठाइएको हुन्छ, त्यसअनुसार गएमा उनीहरूलाई समय नै पुग्दैन । त्यसैले जानुपर्ने ए, बि र सी कुम्युनिटीहरू छन् भने उनीहरू ए बाट सी कम्युनिटीमा जान्छन् । ए बाट बि मा उनीहरू जानैसक्दैनन् । गए भने पुग्नुपर्ने गन्तव्यसम्म उनीहरू पुग्नैसक्दैनन् । त्यसैले बी जस्तो फड्किएका ठाउँहरूको निम्ति छुट्याइएका खोपहरू उनीहरू नदीमा बगाइदिन्छन् । यसो नगरेमा बरू उनीहरूको जागीर जान्छ ।

खोपको स्थिति यस्तो छ । यस्तो स्थितिलाई विचार गरेर हामीले जनताको निम्ति कसरी स्वास्थ्य सेवा पऱ्याउने भन्ने कुरा राम्ररी सोच्नुपर्छ ।

Universal किसिमको Primary Health Care गरेर मात्र हामीले जनताको स्वास्थ्यको निमित्त केही गर्नसक्छौं भनेर डाक्टर मिश्रले आफ्नो प्रस्तुतिमा भन्नुभयो । त्यो वास्तविकता हो । त्यसका दुइटा पाटा छन् । एउटा सेवा, अर्को तालीम ।

सेवा दिनलाई तालीम चाहियो । तालीमको स्थितिको बारेमा डकुमेन्टमा केही छुन खोजिए पनि स्पष्ट छैन । अहिले सि.एम्.ए., अ.न.मि. र मा.सि.का. आदि निम्न तहका तालीमहरू मात्र संचालित छन् । मध्यम तहमा स्टाफ नर्सको तालीम मात्र बाँकी छ । अरू सबै त इन्सिच्यूट अफ मेडिसिनले बन्द गऱ्यो । अहिले CTEVT ले त्यस्तो तालीम चलाएको छ । त्यो तालीममा निजीकरणको नाममा फिस असुल्ने काम मात्र भएको छ । व्यवहारिक क्षेत्रको गतिलो तालीम दिइन्न । सरकारले नै खाका खिचेको एउटा स्वास्थ्य व्यवसायी संघ छ । यी CMA हरू, जसलाई हामी राम्रो स्वास्थ्यकर्मीको रूपमा गाउँमा पठाउँदै थियौं, त्यसलाई स्वास्थ्य व्यवसायी संघले VHW को रूपमा पठाउने त होइन ? भन्ने स्थिति छ । अर्थात् ती CMA हरूको गुणस्तर यति घटेको छ कि, तिनीहरूले जनताकहाँ पुगे पनि सेवा दिन नसक्ने स्थिति छ । यसबारेमा पनि हामीले सोच्नुपर्छ । स्वास्थ्यको अवधारणालाई नै परिवर्तन गरेर तालीम र स्वास्थ्यसेवालाई लैजानु पर्ने स्थिति छ ।

### डा. शम्भु उपाध्याय


*परम्परागत चिनिया उपचार पद्धति विशेषज्ञ*

राष्ट्रिय स्वास्थ्य पद्धतिले जनतालाई कति स्वास्थ्य सेवा दिएको छ भन्ने कुरामा यहाँ विभिन्न ढंगले हेरियो । हाम्रो राष्ट्रिय स्वास्थ्य प्रणालीले जम्मा १५ देखि २५ प्रतिशत जनतालाई मात्र त्यो प्रणालीको दैलो अथवा भ्यालबाट थोरबहुत स्वास्थ्यसेवा पुऱ्याएको छ । हामी पनि त्यही १५ देखि २५ प्रतिशत मान्छेमा मात्र पर्छौं । यहाँ ८५ देखि ७५ प्रतिशत जनता चाहिं के गरेर बसेका छन् त ? यहाँ सरकारले भुठो बोलिरहेको छ । हाम्रो संविधानको सोभै उल्लंघन भइरहेको छ । पार्टी र नेताहरूले सोभै भूठ बोलिरहेका छन् । देशले नागरिकलाई स्वास्थ्य सेवा दिइरहेको छ भन्ने त सवाल नै छैन । यहाँ जति पनि तथ्यांकहरूले चर्चा भयो, ती सबै आधुनिक चिकित्सा प्रणाली तर्फको तथ्यांक हो । हाम्रो परम्परागत तथा साँस्कृतिक ज्ञानलाई जग बनाएर त्यसको आधारमा अरू सबै कुरालाई हामीले अघि बढाउनु पर्छ । यसो गरेमा मात्र स्वास्थ्य क्षेत्रमा हामी सफल हुन्छौं ।

यो कुरा डा. चैतन्यले पनि भन्नु भएको छ । म हुम्लामा छु र मलाई त्यहाँ पेट दुखेर फ्याटफ्याटी पऱ्यो भने मैले के गर्ने ? काठमाण्डौबाट म हेलिकप्टर मगाउन सक्दिनँ ।

हाम्रो ८५ प्रतिशत जनसंख्या यही स्थितिमा बाँचिरहेको छ । र यो स्थितिको तस्वीरलाई ख्याल गरियो भने हाम्रो जगको आधारमा के चाहिँ कुरा दरिलो किसिमले भर्नु पर्छ भन्ने प्रस्ट हुन्छ ।

"म हुम्लामा छु र मलाई त्यहाँ पेट दुखेर फ्याटफ्याटी पऱ्यो भने मैले के गर्ने ? काठमाण्डौबाट म हेलिकप्टर मगाउन सक्दिनँ"



डा. शम्भु उपाध्याय

### डा. शरद वन्त :

दीर्घकालीन स्वास्थ्य योजनामा बीमाको कुरा कसरी उठेको छ भन्ने सन्दर्भलाई मात्र मैले कोट्याउन खोजेको हुँ । बीमा योजना आफैंमा ठीक हुन्छ कि हुँदैन भन्ने कुरा अर्कै विश्लेषणको विषय हो । अहिले मोटामोटी हेर्दा संसारमा सायद सबैभन्दा नराम्रो स्वास्थ्य सेवा प्रणाली अमेरिकामा छ । यो कुरा प्रत्येक अमेरिकी नागरिकले पनि महसूस गरेको छ । त्यहाँको Health Care System भनेको पूर्णतया बीमामा आधारित प्रणाली हो । त्यसैले बीमा योजना सबभन्दा राम्रो Option हो जस्तो मलाई लाग्दैन । जहाँ पुरूष संसदहरूले गर्भवती भएको औषधि खाएर पैसा निकाल्छन्, त्यो ठाउँमा हाम्रो संस्कारले हाम्रो बीमा परियोजनालाई कति पचाउनज सक्ला, विचारणीय छ । मैले बीमा योजनाको आलोचना त्यस आयामबाट भन्दा पनि सरकारले आफ्नो दायित्व पन्छाउन खोज्ने संकेतको रूपमा देखा परेको कुराको रूपमा उठाएको हुँ ।


### डा. सरोज धिताल :

यतिबेला नेपालका राजनीतिक दलहरूको चरित्र र अहिलेको विद्यमान सत्ताको चरित्रको बीचमा कुनै तात्विक भिन्नता छैन । राज्यसत्ताको सिङ्गो संयन्त्रदेखि बाहिर रहेर पनि हामीले केही शुरूवात गर्नैपर्छ । उदाहरणका लागि, स्वास्थ्यबारे जनप्रतिनिधिले के गर्ने ? अथवा डा. चैतन्यले भन्नु भएझैं वडा समितिले स्वास्थ्यको बारेमा जिम्मेबार भएर क्रियाशील हुने हो भने कसरी हुने ? यस्ता ठोस प्रश्नहरू अगाडि आएका छन् । छानिएका केही वडा समितिहरूलाई नै परीक्षणका रूपमा स्वास्थ्यसम्बन्धी काम लगाउन सकिन्छ । संभवतः परीक्षणको स्तरमा सानो तहमा हामी केही गर्न सक्छौं । दश कक्षासम्म पढेका ब्यक्तिहरूलाई हामीले तालीम दिँदा उनीहरूले जुन ढंगले काम गरेका छन्, त्यसबाट उनीहरूको काम स्वास्थ्य सहायकहरूले गरेका कामहरूभन्दा राम्रा परिणामहरू पनि देखिएका छन् । वासलाङ भन्ने गाउँको वीरलाल प्रजा भन्ने ब्यक्तिलाई तालीम दिँदा उसलाई कुरो बुझ्न बडो मुस्किल परेको थियो । तर ऊ एकदमै प्रतिबद्ध थियो । ऊ भन्थ्यो, 'सर, म यो नबुझीकन त उठ्तैउठ्दिनँ ।'

अन्ततः ऊ नुबझीकन उठ्तैउठेन । अहिले ऊ मजाले 'उठिरहेको' छ । गाउँमा गएर उसले सानो सहकारी चलाइरहेको छ । चेपाङहरूको बीचमा उसको त्यो काम सफल भइरहेको छ । जुन ढंगले उसले बिरामीहरू रिफर गरेर पठाउँछ, उसले विरामी पठाएको ढंग हाम्रा Health Assistant हरूले पठाएको भन्दा बढी बैज्ञानिक हुन्छ । त्यस्तै, गा.वि.स.का वडा समितिहरूलाई पनि स्वास्थ्य क्षेत्रका कामहरू लगाउन सकिएमा जन-स्वास्थ्यमा सुधार गर्न ठूलो सहयोग पुग्नसक्छ ।

❑ *समाप्त*

राज्यसत्ताको सिङ्गो संयन्त्रदेखि बाहिर रहेर पनि हामीले केही शुरूवात गर्नैपर्छ । उदाहरणका लागि, स्वास्थ्यबारे जनप्रतिनिधिले के गर्ने ? अथवा डा. चैतन्यले भन्नु भएझैं वडा समितिले स्वास्थ्यको बारेमा जिम्मेबार भएर क्रियाशील हुने हो भने कसरी हुने ?



# चारतारे झण्डा नै पार्टीको झण्डा हुनुपर्छ भनेर कलकत्तामा मैले बोलेको हुँ

◆ निर्मल लामा ◆

आज म पुनः एकचोटि मुक्ति-सेनामा काम गर्दाको घटना विवरण सुनाउँछु । हामीहरू प्रजातन्त्र कांग्रेसमा काम गर्थ्यौं । र, त्यतिखेर जनसेना गठन भइसकेको थियो । जनसेनाका विभिन्न क्याम्पहरू कलकत्ता, लखनउ, सिलगुडी, कटिहार, दरभंगा आदि ठाउँहरूमा थिए । त्यस्तैगरी, गोरखपुरमा पनि एउटा क्याम्प थियो । त्यसमा म लगायत ७५ जना जनसेनाहरू संलग्न थियौं । हामीहरू गोरखपुरको सुखा बजारमा पर्ने एउटा बगैंचामा बस्थ्यौं । त्यो ठाउँ नेपालीहरूको घना बस्ती भएको ठाउँ हो । हामीहरू सुखा बजारको त्यो बगैंचामै खान्थ्यौं । त्यहीं सुत्थ्यौं ।

एकचोटि अचानक गोरखपुरमा हामीहरू गिरफ्तार भयौं । हामीलाई पुलिस क्याम्पमा पुर्‍याइएपछि हाम्रो कमाण्डार को हो भनेर सोधियो । उत्तिनखेरै म अगाडि सरें । म त्यतिखेर भर्खर २१ वर्षको ठिटो थिएँ । प्रश्न सोध्ने पुलिस अफिसर मलाई कमाण्डर मान्न पटक्कै तयार भएन । मैले कलकत्तामा एक कल फोन गर्न पाऊँ भन्ने माग गरें । मलाई फोन गर्न अनुमति दिइयो ।

र, मैले जरसाहेब (सुवर्ण शमशेरलाई त्यतिखेर हामी जरसाहेब भन्थ्यौं) लाई फोन गरें । उहाँले हामीलाई 'चिन्ता गर्नु पर्दैन, तपाइँहरू भेलि नै छुट्नुहुन्छ, म दिल्ली कन्ट्याक्ट गर्छु' भन्नुभयो । त्यसपछि मात्र बल्ल मलाई कमाण्डर मान्न पुलिस अफिसरहरू तयार भए । र, हामीलाई राम्रो सम्मान दिइयो । उनीहरूले हामीसँग खानाको प्रवन्धको कुरा गरे । हामीले भन्यौं- "हाम्रा भाँडाकुँडाहरू छन्, त्यही मगाईदिनुहास्, हामी त्यसैमा आफैं पकाएर खान्छौं । हामीलाई गाइड गर्नु पर्दैन । र, हामी भाग्नेवाला पनि होइनौं ।"

त्यसपछि हाम्रा भाँडाकुँडाहरू उनीहरूले एउटा ट्रकमा मगाइदिए । हामीले तिनै भाँडाकुँडाहरूमा पकाएर खायौं । भोलिपल्ट बिहान हामीलाई रिहा गरी हाम्रै क्यांम्पमा पुर्‍याइयो ।

त्यस बखत घटना के घटेको रहेछ भने, हामी गिरफ्तार भएको राती नै मोहन शमशेर दिल्ली जाँदैथिए, १९५० को सन्धि गर्नको निम्ति । त्यसकारण त्यस सन्धिको विरोधमा हामीबाट केही गोलमाल हुन्छ कि, अशान्ति मचिन्छ कि भनेर उनको सुरक्षाको लागि हामीलाई घेरामा पारिएको रहेछ ।

मेरो कमाण्डको त्यस जनसेनाको डफ्फामा स्याङ्जाको ओविराले (जो पछि पंचायतमा पसेर राष्ट्रिय पंचायतको सदस्य पनि बन्यो), जमानसिंह गुरूङ्ग (जो पछि नेपाली कांग्रेसको सरकारमा मन्त्री बन्यो), धनप्रसाद गुरूङ्ग (ऊ पनि स्याङ्जाकै थियो), चित्रबहादुर जम्दार (ऊ पोखराको थियो) आदि थिए । चित्रबहादुर जम्दार अनुशासित जनसेना त थिएन तर हाम्रो क्याम्पको संम्पूर्ण व्यवस्थापन उसैले गर्थ्यो ।

हामी गिरफ्तार परी छुटेको एक डेढ महिनापछि हाम्रो कमाण्डर इन चिफ पुरन सिंह र जि.वि. याक्थुम्वा गोरखपुरमा आएर हामीलाई 'क्लोज अप' गर्नुभयो । र, भन्नुभयो- 'अहिले क्रान्ति रोकियो केही समयका निम्ति । त्यसकारण तपाईंहरू अहिले घर घर जानुहोस्, हामी खर्च दिन्छौं ।'

त्यस समयमा हामीसँग दार्जिलिङ्गका मान्छेहरू थिए, सिलाङ्गका मान्छेहरू थिए, भाक्सुका मान्छेहरू थिए र उनीहरूमध्ये केही संख्यामा महिलाहरू पनि थिए । उनीहरू सबैलाई घर फर्काउने कुरा आएपछि मैले बिद्रोह गरें । मैले भनें- हामी घर फर्कनको निम्ति आएका होइनौं । हामी क्रान्ति गर्नको लागि आएका हौं । तपाईंहरूको क्रान्ति रोकियो भने मसँग भएका ७५ जना साथीहरूमध्ये जति जना तयार हन्छन् , त्यतिलाई लिएर म नेपालभित्र पस्छु । मसँग जान तयार हुनेहरूले हात उठाउनु होला ।'

मेरो त्यो कुरा सुनेपछि मेरो कुरामा मञ्जुरी गरेर जम्मा १७ जनाले हात उठाए ।

ती १७ जना र म सहित १८ जना मिलाई बनेको टोलीको नेतृत्व गर्दै मैलेसेनालाई घर फर्काउने पुरन सिंहहरूको कुराको विरोध गर्दै भनें- 'हामीहरू सुवर्ण शमशेरको जागिर खाएर फौजमा भर्ना भई यहाँ आएका पनि होइनौं हामीहरू नेपालमा क्रान्ति गर्नको लागि आएका हौं । त्यसको निम्ति सेना गठन भयो । त्यो सेनालाई पुरनसिंह र सुवर्ण शमशेरहरूले भङ्ग गरेर भङ्ग हुँदैन । म त्यो सेनाको नेतृत्व गरेर नेपालभित्र पस्छु ।'

मेरो कुरा सुनिसकेपछि पुरनसिंह र याक्थुम्वाले 'यो सैनिक अनुशासनको उल्लङ्घन हो' भने । मैले भनें- 'म सेना होइन । म जनसेना हुँ, म क्रान्तिकारी सेना हुँ । यदि कमाण्डरले गल्ती गर्छ भने क्रान्तिकारी सेनाले बिद्रोह गर्छ ।'

यति भन्दै हामी, म सहित १८ जनाको टोली त्यहीं बसिरह्यौं । अरू सबै आ-आफ्नो घरमा फिर्ता भए ।

पुरनसिंहले मलाई भने- 'हेर् निर्मल, तँ बहुतै योङ्ग छस् । हामीले सुवासचन्द्र बोसको साथमा रही धेरै लडाई लडेर धेरै अनुभव प्राप्त गरेका छौं । तँ सोझै आत्महत्या गर्न जाँदैछस् । त्यसकारण

आज म पुनः एकचोटि मुक्ति-सेनामा काम गर्दाको घटना विवरण सुनाउँछु

हामीले भनेको कुरा मान् र अहिले त्यत्तिकै क्रान्ति गर्न भनेर नजा ।'

मैले भनें- 'क्रान्ति भनेको आत्महत्या हो । मेरो आत्महत्याले दुई जना साथीलाई ब्युँझाउँछ भने त्यो अंगाल्न म ठीक ठान्छु ।'

उनले भने, 'त्यस्तै हो भने ठीक छ । तिमीहरू जाऊ र यदि केही गरी तैंले स्याङ्जा कब्जा गरिस् भने तुरुन्त मकहाँ मान्छे पठाउनू । म हतियार पठाउनुका साथै अन्य सहयोगको लागि आवश्यक व्यवस्था पनि मिलाउँला ।'

त्यसपछि हामीले 'ल हामीलाई कति खर्च दिनुहुन्छ, दिनुहोस् , हामीलाई नेपाल पुग्ने खर्च चाहियो ।' भनेपछि हामीसंग भएको चार, साँढेचार हजार भारतीय रूपैँयामा थपिने गरी पुरनसिंहले २००/४००/५०० रूपैँया हामीहरू प्रत्येकलाई थप खर्च दिए । उनले अरूहरूलाई पनि खर्च दिए । उनीहरू घरघर फर्के । तर हामीहरू भने खर्च लिएर घर फर्केनौं ।

हामीहरू क्रान्ति गर्ने भनेर नेपाल पस्यौं ।

हामीसँग थुप्रै पटकाहरू थिए । एक बोरा पटका हामीले झोला-झोलामा बाँडेर बोक्यौं । हामीसँग दुईवटा रिभोल्भर र एउटा स्टेनगन पनि थिए । पछि के थाहा पाइयो भने, ती दुईवटै रिभोल्भर बिग्रेका रहेछन् । स्टेनगन पनि बिग्रेको रहेछ । त्यसैले तिनीहरूलाई हामीले बाटोमा फालिदियौं । र, हामीहरू पटका मात्र बोकेर हिड्यौं ।

हाम्रो उद्देश्य नेपाल पसेर शुरूमा स्याङ्जा-नुवाकोट कब्जा गर्ने थियो । त्यतिखेर स्याङ्जा जिल्लाको सदरमुकाम नुवाकोट भन्ने ठाउँमा थियो, त्यसैलाई स्याङ्जा-नुवाकोट भनिन्थ्यो । त्यस ठाउँमा १५/२० जना कालो लबेदा सुरूवाल लाउने मिलिसियाहरू रहेका छन् भन्ने कुरा हामीलाई रिपोर्ट प्राप्त भयो । त्यतिलाई त कब्जा गर्न सक्छौं भन्ने हामीलाई लाग्यो । र, त्यही किसिमको लक्ष्य हामीले बनायौं ।

त्यस लक्ष्य अनुसार हामीहरू पाल्पा र स्याङ्जा बीचको आँधीखोला पुग्यौं । त्यहाँ पुगेर पाल्पामा कति फौज छ भनेर मैले बुझिहेरें । त्यहाँ पुगनपुग ५०० जना जति मिलिसियाको फौज रहेको कुरा थाहा पाइयो । पाल्पाबाट पोखरा पुग्न आर्मीको रूपमा मार्च गर्दाखेरी डेढ दिन, दुई दिन समय लाग्थ्यो । उतापट्टि पोखरामा ३/४ सय फौज थियो । पोखराबाट स्याङ्जा -नुवाकोटमा आउँन पाँचसात घण्टा समय लाग्थ्यो ।

अब 'मिलेट्री प्वाइन्ट आफ भ्यू' बाट मैले हेरें । मैले मिलेट्री साइन्सबारे पहिले नै केही मात्रामा अध्ययन गरेको थिएँ । मलाई के लाग्यो भने, हामीले अचानक आक्रमण गरेर कब्जा त गर्न सक्छौं, तर पछि त्यसलाई टिकाउन हामीलाई कठिन हुनेछ ।

हामीहरू सत्र जना थियौं । त्यहाँ गाउँमा भरूवा बन्दूकहरू पाइने आश्वासन थियो । गाउँबाट अरू ५०/६० जना साथीहरू थपिने सम्भावना पनि थियो ।

यति कुरा भएर पनि मलाई आँट आएन । कब्जा गरेर पछि टिकाउन सकिएला भन्ने लागेन । तर यो कुरा मैले साथीहरूलाई भनिनँ । जुन गाउँहरूबाट हामीले आश्वासन पाएका थियौं , ती गाउँहरूमा जाने योजना मैले बनाएँ । मेरो कुरालाई सबै साथीहरूले माने । र, कुलमाबहाकोट, रामभाङ्ग, काउलेभाकोट आदि गाउँहरूमा हामीहरू पुग्यौं । त्यहाँ कुराकानी गरिसकेपछि ५०/६० वटा भरूवा बन्दूक सहित ५०/६० जना मान्छेहरू पनि हाम्रो साथमा लाग्न तयार भए ।

त्यसपछि हामीले आक्रमण गर्ने योजना बनायौं । यसको लागि मैले केही साथीहरूलाई स्याङ्जा-नुवाकोटमा बुझ्न पठाएँ । संयोगले त्यहाँको अदालतको डिठ्ठा अथवा न्यायाधीशसँग मेरो साथीको सम्पर्क भएछ । ऊ अलि प्रजातन्त्रवादी रहेछ । उसले दैनिक रिपोर्ट हामीलाई पठाउने चाजोपाँजो मिलायो । त्यो चाँजोपाँजो अनुसार उसले हामीलाई दैनिक रिपोर्ट पठाउन थाल्यो । र, हामी त्यो रिपोर्ट लिएर दैनिक रूपमा छलफलमा बस्यौं । रिपोर्ट हेरी मैले आक्रमण गर्न मानिनँ ।

मलाई के लाग्यो भने, कब्जा त हामी गर्न सक्थ्यौं तर थाम्न सकिँदैन । किनभने उता पाल्पाबाट ४/५ घण्टामा र यता पोखराबाट डेढ दुई दिनमा राणा सरकारको फौज आइहाल्थ्यो । तर हाम्रो भने कहींबाट कोही थपिनेवाला थिएन ।

## क. निर्मल लामाको




**यस्तो सोची चारतारे झण्डा बोकेर म सहित १८ जनाको हाम्रो ग्रुप र गाउँका आईमाई, केटाकेटी सबै मिलेर हामीले टेलिफोन लाइनको लागि लठ्ठा बोक्ने काम पनि बन्द गरिदियौं ।**

त्यस्तो परिस्थितिमा युद्ध गर्नुभन्दा जनआन्दोलन उठाउनु ठीक हुनेछ भन्ने बिचार त्यतिखेर ममा उब्ज्यो । र, मैले साथीहरूलाई जनआन्दोलन शुरू गरौं भनें । वास्तवमा जनआन्दोलनको धारणा ममा त्यतिखेर, त्यहीं विकास भएको हो ।

त्यतिखेर एउटा घटना के घट्यो भने, राणा प्रधानमन्त्री मोहन शमशेरले पोखरादेखि पाल्पासम्म एउटा टेलिफोन लाइन जडान गर्ने दौडाहा पठाएका रहेछन् । त्यो टेलिफोन लाइनको लागि चाहिने लठ्ठाहरूको लागि सल्लाको रूख काटी टाढा टाढाबाट एक दिन, दुई दिन हिँडेर जनताहरूले मुफ्तमा काठको मुढा बोकेर ल्याइपुर्‍याइदिनु पर्ने उर्दी राणा सरकारले लगायो । त्यस्तै, लठ्ठाको लागि सल्लाको रूख काट्ने टोलीलाई ख्वाउनको लागि मुफ्तमा दही, चामल, खसी, कुखुरा इत्यादि चीजबीजहरू जनताहरूले नै पर्‍याउनु पर्ने उर्दी जारी गरियो । त्यो उर्दीबाट जनता अत्यन्त आत्तिए ।

त्यसैबेला मोहन शमशेरले गाउँ पंचायत खडा गर्नको लागि पनि गाउँगाउँमा डोर (टोली) पठाए । त्यो डोरले गाउँ गाउँमा पंचायत खडा गर्दै हिँड्यो ।

हामीले के योजना बनायौं भने, त्यो टेलिफोन लाइन जडानको लागि लठ्ठा बोक्ने उर्दीको पनि विरोध गर्ने, अर्थात् लठ्ठा नबोक्ने र त्यो पंचायत बनाउँने डोरलाई पनि लखेट्ने । यसो गरेपछि हामीविरूद्ध जाइलाग्न आउने भनेको त्यही सरकारी मिलिसिया नै त थियो । तिनीहरू आएमा १५/२० जनाको टोली हुन्थ्यो । पोखरादेखि त पक्कै आउँदैनन् । त्यो १५/२० जना मिलिसियाले हामीलाई आक्रमण गर्ने आँट गर्दैन ।

हामीले यस्तो सोची चारतारे झण्डा बोकेर म सहित १८ जनाको हाम्रो ग्रुप र गाउँका आईमाई, केटाकेटी सबै मिलेर टेलिफोन लाइनको लागि लठ्ठा बोक्ने काम पनि बन्द गरिदियौं । र, पंचायत बनाउँने डोरलाई पनि लखेटिदियौं । जनताहरूले भरूवा बन्दूक पड्काउँदै, जनसेनाको गीत गाउँदै, नारा लगाउँदै जनआन्दोलन शुरू गरे । र, सफल पनि गरे ।

यो घटना २००७ सालको परिवर्तन हुनुभन्दा करिब ८/१० महिना अगाडि घटेको थियो ।

मान्छेहरू के भन्थे भने, 'कांग्रेस भन्नेको सिङ्ग पुच्छर हुन्छ भन्ने कुरा सुनिएको त, त्यसो नभई यो त डाँडा स्वाँङ्ग्रेको साईलो पो रहेछ !'

डाँडास्वाङ्ग्रा भन्ने एउटा गाउँ रहेछ । ओविराले भन्ने हाम्रो साथी त्यसै गाउँको मान्छे रहेछ । उसलाई त्यहाँ साईला भन्दारहेछन् । ओविराले, थानबहादुर, रमणबहादुर र मेखबहादुर गुरूङ्ग त्यहाँका लोकल लिडरहरू थिए । पछि तिनीहरू सबै कांग्रेस भए । दह्रौं सिरूबारी भन्ने गाउँका रत्नबहादुर गरूङ्ग पनि हाम्रो साथमा थिए । पछि पंचायतको पालामा उनी अञ्चलाधीश पनि भए ।

मैले माथि उल्लेख गरेको जनआन्दोलनको ठीक बीचमा कलकत्ताबाट नेपाल प्रजातन्त्र कांग्रेसका महासचिव सूर्यप्रसाद उपाध्यायको चिठ्ठी एकजना मान्छे मार्फत आइपुग्यो । त्यो चिठ्ठीमा 'नेपाल प्रजातन्त्र कांग्रेस र नेपाली राष्ट्रिय कांग्रेस संयुक्त हुने भएको छ र यसपछि नेपालमा क्रान्ति हुनेछ ' भन्ने कुरा लेखिएको रहेछ । र, चलिरहेको जनआन्दोलनलाई स्थगित गरी कलकत्तामा हुने संयुक्त सम्मेलनमा तुरून्त आइपुग्नू भनेर मलाई त्यस चिठ्ठीमा भनेको रहेछ ।

मैले सम्मेलनको मिति हेरें । सात दिनभन्दा बढी समय बाँकी थिएन । चार पाँच दिन त मलाई गोरखपुर पुग्न नै लाग्थ्यो । त्यसैले मैले साथीहरूसँग सल्लाह गरें । साथीहरूले मलाई जाने सल्लाह दिए । 'दुईवटा पार्टीहरू मिलेपछि हामी शक्तिशाली हुन्छौं । सशक्त आन्दोलन हुन्छ । क्रान्ति गर्न सजिलो पर्छ । तिमी जाऊ ।' भनेर साथीहरूले मलाई कलकत्ता जान स्वीकृति दिए । साथीहरूको सल्लाह बमोजिम म कलकत्ता हिँडें । कलकत्ता पुग्न म बाटोमा यति दौडेर गएँ कि गोरखपुर पुग्न मलाई साँढे तीन दिन लाग्यो । म ठीक समयमा नै कलकत्ता पुग्न सफल भएँ ।

**सुवर्ण समशेरको 'रेसको घोडा'को झण्डाको रातो सेतो रङ्गको भूमिमा चारवटा तारा थपेर पार्टीको झण्डा बनाइएको रहेछ**

कलकत्तामा नेपाल प्रजातन्त्र कांग्रेस र नेपाली राष्ट्रिय कांग्रेसको संयुक्त सम्मेलन भयो र नेपाली कांग्रेस नामको नयाँ पार्टी बन्यो । त्यस पार्टीको झण्डा नेपाल प्रजातन्त्र कांग्रेसकै चारतारे झण्डा हुने भयो । त्यसको निम्ति हामीलाई अलि संघर्ष गर्नु परेको थियो ।

मैले सार्वजनिक रूपमा ठूलो सम्मेलनमा पहिलो चोटि कलकत्ताको त्यहीं सम्मेलनमा बोलको हुँ- चारतारे झण्डा नै पार्टीको झण्डा हुनुपर्छ भनेर । पछि के थाहा पाइयो भने, त्यो झण्डा त सुवर्ण शमशेरको 'रेसको घोडा'को झण्डाको सुधारिएको रूप पो रहेछ ।

सुवर्ण समशेरको 'रेसको घोडा'को झण्डाको रातो सेतो रङ्गको भूमिमा चारवटा तारा थपेर पार्टीको झण्डा बनाइएको रहेछ ।

नयाँ बनेको संयुक्त पार्टी नेपाली कांग्रेसमा अध्यक्ष नेपाली राष्ट्रिय कांग्रेसका मातृकाप्रसाद कोइराला भए भने महासचिव महेन्द्र विक्रम शाह भए ।

सम्मेलनपछि महेन्द्र विक्रम शाहले मलाई 'तिमी अहिले स्याङ्जा नजाऊ. पार्टीको केन्द्रिय कार्यालय सम्हाल्नुपर्छ, बनारसमा कार्यालय बस्छ, म सधैं बस्न पाउँदिन , कार्यालयमा विश्वासिलो मान्छे राख्नुपर्छ, तिमी नै कार्यालय सचिव भएर बस्नुपर्छ ' भने ।

मैले महासचिवको त्यो अनुरोध मान्न इन्कार गर्दै थिएँ, ठीक त्यही बेला तार आयो गोरखपुरबाट । स्याङ्जामा गोली चल्यो र चौसठ्ठी जना मानिसहरू भागेर गोरखपुर आइरहेछन् भनेर ।

मैले यो कुरो तुरुन्त महेन्द्र बिक्रम शाहलाई भनें । उनले 'ल ठीकै भयो' भने । त्यसपछि महेन्द्र विक्रम शाह र म सुवर्ण शमशेरकहाँ गयौं । सुवर्ण शमशेरले तुरुन्त बीस हजार भारतीय रूपियाँ निकालेर मलाई दिए ।

'तिमी तुरुन्त गोरखपुरमा जाऊ र ती आईमाई, केटाकेटी, बुढाबुढी र अन्य सबै गरी ६४ जनालाई क्याम्प बनाएर राख, चाहिनेजति सम्पूर्ण व्यवस्था गर , गोरखपुरमा पहिला हाम्रो जहाँ सैनिक क्याम्प थियो, त्यहीं क्याम्प खडा गर ।' -उनले भने ।

म तुरुन्त गोरखपुर गएँ । त्यहाँ क्याम्पको लागि चाहिने भाँडाकुँडा, ओड्ने, ओच्छ्याउने आदि सम्पूर्ण बस्तुहरू किनेर ल्याई क्याम्पको व्यवस्था गरें ।

ओविराले र धनप्रसाद गरूङ्गहरू पनि त्यहाँ आएका थिए । उनीहरूलाई इन्चार्ज बनाएर म पछि बनारस फर्कें ।

बनारसबाट लगातार मैले क्याम्पमा खर्च पठाउने गरिरहें । क्याम्पको व्यवस्थापनको लागि बीचबीचमा म गोरखपुर जाने र बीचबीचमा उनीहरू बनारस आउँदै गर्ने काम भयो ।

म बनारसमा पार्टी केन्द्रिय कार्यालयमा कार्यालय-सचिव भएर बसें ।

❑ प्रस्तुतिः तुल्सीदास महर्जन

◀ कविता

# के भो ए कविजी ?

- कृष्णज्वाला देवकोटा



के लेख्छौ अब शान्ति गीत कविजी बाँकी यहाँ के छ र ?
ढल्दै छन् निमुखाहरू दिनदिनै जल्दै छ हाम्रो घर
कैले हो मरिने अथाह छ यहाँ, नाङ्गो छ उत्पीडन
के सोध्छौ कवि शान्तिसाथ नबसी हामी लडेको किन ?

सोध्छौ ? सोध तिमी, रूखा उदरमा गोली भरेको किन ?
लासैलास जताततै रगतका खोला बगेको किन ?
निर्धो निर्बल गाउँमा दिनदिनै गोली चलेको किन ?
खोज्दैमा हक निर्भयी युवकले संगीन खायो किन ?

आस्थाका छत भत्किए र चुहिए, विश्वास हाऱ्यो किन ?
जो जो माथि पुगे, बने, तल हुने झन् डुब्लिएको किन ?
खोज्दैमा हक मारिने किन यहाँ, पक्डेर मार्ने किन ?
निर्धा मानिसका दुःखी हृदयमा संगीन रोप्ने किन ?

निर्धाका नरमुण्डको बगरमा खेल्ने भकुण्डो किन ?
हाम्रो चेत, विवेक थुन्न किन त्यै उकालो खुनी कानून ?
उस्तै रोग र शोक-भोक छ अझै, के फेरियो खै यहाँ ?
के आयो कवि खै, कहाँ छ अझ त्यो ? अन्याय उस्तै किन ?



चेली छन् लुटिँदै, अशक्त कुटिँदै, दुब्लाहरू हेपिँदै
निर्धा छन् मिचिँदै, दुःखी लखटिँदै, शूराहरू मारिँदै
रोगी छन् किचिँदै, गरीब थिचिँदै, सीमा गए खुम्चिँदै
साह्रै नै नभए, सहेर सकिए, को ओढ्छ कात्रो त्यसै ?

सुन्दैनौ किन त्यो पुकार कविजी ! डाक्दै छ नौलो धुन
तोड्दै बन्धन दासता र भयका, खोज्दै सुनौला दिन
के लेख्छौ कवि भ्रान्तिका कुकविता, यस्ता थिएनौ तिमी
के भो ए कविजी ! लडी रगतमा के सुत्न सक्छौ तिमी ?

खै त्यो जोश र होश आज कवि ! खै, के भो तिमी मौन छौ
सिङ्गो देश हुँदै छ जेल, कविजी ! संवेदनाहीन छौ
आगो लेख तताउँदै मनहरू जाग्ने बनाऊ कवि
थापी आरन शब्दको, मनहरू लाग्ने बनाऊ कवि ! ❑

*(-प्र.ले.स.को वार्षिकोत्सव कवि-गोष्ठीमा वाचित)*




कार्टुन साभारः कान्तिपुर

# मन्त्री बलबहादुर के.सी.को पक्षमा


विमल निभा

मेरा पत्रकार मित्रहरू हाम्रा श्रम मन्त्री बलबहादुर केसीको विरोधमा हुनुहुन्छ । यो मलाई पटक्कै मन परेको छैन । प्रजातन्त्रमा कुनै मन्त्रीलाई यसरी खेद्नु राम्रो काम होइन । खोइ, पत्रकारहरूले यो बुझ्न सकेका ? यस्तो सामान्य ज्ञानबाट अनभिज्ञ भएकोमा मलाई लज्जाबोध भइरहेछ । किनभने म पनि यही जातिको एक सदस्य हुँ । तर मन्त्रीज्यूको मामलामा भने म अन्य पत्रकारहरूसँग उभिएको छैन । यस सम्बन्धी मेरो आफ्नै मौलिक धारणा छ ।

म प्रश्न गर्न चाहन्छु, मन्त्रीज्यूले त्यस्तोविधि के गर्नु भयो ? आफ्नो छिमेकमा रहेको एक सामान्यजनको एक तले घरमाथि आक्रमण गर्नुभयो । यतिको सानो कुरामा यति ठूलो रडाको मच्चाउनुको अर्थ के हो ? यो व्यवस्थामा मन्त्री भनेका सत्ताका मान्यता प्राप्त प्रतिनिधि हुन् । सत्तासँग शक्ति हुन्छ, जसले सर्वदा प्रदर्शनको माग गरिरहन्छ । यही सिलसिलामा हाम्रा श्रम मन्त्रीज्यूले पनि केही अतिरिक्त श्रम गर्नुपऱ्यो । अब यसमा कसैले किन आपत्ति प्रकट गर्नुपर्ने ? यो त सहज कुरो हो । यसलाई यही रूपमा सबैले ग्रहण गर्नसक्नु पर्छ । अनावश्यक झन्झट उपस्थित गर्नुको कुनै तुक छैन । तर हाम्रा पत्रकार बन्धुहरूको के कुरा गर्ने ?

संयोगवश मन्त्रीज्यूद्वारा अतिक्रमित घर एउटा महिलाको पऱ्यो । सायद इन्दिरा नाउँ गरेकी । हो, श्रीमती इन्दिरा थापा । अब यो सर्वविदितै नै छ, महिलाहरू अलि बढी नै हल्लावादी हुने गर्छन् । तसर्थ सर्वत्र चर्को स्वर छ । महिला मुक्तिका नारावाजहरूले अन्ततः काम पाएका छन् । महिला पत्रकारहरूलाई झन के भन्ने ? हल्लाले गर्दा मेरो दुवै कानहरू टनटन दुख्न थालेका छन् ।

म भन्छु, हाम्रा मन्त्री बलबहादुर केसीज्यूको यो कुनै नवीन कार्य त होइन । यस्तो त वरावर भइ नै रहने गर्छ । पहिले-पहिले पनि मजाले भइ नै रहेको थियो । त्यसो भए, अहिले यो एकाएक चर्काचर्की के कारणले गर्नु परेको हो ? मलाई त अचम्मै लागिरहेछ । हाम्रा मन्त्रीज्यू पनि चकित मुद्रामा हुनुहुन्छ- हँ, यो के भइरहेको हो ? किन भइरहेको हो ? र, कसरी भइरहेको हो ? उक्त महिलाको घरको जावो पर्खाल ढलेको त हो । एउटा कच्ची पर्खालसँग नारी अस्मिताको के सम्बन्ध हुनसक्छ ? कुरो चाहिँ स्त्री अधिकारको गर्ने र मोह चाहिँ एउटा पर्खालको राख्ने ? यो कस्तो दोहोरो नीति हो ? पर्खालको त्यस्तै चाहना छ भने हाम्रा मन्त्रीज्यूले त्यस्तो दश वटा पर्खाल बनाइदिन सक्नुहुन्छ । एक पटक भनेर त हेर्नोस् ।



**म भन्छु, हाम्रा मन्त्री बलबहादुर केसीज्यूको यो कुनै नवीन कार्य त होइन । यस्तो त वरावर भइ नै रहने गर्छ ।**

पत्रकार मित्रहरू, तपाईहरूले मन्त्रीज्यूको नाउँमा दृष्टि दिनु भएको छ ? उहाँको शुभनाम हो- बलबहादुर केसी । बल भएपछि त्यसको उपयोग पनि त हुनुपऱ्यो । अन्यथा, बल भएको के काम हुन्छ ? अझ, उहाँ त बलको पनि बहादुर । एउटा बहादुरले आफ्नो सञ्चित बललाई त्यसै कुहाएर राख्नु उपयुक्त हुँदैन । त्यसलाई दुनियाँसामु ल्याउनै पर्छ, चाहे जुन रूपमा किन नहोस् । यही क्रममा हाम्रा मन्त्री बलबहादुर केसीज्यूले पराक्रम देखाउनु भयो , आफ्नो घर अगाडिको एउटा पर्खाल भत्काउन भयो । अर्थात् आफ्नो नाम सार्थक गर्नुभयो । कमसेकम खोजी-पत्रकारहरूको ध्यान यसतर्फ जानु पर्ने हो । के यो अनुसन्धानको विषय होइन ? यस्तो प्रतीत हुन्छ, हामीकहाँ खोजी-पत्रकारिताको ठूलो अभाव छ । अन्यथा यति महत्वपूर्ण तथ्यको उपेक्षा हुने नै थिएन ।

तपाईहरू जेसुकै भन्नोस्, म त हाम्रा श्रम मन्त्री बलबहादुर केसीको समर्थनमा छु । उहाँको कार्यशैलीले मेरो हृदय स्पर्श गरेको छ । मलाई पूर्ण विश्वास छ, वर्तमान मन्त्री परिषदको उहाँ एक योग्य मन्त्री हुनुहुन्छ । मैले सुनेको छु, कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला उहाँको विपक्षमा हुनुहुन्छ र प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई उहाँलाई निष्कासित गर्ने विषयमा गम्भीरतापूर्वक चिन्तन-मनन गरिरहनु भएको छ । यस्तो हो भने यो घोर अन्याय हुनेछ ।

मेरो विचारमा, श्रम मन्त्री बलबहादुर केसीज्यू उहाँहरूकै सुयोग्य उत्तराधिकारी हुनुहुन्छ । अतएव यस्तो गर्नु उचित हुने छैन । उहाँको त टुँडीखेलको खुलामञ्चमा सार्वजनिक अभिनन्दन पो हुनुपर्छ । यसको लागि म जोडदार माग गर्छु ।

नोट : यो पुरानो लेख हो । दशैंको विदाले गर्दा छापिन विलम्ब भयो । क्षमा गर्नोस् । हाम्रो श्रम मन्त्रीज्यू विदेश जानु भएको खवर आजको अखवारमा प्रकाशित छ । उहाँको कार्यभार पर्यटन मन्त्री विजयकमार गच्छेदारले सम्हाल्ने हुनुभएको छ ।

यो पढेर मन आनन्दित भएको छ । आशा छ, श्रममन्त्री बलबहादुर केसीज्यूले अधुरो छाड्नु भएको कार्य अब पर्यटन मन्त्री विजयकुमार गच्छेदारले पूरा गर्नुहुनेछ ।

कप्रजातन्त्रको मजा भनेको यही त हो । होइन र ? ❑

# भोटो

- खगेन्द्र संग्रौला -

संजोगले वर-पिपल चौतारीमा ती दुईको भेट भयो - फिस्टे किसान र घुमक्कड बाबाको । दिन ढल्नढल्न लागेको साँझको बेला, पश्चिम डाँडापारि वास बस्न ओर्लेको घामका थकित, मलिन किरणहरूको आभा डाँडाउतातिर आकाशमा झुण्डेको थियो । किसान बाबु-बाजेका पालादेखिका मुखियाको खेत जोतेर घर फर्कंदै थियो, घुमक्कड बाबा आफ्नो घुमघामको नित्य क्रममा त्यहाँ आइलागेको थियो । दुबैले अँजुली थापेर ढुङ्गे धाराको सङ्लो पानी घटघट पिए र खरिएका आँतमा शीतल हस्केर चौतारमा बसे ।

"त्यो त साह्रै पुरानो भएछ नि ।" किसानको भोटो देखाउँदै घुमक्कडले भन्यो ।

"हो, भयो ।" किसानले सहज ढङ्गले जबाफ दियो । अनि पराई घुमक्कडले झम्टा मारेर खोस्ला कि भनेझैं गरी उसले आफ्नै हातले आफ्नो भोटो अँठ्यायो ।

"त्यो फुकाऊ र मिल्काऊ ।" घुमक्कडले मुसुमुसु हाँस्दै भन्यो । अनि झोलाबाट नयाँ कमिज झिकेर देखायो, "यी: मसँग यो छ ।"

किसानका अनुहारमा हठात् दुईथरि भावना सल्बलाए - यता डर र उता लोभ ।

"नाइँ !" अतालिलएको स्वरमा उसले भन्यो, "म यो फाल्दिनँ । तैपनि...." यसो भन्दै उसले दाहिने हातले थोत्रो भोटो अँठ्यायो र नयाँ कमिज लिन देब्रे हात लम्कायो ।

घुमक्कडले दिमगिग भरिएका आँखाले किसानको भोटो हेर्‍यो र जोडले नाक अँठ्यायो । "हैन, भन त तिमीलाई त्यो गनाउँदैन ?"

"धत्, यो मलाई गनाउँछ ?"

"तर भाइ ! मलाई त त्यो गनायो ।"

किसानको भोटो छन पनि हरिबिजोककै थियो । फाटेर चिराचिरा परेको, मयलका माम्री जमेको, जुम्राका ढाडी बाहिरै रगरग हिँडिरहेका देखिने । भोटो पनि आजको कहाँ हो र, उहिल्यै जिजु-बाजेका पालाको जस्तो थियो ।

"हो ।" सही थाप्दै किसानले भन्यो, "यो खसोखास बाजेकै पालाको हो । यसले मेरा बाजेको आङ ढाक्यो, अनि त्यसपछि मेरा बाको, अनि अहिले मेरो, अनि मपछि...."

"साह्रै पुरानो भएछ, हँ ?"

"हो, भयो ।"

"त्यो फुकाऊ र मिल्काऊ । अनि यो...." घुमक्कडले सुकिलो नयाँ कमिज माथि उठायो । हावाका चुल्बुले तरङ्गको तालमा कमिज रहरलाग्दो गरी हल्लियो ।

एक हातले भोटो अँठ्याएर अर्को हात पसार्दै किसानले भन्यो, "नाइँ, नाइँ । यो मेरा पुर्खाले मलाई छाडी गएको चिनो हो । मायाँको चिनो, श्रद्धाको चिनो, सम्झनाको चिनो ।"

"त्यो फुकाऊ र मिल्काऊ ।" अलि कठोर स्वरमा घुमक्कड बोल्यो । अनि किल्किलेसम्म हुलुक्क आइसकेको बमनको बाढी रोक्न बल गरेझैं गरी उसले झन् जोडले नाक अँठ्यायो ।

"नाइँ, नाइँ । मैले पुर्खाको बिंडो थाम्नु छ ।" भोटोबाट रजनीगन्धाको बास्ना सुँगेझैं गरी किसानले भन्यो । "यो मेरो आस्थाको चिनो हो । यो मेरो आशाको पोको हो । यो मेरो धर्मको निशानी हो । यो मेरो कर्मको फल, मेरो संस्कारको मुहान....।"

"यो सब झूठ हो । यो सब भ्रम हो ।" स्वर उचालेर घुमक्कडले कटाक्षसाथ भन्यो । "यो सब तेरो तीन पुस्ते मूर्खता हो ।".

"मान्छे त जब्बरजस्तो पो छ बा !" छक्क पर्दै किसान मलिनो स्वरमा झण्डै आफैले मात्र सुन्ने स्वरमा फत्फतायो । अनि स्वरमा थोरै पाइन




एक हातले भोटो अँठ्याएर अर्को हात पसार्दै किसानले भन्यो, "नाइँ, नाइँ । यो मेरा पुर्खाले मलाई छाडी गएको चिनो हो । मायाँको चिनो, श्रद्धाको चिनो, सम्झनाको चिनो ।"

भरेर उसले थान थाप्ने गरी भन्यो, "खूब बाठो भ'र कुरा गरिस् नि । भन्त, आखिर तँ को होस् ?"

"म एक साधारण मानिस हुँ ।"

"हँ ! तँ त खूब जान्ने हुन खोज्दो रछस् नि ।"

"म धेरै कुरा जान्दिनँ, भाइ । तैपनि एउटा कुरा मलाई एक्किन थाहा छ ।"

"के ?"

"यो जडाउरी भोटो तेरा भ्रमको जडाउरी पन्तुरो हो ।" अनि चट्याङ सरी चड्किँदै ऊ एकाएक गर्ज्यो, "मूर्ख ! फुका'र फाल् यो तेरो मूर्खता ।"

हावामा सुकिलो, मुलायम, चमकदार कमिज फिर्‌फिर्-फिर्‌फिर् हल्लियो । किसानले एक हातले भोटो अँठ्याएको अँठ्यायै अर्को हात लम्कायो । उसको एउटा हात त्रासले कामिरहेको थियो, अर्को हात लोभले ब्याकुल भएको थियो ।

"जा, सनक्क नुहा । अनि त्यो फाल् र यो ला ।"

किसान तल धारामा खुत्रुक्क ओर्ल्यो । अनि उसले छेवैको चिल्लो ढुङ्गो सनक्क पखाल्यो र बडो जतनले मायालु आमाले कलिलो सन्तानलाई राखेझैं भोटो थपक्क त्यहाँ राख्यो । भोटामा एक टकले आँखा टाँसेर उसले जीउ हत्तपत्त एकसरो भिजायो र विजुलीको चालमा फेरि भोटो लगायो ।

"पैले त्यो फाल् अनि यो पाउलास् ।" घृणाले नाक चेप्याउँदै घुमक्कडले भन्यो ।

"बाबा ! म त्यो यसैमाथि लाउन पाऊँ ।" लोभी हात पसारेको पसार्‍यै किसानले पुकारा गर्‍यो ।

नयाँ कमिज हावामा तुन्द्रुङ्ग झुण्डेको छ । सुस्तरी चलिरहेका हावाका तरङ्गहरूसँगै त्यो बडो मनमुग्धकारी पाराले सुस्तसुस्त नाचिरहेछ । किसान हात उता बढाउने आँट गर्न सक्दैन । तिर्खालु भएठाउँमा धाईधाईकन खोलो किन आउँथ्यो ? कमिज आफै यता आउने छाँट छैन ।

"न, न, म यसैमाथि खप्ट्या'र लाउँछु, बाबा ! मेरो शेखपछि मेरा छोराले यो लाओस् भन्ने मेरो कत्रो धोको छ !"

"तँ मूर्ख होस् । सिनोमा सुगन्ध छ भन्ठान्ने तँ स्वाँठ....।"

घुमक्कडका आँखामा आगोजस्तो केही चीज दन्दनी बल्यो । उसले झम्टेर भोटो धूजाधूजा पो पार्ला कि भन्ने डरले थर्थरी काम्दै किसानले गँगटे हातले भोटो बेस्मारी अँठ्यायो । हुन पनि उसको भोटो उसको कहिल्यै नछुट्ने अनमोलको जिनिस थियो । भोटो जिन्दगीको मूल रूपजस्तो थियो र ऊ थियो भोटाको लाचार छायाँजस्तो । बिहामा उसले गातिलै दौरा-सुरुवाल लगाएको हो । तर जग्गेमा बस्दाखेरि पनि उसको सुकिलो दौराभित्र मयल माम्री परेको त्यो भोटो उसको छालामा टाँसिएकै थियो । ऊ दशैंमा औकात अनुसारका एक जोर नयाँ लुगाँ हाल्थ्यो । तर नयाँ लुगामुनि त्यो भोटो एकरत्ती डेग नचलीकन टाँसिएको टाँसियै रहिरह्यो । मिच्दा, निचोर्दा, झट्कार्दा फाट्ला कि भनेर उसले भोटो कहिल्यै धोएन । सिगौरामा झुण्ड्याउँदा कतै हराइ पो हाल्ला कि भनेर उसले सुत्दाखेरि पनि भोटो कहिल्यै फुकाएन । त्यत्रो प्रेमले, त्यत्रो हिफाजातले, त्यत्रो मोहले त्यसरी जोगाइराखेको भोटो फुकाएर कसरी मल्काउनु ?

"नाइँ, नाइँ ।" उसले भन्यो, "यो पुर्खाको बिंडो थाम्ने नासो हो । बरू ज्यान जाला, म यो फाल्दिनँ ।"



"उसोभए मूर्ख, तँ नयाँ कमिज नलाउने भइस्, हैन ?"

"बाबा, म लाउँछु । यसैमाथि खप्ट्या'र लाउँछु ।"

किसानले एक हातले भोटो अँठ्याएको अँठ्यायै अर्को हात अलि अघि बढाएर कमिज छुनछुन खोज्यो ।

"महादेवले सोधेछन् - ए सुँगुर ! तँ स्वर्ग जान्छस् ?" प्रचण्ड घृणाले अनुहार विकृत पार्दै घुमक्कडले कथा हाल्यो । "सुँगुरको पालो भनेछ - जान्नँ प्रभु ! मलाई नर्कै प्यारो छ । बुझिस्, गोबर ? सोहीपरी तँ सुँगुर होस् ।" यति भनेर घुमक्कड बाबाले किसानलाई गर्धने लगाएर चित् ख्वायो र पछि फर्किंदै नफर्किइकन आँधीको चालमा उसले आफ्नो बाटो तताायो ।

भुइँमा सोत्तर भएको किसान हेरेको हेर्‍यै भयो ।

पछि, धेरैपछि त्यस, भोटोधारी किसानको छिमेकी मुखियासँग भयङ्कर भिडन्त पर्‍यो । किसानको लगौटी जत्रो बारीका फोक्टाको साँध मुखियाको अजङ्गको बारीसँग जोडिएको थियो । मुखियाले उसका फोक्टाका साँधको एक इन्ची जति माटो मिचेछ । लौ है, अब पर्‍यो तिनको घोरघमासान लगड्याम । मुखिया भीमसेन सरी ठूलो र बलियो थियो । ऊ पर्‍यो जीउको फिस्टे र बलको निम्छरो । भीमसेनले त्यस फिस्टेलाई जुरुक्क उचाल्यो र घ्याच्च थचार्‍यो । घ्याच्च थचार्‍यो र डँडेल्नामा लोहोराजस्ता मुड्की बेस्सरी बजार्‍यो । अनि नङ्ग्रा र दाँतले झम्टेर र चिथोरेर त्यसले उसको भोटो धूजाधूजा पार्‍यो । हारेर हिलामा मिल्किएको फिस्टे किसान पीडाले तड्पिंदै उठ्यो । दुखाइ अलि मत्थर भएपछि झसङ्ग हुँदै हेर्दा ऊ के देख्छ ? मेरी आमा ! उसका आँखाको नानी सरी प्यारो चीज अब केही बाँकी छैन । डोरीमा टाँगेका धजाझैं भोटाका त्यान्द्रा उसको जीउबाट झुण्डेका छन् - अगाडि पनि, पछाडि पनि, ओल्टोमा पनि, कोल्टोमा पनि धजैधजा तुन्द्रुङ्ग छन् ।

उही वरपिपल चौतारीमा बसेर टनाटन आँसु भरिएका अभागी आँखाले उसले भोटो हेर्‍यो । हे भगवान् ! आज भोटो सर्वनाश भो । र उसको सत् र संस्कार त्यसैसँग सत्यानाश भो ! टाल्ने । तुन्ने ठाउँ कतै बाँकी छैन । धूजाधूजा भएका धजा रगतपच्छे भएका छन् । फिस्टेका चारवटा सन्तान भोक र बिस्याहारले मरेका थिए । आखिर बाबुको मन न हो, सन्तान मर्दा ऊ बलिन्द्र धारा आँसु बगाउँदै डाको छाडेर रोएको थियो । तर ती चारैवटा सन्तान मर्दाखेरिको पीडा र वेदना चित्तमा एकमुष्ट कुँडुलो परेर उर्लिंदा जति ताप र औडाहा हुन्छ उसलाई अहिले त्योभन्दा कता हो कता धेरै ताप र औडाहा भयो । सत्यानाश भो ! सब सकियो ! पुर्खाको बिंडो थाम्ने भोटो अब गयो !

उसले दुई हातले भोटो आँखा सामुन्ने उचालेर पग्लेका नजरले ट्वाँ परेर हेर्‍यो । मानौं त्यो ऐना हो र ऊ त्यस ऐनामा आफ्नो आत्माको सत् डगेको स्वरूप हेरिरहेछ । हेर्दाहेर्दै भोटो उसका थर्थर कामिरहेका हातबाट भुइँमा खस्यो । अनि उसका शोकाकुल आँखाबाट आँसुका सहस्र थोपा जडाउरी भोटामा तप्लक्क खसे ।

निकैबेर चेतशून्य, लाटो र निस्तेज भएर एक टकले भोटातिर टोलाएपछि ऊ सुस्त चालले उठ्यो । अनि भोटाको अन्तिम दर्शन गर्दै उसले लामो, बेचैन, हैरान सुस्केरा हाल्यो । र, नाङ्गो, रगतपच्छे आङ लिएर घुमक्कड बाबाका भीरजस्ता वचन सम्झिंदै ऊ नयाँ लुगा खोज्ने बाटातिर लाग्यो- पहिले सुस्तसुस्त, अनि क्रमशः छिटो, छिटो, छिटो......।

❑ *साभार:*
*नौलो कोसेली, ठिमी*

## ◀ घटना र प्रवृत्ति

**व्यक्तिगत सम्पत्ति जोड्ने पूँजीवादी संस्कृतिविरुद्ध एक पाइला**

# माकपाका महासचिव हरकिशन सिंह सुरजितले आफ्नो सम्पूर्ण सम्पत्ति पार्टीलाई दिए !

भारतको सबैभन्दा ठूलो वामपन्थी पार्टीको रुपमा क्रियाशील भारतीय कम्युनिष्ट पार्टी-मार्क्सवादी (छोटकरीमा: माकपा-CPM) का महासचिव क. हरकिशन सिंह सुरजितले आफ्नो सम्पूर्ण सम्पत्ति आफ्नो पार्टी-माकपालाई बुझाएको खबर छ । क. माओ त्से तुङको नेतृत्वमा भएको चिनियाँ क्रान्तिको ५० औं वार्षिकोत्सवको उपलक्ष्यमा क. सुरजितले आफ्नो सम्पत्ति पार्टीलाई बुझाउँदै आफ्नो ७० वर्ष लामो सपना पूरा भएकोमा प्रसन्नता प्रकट गरेका छन् ।



माकपाको पोलिट्ब्यूरोलाई लेखेको पत्रमा क. सुरजितले लेखेका छन्- 'म इ.एम.एस. नम्बूद्रीपाद, पी सुन्दरैय्या, एम. बासवपुन्नैया र सी.राजेश्वरा राव जस्ता कम्युनिष्ट नेताहरुबाट अति नै प्रभावित छु । उहाँहरुले सन् १९३० को दशकको अन्ततिरै आफ्नो सम्पूर्ण सम्पत्ति पार्टीलाई सुम्पनु भएको थियो ।'

'ठूल्ठूला कम्युनिष्ट नेताहरुले आ-आफ्नो सम्पत्ति पार्टीलाई दान दिनु हुँदा म त्यसबाट निकै प्रभावित र उत्साहित भएको थिएँ । तर त्यतिखेर मसँग आफ्नो नाममा कुनै सम्पत्ति थिएन । पछि मेरो परिवारले जोतेर खाइरहेको मेरो पिताको जमीन बाँडफाँड हुँदा केही सम्पत्ति मेरो हात लाग्यो । आफ्ना परिवारका सदस्यहरुसँग सरसल्लाह गरेर पछि मैले आफ्नो नाममा रहेको सम्पूर्ण सम्पत्ति पार्टीलाई दान दिने निधो गरें । मेरा श्रद्धेय नेताहरुले सम्पत्ति दान गर्नु भएको ७० वर्षपछि मैले पनि पार्टीलाई सम्पत्ति बुझाउने आफ्नो सपना साकार पारें ।'

स्मरणीय छ, पंजाबी मुलका बृद्ध कम्युनिष्ट नेता क. सुरजितले आफ्नो नाममा परेको पारिवारिक सम्पत्तिमध्ये भा.रु. १० लाख पार्टीको केन्द्रीय कमिटीलाई बुझाएका छन् भने बाँकी भा.रु. १० लाख पंजाबको 'सोहन सिंह बाख्ना मेमोरियल ट्रस्ट' लाई दान दिएका छन् । सो ट्रस्टले भारतको स्वतन्त्रता संग्राममा मारिएका पंजाबका सबै शहीदहरुको स्मृति-संग्रहालय बनाउँदै छ ।

सुरजितले अर्को एउटा उदाहरणीय फैसला पनि गरेका छन्, त्यो फैसला हो- आफू राज्यसभाका सांसद हुँदाको पेन्सनको सम्पूर्ण रकम पार्टीलाई 'लेभी' को रुपमा बुझाउने ! र, आफू चाहिं एउटा 'होल टाइमर' को रुपमा बाँच्ने अर्थात् पार्टीले होल टाइमरलाई दिने पैसाको भरमा जीवन गुजारा गर्ने !

आफ्नो सम्पूर्ण सम्पत्ति पार्टीलाई दान दिएर, सांसदको पेन्सन जति सबै लेभीको रुपमा तिरेर एउटा होलटाइमरको जीवन बाँच्ने क. सुरजितको यो फैसला अलि ढिलो भए पनि निकै सहाहनीय देखिन्छ । अन्याय अत्याचारमा आधारित व्यक्तिगत सम्पत्तिको अन्त्य तथा सामाजिक र सामूहिक स्वामित्वका लागि लडिरहेका कम्युनिष्ट नेताहरु नै व्यक्तिगत सम्पत्ति जोड्नमा, ठूल-ठूला आलिशान भवन बनाउनमा र प्राडो-पजेरो किन्नमा व्यस्त रहेको बर्तमान स्थितिमा माकपाका नेता क. सुरजितको यो फैसलालाई निकै उत्साहप्रद कामको रुपमा मूल्यांकन गर्नु पर्दछ ।

यस फैसलाले अन्य कम्युनिष्ट नेताहरुमा पनि आ-आफ्नो व्यक्तिगत सम्पत्ति पार्टीलाई दान दिन उत्प्रेरित गर्ने आशा लिइरहेका माकपाका प्रभावशाली महासचिव क. सुरजितले यो सांस्कृतिक प्रक्रियामा आफ्नो पार्टीका सबै केन्द्रीय नेताहरुलाई पनि समाहित पार्नु जरुरी देखिन्छ ।

कम्युनिष्ट संस्कृतिको बारेमा प्रकाश पार्दै मार्क्सले भन्नु भएको कुरा यहाँ अति नै स्मरणीय छ- 'यो व्यक्तिगत सम्पत्तिको मनोभावनाबाट मुक्त मानवतावाद हो !' यसको अर्थ के हो भने, कम्युनिष्ट बन्न चाहने व्यक्तिले कम्युनिष्ट बन्नका लागि उत्पीडित जनताको संघर्षमा प्रत्यक्ष रुपमा सहभागी हुँदै व्यक्तिगत सम्पत्तिको मनोभावनाबाट मुक्त मानवतावादी व्यक्ति बन्ने आन्तरिक प्रक्रिया चलाउनु पर्दछ । कम्युनिष्ट नेताहरुले त झन् बेसी, झन् बढी घनीभूत रुपमा यो प्रक्रिया चलाउनु पर्दछ । यस्तो उन्नत कम्युनिष्ट सांस्कृतिक स्तर हासिल नगर्दै कम्युनिष्ट पार्टी जस्तो सर्वहारा वर्गको क्रान्तिकारी पार्टीको नेता-पद हात लगाइसकेका तथाकथित कम्युनिष्ट नेताहरुले क. सुरजितले जस्तै आफ्नो सम्पत्ति पार्टी र आन्दोलनलाई बुझाउने हिम्मत गर्नुपर्ने चुनौति निकै टड्कारो रुपमा उभिरहेको देखिन्छ । क. सुरजितको पार्टी-माकपा लगायत सबै कम्युनिष्ट पार्टीहरुले यो चुनौति स्वीकारेर अगाडि बढ्ने हिम्मत गरेमा कम्युनिष्ट आन्दोलनमा ठूलो सांस्कृतिक क्रान्ति हुनेछ । ❑

हिन्दी फिल्म जगतका एक चर्चित हस्ती हुनुहुन्छ - गुलजार । उहाँ एक कुशल निर्देशक तथा पटकथाकार हुनुहुन्छ । साहित्य र सिनेमा दुवैतिर आफ्नो परिचय स्थापित गरी सक्नुभएका सम्मानित व्यक्तित्वका धनी गुलजार सार्थक तथा व्यावसायिक दुवैथरि सिनेमाका निमित्त गीत लेख्ने एक कुशल गीतकार पनि हुनुहुन्छ ।



गत असोज महीनामा गुलजार काठमाण्डौमा हुनुहुन्थ्यो । *हिमाल एसोसिएसन* र *हिमाल साउथ* एसियाको आयोजनमा काठमाण्डौमा भएको *दोश्रो दक्षिण एसियाली डकुमेन्ट्री महोत्सव*मा एक विशिष्ट अतिथिको रूपमा भाग लिन गुलजार काठमाण्डौ आइपुग्नु भएको थियो । त्यस अवसरमा मूल्यांकनका तर्फबाट हामीले भेट्ने प्रयास गर्‍यौं ।

भारतीय भूमिमा जीवन्त रहेको आतंकवाद र त्यसले पारेको सामाजिक प्रभावका वारेमा गुलजारले अघिल्लो चिर्चित फिल्म 'माचिस' र नयाँ फिल्म 'हुतुतु'द्वारा आफ्ना चित्रमय विचारहरू प्रस्तुत गर्नुभएको छ । ती दुवै सिनेमाहरूमा उहाँले जुन ढंगले सिनेमाका नायकहरूलाई आत्मघाती शैलीमा उभ्याएर सिनेमाको समाप्ति गर्नुभएको छ, त्यो शैलीलाई यथास्थितिको पक्षपोषण गर्ने शैली भन्न सकिन्छ । त्यसैले यथार्थको सुक्ष्म अवलोकन र त्यस अवलोकनको कलात्मक पुनरूत्पादन गरिएको फिल्म भएता पनि *माचिस* र *हुतुतु* जस्ता फिल्महरू समस्याको निदान खोज्ने गुरूत्तर दायित्वबाट पलायन गरेका फिल्महरू हुन् ।

तर पनि यथार्थमूलक विषय र प्रस्तुति पाखा पर्दै गएको हिन्दी सिनेमा-संसारमा गुलजार र उहाँका किसिमका सिनेमाहरूको उपस्थिति आधारभूत रूपमा सकारात्मक छ । त्यसैले पनि सिनेमा जगतमा गुलजार प्रतिष्ठित तथा सम्मानित हुनुहुन्छ । यस्ता व्यक्तित्व गुलजारसँग छोटै भए पनि संवाद गर्ने लोभ हामीले त्याग्न सकेनौं । गत असोज महीनाको एक विहान रूसी सांस्कृतिक केन्द्रको भवन अघिल्तिर आँगनमा गुलजारसँग हामीले संक्षिप्त-संवाद गर्‍यौं । प्रस्तुत छः त्यही संवादका अंशहरूः

◆ गोविन्द वर्तमान, राजेन्द्र महर्जन

# आत्महत्या आतंकवाद होइन

## गुलजार

❑ *तपाईं एक कुशल चलचित्रकर्मीका साथसाथै साहित्यकार पनि हुनुहुन्छ । तपाईंको विचारमा साहित्य र सिनेमाको सम्वन्ध कस्तो हुन्छ ?*

साहित्य सिनेमाको सवभन्दा पहिलो खुराक हो । सर्वप्रथम जहाँबाट सिनेमाको जन्म भएको थियो, त्यहाँ सिनेमाले पहिलो भोजनको रूपमा साहित्यकै गाँस हालेको थियो । पुराना रंगमंचहरूबाट सिनेमाले आफ्ना विषयहरू लिएको थियो । त्यसपछि पुराना शास्त्रीय साहित्यहरू, पुराण आदिबाट सिनेमाले आफ्नो विषय प्राप्त गरेको थियो । त्यसकारण साहित्य नै सिनेमाको शुरूवात हो । त्यसपछि धेरै समय लाग्यो, करीब चालीस बर्षपछि गएर मात्रै सिनेमाले आफ्ना लेखकहरू पैदा गर्‍यो । सिनेमाको माध्यमलाई जो बुझ्दथे वा जो त्यस माध्यमवारे जानकार थिए, उनीहरू मध्येबाटै सोझै सिनेमाका लागि लेख्ने लेखकहरू पैदाभए । यसरी, एउटा अर्को स्वतन्त्र पद पैदा भयो । रेडियोमा प्रसारणका लागि जसरी शुरूमा नाटकहरू, खासगरी एकांकी नाटकहरू लेखिन्थे र ती नाटककारहरूले रेडियो-नाटककारका रूपमा एउटै छुट्टै पद प्राप्त गर्दथे, त्यसरी नै अहिले सिनेमाको लागि लेख्ने छुट्टै लेखकहरू पैदा भएका छन् । यसरी साहित्य र सिनेमाको एकदम घनिष्ठ सम्वन्ध थियो । तर अब त्यो सम्वन्ध विस्तारै विस्तारै टाढिंदै गएको छ । किनभने कुनै पनि कलाको संरचनामा यस्तो हुने गर्दछ । तर सिनेमाको अन्तिम Lean back साहित्यकै विशिष्ट रूपसँग सम्बद्ध हुनुपर्छ भन्ने सोच अनुरूप सिनेमाकर्मीहरूले काम गरिरहेका छन् । सिनेमा-लेखनको पक्षलाई साहित्यको अर्को 'इण्डिपेन्डेन्ट फर्म' बनाउन सकियोस् भनेर यसको पदवी, स्तर, मर्यादा, उँचाइलाई विस्तारै विस्तारै साहित्यको निकट ल्याउने प्रयन्त जारी छ । जस्तो : पटकथा । पटकथा भनेको सिनेमाको ढाँचा (Form) हो । तर लेखिंदालेखिंदै पटकथा आफैंमा एउटा स्वतन्त्र ढाँचा (Form) बनिसकेको छ । त्यसैले अचेल पश्चिममा मानिसहरू Screen Play प्रकाशित गर्न थालेका छन् । फेरि उदाहरण दिन्छु, जस्तो- रेडियो नाटक । पहिला सोझै रेडियोका लागि मात्रै नाटक लेखिन्थ्यो । तर विस्तारै विस्तारै अब रेडियो नाटकहरू कुन स्तरमा पुगिसकेका छन् भने तिनीहरू किताबका रूपमा छापिन थालेका छन् । यसरी रेडियो नाटकहरू पनि साहित्य हुन पुगेका छन् । यस्तो एउटा चक्र छ, त्यो चक्र पुरा गरेर सिनेमाले पनि साहित्यको स्तर प्राप्त गर्न खोज्दैछ ।

❑ *भारतीय सिनेमा अहिले जनु ढंगबाट गुज्रिंदैछ, त्यसले भारतीय सिनेमा साहित्यबाट निकै टाढिंदै गएको देखिंदैछ । यसको कारण तपाईं के ठान्नुहुन्छ ?*

- म त्यही भन्दै थिएं । यो आफैंमा एउटा चक्र हो, जो पूरा हुँदै जाँदैछ । किनभने कुनै पनि माध्यमले आफैंबाट आफ्नो विरूवा पैदा गर्दै जान्छ ।

❑ *तपाईंका 'माचिस' र 'हुतुतु' जस्ता सिनेमाहरूमा साहित्यिकता भेटिन्छ । तर हिन्दी सिनेमाका आम दर्शकहरू त्यस्ता सिनेमाहरूभन्दा व्यावसायिक सूत्रहरूद्वारा बनाइएका सिनेमातिरै ओइरिन्छन् । आम दर्शकको रुचि यसरी विग्रदै जानुको कारण तपाईं के ठान्नुहुन्छ ?*

- यसको कारण निर्माताहरूलाई सोध्नुभन्दा- तपाईंहरू राम्रा फिल्महरू किन मनपराउनु हुन्न ? भनेर दर्शहरूलाई नै सोध्नु वेस हुन्छ । अथवा ती निर्माताहरूलाई सोध्नु वेस हुन्छ, जो दर्शकको रूचि विगार्ने खालका फिल्महरू नै बनाउन रूचाउँछन् ।

❑ *आम दर्शकको जुन रुचि बनेको छ, त्यसमा तपाईं के टिप्पणी गर्न चाहनु हुन्छ त ?*



## भारतीय वरिष्ठ फिल्म-निर्देशक गुलजारलाई काठमाण्डौंमा भेट्दा



*गुलजारले निर्देशन गरेका चर्चित फिल्म हु तु तु को एक दृश्य*

- जुनसुकै कालखण्डमा पनि मिडियोक्रेसी त हावी भइरहेकै हुन्छ । दर्शक र निर्माताहरू दुवैमा मिडियोक्रेसीले प्रभावित गरून्जेल यस्तो स्थिति कायम रहन्छ ।

❑ *तपाईंले 'माचिस' र 'हुतुतु' दुवैमा त्यसका प्रमुख नायकहरूलाई आत्मघाती निष्कर्षतिर धकेल्नुभएको छ । त्यस्तो किन गर्नुभयो ?*

- त्यो सहने व्यक्तिलाई यति दबाइएको छ, कि ऊ आफ्नो गर्धन पनि घुमाउन सक्दैन । त्यसैले ऊ हिंसात्मक बाटोमा जान्छ । जो हिंसामा उत्रिन्छ, ऊ समाधानको लागि उत्रिंदैन । ऊसँग कुनै समाधान भएकाले ऊ हिंसामा उत्रिएको होइन, किन हिंसामा पुगेको हो भने, त्यसबाहेक ऊसंग प्रतिरोध (Protest) गर्ने अर्को कुनै विकल्प बाँकी रहेको छैन । 'हुतुतु'मा पनि त्यस्तै छ । कविको भूमिका पछाडि परेको छ । कविको कुरा सुन्न कोही तयार छैन । अब त गोली चल्यो, बम पड्कियो भने मात्र मानिसहरू फर्किएर त्यतातिर हेर्छन् । मैले स्पष्ट भन्ने कोसिस गरेको छु - त्यो समाधान होइन । तर के हो भने तपाई उनीहरूको कुरा सुनिरहनु भएको छैन । उनीहरूको न्यायको लागि तपाई जुन आयोग गठन गर्ने तथा सोधपूछ गर्ने काम गर्नुहुन्छ, त्यस क्रममा चालीसौं बर्ष बित्छ । यस अवधिमा तीनवटा पुस्ता तैयार भैसक्छ । जसको मुद्दा थियो, ऊ उहिल्यै मरिसकेको हुन्छ । त्यस्तो स्थितिमा तपाई के गर्नुहुन्छ ? जीवन नै त्याग गर्नु त्यति सजिलो काम होइन । जुन व्यक्ति मानव-बम बनेर आफूले आफैलाई नष्ट गर्दैछ, उसलाई आफ्नो जिन्दगी प्यारो थिएन भन्ने होइन । तर सोच्न योग्य कुरा के छ भने त्यस व्यक्तिको हालत कस्तो होला, मानसिक रूपले ऊ कुन ठाउँमा पुगेको होला, जुन ठाउँबाट ऊ आफ्नो जिन्दगी त्याग्न पनि तयार छ । खुसीले कोही त्यस्तो गर्दैन । उसको विरोध गर्ने सीमालाई तपाईले त्यस हदसम्म पुऱ्याइ दिनुभएको छ कि ऊ आफ्नो जिन्दगी दिएर पनि प्रतिरोध गर्न विवश छ । त्यसैले त्यो व्यक्तिमा हिंसा होइन, प्रतिरोध छ । त्यहाँ हत्या होइन, प्रतिरोध छ । हामीले उनीहरूलाई हेर्ने दृष्टिकोण ठीक हुनुपर्छ, कुरा त्यत्ति हो ।

❑ *तर पनि आतंकवाद त्यसरी समाप्त त हुँदैन नि ?*

- मैले आतंकवाद समाप्तिको कुरा पनि गरेको छैन नि ! आत्महत्या आतंकवाद होइन, किनभने त्यो हत्या होइन, आफ्नो हत्या हो । त्यसलाई तपाई आतंक भन्न सक्नुहुन्न । उसको आफ्नो मजबुरी र आफ्नो प्रतिरोधलाई तपाईले आतंक भन्न मिल्दैन । तपाईंले उसलाई त्यस हालतमा पुऱ्याइ दिनुभएको छ ।

❑ *तपाईंको फिल्मका नेपाली दर्शकहरूलाई तपाई के भन्न चाहनुहुन्छ ?*

- म दर्शकहरूसमक्ष आफनो फिल्म पुऱ्याउँछु । मलाई जे भन्नु छ- म तिनै फिल्महरूद्वारा भन्ने गर्दछु । मेरा ती फिल्महरू कुनै एउटा इलाका लागि होइनन्, समग्र मानवजातिका लागि हुन् । जहाँसम्म मानिसहरू पुगेका छन्, त्यहाँसम्म पुगेर म आफ्नो फिल्मद्वारा आफ्ना कुराहरू भन्ने गर्दछु ।

❑ *तपाईंको साहित्य लेखन जारी छ ?*

- एकदम जारी छ ।

❑ *कविताहरू लेखिरहनु भएको छ ?*

- लेखिरहेको छु । मैले यहाँ नेपालमा आएर पनि यहाँका कविहरूसँग भेटें । उनीहरूका कविताहरू सुनें र आफ्ना कविताहरू पनि सुनाएँ । मानवजातीको यस्तो आदानप्रदान मलाई सबभन्दा सुन्दर आदानप्रदान लाग्दछ ।

❑ *भारतीय कविहरूको सापेक्षतामा नि ?*

- मुकाबिला नगर्नुस् ! कविहरू पहलमान होइनन् । हिन्दीमा पनि कमजोर कविहरू पनि छन्, राम्रा कविहरू पनि छन् । नेपालीमा पनि त्यस्तै स्थिति होला ।

◆



# के दशैं तिहारलाई 'सुधार्न' केही गर्न सकिन्न ?

चन्द्रदेव नेपाली

***यी चाडहरु नमान्न चाहनेहरुको चाहना र अधिकारको पूर्ण सम्मान गर्दै यहाँ मान्नेहरुका सामु पैदा भएका केही सवालहरुबारे केही कुराहरुको चर्चा गर्न खोजिंदैछ ।***

यसपालाको दशैं-तिहार भर्खरै सकिएका छन् । नेपाललाई हिन्दूकरण गर्ने प्रयासस्वरूप राज्यको प्रोत्साहनमा लामो सरकारी बिदासहित मनाउने गरिएका यी चाडहरू धार्मिक विश्वासका जगमा उभिएका चाड हुन् । यिनको जग स्वयम्मा धार्मिक र आध्यात्मवादी आस्था रहेको कुरा प्रस्ट नै छ र, पनि लामो समयदेखि हिन्दू शासक वर्गको साथ पाएर यी चाडहरू नेपाली समाजका अत्यन्त तलतलसम्म र कतिपय स्थितिमा त जनमानसको भावनात्मक हदसम्म पनि स्थापित भएका छन्, यसको एउटा प्रमुख कारण के हो भने, लामो बिदाको कारणले दशैं अब आमजनताको लागि खालि धार्मिक परिघटना मात्र भएको छैन, फुर्सदिलो पारिवारिक भेटघाट, रमझम र लामो आरामको लागि अवसर समेत भएर उपस्थित भएको छ ।


समाजमा यी चाडहरूमध्ये दुवैलाई वा दशैं एउटालाई नमान्ने, बहिस्कार गर्ने प्रयत्न पनि जनजातिहरूद्वारा ठाउँठाउँमा हुँदै आएका छन् । आफ्नो आस्था अनुसार चाडहरू मान्न वा नमान्न जनताहरू स्वतन्त्र छन् । त्यसैले यी चाडहरू नमान्न चाहनेहरूको चाहना र अधिकारको पूर्ण सम्मान गर्दै यहाँ मान्नेहरूका सामु पैदा भएका केही सवालहरूबारे केही कुराहरूको चर्चा गर्न खोजिंदैछ ।

दशैंको सन्दर्भलाई मात्र केलाउने स्तरमा सरकारी संचार माध्यमहरूले गरे, त्यही हदसम्मै काठमाण्डौमा संचालित प्राइभेट एफ.एम. रेडियोहरू पनि उत्रिए ।

भौतिक जगतका बस्तुगत वैज्ञानिक नियमहरू बुझेर प्रतिकूलताहरूसित संघर्ष गर्दै टिक्नु र अघि बढ्नु नै जीवनको चुनौति हो । यो चुनौति र यथार्थलाई 'आदर्श पुरूष' रामको र 'भक्त' हनुमानको आदर्शले आत्मसात गर्न सक्छ कि सक्दैन ? - "शुद्धता" का नाममा पतिनिष्ट गर्भवती सीतालाई एक्लै बनमा छोड्ने, त्याग्ने राम-चरित्र र अपहरण गरेर ल्याएपछि पनि हो भने पनि हामी पाउँछौं- पहिलेभन्दा यसमा भड्किलोपन, फजूल खर्चीपन र रूढीको मात्रा बढ्दै गइरहेको छ । आफू संपन्न भएको अहंकार दशैंमा भड्किलोपन र फजूल खर्च बढाएर प्रदर्शित गर्ने प्रवृति समाजमा बढ्दै गएको छ ।

❑ "बडा दशैंले उन्नतिको ढोका खोलोस्" भन्ने टाइपका रूढीग्रस्त व्यहोराहरू लेखिएका शुभकामना-कार्डहरू छापी आदान-प्रदान गरिएका घटनाहरू मुलुकका केही 'वामपन्थी' भनिनेहरूबीचमै पनि देखिए ।

❑ "आसुरी शक्तिमाथि दैवी शक्तिको विजय" को राग बेस्कन अलापियो । 'रावण' र 'राम' को चरित्रगत भेदका बारेमा छलफल चिन्तन नै नगरी 'राम' को पक्षमा विचारधारा निर्माण गर्ने काम जुन



*दशैंमा हुने विभिन्न खालका तामझामहरूमध्ये सरकारी तामझामको एक दृश्य*
*फोटोः श्रीधर मानन्धर*
*साभारः एन.बी.बैंकको प्रकाशन*

**दशैंको सन्दर्भलाई मात्र केलाउने हो भने पनि हामी पाउँछौं– पहिलेभन्दा यसमा भड्किलोपन, फजूल खर्चीपन र रुढीको मात्रा बढ्दै गइरहेको छ।**

'राजीखुशी' नभई सीतालाई नछुने रावण-चरित्रका असल-खराव पक्ष के के हुन् ? -यी सब कुराहरू आलोचनात्मक तवरले केलाउनेतिर आधुनिक र 'वामपन्थी' भनिने समाजको ध्यान जानु पर्ने थियो। त्यो ध्यान यसपल्ट पनि कमै गयो वा जाँदैगएन। पौराणिक चरित्रहरूका बारेमा यस प्रकारका आलोचनात्मक समीक्षा र बहसहरू घरघरै हुन थाल्ने हो भने त्यसले कम्तिमा पनि नयाँ पुस्तामा बैचारिक तहको आलोचनात्मकता बढ्ने थियो। पुराना ठीक कुरा लिने, बेठीक कुरा छोड्ने प्रणाली शुरूहुन्थ्यो।

यही कुरा देवी र महिषासुरका द्वन्दहरूका बारेमा र तिहारका यमराज-जमुना प्रसंगमा पनि लागु हुनसक्थ्यो।

दशैं-तिहारताकाका अधिकांश वामपन्थी प्रकाशनहरूले यी विषयमा कुनै ध्यान दिएनन्। वामपन्थी सांस्कृतिक मोर्चाहरूले पनि यो खाले बैचारिक द्वन्दलाई प्रोत्साहित गर्ने काम गरेनन्।

❑ दशैं-तिहारजस्ता तमाम परम्परागत चाड-पर्व, विदा-अवकाशहरूमा समग्रमा त्यागनै पर्ने कुरा के के हुन् ? सुधार्नु पर्ने कुरा के के हुन् ? बाँकी राख्नु पर्ने, अप्नाउनु पर्ने कुरा के के हुन् ? र, यी चाडहरूको विकल्प के ? -यस्ता आधारभूत सवालमा माथापच्ची नै नगरी यसपल्ट पनि अधिकांश वामपन्थीहरू समेतले "बडादशैं र दीपावलीको हार्दिक शुभकामना" एक अर्कालाई लिने-दिने काम गरे।

*– दशैं-तिहारमा घर नजाने ? कहिले जाने ? कहिले आउने ?*

*– टीकाटालो सकियो ?*

*– "आयुद्रोण सुते श्रीय दशरथे........" वा "जयन्ती मंगलाकाली भद्रकाली कपालीनी......"*

*– भाइटीका सकियो ?*

*– "म्हः पूजा" कतिखेर ?*

– यस्ता प्रश्न र प्रसंगहरू निस्कण्टक रूपमा प्रस्तुत भए।

– ससुराली गए वामपन्थीहरू पनि र दक्षिणासहित सासू-ससुराको हातको टीका थापे।

– माइती गए वामपन्थीहरू पनि र दाजुभाइको वरिपरि तीलको तेलको घेरो र करूवाको पानीको धारा लगाउँदै घुमे। "यमराजको प्रवेश नहोस् भाइटीका थलोमा" भनेर दैलोमा ओखर फुटाए। दाजुभाइहरूले ठाडा, लामा रंगीचंगी टीका लगाए र पान मसला चपाउँदै तास खेले। 'भाग राख्ने' र 'दक्षिणा दिने' चलनहरू निर्वाध रूपमा चले।

मानौं, ती हुनैपर्ने कुराहरू हुन् र भएरै छाडे। यिनमा निहित कुनै कुथिति हटाउन पहल गरिएन। कुनै अन्धविश्वास त्याग्न हिम्मत देखाइएन।

यति मात्र हैन।

– दशैंमा 'आसुरी शक्ति' माथि ''दैवी शक्ति' को विजय भएको 'उपलक्ष्य' मा मन्दिरहरू रगतका खोलामा डुब्ने क्रम यसपल्ट झन् ज्यादा भयो। कारण, शहरबजारमा पहिलेभन्दा अलि बढी मानिसहरू नै 'हुनेखाने' तहमा पुगेका छन्। मध्यम वर्ग बढ्दो छ। र, त्यो सगै अनावश्यक खर्च गर्ने, धाँक-रवाफ देखाउने प्रवृत्ति पनि बढ्दो छ।

– मन्दिर धाउने नयाँ पुस्ताको संख्या पनि अत्याधिक बढेको पाइयो। मुलुकमा "द्वन्दात्मक भौतिकवाद"मा आस्था राख्ने राजनैतिक पार्टीहरूको व्यापक प्रभाव रहेको दावी गर्ने हो भने, उनीहरूको प्रभाव पनि व्यापक हुने र धार्मिक प्रभाव पनि व्यापक हुने - यहाँ यी दुई विपरीत कुराहरू एकसाथ के कारणले भइरहेछ भन्ठान्ने ?

रूढीवादको विस्तारका रूपमा देखिएका यी संकेतहरूबाहेक दशैं-तिहारको परम्परा यस पटकसम्म आइपुग्दा तडकभडकयुक्त र फजूलखर्ची हुनुको हिसावले पनि अग्रस्थानमा रहे।

– आफ्नो औकातभन्दा निकै बढी खर्च भए। खर्च नगरी नहुने "सामाजिक बाध्यताहरू" आइलागेको अनुभूति गरिए।

– खाने-लगाउने कुराहरूमा प्रशस्त खर्च भर्यो। दान-दक्षिणाले सीमान्त आय हुनेहरूको ढाड भाँच्यो।

– यातायात-भाडा र बढ्दो यातायात खर्चले गर्दा थप मार खेप्नु पर्‍यो।

– आते-जातेको बढ्दो चापका कारण र सवारी-साधनका मालिक पूंजीपतिहरूको चरम शोषण र लापरबाहीका कारण सर्वसाधारणहरू यातायातमा असुविधा र ठगीहरू एवं अस्तव्यस्तताहरू ज्यादा भोग्न बाध्य भए। शहरबजारमा टि.भि., भिडियोतिर तानिएका बाहेक अन्यले र अन्यत्रकाले जुवा-तासमा लीन भएर समय र संपत्ति खर्च गर्ने प्रवृत्ति घटेको देखिएन।

– दशैंमा टीका-टालोको निम्ति चाड पनि पैसा (दान दक्षिणा) को मात्रासँग जोखिने गरेको क्रम घटेन, झन बढ्यो। दान-दक्षिणामा मात्रै प्रशस्त खर्च हुने बाध्यताले बूढा-पाकाहरूका सामु ठूलै समस्या खडा गर्‍यो।

– टीका-टालो गर्न कसको घरमा, कहिले को को आउने हुन् ? थाहा पत्तो नहुने हचुवापनले दशैंको दशमी पछिका चार-पाँच दिनहरू घरघरमा भय र अनिश्चिताले पैदा गर्ने तनावमा डुबे।

–फलफूल र पटाका-बारूदहरूका निम्ति भारतमा नेपाली पैसा ओइरिने क्रम घटेन, बढ्यो।

–देउसी, भैलो-पर्वहरू "माग्ने संस्कृति"लाई 'मलजल' गर्ने थलोका रूपमा झन्‌झन् बढी विकसित भए। ठगी, बार्गेनिङ्ग र फजूल खर्चको प्रवृत्ति युवाहरूमा झन् ज्यादा थपियो।

यी सबै सन्दर्भहरूलाई केलाउने हो भने दशैं-तिहार र यी जस्ता अन्य चाड-बाडहरूका बारेमा नेपालको आधुनिक, प्रजातान्त्रिक वा प्रगतिशील भनिने समाजले निम्न कुराहरूबारे गहन चिन्तन र छलफल चलाई निर्क्यौल निकाल्नु जरूरी छ।

– के यी चाडपर्वहरू नमान्नु पर्ने नै हुन् ?

– सुधारेर चालु गर्नुपर्ने चाडहरू के के हुन् ?

– नमान्ने भए विकल्प के ?"

– सुधार्नु पर्ने भए सुधारको निम्ति ध्यान दिनुपर्ने मूर्त मूर्त पक्ष के के ? इत्यादि।

अस्तु। ❑

# १२ वर्षपछि मुक्त घामको अंगालोमा

## नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा

## 'हेर, यो घाम कति प्यारो छ !'

क. नागभूषण पटनायकको रिहाइको खवर फैलिनासाथ बिहानैदेखि उनलाई भेट्न आउनेहरूको लाइन लाग्नथाल्यो । देश-विदेशका अनेकौं पत्रकारहरूले उनलाई मनपरी प्रश्न सोध्नथाले । कुनै चमत्कारपूर्ण रहस्योद्घाटनको अपेक्षा गर्दै प्रश्न सोधिरहेका पत्रकारहरूलाई उनले मार्क्सवाद-लेनिनवाद र माओ विचारधाराका कुराहरू सुनाएर छक्क पारे ।

अत्यन्त अस्वस्थ शारीरिक स्थितिका बीच अस्पतालमा बसिरहेका क. नागभूषणको ज्वरो पटक्कै ओर्लेन । पत्रकारहरूका थकित पार्ने खालका प्रश्नहरूले सिर्जना गरेको थकान र दिक्दारीले उनको ज्वरोलाई झन् बढाइदियो ।

डाक्टरहरूले लामो परीक्षणपछि आगन्तुकहरूलाई भने- 'तपाईहरू बराबर आइरहनोस्, उहाँलाई मुक्त पारिवारिक वातावरण चाहिएको छ, उहाँलाई घरेलु भोजन आवश्यक छ । त्यही नै उहाँको बिमारीको औषधी हो । यसैबाट उहाँ स्वस्थ हुनुहुनेछ ।'

जेल र अस्पतालबाट आजित भइसकेका उनी भने अस्पतालबाट सकेसम्म छिटो विदा हुन चाहन्थे । उनको नराम्रो स्वास्थ्यलाई ध्यानमा राखेर डाक्टरहरूले ३-४ दिन थप समय अस्पतालमा राख्ने समझदारी बनाए ।

अस्वस्थ क. नागभूषणले रिहाइको भोलिपल्टदेखि नै पत्रकारहरूको मनगढन्त रिपोर्ट र समाचारहरूको कारणले दिक्दारीको समस्या झेल्नुपऱ्यो । 'नागभूषणको संसदीय तन्त्रमा आस्था !' 'नागभूषण नयाँ बाटोको खोजीमा !'- जस्ता अनेकौं खवरहरूले गर्दा खिन्न भएका नागभूषणले आगन्तुहरूलाई पटक-पटक सोधे- नयाँ बाटो के हुन सक्छ र ? मार्क्सवाद लेनिनवाद बाहेक अर्को बाटो के हुन सक्छ हँ ?

उडिसाको गुनुपुरबाट उनको साख्खै भाइ र अर्को काकाको छोरो उनलाई लिन दिल्ली आएपछि उनी १२ बर्षभित्र पहिलो पटक अस्पतालको चउरको खुला वातावरणमा निस्के । दिल्लीको गर्मीको मौसममा पनि उनलाई घाम प्यारो लागिरहेको थियो । उनले आफ्ना भाइहरूलाई अनायास भने -

'हेर, यो घाम कत्ति प्यारो छ, १२ वर्षपछि आज मात्रै मैले यस्तो खुला घाम ताप्न पाएँ ।'

१२ मे का दिन अस्पतालबाट उनी विदा भए । घरेलु वातावरणमा केही दिन रहँदा उनीसँग भेट्न हंसराज रहबर, सर्वेश्वर दयाल संक्सेना जस्ता प्रख्यात लेखक, कवि लगायत मजदूर, विद्यार्थी र कर्मचारीहरू आए ।

### क्रान्तिकारी पंक्तिहरूको एकतामाथि जोड

भेटघाटको सिलसिलामा एकजनाले केही मानिसहरू मिलेर एउटा नयाँ मार्क्सवादी लेनिनवादी संगठन बनाउन लागिरहेको जानकारी दियो । यो जानकारी सुनेर क. नागभूषणले आफ्नो विचार प्रस्तुत गरे - 'के अहिले पनि संगठनहरूको महामारी छ र ? नयाँ संगठन बनाउनु भनेको त सवैभन्दा सजिलो काम हो । के म आफैं पनि एउटा नयाँ संगठन बनाउन सक्दिनँ र ? तर वर्तमान सन्दर्भमा यो क्रान्तिविरोधी कामै हुनेछ । आजको ऐतिहासिक जरूरत हो- क्रान्तिकारी एकता' । १३ वटा संगठनहरूले एकताको पहल गरेको छन्, यही एकता पहललाई सुदृढ गर्नुस् - यही एक मात्र सही बाटो हो !'

उनी सवैजसो आगन्तुक व्यक्तिहरूलाई भन्थे- 'एउटी महिलाको नामबाट देशमाथि जुन फासीवादी अधिनायकत्वले आफ्नो पकड कायम गर्न खोज्दैछ, त्यसको एक मात्र विकल्प भनेको क्रान्तिकारी एकता हो । अहिलेको जरूरत हो - मार्क्सवाद, लेनिनवाद र माओ विचारधाराको दुर्भेद्य आधारशिलामाथि निर्माण हुने क्रान्तिकारी पंक्तिहरूको एकता ! एकता नै त्यस्तो उपचार हो - जसको सहारा लिएर संघर्षलाई तेज गर्न सकिन्छ । त्यसैले क्रान्तिकारी एकताका लागि ठूलोभन्दा ठूलो बलिदान गर्न हामीले तयार हुनुपर्दछ, नयाँ बाटोका रूमानी सपना हामीले छोड्नुपर्दछ ।'

*रिहाइपछि दिल्लीमा मजदूरहरूसँग भेटघाट गर्दै क. नागभूषण पटनायक*
*फोटो साभारः समकालीन तीसरी दुनिया*



### *'म राजनीतिमा फेरि हाम्फाल्नेछु !'*

पंकज सिंहका साथ कवि सर्वेश्वर दयाल सक्सेना आफूलाई भेट्न आउँदा क. नागभूषणले आफ्नो भावी कार्यक्रमको वारेमा सगर्व घोषणा गरे - 'ज्वरो घटनासाथ म राजनीतिमा फेरि हाम्फाल्नेछु ।'

पंकज सिंहले 'अहिले पे-रोलमा रिहा भएको मान्छेले यस्तो बयान दिन मिल्छ र ?' भनेर प्रश्न उठाए । क. नागभूषणले भने- 'मैले त्यही कुरा मात्र बोलिरहेको छु, जुन म गर्दैछु । अब सरकारले जे गर्नु पर्ने हो, त्यही गर्छु ।'

केही दिनको दिल्ली बसाइपछि उनी विरामी अवस्थामै आफ्नो घर फर्कने तयारी गर्नमा व्यस्त भए । अन्ततः 'क. नागभूषण पटनायक जिन्दावाद !' को नारा बीच उनी आगन्तुकहरूको आँखाबाट विदा भए - गुनुपुरका लागि ।

ठूलो जनसमूहको स्वागतसहित गुनुपुरमा पाईला टेक्दा पनि उनको ज्वरो पटक्कै घटिरहेको थिएन । त्यसैले मित्रहरूको सल्लाह बमोजिम उनी कटक मेडिकल कलेजको अस्पतालमा भर्ना भए । टि.वि. वा क्यान्सरको रोगी भएको आशंका गरिएका क. नागभूषणको जीवन रक्षार्थ उडिसाका जनवादी व्यक्तिहरूले 'नागभूषण मेडिकल एड कमिटी' बनाए ।

जनताको आर्थिक सहायताबाट उपचार गरिएका क. नागभूषण आफ्नो शरीर सामान्य हालतमा हुनासाथ साँच्चै नै राजनीतिमा हाम्फाले !

त्यसवेला उनको क्रियाशीलतालाई संझना गर्दै क. विनोद मिश्रले एकचोटि भनेका थिए- 'मृत्युको विरूद्ध क. नागभूषणले धेरै लामो समयसम्म लडाइँ लडे । उनले यो लडाइँ आफ्नो जिन्दगीभरि नै लडे । जेलबाट रिहा भएपछि उनीसँग मेरो पनि भेटघाट भएको थियो, त्यसवेला उनी करीब करीब मृत्युको निकै नजीक पुगिसकेका थिए । उनको जीर्ण शरीर देखेर -यस्तो मान्छे केही दिनपछि नै सम्पूर्ण देशको दौडाहामा जानेछन् भनेर कसैले पनि आशा गर्न सक्दैन । १२ बर्षको जेल-नेल र १४ वटा अपरेशनहरूका टाँकाहरूले पनि उनको अदम्य



मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । *यसै क्रममा गएको अंकमा पार्टी-एकताको प्रयासको असफलता र उनको जीवन रक्षा गर्न र रिहाइमा भएको संघर्षको रिपोर्ट पढ्नु भयो । यस अंकमा पढ्नु होस् - रिहाइपछिको उनको क्रियाशीलताको बारेमा रिपोर्ट !*

\- मूल्यांकन

इच्छा शक्तिलाई मार्न सकेका रहेनछन् !'

### *इन्डियन पिपुल्स फ्रन्टको निर्माण*

चीनको जनवादी क्रान्तिको जस्ताको तस्तै नक्कल गर्दै अगाडि बढ्दा अन्ततः जडताको शिकार भएको नक्सलवादी आन्दोलन १९८० को दशकको शुरूमा आउँदा अचम्मको स्थितिसम्म पुगिरहेको थियो । नक्सलवाडी, श्रीकाकुलम र तेलंगानालाई भारतको येनान बनाउने ठूलो आकांक्षाका साथ शुरू गरिएको रक्तरञ्जित क्रान्तिको कुनै धार संसदतिर, कुनै धार छापामार कारवाहीतिर, कुनै जनसंघर्षतिर त कुनै जनसंघर्ष र छापामार संघर्षबीच तालमेलको प्रयासमा क्रियाशील थियो । भाकपा (माले) लिवरेशन समूहका क. विनोद मिश्र लगायतका नेताहरू पटना र भोजपुरमा किसानहरूको ऱ्याली र प्रदर्शनहरू गर्दै जनसंघर्ष शुरू गर्ने र सशस्त्र दस्ताद्वारा 'एक्शन' पनि गर्दै अगाडि बढिरहेका थिए ।

नक्सलवादी आन्दोलनमा छाएको जडताको एउटा कारण- संयुक्त मोर्चाको नीति भारतको स्थिति अनकूल नबनाइनु र संघर्षको नीति पनि बस्तुगत नहुनु हो भन्ने ठम्याइका साथ उनीहरूले यसबारे नयाँ सिराबाट सोच्न शुरू गरे । यसैको फलस्वरूप विभिन्न जन संगठनहरू र संघर्षरत व्यक्तिहरूको सहभागितामा २३-२६ अप्रिल, १९८२ मा निर्माण गरिएको नयाँ राष्ट्रिय संयुक्त मोर्चा- इण्डियन Ikkl/; kf6 (IPF) ले नयाँ ढंगले जनसंघर्षको थालनी गर्ने निर्णय गऱ्यो । संयुक्त मोर्चा सम्वन्धी विवाद हल नभैसकेको स्थितिमा निर्मित यस फ्रन्टले 'प्रधानमन्त्री इन्दिरा गान्धीको निरंकुशताविरूद्ध, लोकतान्त्रिक अधिकारहरूका लागि जनसंघर्ष थाल्ने' आफ्नो घोषित लक्ष्य अनुरूप कुनै ठोस काम गर्न सकेन । आसाम र बिहारका जनतालाई अन्यायका बिरूद्ध सडकमा उतार्ने दुईवटा काम बाहेक अरूमा यसले सफलता हासिल गर्न नसकेपछि यसका नेताहरू आत्मसमीक्षा गर्नुको सट्टा अन्तहीन बहसहरूमा फँस्न थाले ।

यस्तो स्थितिमा १९८४ मा इन्दिरा गान्धीको हत्या भएको दुई दिन पछाडि नै कलकत्तामा यसले आफ्नो दोस्रो सम्मेलन गऱ्यो । र, चुनावलाई पनि संघर्षको एउटा स्वरूपको रूपमा स्वीकार गर्दै क. नागभूषण पटनायकलाई आफ्नो अध्यक्ष पदमा स्थापित गऱ्यो ।

पहिले फ्रन्टलाई एउटा ठूलो खाँचो थियो- प्रभावशाली नेतृत्व गर्न सक्ने व्यक्तिको । यो अभाव क. नागभूषणबाट मेटिने संभावना देखेर लिवरेशन समूहले उनीसँग दुई-तीन बर्षको सहकार्य र विचार-विमर्शपछि उनलाई फ्रन्टको नेतृत्वमा चुनेको थियो ।

१९८१ मा जेलबाट छुट्नुभन्दा अगावैं नक्सलवादी आन्दोलनका कमी-कमजोरीहरूको समीक्षा गर्ने क्रममा क. नागभूषणले स्पष्ट शव्दमा भनेका थिए - 'सधैं चुनावको बहिष्कार गर्नु मार्क्सवादी-लेनिनवादी सिद्धान्तभित्र पर्दैन ।'

उनले भनेका थिए- 'संसदीय प्रजातन्त्रका सीमाहरूबारे मलाई थाहा छ । तर मेरो बिचारमा चुनावहरूमा भागलिनु भनेको हाम्रो संर्घषलाई अगाडि बढाउने कार्यनीति हुनसक्छ ।'

संसद र सडकको संघर्ष एवं छापामार कारवाही सम्वन्धी विचारमा सहमति भएपछि लिवरेशन समूहलाई सोह्रमा सत्र पऱ्यो । भाकपा (माले) का संस्थापक सदस्य र चर्चित नेतालाई संयुक्त मोर्चाको जिम्मा दिने अवसर छोप्नलाई त्यसले अलिकति पनि ढिलाई गरेन । क. नागभूषणलाई फ्रन्टका अध्यक्ष बनाइएपछि फ्रन्टले राष्ट्रिय स्तरको सर्वमान्य नेता पायो । नेतृत्वमा छानिएपछि उनले घोषणा गरे - 'नक्सलवादी आन्दोलनमा छाएको गतिरोधको कारण संसदीय प्रजातन्त्रको काम गर्ने तरिकालाई उपेक्षा गर्नु पनि हो !'

◆ राजेन्द्र महर्जन

## दक्षिण अफ्रिकाः

# 'रेड अक्टोबर' अभियान

दक्षिण अफ्रिकाको कम्युनिष्ट पार्टी (SACP) र दक्षिण अफ्रिकी ट्रेड यूनियन (COSATU) ले हालै एउटा नयाँ कार्यक्रम संचालन गरेका छन् । दक्षिण अफ्रिकाका लाखौं मजदूरहरुलाई पार्टी र ट्रेड यूनियनमा संगठित गर्ने लक्ष्य राखेर चलाइएको सो नयाँ अभियानलाई 'रेड अक्टोबर' नाम दिइएको छ । यो अभियान अक्टोबर महिना (असोज १४ देखि कार्तिक १४ सम्म) भरिं चलाइएको थाहा भएको छ ।

रेड अक्टोबर अभियानको क्रममा मजदूरहरुलाई संगठित गर्नुका अलावा ग्रामीण रोजगारीको सिर्जना, लैंगिक समानता र सरकार्को आर्थिक कार्यक्रमको मूल्यांकन जस्ता सवालहरुमा संचेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको थियो । दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी का महासचिव ब्लादे न्जिमान्दे (Blade Nzimande) का अनुसार अभियानको क्रममा औद्योगिक र ग्रामीण मजदूर क्षेत्रहरुमा व्यापक रुपमा मजदूर यूनियनहरुको विस्तार गरिने र संयुक्त समाजवादी मंचहरु निर्माण गरिने योजना पनि बनाइएको थियो ।

SACP को लोगो

पार्टीका महासचिव ब्लादे न्जिमान्दे भन्छन्- 'यो अभियान मजदूर आन्दोलन र कम्युनिष्ट शक्तिहरु बीचको सम्मिश्रणको शुरुवात हो । यसको दीर्घकालीन लक्ष्य हो- मजदूर बर्गीय लडाईँलाई नयाँ उँचाइ प्रदान गर्नु र समाजवाद प्राप्तिका लागि चलिरहेको संघर्षलाई शक्तिशाली बनाउनु !'

स्मरणीय छ, SACP र COSATU अफ्रिकी नेशनल कंग्रेस (ANC) को बर्तमान सरकारमा सहभागी भइरहेका छन् । ANC को निर्माण र संघर्षमा समान रुपले सहभागी हुँदै गोराहरुको जातिवादी र रंगभेदवादी सरकारलाई उखेल्ने कार्यमा संलग्न ती दुवै संगठनका नेताहरु अहिले सरकारमा पनि विभिन्न पदमा रहेर क्रियाशील भइरहेका छन् । ती दुवै संगठनहरुले आफूहरु सरकार, सदन र सडकमा पूँजीपति वर्गको शोषणविरुद्ध लड्ने अठोट सहित क्रियाशील भइरहेको दावी गरिरहेका छन् ।

दक्षिण अफ्रिकाका अधिकांश श्रोत-साधन र पूँजीमाथि अहिले पनि गोरा पूँजीपति वर्गको प्रभुत्व कायम छ र सबै काला मजदूरहरु गोरा पूँजीपति वर्गको प्रभुत्वमुनि थिचिएका-मिचिएका छन् । ती पीडित मजदूरहरुले विगत केही वर्ष अगाडिदेखि चलाइरहेको संघर्षमा SACP र COSAYTU को सहयोग, समर्थन र संयोजन रहेको थियो । विगत ३-४ महिना अगाडिदेखि नै हडताल र प्रदर्शनहरु गरेर आफ्नो संघर्षलाई तेज पार्दै आइरहेका दक्षिण अफ्रिकी मजदूरहरुलाई 'रेड अक्टोबर' अभियानले निकै ठूलो टेवा दिने विश्वास लिइएको छ ।


यहाँ उल्लेखनीय कुरो के छ भने, गत साउन महिनादेखि उर्लेको मजदूर र कर्मचारीहरुको संघर्षको बाढीले दक्षिण अफ्रिकी सरकार र गोरा पूँजीपतिहरुलाई निकै अप्ठ्यारोमा पार्न थालेको छ । साउन ७ गते ५० हजारभन्दा बेसी शिक्षक, स्वास्थ्यकर्मी र प्रहरीहरुले देशभरि जुलूस गरी १० प्रतिशत तलव वृद्धिको माग गरे । ८ प्रतिशतको दरले महंगी बढिरहेको सन्दर्भमा COSATU का अधिकांश ट्रेड यूनियनहरुले विशाल प्रदर्शनहरु गर्दै १० प्रतिशत तलव वृद्धिको माग गरिरहेका छन् ।

सरकारले ६.१५ प्रतिशत मात्रै तलब बढाउने कुरा स्वीकार गरेकोले उनीहरुले साउन १३ र १४ गते सफलतापूर्वक दुई दिने हडताल गरेका छन् । त्यस हड्तालमा ४ लाख मजदूरहरुको सहभागिता थियो । आफ्नो माग पूरा नभए अनिश्चितकालीन हड्ताल गर्ने चुनौति दिने ती ट्रेड यूनियनहरुका यो संघर्षले COSATU का सबै फाँटका ट्रेडयूनियनहरु, कतिसम्म भने प्रहरीहरुको यूनियनको समेत सहयोग र समर्थन प्राप्त गरिरहेको छ । दुईदिने हड्तालको बेला प्रहरी यूनियनका सदस्यहरुले देशभरि नै आ-आफ्नो कार्यक्षेत्रमा स्लोडाउन अर्थात् कार्यसुस्ति गरेर हड्तालरत मजदूरहरुको संघर्षलाई समर्थन गरेका थिए ।

खानी तथा निर्माणसम्बन्धी व्यवसाय गरिरहेका पूँजीपतिहरुले १० लाखभन्दा बेसी मजदूरहरुलाई कामबाट निकाल्ने धम्की दिइरहेको सन्दर्भमा COSATU ले संघर्षलाई चर्काउन थालेको छ । ❑

## पेरू:

# फूजिमोरीलाई मजदूर र विद्यार्थीहरूको चुनौति !



'टुपाक आमारूका छापामारहरूलाई निमिट्यान्न पारें ! साइनिङ पाथ मृत्युको मुखमा पुग्दैछ !!'

यसो भन्दै कुर्लदै हिंडेका पेरूका तानाशाह अल्बर्टो फुजिमोरीलाई पेरूभियाली मजदूर र विद्यार्थीहरूको उर्लंदो शक्तिले चुनौति दिन थालेको छ । फुजिमोरीको तानाशाही शासनविरूद्ध सडक-सडकमा ओर्लिएका हजारौंहजार मजदूर र विद्यार्थीहरूले कहिले राष्ट्रपति भवनमैं आक्रमण गर्ने त कहिले स्कूल क्याम्पस, अस्पताल र यातायात नै ठप्प पार्ने काम गरेर फुजिमोरीलाई आच्छुआच्छु पार्न थालेका छन् ।

गत भाद्र २९ गते हजारौं पेरूभियाली यातायात मजदूरहरूले एकदिने हडतालको आयोजना गरेर पेरूको दक्षिणी भागलाई पूरै बन्द गरेका थिए । अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) र विश्व बैंकको निर्देशन बमोजिम फुजिमोरी सरकारले गरेको इन्धनको चर्को मूल्यबृद्धि र देशका प्रमुख सडकमा तिर्नु पर्ने करको वृद्धिका विरूद्ध ती मजदूरहरूले सडक जाम गरेका थिए ।

दक्षिण पेरूभियाली गाउँ र शहरलाई दिनभर जाम गर्ने काममा ट्रक, बस र ट्याक्सीका ड्राइभर, कण्डक्टर र खलाँसीहरू गरी जम्मा १७ हजार मजदूरहरू क्रियाशील भएका थिए । यातायात मजदूहरूका नेता क्लाउदिया तान्को सिल्भाले La Republica नामक पेरूभियाली दैनिकलाई बताए अनुसार त्यस हडतालमा दक्षिणी यातायात मजदूर फेडरेशन (STWF) सँग सम्बद्ध ३५ वटा यातायात मजदूर संगठनका मजदूरहरूको पनि सक्रिय सहभागिता थियो ।

सोही दिन हजारौंहजार पेरूभियाली स्वास्थ्यकर्मीहरूले देशभरिका अस्पताल र स्वास्थ्य चौकीहरूमा हडताल गरी सडकमा विरोध प्रदर्शन समेत गरेका थिए । उनीहरूले तानाशाह फुजिमोरीद्वारा अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकको स्वार्थ अनुसार लागू गरिएको बजारमुखी अर्थतन्त्रले स्वास्थ्य सेवालाई तहस-नहस पार्न थालेकोमा कडा विरोध जनाउँदै हडताल गरेका थिए । हडतालमा उत्रेका स्वास्थ्यकर्मीहरूले माग गरेका थिए- 'पेरूको स्वास्थ्य सेवालाई विकेन्द्रीकरण गर्न पाइँदैन, स्वास्थ्य सेवाको लागि राष्ट्रिय बजेटको २० प्रतिशत रकम छुट्याइनु पर्दछ । र, अर्को पटक राष्ट्रपति पदको चुनावमा फुजिमोरीले उठ्न पाइँदैन ।'

भाद्र २२ गतेदेखि भएको सो हडतालको क्रममा 'मेडिकल फेडरेशन अफ पेरू' का ४५ हजार स्वास्थ्यकर्मीहरू सहभागी भएका थिए । त्यसमा 'यूनिफाइड नेशनल फेडरेशन अफ हेल्थ सेक्टर वर्कर्स' नामक संगठनका हजारौं स्वास्थ्यकर्मीहरूले हातमा हात मिलाएर हडताललाई सफल पारेका थिए । आफ्नो माग छिटोभन्दा छिटो पूरा नभए अनिश्चितकालीन हडतालमा उत्रेर सम्पूर्ण स्वास्थ्यसेवालाई अवरूद्ध पारी सरकारलाई नराम्ररी अँठ्याउने घोषणाका साथ ती स्वास्थ्य कर्मीहरूले अरू पेशागत संगठनहरूसँग पनि हातेमालो गर्ने निर्णय गरेका छन् ।

यसबेला ड्राइभर-खलाँसीदेखि विद्यार्थी र डाक्टरहरूसमेत सडकमा उत्रिरहेको पेरूमा केही महिना अगाडि मात्रै डकर्मी-सिकर्मी जस्ता निर्माण मजदूरहरूले दुई हप्ताभन्दा बढी लामो समयसम्म जुलुस-प्रदर्शन गरेका थिए । असार महिनाको तेस्रो हप्तादेखि साउन महिनाको दोस्रो हप्तासम्म राजधानी लिमाका सडकहरूमा हजारौं निर्माण-मजदूरहरूले फुजिमोरी सरकारको ज्यानमारा अर्थनीतिका विरूद्ध लगातार जुलुस प्रदर्शन गरेका थिए । तानाशाही सरकारले प्रदर्शनकारीहरूलाई नियन्त्रणमा राख्न प्रशस्त मात्रामा दंगा-प्रहरीहरू तैनाथ गरे पनि कहीं पनि भिडन्त भने भएको देखिएन ।

प्रदर्शनकारी मजदूरहरूले काम र मामको माग गरेका थिए भने, पेन्सनवालाहरूले अवकाश प्राप्त मजदूरहरूको पेन्सन वृद्धिको लागि आवाज उठाएका थिए । गाउँ-गाउँबाट प्रदर्शनमा भाग लिन आएका मानिसहरूले भने ज्यानमारा अर्थनीति लागू गरेर गरीबी भन्‌भन् बढाउने फुजिमोरीको गरीबमारा नीतिको विरोध गरेका थिए ।

पेरूको अमेजन जंगलक्षेत्रभित्र पर्ने उकायाली भन्ने ठाउँबाट जुलुसमा आएका ६ जना सन्तानसहित बाँचिरहेका सारा लियोर्स नामक सहभागीले भनेका थिए- सरकारले हामीलाई परित्याग गऱ्यो ।






पेरूको साइनिंग पाथका सर्वोच्च नेता डा. अविमायल गुजमान र पृष्ठभूमिमा जनयुद्ध लडिरहेका साइनिंग पाथका छापमारहरूको चित्र

उकायालीमा दर्दनाक खालको गरीबी छ, अति नै धेरै बेरोजगारी छ र अधिकारीहरूमा अचाक्ली नै भ्रष्टाचार छ !'

२ करोड ३० लाख बासिन्दा भएको पेरूमा अहिले १ करोड ४० लाख मानिसहरूले चरम गरीबीको जीवन भोगिरहेका छन् । यही गरीबी, बेरोजगारी, महंगी र निजीकरणविरूद्ध त्यहाँ जनआक्रोश संगठित रूपमा अभिव्यक्त हुनथालेको छ ।

### *राष्ट्रपति भवनमाथि आक्रमण*

पेरूमा मजदूर र विद्यार्थीहरूका साथै विभिन्न पेशागत संगठनका मानिसहरू तानाशाह फुजिमोरीका अत्याचारहरू सहन नसकेर गत बर्षदेखि खुला रूपमा सडकमा उत्रन थालेका थिए । गत वर्ष जुलाई १६ का दिन पेरूभियाली समाजका सबै क्षेत्रका हजारौंहजार मानिसहरूले राष्ट्रपति पदको चुनावमा तेस्रो पटक पनि उठ्ने फुजिमोरीको घोषणाविरूद्ध सडकमा प्रदर्शन गरेका थिए । सोही दिन फुजिमोरीको सो घोषणालाई जनमत संग्रहमा लानुपर्ने माग गर्दै सम्पूर्ण विपक्षी पार्टीहरूले संकलन गरेको १० लाख ४० हजार पेरूभियालीहरूको हस्ताक्षर सहितको विरोधपत्र सरकार समक्ष बुझाएका थिए ।

*विपक्षी पार्टीहरूले संकलन गरेको १० लाख ४० हजार पेरूभियालीहरूको हस्ताक्षर सहितको विरोधपत्र सरकार समक्ष बुझाएका थिए ।*

राजधानी लिमा, जियन, इक्वितोस, हुआरेज, लाम्बायेकू, पुनो लगायतका शहरहरूमा भएका जुलूस, प्रदर्शन र धर्ना जस्ता संघर्षका कार्यक्रममा पेरूभियाली जनताहरू सहभागी भएका थिए । सो कार्यक्रमलाई 'राष्ट्रिय नागरिक मार्च' को नाम दिइएको थियो । पेरूभियाली मजदूरहरूको महासभा (CGTP) को संयोजनमा भएको सो मार्चका विभिन्न कारवाहीहरूलाई थुप्रै पूँजीवादी पार्टीहरूले समेत समर्थन र सहयोग गरेका थिए ।

यसै संघर्षको सिलसिलामा गत वर्ष अक्टोबर १ का दिन कम्तीमा ७ हजार मजदूर तथा विद्यार्थीहरूले राजधानीमा जुलूस प्रदर्शन गर्ने क्रममा तानाशाह फुजिमोरीको राष्ट्रपति भवनमाथिं धर्ना कसेका थिए ।

'तानाशाही सरकार मुर्दावाद ! चुनावमा फेरि उठ्न पाइँदैन !' जस्ता नारा लगाउँदै शहर परिक्रमा गरेपछि उनीहरूले जनआवाज नसुन्ने बहिरो तानाशाहको दरवारमै गगनभेदी नारा लगाउँदै धर्ना बस्ने र बाटो बन्द गरेर आफ्नो विरोध जाहेर गर्ने गरेका थिए ।

महासभाकै आह्वानमा भएका नियमित कार्यक्रमहरूको अन्तमा गरिएको सो धर्नाकै क्रममा फुजिमोरीको अप्रजातान्त्रिक र दमनकारी शासनदेखि आक्रोशित भएका केही विद्यार्थी र युवाहरूले राष्ट्रपतिं भवनमाथि धावा बोलेका थिए । उनीहरूले भवनको गेट फोड्नुका साथै स्टोर रूम लुट्ने र भवनमा सजाइएका कलाकृति र फोटोहरू नष्ट गर्ने काम गरेका थिए । धावा बोल्ने प्रदर्शनकारीहरू माथि दमन गर्न आएका फुजिमोरीका दंगा-प्रहरीहरूले प्लाष्टिकको गोली प्रहार गर्ने, पानीको फोहोराले छ्याप्ने गर्नुका साथै ३० जना प्रदर्शनकारीहरूलाई गिरफ्तार गरेका थिए ।

गिरफ्तार व्यक्तिहरूको रिहाइको माग गर्दै हजारौं विद्यार्थीहरू त्यसको भोलिपल्ट पनि सडकमा उत्रेका थिए । 'जनताले आफ्नो विरोध, आफ्नो आक्रोश जुनसुकै उपायद्वारा पनि प्रकट गर्नुपर्दछ' भन्ने विचार राख्ने विद्यार्थीहरूका संयोजक जोमार मेलेन्देजले त्यसवेला भनेका थिए- 'आठ बर्षदेखि तानाशाही सरकारले जनताको कुनै पनि आवाज पटक्कै सुनिरहेको छैन । त्यसैले अब धेरै मौन बस्नु हुँदैन, गगनभेदी नारा लगाउने बाहेक अर्को कुनै विकल्प छैन ।'

स्मरणीय छ, पेरूभियाली मजदूरहरूको महासभा (CGTP) ले गत वर्षदेखि फुजिमोरीको अन्तर्राष्ट्रिय मुद्राकोषमुखी नीति र अप्रजातान्त्रिक शासनका विरूद्ध उल्लेखनीय संघर्ष चलाउन थालेको देखिन्छ । खुला बजार नीतिलाई आँखा चिम्लेर लागू गर्ने घोषणा सहित निजीकरणको प्रक्रियालाई तेज पार्दै, 'सामाजिक सेवालाई कटाउँदै जनतालाई झन्झन् कंगाल र बेरोजगार बनाइरहेको फुजिमोरी सरकारविरूद्ध भइरहेका

## 'जनताको वृहत् राजनैतिक मोर्चा निर्माण गरौं !'

## टुपाक आमारु रिभोल्यूशनरी मुभमेन्ट (MRTA) को बक्तव्य

पेरूमा चलिरहेको जनसंघर्षको लहरलाई समर्थन गर्दै 'पेरुको कुनै ठाउँबाट' टुपाक आमारु रिभोल्युशनरी मुभमेन्टले एउटा बक्तव्य प्रकाशित गरेको छ । बक्तव्यमा देशमा नव उदारवाद लागू गरिरहेको तानाशाही फुजिमोरी सरकारविरुद्ध समाजका सबै तप्काका जनताको सहभागितामा बृहत् राजनैतिक मोर्चा निर्माण गरी संघर्षलाई तेज गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

बक्तव्यमा भनिएको छ- 'नव उदारवादका लागि बलवान र तानाशाही सरकारको जरुरत हुन्छ, जसले आफ्नो नीति कडाइपूर्वक लागू गर्नसक्छ । त्यसैले जनताबाट निर्वाचित फुजिमोरीले संविधानलाई कुल्च्यो, जनताको चाहनालाई रद्दीको टोकरीमा फ्याँक्यो अनि अन्ततः सैनिक- नागरिक तानाशाही शासन-सत्ता खडा गरेर नव उदारवादी मोडेललाई पूर्णतः लागू गरी छाड्यो !'

'नवउदारवादविरोधी संघर्ष अहिले जंगली पूँजीवादबाट नराम्ररी प्रभावित समाजका विभिन्न तप्का र वर्गका जनताबीच एकताको मियो हुन थालेको छ । त्यसैले जनताको बृहत् राजनैतिक मोर्चा निर्माणमार्फत् यो संघर्षलाई निरन्तरता दिई आधिकारिक र पूर्ण प्रजातन्त्रको स्थापना अनि सामाजिक र आर्थिक मुक्तिको दिशातिर जनतालाई डोऱ्याउनु जरुरी छ !' - बक्तव्यमा भनिएको छ । ❑



संघर्षहरूमा महासभा लगायत अन्य थुप्रै पेशागत संगठनहरू क्रियाशील छन् ।

यस्ता संघर्षहरू फुजिमोरी सरकारको खुला बजार नीति, अप्रजातान्त्रिक शासन पद्धति र फुजिमोरीको तेस्रो पटकको चुनावविरूद्ध लक्षित छन् । १९९० मा राष्ट्रपति पदमा जितेका फुजिमोरीले १९९२ मा अमेरिकी साम्राज्यवादको नीति-निर्देशनमा सैनिक शक्ति र गुप्तचर यन्त्र प्रयोग गरेर सम्पूर्ण अधिकार आफ्नो हातमा पारेका थिए । अप्रजातान्त्रिक ढंगले शासन चलाउँदै विदेशी पूँजीको स्वार्थ अनुरूप अर्थतन्त्र संचालन गर्दै आइरहेका फुजिमोरी दोस्रो पटक राष्ट्रपति पदमा निर्वाचित भएपछि सन् २००० मा हुने निर्वाचनमा पनि जबर्जस्ती उठ्न खोजिरहेका छन् । एकपटक राष्ट्रपति भएको व्यक्ति लगातार तेस्रो पटकको लागि उम्मेदवार बन्न नपाइने पेरू लगायत सिंगो ल्याटिन अमेरिकी देशहरूको संवैधानिक प्रावधानलाई मिचेर, आफ्नो देशको संविधानलाई नै आफ्नो व्यक्तिगत स्वार्थ अनुकूल मनपरी ढंगले फेरफार गरेर उनी पुनः राष्ट्रपति-को कुर्सीमा टाँसिएर बस्ने महत्वाकांक्षासहित अगाडि बढिरहेका छन् । एउटा मत -सर्भेक्षण अनुसार उनको यो महत्वाकांक्षाका विरूद्ध ७० प्रतिशत पेरूभियालीहरू रहेको थाहा पाउँदा पाउँदै पनि उनी यसको लागि सबै उपाय प्रयोग गर्न संकल्परत देखिन्छन् ।

विगतमा विश्वमै चर्चित भएको पेकपा (साइनिङ पाथ) को माओवादी जनयुद्धलाई अत्यन्त कमजोर पार्ने र टुपाक आमारू रिभोल्युशनरी मुभमेन्टको छापामार संघर्षलाई सखाप पार्ने काममा सफलता हासिल गरेपछि उनको महत्वाकांक्षा हिटलरको जस्तै चुलिएको देखिन्छ । दुई वटा छापामार समूहहरूलाई ठेगान लगाएपछि उनले देशको मजदूर आन्दोलन र विपक्षीहरूको संगठनलाई ध्वस्त पार्ने र त्यसका नेताहरूलाई जेलमा कोच्ने कार्य गरेर आफ्नो तानाशाहीपनालाई निकै बढाएका थिए । यसरी चारैतिरबाट सुरक्षित हुनथालेको स्थितिमा तेस्रो पटक पनि राष्ट्रपति बनेर निष्कण्टक राज्य गर्ने फुजिमोरीको महत्वाकांक्षाविरूद्ध गत वर्षदेखि चौतर्फी असन्तोष र आक्रोश फैलिन थालेको देखिन्छ । त्यसमाथि जनतालाई कंगाल पार्ने उदार र खुला अर्थनीतिले जन्माएको बेरोजगारी, महंगी र गरीबीविरूद्ध विभिन्न पेशागत संगठनहरूद्वारा संचालित संघर्षहरूले जन-आक्रोशलाई सडकमा पोखिन निकै सघाउ पुर्‍याइरहेको पाइन्छ ।

पेरूमा फुजिमोरीको तानाशाही शासनविरूद्ध यस पटक अचम्मलाग्दो ढंगले बढेको जनअसन्तोष, आक्रोश र संघर्षकै सेरोफेरोमा अधिकांश पूँजीपतिवर्गीय पार्टीहरू समेत फुजिमोरीविरूद्ध उभिएका छन् । कतिसम्म भने, विगतमा साइनिङ्ग पाथ

> *यस्ता संघर्षहरू फुजिमोरी सरकारको खुला बजार नीति, अप्रजातान्त्रिक शासन पद्धति र फुजिमोरीको तेस्रो पटकको चुनावविरूद्ध लक्षित छन् ।*

र टुपाक आमारूका छापामारहरू विरूद्ध फुजिमोरी सरकारले चलाएको जेहादलाई सघाउने विपक्षी पार्टीहरू पनि यस पटक फुजिमोरीविरोधी भएका छन् ।

### – क्रान्तिकारी पार्टीहरूको प्रतिक्रिया

यस्तो स्थितिमा पेरूमा फुजिमोरीको तानाशाही शासन पल्टाएर क्रान्तिकारी शासन स्थापना गर्न चाहने वामपन्थी पार्टीहरूको नीति र व्यवहार यहाँ उल्लेखनीय देखिन्छ ।

विगतमा फुजिमोरीको शासनविरूद्ध सशस्त्र संघर्ष गरिरहेको, फिडेल क्यास्त्रो र चेग्वेभारा समर्थक वामपन्थी संगठन 'टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट'(MRTA)ले एउटा बक्तव्य प्रकाशित गर्दै 'राष्ट्रिय नागरिक मोर्चा'लाई समर्थन गरेको थियो ।

फुजिमोरी सरकारको कठोर दमन र पेरूको बस्तुसम्मत रणनीति र कार्यनीतिको अभाव भेल्दै क्रमशः सानो हुँदै गइरहेको यो छापामार समूहले राष्ट्रिय राजनीतिमा कुनै हस्तक्षेप गर्न नसकिरहेको कटु यथार्थ त्यहाँ विद्यमान छ । पेरूको अर्को क्रान्तिकारी वामपन्थी पार्टीको रूपमा क्रियाशील, मार्क्सवाद-लेनिनवाद र माओवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्ने पेकपा (साइनिङ पाथ) ले राष्ट्रिय नागरिक मोर्चा लगायतका पेशागत संघर्षहरूप्रति कस्तो व्यवहार र विचार प्रदर्शन गरिरहेको छ त ? विगतमा साइनिङ पाथले आफ्नो भन्दा फरक सिद्धान्त बोक्ने र फरक खालको संघर्षको नीति अख्तियार गर्ने व्यक्ति, समूह, संगठन र पार्टीहरू माथि हिंसात्मक आक्रमण गर्ने गरेका दृष्टान्तहरू अध्ययन गरिरहेका ल्याटिन अमेरिकाविद्हरूका अनुसार यस्ता जनसंघर्षहरूप्रति त्यसले नकारात्मक रूख नै अपनाएको देखिन्छ । आफ्नो यो सोच र व्यवहारलाई केही परिवर्तन गरेर फुजिमोरी शासनविरूद्ध सबै पेशागत संगठनहरू र विपक्षीहरूको एकतावद्ध संघर्षका लागि यसले प्रयास गरे बेस हुन्छ भन्ने जन-आकांक्षा पूरा हुने संभावनाका भिल्काभिल्की कहीं कतै देखिएका छैनन् ।

जेहोस्, फुजिमोरीको अप्रजातान्त्रिक शासन, जनविरोधी अर्थनीति र तेस्रो पटकको उम्मेदवारीले उब्जाएको जनआक्रोशलाई यस पटक मजदूर आन्दोलनले मुखर रूपमा अभिव्यक्ति दिइरहेको छ । गत वर्षदेखि चर्किएको पेरूको मजदूर आन्दोलनले समाजका विभिन्न पेशागत संगठनहरूलाई पनि फुजिमोरीको तानाशाही शासनविरूद्ध सडकमा तान्न थालेको छ, विशेष गरी फुजिमोरीको तेस्रो पटक उम्मेदवारी रोक्ने सवालमा । सिंगो ल्याटिन अमेरिकामा जस्तै, राजनीतिक सचेतनता सहित सडकमा उत्रेका पेरूभियाली मजदूर वर्गको आन्दोलनले जन-संघर्षको विशाल संभावना र आवश्यकतातिर जोडदार संकेत दिन खोजिरहेको विश्वास लिइएको छ । साम्राज्यवाद र पूँजीवादविरूद्ध उठिरहेको मजदूर, विद्यार्थी र विभिन्न पेशाकर्मीहरूका संघर्षहरूले सशस्त्र संघर्ष गरिरहेका पार्टीहरूलाई जनसंघर्षबारे पुनर्विचार गर्न स्पष्ट रूपमा आग्रह गरिरहेको देखिन्छ ।

❑ राजेन्द्र महर्जन




आजै किनेर पढ्नुहोस्
अस्मिता मासिकको
कार्तिक अंक बजारमा
सर्वत्र उपलब्ध छ !

# टर्की

# दश वटा छापामार समूहहरूले संयुक्त क्रान्तिकारी मोर्चा गठन गरे !





टर्की कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) का संस्थापक नेता स्व. इब्राहिम कायपाक्काया (बायाँ) र वर्कर्स पार्टी अफ कुर्दिस्तानका संस्थापक नेता अब्दुल्ला ओकालान (दायाँ)

दर्जनौंदर्जन संख्यामा विभाजित भएर अमेरिकी साम्राज्यवाद र त्यसको मातियार- टर्की सरकारविरूद्ध छापामार संघर्ष चलाइरहेका टर्कीका ८ वटा छापामार समूहहरूले आ-आफ्ना सशस्त्र कारवाहीहरूलाई संयोजित र केन्द्रीकृत गर्ने उद्देश्यले हालै 'संयुक्त क्रान्तिकारी शक्तिहरूको मंच' (United Revolutionary Froces Platform-BDGP) गठन गरेका छन् ।

सो संयुक्त मोर्चामा कुर्द जनताको मुक्तिका लागि संघर्षरत रहेको दावी गर्ने सुधारवादी शक्ति 'कुर्दिस्तान श्रमिक पार्टी' (PKK) देखि बोल्शेभिकवादी र माओवादी समूहहरूको समेत संलग्नता रहेको छ । सो संयुक्त मोर्चाले साम्राज्यवाद, फासीवाद र अन्धजातिवाद विरोधी सिद्धान्तलाई आफ्नो कार्यगत एकताको मूल आधार मानेको छ ।

अहिले टर्कीमा सैनिकहरूको टर्कीश नेशनल सेक्यूरिटी काउन्सिल' (MGK) को नेतृत्वमा सरकार, संसद, संचार माध्यमहरू, प्रहरी-प्रशासन सबै छापामारहरू र उनीहरूका समर्थक जनताका विरूद्ध युद्धरत छन् । अमेरिकी साम्राज्यवादको नीति-निर्देशनमा चल्ने टर्कीका सैनिकहरूले संविधानलाई कागजको खोस्टो बनाई, सरकारलाई आफ्नो कठपुतली बनाई तुर्क जातिको एकाधिकार भएको फासीवादी शासन चलाइरहेका छन् । विशेष गरी सैनिकहरूले, अल्पसंख्यक जातिको रूपमा रहेको कुर्द जातिका जनताविरूद्ध सम्पूर्ण युद्ध चलाइरहेका छन् । यसका विरूद्ध कुर्दिस्तान श्रमिक पार्टी (PKK) ले विगतमा कुर्द जनताको आफ्नो मातृभाषा बोल्न, लेखन पाउने अधिकार लिन, उत्पीडित कुर्द जातिको अधिकार र सम्मान फिर्ता लिन र स्वतन्त्र कुर्दिस्तानको स्थापना गर्न, अनि सामाजिक मुक्तिका लागि सशस्त्र संघर्ष चलाइरहेको थियो ।

सच्चा प्रजातन्त्र र समाजवादको आकांक्षा राख्ने अरू थुप्रै वामशक्तिहरूले पनि आ-आफ्नै ढंगले सडक र जंगलमा सघर्ष संचालन गरिरहेका छन् । तिनीहरूको संघर्षको ठूलो विडम्वना भनेकै अन्तहीन विवाद र अनेकता थियो, त्यो पनि कहिल्यै नटुंगिने आपसी घृणा र हिंसात्मक संघर्षमार्फत् बेसी अभिव्यक्त हुने खालको ! दर्जनौंदर्जन टुक्रामा विभाजित टर्कीका वामपन्थी शक्तिहरू सके एकीकृत हुँदै, नसके संयुक्त मोर्चा वा कार्यगत एकता स्थापित गर्दै टर्कीको फासीवादी राज्यसत्ता विरूद्ध जाइलाग्नु पर्नेमा ससाना जमिन्दारहरू जमीनको एक-एक टुक्राका लागि लडेझैं आपसी विवाद र हिंसात्मक संघर्षमा उनीहरूको विगतको बेसी समय गुज्रिरहेको थियो ।

विगतका कमी-कमजोरीहरूबाट पाठ सिक्दै ८ वटा वामपन्थी छापामार समूहहरूले गरेको कार्यगत एकता टर्कीको वाम आन्दोलनका लागि निकै ठूलो फड्को सावित हुने छाँटकाँट देखिएको छ । आ-आफ्नो वैचारिक, राजनैतिक र सांगठनिक स्वतन्त्रतालाई कायम राख्दै, आ-आफ्ना विभिन्नता र विवादहरूको सही पहिचान गर्दै आफ्नो टर्कीको मुख्य शत्रु राज्यसत्ताविरूद्ध संयुक्त कारवाही चलाउन निश्चित बुँदाहरूमा कार्यगत एकता गर्न ती समूहहरू सफल भएका छन् । उनीहरूले कार्यगत एकतासम्वन्धी घोषणामा संघर्षका स्वरूपहरू आ-आफ्ना क्षेत्रको बस्तुगत स्थिति अनुकूल निर्धारण गर्ने स्वतन्त्रता पनि सबै समूहहरूलाई रहेको कुरा स्पष्ट शब्दमा उल्लेख गरेका छन् । यति लचिलो खालको कार्यगत एकता गर्ने वामपन्थी समूहहरूले संयुक्त क्रान्तिकारी शक्तिहरूको मंच गठनपछि 'क्रान्तिविना सच्चा प्रजातन्त्रको स्थापना र समाजवादको निर्माण संभव नभएको' कुरा उल्लेख गर्दै मोर्चा स्थापनासम्वन्धी घोषणामा भनेका छन् - 'सबै भाषा, जाति र नश्लका जनताबीच एकता, स्वतन्त्रता र समानताका लागि, सर्वहारा वर्ग लगायत सबै उत्पीडित जनताको मुक्तिका लागि, सच्चा प्रजातन्त्र र समाजवादका लागि क्रान्तिको जरूरत छ । क्रान्तिको लागि भइरहेको संघर्षमा हाम्रो कार्यगत एकताको प्रयासले पक्कै पनि सघाऊ पुऱ्याउने छ ।'

आ-आफ्ना मतभेद र विवादहरूलाई यथावत राख्दै बृहत खालको कार्यगत एकतामा संलग्न भएका वामपन्थी समूहहरूसँग पछिल्लो चरणमा थप दुईवटा समूहहरूले हातेमालो गरेको खबर छ । १० वटा वाम-समूहहरूको यस मोर्चाले कार्यगत एकतालाई झन् विस्तृत र बलियो बनाउने कुरामा कुनै शंका छैन ।

यसैबीच आफ्ना संस्थापक नेता अवदुल्ला ओजलानको गिरफ्तारी र आजीवनको कारावासको सजायँपछि PKK ले सशस्त्र संघर्षलाई रोक्दै टर्कीबाट पछि हट्ने र आ-आफ्नो हतियार नै समर्पण गर्ने निर्णय गरेबाट यस कार्यगत एकतामा के कस्तो असर पर्ने हो ?- अहिलेसम्म अनुत्तरित नै छ ।

❑

## संयुक्त क्रान्तिकारी शक्तिको मंचमा सहभागी भएका समूहहरू

१ PKK (वर्कर्स पार्टी अफ कुर्दिस्तान)
२. TKP (ML) कम्युनिष्ट पार्टी अफ टर्की (मार्किसस्ट लेनिनिष्ट)
३. MLKP (मार्किसष्ट- लेनिनिष्ट कम्युनिष्ट पार्टी)
४. TDP (रिभोल्युशनरी पार्टी अफ टर्की)
५. DHP (रिभोल्युशनरी पिपुल्स पार्टी)
६. DS (रिभोल्युशनरी लेफ्ट)
७. TKP-K (कम्युनिष्ट पार्टी अफ टर्की - किभिल्सिम)
८. BP/KK-T (बोल्शेभिक पार्टी /नर्थ कुर्दिस्तान-टर्की)
९. DSIH (रिभोल्युशनरी सोशलिष्ट लेबोर मुभमेन्ट)
१०. BYDO (बेथ-नाहरिन प्याट्रियोटिक रिभोल्युशनरी अर्गनाइजेशन)

विजया दशमी तथा शुभ दीपावली २०५६ को सुखद् उपलक्ष्यमा यहाँको सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल औद्योगिक विकास निगम

ने.औ.वि.नि.भवन, पो.ब.नं. १०
दरबारमार्ग, काठमाडौं, नेपाल
फोन नं. २२८३२२

**प्रत्येक नेपालीको थाप्लामा जन्मने बित्तिकै रू ७२५० को विदेशी ऋणको थैलीले थिचिरहेको स्थिति देशमा पैदा भएको छ ।**

शर्तहरू अत्यन्त निर्मम र ज्यानमारा हुँदै गएका छन् । सहयोगको उद्देश्य नै बदलिएको छ ।

सन् १९६० सम्म नेपालमा जति विदेशी सहयोग भित्रिन्थ्यो- या त अनुदानको रूपमा भित्रन्थ्यो, या प्राविधिक सहयोगका रूपमा । अतः त्यतिवेलासम्म नेपालले तिर्नुपर्ने कुनै विदेशी ऋण थिएन । तर, पहिलो चोटि सन् १९६० मा, नेपालको औद्योगिक विकास कर्पोरेशनलाई मजवूत पार्ने भनेर नियमित अनुदानका साथसाथै अमेरिका र जर्मनीबाट बिदेशी ऋणको सानो थैलो प्राप्त भयो । त्यसयता बिदेशी ऋण कहिल्यै घटेन, वरू उल्टो अनुदानको क्रमिक हत्याको मूल्यमा यो बढ्दै गयो । (हेर्नुहोस् - आशुतोष तिवारी, Himal, March/April 1992 पृष्ठ १०)

१९५० को दशकसम्म बिदेशी सहायता संपूर्ण रूपमा अनुदानमा आधारित हुनाले नेपालको थाप्लामा कुनै दायित्व थिएन । तर १९६० को दशकको प्रारम्भदेखि अर्थात् सन् १९६१ देखि विदेशी सहायता ऋणको रूपमा आउन थाल्यो । १९७० को दशकसम्म अझै पनि ऋणभन्दा अनुदान निकै ज्यादा थियो । परन्तु १९८० को दशकको मध्य बिन्दुबाट अर्थात् सन् १९८५ बाट नेपालले पाउने बिदेशी सहायताको संरचनामा गुणात्मक हेरफेर देखापर्‍यो : अब विदेशी सहायतामा ऋणको अंशले अनुदानको अंशलाई उछिन्न थाल्यो । सन् १९८४/८५ सम्म ऋणको अंश विदेशी सहायताको एक तिहाइ मात्र हुन्थ्यो, दुई तिहाइ भाग अनुदान हुन्थ्यो । अब स्थिति बिल्कूलै उल्टियो : कुल बिदेशी सहायतामा ऋणको अंश दुई तिहाइ हुनथाल्यो, अनुदानको थैली चाहिं सिर्फ एक तिहाइ मात्र । लगभग त्यही स्थिति यो बर्षको बार्षिक बजेटसम्म पनि कायम छ । यो बर्षको विदेशी सहायतामा ३२ प्रतिशत रकममात्रै अनुदानबाट आउने आशा राखिएको छ, बाँकी ६८ प्रतिशतका लागि विदेशी ऋणकै मुख ताकिएको छ । (हेर्नुहोस् टेबुल १)

बिदेशी सहायतामा ऋणको अनुपात मात्र बढेको होइन, ऋणको थैलीमा पनि अपार बृद्धि भएको छ । १९६१/६२ अर्थात् २०१८/१९ सालमा नेपालमा भित्रिने विदेशी सहयोगमा ऋणले पहिलो पटक पदार्पण गर्दा ऋणको परिमाण खालि दश लाख रूपैयाँ थियो । स्मरणीय छ, त्यो पंचायती व्यवस्थाको प्रारम्भको बर्ष थियो । तर पंचायती व्यवस्था मृत्युको घाटमा पुग्दा २०४६/४७ सालमा त्यसले नेपालीका थाप्लामा ३६ अरब ८० करोड रूपैयाँ ऋण बोकाएर गएको थियो । पंचायतकालको तीसै बर्षमा विदेशी ऋणको थैलीमा ३७ हजार गुणा बृद्धि भएको थियो ।

२०१८ सालमा नेपालको जनसंख्या ९४ लाख थियो । यस हिसावले प्रत्येक नेपालीका थाप्लामा त्यो साल १० पैसा मात्र विदेशी ऋण थियो । २०४६ सालमा नेपालको जनसंख्या एक करोड ८० लाख पुगेको थियो, २०१८ सालको झण्डै दोब्बर । यस हिसावले प्रत्येक नेपालीका थाप्लामा दुई हजार रूपैयाँ विदेशी ऋण लागेको थियो ।

अहिले नेपाल राष्ट्रको थाप्लामा परेको विदेशी ऋण, वहुदलीय व्यवस्था आएको दशै बर्षमा, २०५५ साल चैत मसान्तमा १७४ अरव रूपैयाँ पुगेको छ । यसको अर्थ प्रत्येक नेपालीको थाप्लामा जन्मने वित्तिकै रू ७२५० को विदेशी ऋणको थैलीले थिचिरहेको स्थिति देशमा पैदा भएको छ ।

सन् १९६१ मा नेपाल विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको सदस्य बन्यो । यहींबाट नेपालले पाइरहेको बिदेशी सहयोगमा वहुपक्षीय सहयोगले दरोसित प्रवेश गर्नथाल्यो । तथापि १९७० को दशकसम्म, अझ सन् १९८१/८२ सम्मै, मुलुक-मुलुकले दिने द्विपक्षीय सहयोग नै बहुपक्षीय सहयोग भन्दा ज्यादा हुनेगर्थ्यो । परन्तु यस मामलामा पनि १९८० को दशकको प्रारम्भकालदेखि नै दुई पक्षीय सहयोगलाई बहुपक्षीय सहयोगले उछिन्न थाल्यो । १९७० को दशकमा चीन र भारत नेपाललाई सवभन्दा धेरै सहयोग दिने द्विपक्षीय सहयोगदाता मुलुकहरू थिए । सन् १९८२/८३ देखि भने, बहुपक्षीय सहयोग थोरै ज्यादा (५४ प्रतिशत) हुन थाल्यो । सन् १९९०/९१ मा पुग्दा त नेपालले पाउने विदेशी सहयोगमा बहुपक्षीय सहयोगको अंश ६० प्रतिशत हुनथाल्यो, द्विपक्षीय सहयोगको अंश खालि ४० प्रतिशत । सन् १९९७ मा पनि १९९० मा जस्तै नेपालले पाएको कुल विदेशी सहयोगमध्ये बहुपक्षीय सहयोगको अंश पांच भागमा तीन भाग हुन पुगेको छ । बहुपक्षीय सहयोग दिने संस्थाहरूमध्ये प्रमुख संस्था भएका छन् - एशियाली विकास बैंक, विश्व बैंक र संयुक्तराष्ट्र संघीय एजेन्सीहरू । द्विपक्षीय सहयोग दिनेमा चाहिं जापान सबभन्दा जेठो भएको छ ।

यसबीच विदेशी सहयोगको चरित्रमा काफी धेरै अन्तर आएको छ । १९६० र १९७० को दशकसम्म विदेशी सहायताका रूपमा जुन थैली आउँथ्यो, त्यसको केही अंश दाता राष्ट्रमैं फर्किनु पर्ने वाध्यता पूर्वशर्तका रूपमा राखिन्थ्यो । तथापि अन्य शर्तहरू त्यति निर्मम र ज्यानमारा थिएनन् । ऋणको थैली चुक्ता गरेपछि कुरा सकिन्थ्यो । तर १९८० को दशकदेखि विदेशी सहायताका शर्तहरू अत्यन्त निर्मम र देशको प्रभुसत्ता नै खाइदिने खालका हुनथालेका छन् । विशेषतः सन् १९८५ मा विश्व बैंक र मुद्राकोषको संरचनागत समायोजन कार्यक्रम (Structural Adjustment Programme-SAP) नेपालले स्वीकारेपछि यो स्थिति पैदाभएको छ । अब बहुपक्षीय दाताहरू ऋण बेलैमा चुक्ता गर्ने मात्र माग गर्दैनन्, ऋणको शर्तका रूपमा अर्थतन्त्रको संपूर्ण संरचना र नीति नै उनीहरूले भने अनुसार बदल्ने माग गर्छन् । सरकारले विदेशी वस्तुलाई लगाएको संरक्षणमुखी भन्सार महशूलको पर्खाल डाइङुइ भत्काएर उनीहरूले भनेको दरमा भन्सार महशूल लगाउने माग गर्छन् । सरकारले जनताको आधारभूत आवश्यकताका बस्तु र सेनामा दिई आएको अनुदान पूरै बन्द गर्ने माग गर्छन् । सरकारी कंपनीहरू निजीकरण गर्ने माग गर्छन् । पानी महशूल र विद्युत महशूल समेत सरकारले कति तोक्नु बढाउनु पर्ने हो, एशियाली विकास बैंक र विश्व बैंकले किटान गर्छ । सरकारको बजेट- संसदमा पेश गर्नु अघि विश्व बैंकले अनुमोदन गर्नुपर्ने शर्त समेत उनीहरूको रहन्छ । अरूण तेश्रोको ऋणमा ठीक यस्तै शर्तहरू थिए ।

यति मात्र होइन, सहयोगको शर्तका रूपमा गाडी कुन देशमा किन्ने, मेशीन र उपकरण कुन देशको प्रयोग गर्ने, कति तलव खाने, परामर्शदाता कुन मुलुकबाट आउने, प्रविधि कुन प्रयोग गर्ने- सवै उनीहरूले भने अनुसार हुनपर्ने हुन्छ । यसो गर्दा विदेशी सहायताको अत्यधिक अंश दाताहरूकै थैलीमा फर्कने पक्कापक्की हुन्छ । अहिले विदेशी सहायताको लगभग ७० देखि ८० प्रतिशत अंश सहायता दिने कै थैलीमा फर्किरहेको अनुमान छ ।

यस प्रकार १९७० को दशकसम्म आफ्नो खेमामा तान्ने उद्देश्यले ज्यादा प्रेरित विदेशी सहायताका शर्तहरू १९८०को दशकदेखि र शीतयुद्धको अन्तपछि पश्चिमाली तैयारी माल, पूँजी र प्रविधिलाई निस्कंण्ट विश्वबजार खोल्ने उद्देश्यबाट प्रेरित देखिएको छ । प्राप्तकर्ता मुलुकलाई पूरै विदेशी सहायतामा निर्भर नयाँ उपनिवेशमा बदल्ने उद्देश्यबाट प्रेरित देखिएको छ ।

१९७६ मा "नेपाल सहायता समूह (NAG)" गठन गरेपछि संपूर्ण पश्चिमाली द्विपक्षीय र बहुपक्षीय दाताहरूले एउटै एकीकृत संस्थामार्फत् संयोजित रूपमा आफ्ना शर्तहरू हामीमाथि लाद्न निकै सजिलो भएको छ ।

उनीहरूले कहिले "आयात प्रतिस्थापन कार्यक्रम"मा जोडदिने नारा ल्याउँछन्, कहिले निर्यातमुखी आर्थिक बृद्धिको, कहिले उनीहरू आधारभूत आवश्यकताको पूर्तिको नारा ल्याउँछन्, कहिले एकीकृत ग्रामीण विकास कार्यक्रमको नारा, कहिले उनीहरू उदारीकरणको नारा ल्याउँछन्, कहिले गरीवी निवारणको, कहिले संरचनागत समायोजनको नारा ल्याउँछन्, कहिले दिगो विकासको । हरेक ५-५ बर्षजसोमा उनीहरूको नारा बदलिंदै आएको छ । नेपालको

*टेबिल-१*

**कसरी अनुदानलाई ऋणले उछिन्यो ?**

| साल | अनुदानको अनुपात प्रतिशतमा | ऋणको अनुपात प्रतिशतमा |
|---|---|---|
| सन् १९५१ देखि | | |
| सन् १९६० सम्म | १००% | शून्य |
| सन् १९६१/६२ | ९९.५% | ०.५% |
| सन् १९६३/६४ | ९३.६% | ६.४% |
| सन् १९७५/७६ | ७१.१% | २८.९% |
| सन् १९८४/८५ | ६५.५% | ३४.५% |
| सन् १९८५/८६ | ३२.१% | ६७.९% |
| सन् १९९०/९१ | २७.९% | ७२.१% |
| सन् १९९५/९६ | ३३.८% | ६६.२% |
| सन् १९९६/९७ | ३९.८% | ६०.२% |
| सन् १९९७/९८ | ३२.८% | ६७.२% |
| सन् १९९८/९९ | २०.७% | ७१.३% |
| सन् १९९९/२००० | ३१.८% | ६८.२% |

*स्रोत : ◆ सन् १९७५/७६ सम्मको अनुदान र ऋण सवन्धी तथ्यांक : S.R Poudyal, Foreign trade, Aid and Development in Nepal, 1988, New Delhi, Common wealth Publishers P. 176 ◆ सन् १९७५/७६ पछिका तथ्यांकहरू- अर्थमन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण र वजेट बक्तव्यहरू ।*

# कसरी आइरहेछ विदेशी अनुदान र ऋण ?

| बर्ष | अनुदान (नेपाली रुपिया) | ऋण (नेपाली रुपियाँ) | कूल विदेशी सहायता(नेपाली रुपियाँ) | राष्ट्रिय बजेट (नेपाली रुपियाँ) | विदेशी सहायता (बजेटको प्रतिशत) | अमेरिकी डलरको विनिमयदर | कूल विदेशी सहायता (यु.एस.डलरमा) | विदेशी सहायतामा अनुदानको प्रतिशत | विदेशी सहायतामा ऋणको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १९५०/५१ | १०.१ | - | १.०१ | २४.६९ | ४.०९ | ७.६८ | ०.१३ | १०० | ० |
| १९५१/५२ | १.०१ | - | १.०१ | ५२.५२ | १.९२ | ७.६८ | ०.१३ | १०० | ० |
| १९५२/५३ | - | - | ०.०० | ५२.९३ | ०.०० | ७.६८ | ०.०० | १०० | ० |
| १९५३/५४ | - | - | - | ६६.६६ | खर्च र राजस्वको बाँडफाँड | | | | ० |
| १९५४/५५ | - | - | - | ६३.४६ | उपलब्ध छैन | | | | ० |
| १९५५/५६ | ०.०१ | - | ०.०१ | ६९.४६ | ०.०१ | ७.६८ | ०.०० | १०० | ० |
| १९५६/५७ | १.०० | - | १.०० | ४४.४४ | २.२५ | ७.६८ | ०.१३ | १०० | ० |
| १९५७/५८ | १.०० | - | १.०० | ५५.७१ | १.८० | ७.६८ | ०.१३ | १०० | ० |
| १९५८/५९ | ८६.४२ | - | ८६.४२ | ११२.५२ | ७६.८० | ७.६८ | ११.२५ | १०० | ० |
| १९५९/६० | १११.६९ | - | १११.६९ | २४८.९६ | ४४.८६ | ७.६८ | १४.५४ | १०० | ० |
| १९६०/६१ | २२७.५० | - | २२७.५० | ३७७.२० | ६०.३१ | ७.६८ | २९.६२ | १०० | ० |
| १९६१/६२ | १२८.८४ | - | १२८.८४ | ३०४.३६ | ४२.३३ | ७.६८ | १६.७८ | १०० | ० |
| १९६२/६३ | १२८.३६ | - | १२८.३६ | २९७.८५ | ४३.१० | ७.६८ | १६.७१ | १०० | ० |
| १९६३/६४ | १२५.०० | १३.४४ | १३८.४४ | २९५.४३ | ४८.८६ | ७.६८ | १८.०३ | ९०.२९ | ९.७१ |
| १९६४/६५ | १४१.०५ | ५.८६ | १४६.९१ | ३४९.८५ | ४१.९९ | ७.६८ | १९.१३ | ९०.०१ | ३.९९ |
| १९६५/६६ | १७५.३० | ३.३० | १७८.६० | ४२८.११ | ४१.७२ | ७.६८ | २३.२६ | ९८.१५ | १.८५ |
| १९६६/६७ | १४२.२३ | ३.७० | १४५.९३ | ४३८.८४ | ३३.२५ | ७.६८ | १९.०० | ९७.४६ | २.५४ |
| १९६७/६८ | १६७.६० | - | १६७.६० | ४८१.१० | ३४.८४ | १०.२० | १६.४३ | १०० | ० |
| १९६८/६९ | १८५.९० | - | १८५.९० | ५३७.२१ | ३४.६० | १०.२० | १८.२३ | १०० | ० |
| १९६९/७० | २४३.७४ | ७.५५ | २५१.३० | ६८३.८३ | ३६.७५ | १०.२० | २४.६४ | ९६.९९ | ३.०० |
| १९७०/७१ | २७०.६९ | ३२.४६ | ३०३.१४ | ७६९.५० | ३९.३९ | १०.२० | २९.७२ | ८९.२९ | १०.७१ |
| १९७१/७२ | २४२.०४ | ३८.८९ | २८.०९२ | ८८९.६० | ३१.५८ | १०.२० | २७.५४ | ८६.१५ | १३.८४ |
| १९७२/७३ | १८०.२६ | ४७.३८ | २२७.६४ | ९८२.८० | २३.१६ | १०.२० | २१.४६ | ७९.१८ | २०.८१ |
| १९७३/७४ | २२२.६२ | ८७.८७ | ३१०.४९ | १,२२६.३१ | २५.३२ | १०.६० | २९.२९ | ७१.७० | २८.३० |
| १९७४/७५ | २८२.७९ | १०३.९७ | ३८६.७७ | १,५१३.७० | २५.५५ | १०.६० | ३६.४९ | ७३.११ | २६.८८ |
| १९७५/७६ | ३५९.७२ | १४५.९४ | ५०५.६५ | १,९१३.३० | २६.४३ | १२.५५ | ४०.२९ | ७१.१४ | २८.८६ |
| १९७६/७७ | ३९२.६६ | १६४.३२ | ५५६.९८ | २,३३०.४० | २३.९० | १२.५५ | ४४.३८ | ७०.५० | २९.५० |
| १९७७/७८ | ४६६.६० | ३८१.८० | ८४८.४० | २,६७४.९० | ३१.७२ | १२.१० | ७०.१२ | ५५.०० | ४५.०० |
| १९७८/७९ | ५९९.३० | ३९०.१० | ९८९.४० | ३,०२०.५० | ३२.७६ | १२.१० | ८१.७७ | ६०.५७ | ३९.४३ |
| १९७९/८० | ८०५.६० | ५३४.९० | १,३४०.५० | ३,४७०.७० | ३८.६२ | १२.१० | ११०.७९ | ६०.०९ | ३९.९० |
| १९८०/८१ | ८६८.९० | ६९३.३० | १,५६२.२० | ४,०९२.३० | ३८.१७ | १२.१० | १२९.११ | ५५.६२ | ४४.३८ |
| १९८१/८२ | ९९३.३० | ७२९.९० | १,७२३.२० | ५,३६१.३० | ३२.१४ | १३.३० | १२९.५६ | ५७.६४ | ४२.३६ |
| १९८२/८३ | १,०९०.१० | ९८५.८० | २,०७५.९० | ६,९७९.२० | २९.७४ | १४.६० | १४२.१८ | ५२.५१ | ४७.५९ |
| १९८३/८४ | ८७६.६० | १,६७०.९० | २,५४७.५० | ७,४३७.३० | ३४.२५ | १६.५० | १५४.३९ | ३४.४१ | ६५.५९ |
| १९८४/८५ | ९२३.४० | १,७५३.०० | २,६७६.४० | ८,३९४.८० | ३१.८८ | १७.८० | १५०.३६ | ३४.५० | ६५.५० |
| १९८५/८६ | ११७२.९० | २५०१.१० | ३६७४.०० | ९,७९७.१० | ३७.५० | २१.३० | १७२.४९ | ३१.९२ | ६८.०८ |
| १९८६/८७ | १२८५.१० | २७०५.८० | ३९९०.९० | ११,५१३.२० | ३४.६६ | २२.०० | १८१.४० | ३२.२० | ६७.८० |
| १९८७/८८ | २०७६.८० | ३८१५.८० | ५,८९२.६० | १४,१०५.०० | ४१.७६ | २३.७० | २४८.६३ | ३५.२४ | ६४.७६ |
| १९८८/८९ | १६८०.६० | ५६६६.४० | ७,३४७.०० | १८,००५.०० | ४०.८१ | २७.६० | २६६.२० | २२.८७ | ७७.१३ |
| १९८९/९० | १९७५.४० | ५९५९.६० | ७,९३५.०० | १९,६६९.३० | ४०.३४ | २९.३० | २७०.८२ | २४.८९ | ७५.११ |
| १९९०/९१ | २१६४.८० | ६२५६.७० | ८,४२१.५० | २३,५९४.८० | ३५.६९ | ४२.९० | १९६.३१ | २५.७१ | ७४.२९ |
| १९९१/९२ | १६४३.८० | ६८१६.९० | ८,४६०.७० | २६,४१८.२० | ३२.०३ | ४२.८० | १९७.६८ | १९.४३ | ८०.५७ |
| १९९२/९३ | ३७९३.३० | ६९२०.९० | १०,७१४.२० | ३०,८९७.७० | ३४.६८ | ४९.४८ | २१६.५४ | ३५.४० | ६४.६० |
| १९९३/९४ | २३९३.६० | ९,१६३.६० | ११,५५७.२० | ३३,५९७.४० | ३४.०४ | ४९.५९ | २३३.०६ | २०.७१ | ७९.२९ |
| १९९४/९५ | ३९३७.१० | ७,३१२.३० | ११,२४९.४० | ३९.०६०.०० | २८.८० | ५०.९४ | २२०.८४ | ३५.०० | ६५.०० |
| १९९५/९६ | ४,८२५.१० | ९,४६३.९० | १४,२८९.०० | ४६,५४२.४० | ३०.७० | ५६.८० | २५१.५७ | ३३.७७ | ६६.२३ |
| १९९६/९७ | ६,९८८.३० | ९,०४३.६० | १५,०३१.९० | ५०,७२३.७० | २९.६३ | ५७.३० | २६२.३४ | ४६.४९ | ६०.१६ |
| १९९७/९८ | ५४०२.६१ | ११०५४.५१ | १६४५७.१२ | ५६,११८.३० | २९.३३ | ६८.२५ | २४१.१३ | ३३.८३ | ६७.१७ |
| १९९८/९९* | ५८८६.१७ | १४६०६.२५ | २०४९२.४२ | ६३,०४३.०९ | ३२.५१ | ६८.८० | २९७.८५ | २८.७२ | ७१.२८ |
| १९९९/००** | ८६५५.३७ | १८५६४.१० | २७२१९.४७ | ७७२३८.२२ | ३५.२४ | ६९.७० | ३९०.५२ | ३१.८० | ६८.२० |
| जम्मा | ६३३२३.१९ | १२७,६४५.८४ | १९०,९६९.०२ | | | | ५०७२.९७ | ३३.१६ | ६६.८४ |

* संशोधित अनुमान ** अनुमान

<u>टिप्पणी</u> : आर्थिक वर्ष १९६५/६६ भन्दाअधिको आधिकारिक विनिमय दर उपलब्ध छैन । तसर्थ, १९६६ अधिको सबै बर्षमा उही विनिमय दर लेखिएको छ ।

स्रोत :- १. Budget in Nepal (an extract of budget tables, 1951/52- 1981/82)

२. आर्थिक सर्भेक्षण, आर्थिक बर्ष २०५५/५६ अर्थ मन्त्रालय

प्रत्येक सरकारले बच्चाले मीठाइ पाएभैँ चूपचाप आँखा चिम्लेर ती सबै विकासे नाराको अनुसरण गर्दै आएको छ ।

१९७० को दशकमा नेपालको "विकास" गर्न भनेर दाताहरूले नेपाललाई बाल्कन क्षेत्रभैँ टुक्राटुक्रा पारेर बाँडे । एकीकृत ग्रामीण विकासका नाममा अमेरिकीहरूले राप्ती क्षेत्र बाँडेर लिए, जर्मनहरूले मध्य गण्डकी; स्वीसहरूले दोलखा-सिन्धुपाल्चोक क्षेत्र रोजे भने, क्यानाडालीहरूले कर्णाली भेरी; बेलायतीहरूले कोशी क्षेत्र छाने भने, यूरोपेली समुदायले -काभ्रे, सिन्धुपाल्चोक, ललितपुर, मकवानपुर । यो विकास कार्यक्रम अधिकांश ठाउँमा नराम्ररी फेल खायो । अहिले माओवादी विद्रोह त्यहींबाट ज्वालामुखीभैँ बिष्फोट भएको छ, जहाँ अमेरिकीहरूले ग्रामीण विकास कार्यक्रम चलाएका थिए । चरम गरीबी र पछौटेपनको समस्या अमेरिकीहरूले त्यहाँ हल गरेका भए अहिले माओवादीहरूले रोल्पा, रूकुम, सल्यान, जाजरकोटमा आधार इलाका निर्माण गर्न सक्ने हदको स्थिति नै बाँकी रहँदैनथ्यो ।

अहिले नेपालमा विदेशी सहायता आएको करीब ५० वर्ष पुगेको छ । यो आधा शताब्दीमा नेपालमा कुल १ खरब ६२ अरब रूपैयाँ विदेशी सहयोग भित्रीसकेको छ । २००७ सालमा नेपालमा जम्मा १० लाख, रूपैयाँ विदेशी सहायता भित्रिएको थियो । २०५५/५६ सालमा नेपालमा साँढे बीस अरब रूपैयाँ विदेशी सहयोग भित्रियो । यसरी विदेशी सहयोगको थैलीमा यो अवधिमा बीस हजार गुणाभन्दा पनि ज्यादा वृद्धि भएको छ, जबकि जनसंख्या भने यस बीचमा साँढे दुई गुणा मात्र वृद्धि भएको छ ।

यसो भएपछि त नेपालमा चौपट्टै विकास भएको हुनुपर्ने । परन्तु नेपालमा ५० बर्षको विदेशी सहायताले आर्थिक वृद्धि मात्र गरेको छ, बिकास गरेको छैन । निश्चितै रूपमा विदेशी सहायताले सडक बढेका छन्, स्कूल बढेका छन्, अस्पताल बढेका छन्, टेलिफोन बढेको छ, बिजुली आएको छ, विश्वसँग नेपालको संपर्क बढेको छ । तर मुख्य कुरो जनताको गरीवी घटेन, सामाजिक असमता घटेन । बरू उल्टो बढ्यो । सन् १९७७ मा ३६ प्रतिशत नेपाली गरीवीको रेखामुनि थिए, १९९७ मा ४५ प्रतिशत नेपालीहरू गरीवीको रेखामुनि पुगेका छन् । देशको राष्ट्रिय आयमा तल्ला ४० प्रतिशत जनताको हिस्सा १९८५ मा २३ प्रतिशत थियो, १९९६ मा त्यो घटेर ११ प्रतिशत हुन आइपुगेको छ । यही समयावधिमा माथिल्ला १० प्रतिशत धनाढ्य जनताको हिस्सा चाहिं २३ प्रतिशतबाट बढेर ५२ प्रतिशत पुगेको छ । (हेर्नुहोस्, NESAC, Nepal Human Development Report 1998 - पृष्ठ ११६) यसको तात्पर्य नेपालमा गरीवी निवारण नै विदेशी सहयोगको लक्ष्य भनेर जतिसुकै नारा लाए पनि विदेशी सहयोगका साथसाथ गरीवी भन् भन् बढ्दैछ । धनी - गरीब बीचको असमताको खाडल अरू ज्यादा गहीरो भएको छ ।

हो, सडकहरू जिल्ला जिल्लामा पुगेका छन् । तर गएको ५० बर्षमा विदेशी सहायताले न त नेपालको कृषि उत्पादन र उत्पादकत्व बढायो, न औद्योगिक उत्पादन । उत्पादन नबढ्नाले ती सडकले बढीजसो विदेशी सामान मात्र गाउँगाउँमा ओसारे, गाउँसित विदेशलाई बेच्ने त्यतिविधि सामान नै भएन । फलस्वरूप गाउँको खल्तीको पैसा ज्यादाजसो बाहिरी मुलुकमा पुग्यो । गाउँ अरू ज्यादा परनिर्भर र कंगाल भयो ।

विदेशी सहयोग अत्यन्त धेरै सिंहदर्वार केन्द्रित र शहर केन्द्रित भयो । त्यसैले यसबाट सबैभन्दा ज्यादा उच्च- पदस्थ नोकरशाहहरू मोटाए, सिंहदरवारको घुम्ने मेचमाथि बस्ने मन्त्रीहरू मोटाए । यसले नव धनाढ्यहरूको एउटा नयाँ बर्ग नै सिर्जना गऱ्यो, जो नेपालकै नागरिक हुनुको हैसियतले देशको शासन-प्रशासन चलाउन अधिकार प्राप्त छ तर उसको आस्था, चिन्तन र जीवनशैली चाहिं पूर्णतः पश्चिमेली र दातानिर्भर छ । पहिले पहिले दलाल पूँजीपति वर्गको कुरो गरिन्थ्यो । यहाँ त विदेशी सहयोगले दलाल नेता वर्ग र दलाल नोकरशाही वर्ग जन्माएको पाइएको छ ।

शहरका पुराना धनाढ्यहरू अरू ज्यादा धनाढ्य त भए नै, विदेशी सहयोगले निकै छिटै शहरमा वौद्धिक नव मध्यमवर्गलाई हुर्कायो । मूल शहर राजधानीमा आलोचनात्मक चिन्तन खुलस्त राख्न सक्ने स्वतन्त्र वुद्धिजीवि नै भेट्न मुश्किल भयो । धेरैभन्दा धेरै प्रतिभाबाट बृद्धिजीविलाई छिटोभन्दा छिटो विदेशी डलरले दलाल बनायो । बौद्धिक दलाल नव मध्यमवर्ग नामको एउटा नयाँ वर्ग सिर्जना भएको देखियो । सवैभन्दा ज्यादा यसले सिंगै मुलुकलाई दातानिर्भर बनायो । जनताको स्वपहलकदमी, स्वाभिमान र स्वावलम्वी विकासलाई यसले स्वाहा नै पाऱ्यो । हिजो पाठशालादेखि लिएर पुलसम्म पनि आफैं बनाउन तम्सने जनताहरू आज एउटा धारो कुलो हाल्न पनि सांसदको मुख ताक्ने र सिंगै गाउँ सिंहदर्वार केन्द्रित र सिंहदरर्वार चाहिं विश्व बैंक केन्द्रित भएको छ ।

यो हविगतका लागि विदेशी दाताहरू दोषी त छन् नै किनकि उनीहरूले सिर्जना गर्न खोजेको स्थिति नै परनिर्भरताको स्थिति हो । तर मूल दोष हाम्रै शासक वर्ग र राजनैतिक नेतृत्वको हो । हाम्रो राष्ट्रको आवश्यकता के हो ? हाम्रो प्राथमिकता के हो ? हाम्रो देश विकासको बाटो र मानचित्र के हो ? त्यो निधो गर्ने जिम्मेवारी समेत आफूले नलिएर- विदेशी दातालाई सुम्पने प्रवृत्ति हाम्रा शासकवर्गमा भएपछि देशको हविगत यस्तो नभए कस्तो हुन्छ ? डलर नभईकन देशको विकास कहीं कतै पनि स्वावलम्वी किसिमले गर्नै सकिन्न भन्ने मनोभाव देशको जहाज हाँक्ने ज़हाजीहरूमा छताछुल्ल भएपछि देशको दुर्दशा यस्तो नभए कस्तो हुन्छ ?

हाम्रो देशको आवश्यकता, हाम्रा प्राथमिकताहरू, हाम्रो विकासको बाटो हामी आफैले तय गर्ने, मूलतः स्वावलम्वी विकासको बाटो समात्ने, र जसको लागि योजना संचालन गर्ने हो, त्यसको तर्जुमा र संचालनमा तिनै जनतालाई सामेल गर्ने, यति तीनवटा कदम मात्र उठाउने हो भने पनि विदेशी सहायताले अहिले पैदा गरेका अधिकांश विकृतिहरू खत्तम हुने देखिन्छन् । विदेशी सहयोग त त्यहाँ मात्रै निम्त्याइनु पर्छ जुन क्षेत्रमा राष्ट्रले विकास त गर्नै पर्छ, तर हामीसित त्यो क्षेत्र विकास गर्ने शीप पनि छैन, प्रविधि पनि छैन, पैसो पनि छैन । ❑

## जति विदेशी सहयोग आए पनि गरीबी कसरी बढ्दैछ ?

*गाउँ र शहरमा गरीबीको प्रवृत्ति (गरीबीको रेखामुनि जनसंख्याको प्रतिशत)*

| स्रोत | बर्ष | गाउँ क्षेत्रमा | शहरी क्षेत्रमा | सिंगै नेपालमा | गरीब जनसंख्या हजारमा | वार्षिक परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय योजना आयोग | १९७७ | ३७.२ | १७.० | ३६.२ | ४,८९७ | - |
| नेपाल राष्ट्र बैंक | १९८५ | ४३.२ | १९.२ | ४२.५ | ६,८५२ | ५.०० |
| विश्व बैंक/युएनडिपी | १९८९ | ४२.० | १५.० | ४०.० | ७,६९४ | ३.०७ |
| केन्द्रिय तथ्याङ्क विभाग | १९९६ | ४७.० | १८.० | ४५.० | ९,५०७ | ३.३६ |

## कसरी बढ्दैछ हाम्रो कुल तिर्न बाँकी विदेशी ऋण ?

| आ.ब. | कूल तिर्न बाँकी विदेशी ऋण | कूल गार्हस्थ्य उत्पादनको अनुपात | प्रत्येक वर्ष विदेशी ऋणको सावाँ ब्याज भुक्तानी रकम | विदेशी ऋणको सावाँ ब्याजको तुलनामा राजस्वको अनुपात प्रतिशत |
|---|---|---|---|---|
| २०३१/३२ | ३४.६१ | २.१ | १.१२ | १.१ |
| २०३५/३६ | १३२.०९ | ६.० | २.३२ | १.३ |
| २०४०/४१ | ६३२.११ | १६.१ | १२.८२ | ३.८ |
| २०४५/४६ | २९२१.६९ | ३४.० | ७०.१३ | ९.० |
| २०५०/५१ | १०१९६.६८ | ५३.८ | २४८.८७ | १२.७ |
| २०५१/५२ | ११३००.०९ | ५३.८ | २९८.४७ | १२.२ |
| २०५२/५३ | १२८०४.४४ | ५३.५ | ३३०.४३ | ११.९ |
| २०५३/५४ | १३२०८.६८ | ४९.० | ३३४.९४ | ११.० |
| २०५४/५५ | १४९२१.९२ | ५२.७ | ४०९.५८ | १२.४ |
| २०५५/५६ | १७३८६.११ | ५०.५ | ४९५.२८ | १३.४ |

◆ स्रोत: आर्थिक सर्भेक्षण, २०५४/५५ र २०५५/५६, अर्थ मन्त्रालय । बजेट बक्तव्य- २०५६/५७

## बुझ्नै पर्ने कुरा

'मूल्यांकन'को गत अंक बेलैमा हात पऱ्यो । यसको "आवरण कथा" सबै सार्वभौमसत्ताप्रेमी नेपालीको निम्ति अत्यन्तै जरूरी बुझ्नु पर्ने कुरा छ । त्यसपछिको राष्ट्रिय प्रसंगमा सरकारको २० वर्षे स्वास्थ्य नीतिबारे डा. चैतन्य मिश्रको विचार प्रेरणात्मक छ । 'आत्म कथा' र 'घटना र प्रवृत्ति' पनि अनुकरणीय छन् । 'व्यंग्य' अन्तर्गतको कथाले नेपालका अहिलेका नेताहरूको विकृतिमूलक व्यवहारलाई र पूँजीमा बिक्ने तथा पैसाभन्दा सस्तो राजनीति देशमा भएकोजस्तो अनुभव भयो । 'जीवनको झाँकी' र 'नीति संस्कृति' पठनीय छन् । 'विश्व कम्युनिष्ट आन्दोलन' पढ्दा केही धक्का महसूस भए पनि पेरूभियाली आन्दोलन नमर्ने, अरू बढेर जाने आशा गर्दछौं । पेरूको सरकार दमनचक्रमा अन्तर्राष्ट्रिय रूपमै नागिएको छ ।

-शिव खनाल डेढगाउँ -९
नवलपरासी, हाल केउरानीबाट

## सोचनीय बनायो

मूल्यांकन पूर्णाङ्क ६९ ढिलै भएपनि पाइयो । यसमा लेखिएका सबै कुराहरू हेर्दा राम्रो लाग्यो । तर कालो कानून पारित गराउने सरकारको चालले भने सोचनीय बनायो । क्यूबाली राजदूतसंग लिइएको अन्तर्वार्ता अति नै लाभदायक लाग्यो । बजेट सम्बन्धी सामग्री हेर्दा दक्षिणपन्थी सरकारले गरीबको लागि केही गर्नेवाला छैन, पूँजीपतिकै फाईदा गर्ने रहेछ भन्ने कुरा मनमा लाग्यो ।

क. निर्मल लामाजीको स्वास्थलाभको कामना गर्दछु । विश्व कम्युनिष्ट आन्दोलनको स्तंभमा अभिव्यक्त पेरू र टर्कीका बामपन्थीहरूको दुःख-दर्दमा म कसरी सहभागी बनौं ? उनीहरूका दुःख देखेर मनमा दुःख लागेको छ ।

- वीरबहादुर न्यौपाने, पो.ब.नं. २९५,
साईहात-३१९७२ साउदी अरब

## कृषक पाना खै ?

हालसम्मका मूल्यांकन मासिक अध्ययन गर्दा यसमा भएका लेखहरू स्तरीय नै देखिन्छन् । यस पत्रिकाले हरेक पक्षको मूल्यांकन गरे तापनि एउटा अति महत्वपूर्ण पक्ष भने समेट्न सकेको छैन । त्यो हो - कृषक पक्ष ।

नेपाल एउटा कृषि प्रधान देशको रूपमा रही रहेको छ । यहाँका अधिकांश जनताहरू कृषि पेशामा आधारित छन् । यत्रो ठूलो संख्या ओगटेका कृषकहरूका लागि प्रगतिशील पत्रिकाका रूपमा विकसित यस पत्रिकाले जनवादी भूमि व्यवस्थाका साथै साम्यवादी खेती प्रणालीका बोरमा प्रष्ट पार्नतिर चासो राखोस् ।

-राजाराम भण्डारी,
नीलकण्ठ-६, धादिङ्ग

## आर. एस.पी. बारे पनि

पूर्णाङ्क ६८ पढ्न पाइयो । अघिल्ला अंकहरू सरह यसमा पनि अमेरिकी साम्राज्यवादको नारा चरितार्थ गर्ने नाटो (NATO) जस्तो संगठनको माध्यमबाट युगोस्लाभियाविरूद्ध भएको आक्रमणको कुरो लेखिएको रहेछ । विश्वभरि नै समाजवादी राष्ट्रहरूविरूद्ध अमेरिकाले साम्राज्यवादको नाङ्गो रूप देखाउँदै आएको छ । पत्रिकाले यस विषयलाई स्पष्ट रूपमा व्यक्त गरेको छ । ब्रसेल्समा अन्तर्राष्ट्रिय सेमिनारबारेको लेखबाट विश्व कम्युनिष्ट गतिविधिबारे जानकारी पाइयो । 'उत्पीडित चौतारी' स्तंभअन्तर्गत दलितहरूमाथि जातिगत असमानताको अर्को लेखले पत्रिकाको प्रगतिशीलताको परिचय दिन्छ । 'मूल्यांकन' पत्रिका' मेरो लागि अन्तर्राष्ट्रिय कम्युनिष्ट गतिविधिबारे जानकारी दिन सहायक बनेको छ ।

अन्तमा समयाअनुसार भारतको समाजवादी पार्टी Revolutionary socialist Party (R.S.P.) बारे पनि लेख दिनु भए असल हुने थियो भन्ने नम्र सुझाव राख्दछु ।

-पूर्णमन राई पो.कालचिनी,
जलपाइगुडी, पश्चिम बंगाल, भारत

## सीमा रक्षा गर्नुपऱ्यो

हामी मूल्यांकन मासिकका नियमित पाठक हौं । २०५३ सालदेखि हाम्रो क्लब स्थापना भयो । र, हामीले विभिन्न पत्रपत्रिका पढ्ने क्रममा मूल्यांकन पनि पढ्ने निर्णय गऱ्यौं । हालसम्म पढ्दै आएका छौं ।

कुन हो बास्तविक काली नदी भन्ने प्रश्नको उत्तर र नक्शाविद् बुद्धिनारायण श्रेष्ठ र जल विज्ञानविद् जगतकुमार भुषालको अन्तर्वार्ताले वास्तविक रूपमा लिम्पियाधुराबाट निस्किएको नदी नै काली नदी हो भनेर नै पुष्टि गरेको छ ।

सवा दुई करोड देशभक्त जनताले आफ्नो जिउ ज्यान दिएर एक हुनु पऱ्यो- त्यो कालापानी भूभाग फिर्ता गर्न र देशलाई राक्षशी खुनी नंग्राबाट छुट्याउनु पऱ्यो ।

पेकपा साइनिङ्गपाथका संस्थापक नेता क. गोन्जालोको गिरफ्तारीको ६ - ७ वर्षपछि अर्का प्रभावशाली नेता क. फिलिसियानोलाई पेरूको शासकले फेरि गिरफ्तारी गऱ्यो र अनेक झुठा मुद्दा लगाएर विभिन्न यातना र आजीवन कारावारको सजायँ गर्न थालेकोमा दुःख लाग्यो । त्यसको विरूद्ध विश्वबाट बुलन्द आवाज उठाउनु जरूरी छ ।

यस्तै खोजमूलक कुराहरू फेरि पढ्न पाइयोस् भन्ने आशा गर्दछौं ।

-परिवर्तनशील युवा क्लब परिवार,
दाङ्ग सौडियार -४ बचाहा

## रङ्गीन तस्वीर

मूल्यांकन मासिक पत्रिका अंक २ देखि हालसम्म नियमित रूपमै अध्ययन गर्ने सुअवसर पाइरहेको छु । यस निम्ति सर्वप्रथम सम्पादन मण्डललाई हार्दिकताका साथ धन्यवाद दिन चाहन्छु ।

यहाँहरूको पत्रिकाको बारेमा एउटा गुनासो चाहिं सधै उठाइरहन मनलाग्छ । त्यो के भने यस पत्रिकाको मध्य पृष्ठमा विश्व कम्युनिष्ट आन्दोलनका शीर्षस्थ व्यक्तित्वहरू जस्तै : मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओत्सेतुङ्ग, किम इल सुङ्ग, फिडेल क्यास्त्रो आदि र नेपालके पनि विभिन्न व्यक्तित्वहरूका रंगीन तस्वीरहरू बरू तीन महिनामा एकपटक वा ६ महिनामा एक पटक नै भए पनि सजिएर आएमा हामी जस्ता धेरै धेरै नियमित पाठकहरू अत्यन्तै आभारी हुने थियौं ।

- कुमार 'बुभुत्सु', ल.पु.जि.
लामाटार-५, ढुङ्गिन , पिपलबोट

## सूचना

उपन्यास 'जिरो माइल' गत तीन अंकसम्म हामीले धारावाहिक रूपमा प्रकाशित गऱ्यौं । विशेष कारणवश यस अंकदेखि प्रकाशन गर्न हामी असमर्थ भएको व्यहोरा पाठक वर्गमा सूचित गर्दछौं ।

-मूल्यांकन

# ◀ घटना र प्रवृत्ति

## क. निर्मल लामा उपचारको लागि पुनः चितवन प्रस्थान

क. निर्मल लामा दोस्रो चरणको केमोथेरापी उपचारको लागि गत कार्तिक २६ गते पुनः काठमाडौंबाट चितवन प्रस्थान गर्नुभएको छ । करीब एक महिना अगाडिदेखि चितवनको क्यान्सर अस्पतालमा केमोथेरापी उपचार गराईराख्नु भएका उहाँ तिहारको केही दिन अगाडि मात्र काठमाडौं फर्कनु भएको थियो । उहाँ २००७ सालको सशस्त्र संघर्षको स्वर्ण वर्ष मनाउन त्यस संघर्षमा सहभागी भएका तत्कालीन जन सेनाहरूको एक भेलामा भाग लिन काठमाडौंमा आउनु भएको थियो । स्मरणीय छ, गत असोजमा भोजननलीको सफल शल्यक्रियापछि भारतको बम्बईबाट नेपाल फर्केको लगत्तैपछि उहाँ केमोथेरापी उपचारको लागि चितवन पुग्नु भएको थियो । केमोथेरापी उपचार सकिएपछि उहाँलाई चितवनको क्यान्सर अस्पतालमै रेडियोथेरापी उपचार पनि गराइने छ । र, उहाँ आगामी माघ ४ गते 'फलो अप' जाँचको लागि पुनः बम्बई जाँदै हुनुहुन्छ ।

यसैबीच, क. निर्मल लामाको उपचारको लागि विभिन्न पार्टी, संगठन, पार्टीका कार्यकर्ताहरू, शुभचिन्तकहरू, काठमाण्डौं महानगरपालिकाका मेयर तथा सरकारले प्रदान गरेको आर्थिक सहयोगको लागि उहाँकी ९५ बर्षीया आमा म्हेन्दी लामा तथा उहाँका परिवारका सम्पूर्ण सदस्यहरूले एक प्रेस बक्तव्यमार्फत् हार्दिक कृतज्ञता ज्ञापन गरेका छन् । वक्तव्यमा क. निर्मल लामाको उपचारमा संलग्न नेपाली तथा भारतीय डाक्टरहरूप्रति पनि कृतज्ञता ज्ञापन गरिएको छ । ❑


*Water Nepal* को नयाँ अंक बजारमा


पानी व्यवस्थापनका विविध लेखहरु समावेश भएको *Water Nepal* को नयाँ अंक (वर्ष ७ अंक १) बजारमा उपलब्ध छ ।

यस अंकका आकर्षणहरु:

- भुमण्डलीय पानीको चासो र स्थानीय वास्तविकता
- ठूला बाँधका आर्थिक पक्ष र "डच डिजिज"
- परम्परागत सिंचाइ प्रणालीको क्षति र श्रीलंकाको गृहयुद्ध
- इन्डोनेशियाको सिंचाइ व्यवस्थापन
- दक्षिण एशियाको जटिल बाढी परिस्थिति र
- पानी घोषणापत्र ।

इच्छुक विक्रेताहरुले तलको ठेगानामा सम्पर्क गर्नुहोला ।

पो. ब. नं. २२२१, काठमाण्डौ, नेपाल ।
फोन नं. ९७७-१-५२८१११
फ्याक्स: ५२४८१६, इमेल: nwcf@wlink.com.np




*मेडिआ बेन्जामिनद्वारा अनुदित र सम्पादित/*
*खगेन्द्र संग्रौलाद्वारा अंग्रेजीबाट नेपालीमा अनुदित ।*
*चाँडै बजारमा आउँदैछ*

सम्पर्क: **स्पेस, पाटनढोका, ललितपुर**
फोन नं. ५३०६६७ पो. ब. नं. ९६३६

# होण्डुरसकी महिलाको हृदयको आवाज !

*ल्याटिन अमेरिकी देश होण्डुरसमा भएका जनसंघर्षहरूको नेतृत्व गर्ने कुशल संगठक एल्भिया आल्भारादोको रोचक, रोमाञ्चक, प्रेरक र ज्ञानबर्द्धक आत्मकथा !*

**यसका थप आकर्षणहरू:**

◆ होण्डुरसमा भएका संघर्षको रूपरेखा । ◆ तथ्यका पानामा होण्डुरस ◆ होण्डुरसेली ऐतिहासिक समयक्रम ◆ राजनैतिक पार्टीहरू, सशक्त विरोधीहरू र प्रमुख किसान संगठनहरूको परिचय ◆ होण्डुरसलाई अमेरिकी आर्थिक तथा सैनिक सहयोग ◆ होण्डुरसमा अमेरिकी-होण्डुरसेली सैनिक संरचनाहरू

"एल्भिया अल्भारादो एक महिला, एक आमाको रूपमा र किसान संगठकको रूपमा बोलेकी छिन् । उनको कथाले हामीलाई जमिन, खान्की, शिक्षा र स्वास्थ्यस्याहार जस्ता आधारभूत आवश्यकताहरू प्राप्त गर्नका निमित्त किसान समुदायले गरेका साहसी प्रयासहरूबारे बताउँछ । यो ताजा विवरणको निमित्त महत्वपूर्ण योगदान हो, जुन विवरणले राजनैतिक र सामाजिक शक्तिहरूका दैनिक असरहरूबारे हामीलाई बताउँछ ।"

– इसाबेल लेटेलिएर
चिलीकी मानव अधिकारवादी नेतृ

नव युवा

*हरेक युवाले पढ्नै पर्ने मासिक पत्रिका !*

**HONS**

**Himalayan Online Service Pvt. Ltd.**
*Your Gateway to the Information Superhighway*
PO Box : 9285, Bag Bazar, Kathmandu, Nepal
Phone : 977 1 220848, 223914
E-mail : info@hons.com.np


**SPECIAL OFFER !**
**Sign Up Now & Get FREE 24 hours internet access**

A Full Internet Service Provider and network consultant, provides services to all interested business and individuals all over Nepal. HONS is connected to the Internet via VSAT link.

**Our Services:**

- Full Internet Access
- E-mail
- E-Fax
- Fax2Fax
- Web Site Design & Hosting
- Domain Registration
- Network Consultant for LINUX, WIN NT, WINDOWS

विजया दशमी *तथा* दीपावलीको
सुखद् उपलक्ष्यमा
बाग्लुङ जिल्लावासीहरू तथा
समस्त देशवासीहरूमा
हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।



**लीलाबहादुर थापामगर**
**सभापति**
*तथा*
*बाग्लुङ जिल्ला विकास समिति*
*परिवार*

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

